गिरफ्तार कुर्द नेता र टर्की सरकार दुवै अदालतको कठघरामा !



# मूल्याङ्कन

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ६५
चैत्र, २०५५



## माओवादी जनयुद्ध कुन दिशातिर ?
## 'मूल्याङ्कन' का प्रश्नहरु र क. प्रचण्डका जवाफहरु सहित



# आगामी चुनावमा जनताले के गर्ने ?

*प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट*

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो,
जसबाट निर्माण किफायती र बलियो बन्छ।
हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो, जुन अन्तराष्ट्रिय प्रविधिबाट अन्तराष्ट्रिय गुणस्तरमा नेपालमै
तयार पारिएको छ। यस्को शक्ति सम्पन्न ४२.५ किलो/वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं
र यसको बढी बण्ड स्ट्रेन्थले तपाईको निमार्णमा बचत गराउँछ।
तपाईको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको।

हिमाल स्टील
टोरस्टील
हिमालले सुरक्षित घर बनाउँछ।

# HI-YIELD STRENGTH



हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स: २२६३१४

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६५
चैत / २०५५

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ
**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

## आगामी चुनावमा नेपाली जनताले के गर्नुपर्ला ?

भोट दिनुअघि सोधिनु पर्ने प्रश्नहरुको पेटारो ?



**प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट**

**दीपक ज्ञवालीको प्रस्तुति र त्यसमाथि भएको अन्तर्क्रिया !**



क. प्रचण्ड

## 'जनयुद्ध'को गत तीन वर्षका उपलब्धि र कमजोरी के के ?

माओवादी 'जनयुद्ध' कुन दिशातिर ?
मूल्यांकनका प्रश्नहरू-
क. प्रचण्डको जवाफ

**विशेष अन्तर्वार्ता**

## कुर्द नेता क. ओकालान र टर्की सरकार दुबै अदालतको कठघरामा

कुर्द नेता ओकालानको गिरफ्तारीमा अमेरिकी र इजरायली जासूसहरूको हात

गिरफ्तारीपछि भएको पीकेकेको महाधिवेशनबाट ओकालानलाई पुनः अध्यक्ष पदमा निर्वाचित

**हाम्रो मूल्यांकन**
खानेपानी र विद्युतको महसूल बढाउन विश्व बैंकको जोड ४
**विशेष अन्तर्वार्ता**
*माओवादी "जनयुद्ध" को तीन वर्ष - माओवादी महामन्त्रीको आँखामा*
'जनयुद्ध'को गत तीन वर्षका उपलब्धि र कमजोरी के के ?
◆ क. प्रचण्ड ५
**आवरण कथा**
भोट दिनुअघि सोधिनु पर्ने प्रश्नहरूको पेटारो: आगामी चुनावमा नेपाली जनताले के गर्नुपर्ला ? ८
**अन्तर्क्रिया**
◆ प्राज्ञ दीपक ज्ञवालीको प्रस्तुतिमा छलफल १०
**जीवनको झाँकी**
लामो र पीडादायी कारावासको शुरूवात: *क. नागभूषण*
*फाँसी चढ्न तयार थिए !* २८
**विश्व कम्युनिष्ट आन्दोलन**
पिपुल्स वार ग्रुपका संस्थापक नेता कमरेड सीतारमैयालाई किन निष्काशित गरियो ?
*जनयुद्धरत पिपुल्स वार ग्रुपको अन्तरसंघर्षको कथा* ३१
क. ओकालान र टर्की सरकार दुबै अदालतको कठघरामा ४०
**व्यंग्य**
आदि रायमाझी र इत्यादि रायमाझीहरू !
◆ विमल निभा १७
**घटना र प्रवृत्ति**
स्व.वि.यू. चुनाव: आगामी आम चुनावको सानो तस्वीर
◆ समीर थापा ४३
दुइटा फूटको बीचमा "मुक्ति समाज" को सम्मेलन सकियो ४४
समाजवादी आन्दोलन, नेपालको सार्वजनिक घोषणा ४४
**आँखीझ्याल**
छोटो इतिहास विश्वका महिलाहरूको भोट दिने र चुनिने हकको १८
कुन देशका महिलाले भोट दिने र चुनावमा उठने हक कहिले पाए ? १९
**विशेष लेख**
नेपालको नीति निर्णय गर्ने क्षेत्रमा महिलाहरूको सहभागिता किन न्यून छ ?
◆ मुक्ता श्रेष्ठ २०
**विज्ञान / प्रविधि**
क्यान्सरको उपचारमा अब "अल्ट्रासाउण्ड" प्रविधि २३
**अचेल**
प्रजातन्त्र त फेरि पनि हिजैका मण्डले अपराधीहरूलाई आएछ !
◆ फणिन्द्रप्रसाद न्यौपाने २६
**आत्मकथा**
सानो छँदा मेरो नाम मस्तराम थियो
◆ निर्मल लामा २४
**दर्शन परिचय**
के हो आदर्शवाद र भौतिकवादको मुख्य भिन्नता ?
◆ प्रज्ञानरत्न ३४
**साहित्य**
चैत्र ३: लेखक - कलाकारले कालोपट्टी बाँधेको दिन
◆ गोविन्द वर्तमान ३६
राजनेताहरूले चैत्र ३ को महत्व बुझ्नु जरूरी छ
◆ डा. ध्रुवचन्द्र गौतम ३७
'चैत्र -३' लाई म आदर, गर्व र उमङ्गसाथ सम्झन्छु
◆ खगेन्द्र संग्रौला ३८
**कविता:** भूपि शेरचन ३८
**पाठकको कुरो** ४२

**आवरणमा :** नेपालको नक्साभित्र नेपालीहरू र मतदानको प्रतीकात्मक चित्र (कला: सुन्दर बस्नेत) । नेकपा माओवादीका महामन्त्री क. प्रचण्डको आधिकारिक तस्वीर । **काँधमा :** टर्कीको वामपन्थी पार्टी पिकेकेका नेता क. ओकालानको गिरफ्तार गरेर बाँधिएको अवस्थाको चित्र
**आवरण सज्जा :** सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५ /कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक । फोन: २४७१८२
**मुद्रण :** इन्द्रेणी अफसेट प्रेस, बागबजार

### बिजुली र पानीको महशुल बढाउन जोड

# बिश्व बैंकको जनघाती र राष्ट्रघाती दवाब

हाम्रा शासकहरू ठानिरहेछन् र भनिरहेछन्– बिश्व बैंक जे गर्छ– ठीक गर्छ, जे गर्छ– नेपाल र नेपालीको हितमा गर्छ । यो धारणा कति गलत र फजुल छ– हालैका केही घटनाहरूले निकै राम्ररी छर्लंग पारेका छन् ।

**पहिलो घटना**

एक सय दश करोड डलरको अरूण– ३ आयोजना बीचमा तुहिएपछि त्यहाँ लगाउने बचन दिइएको पैसा जर्मनीले मध्य मर्स्याङ्गदीमा लगायो, फिनल्याण्डले खिम्ती प्रसारणमा र एशियाली विकास बैंकले कालीगण्डकी 'ए मा । तर बिश्व बैंकले कबोलेको करीब १६ करोड डलर उसले नेपालको बिद्युत विकास कोषमा लगाउने प्रस्ताव सरकारसमक्ष राख्यो । तर अरूण तेश्रो तुहिएको चार वर्ष पुग्न लाग्दा पनि त्यो पैसाको एक दाम पनि नेपाल भित्रिएको छैन । त्यसको बदलामा बिश्व बैंकबाट हालसालै आएका छन्– उदेकलाग्दा र राष्ट्रको निम्ति अत्यन्त घातक शर्तहरू । बिश्व बैंकबाट पछिल्लो पटक राखिएका दुई शर्तहरू यस्ता छन् :

- नेपालले बिजुलीको वर्तमान महशुलमा थप ३७ प्रतिशत बृद्धि गर्नुपर्छ ।
- बिद्युत विकास कोषमा बिश्व बैंकले पैसा जम्मा गरेपछि त्यो कोषबाट नेपालले आफ्नो नदीको कुनै पनि पानीको बेरोकटोक उपभोग्य उपभोग गर्न पाउने छैन, कुनै पनि जलश्रोत योजना, यतिसम्म कि साना जलस्रोत आयोजना गर्नुअघि नेपालले तल्लो तटीय राष्ट्र भारतलाई पूर्व सूचना दिनु पर्नेछ ।

यो जगजाहेर छ, अरूण– ३ को लागि ऋण दिने नाममा सन् १९८५ देखि १९९५ सम्ममा बिश्व बैंककै दवावमा नेपालको विद्युत महशुलमा पटक पटक गरी ३०० प्रतिशत बृद्धि गराइएको थियो । यही बृद्धिले गर्दा गरीबतम देश नेपालको बिद्युत महशुल बिश्वकै सबैभन्दा महँगोमध्ये पर्छ । अरूण– ३ कार्यान्वियन नै नहुँदै बिश्व बैंकले १९९५ मा यस योजनाबाट अकस्मात हात झिक्यो र यो योजनाको बीचैमा देहान्त भयो । अरूण– ३ त तुहियो, तर त्यो ३०० प्रतिशत बिद्युत महशुल बृद्धि गर्ने निर्णय भने तुहिएन । त्यसलाई कायमै राखियो र त्यसबाट जम्मा भएको पैसा कहाँ गयो ?, अहिलेसम्म कुनै सार्वजनिक लेखाजोखा भएको पाइन्न । त्यसमाथि थप, पहिलेकै महशुल बृद्धिबाट अत्यन्त थिलथिलो भएका गरीब नेपालीहरूलाई अहिले फेरि ३७ प्रतिशत ज्यादा बिजुली महशुल तिर्नुपर्ने गराउन बिश्व बैंकले दवाव दिंदैछ । यो त के बहुसंख्यक नेपालीले बिजुली बत्ती बाल्नै नसक्ने पार्ने काम भएन ?

अर्को कुरा, आफ्नो राष्ट्रभित्रको कुनैपनि नदीमा कुनै पनि आयोजना संचालन गर्नु सार्वभौम राष्ट्र नेपालको स्वतन्त्रताको कुरो हो । यसको लागि हामीले भारतलाई पूर्व सुचना दिनुपर्ने जरूरत नै के ? के भारतमा कुनै योजना बन्दा त्यसको सूचना उसले माथ्लो तटीय राष्ट्र नेपाल र तल्लो तटीय राष्ट्र बंगलादेशलाई दिइरहेको छ र ? कदापि छैन । अनि नेपालले मात्र भारतलाई सूचना दिनुपर्ने शर्त राख्नाको तुक के ? यो शर्तबाट प्रष्टै देखिन्छ– भारतीय शासकहरूसित बिश्व बैंकको अपारदर्शी साँठगाठ छ । बिश्व बैंक ठूला मुलुकका ठूला शासकहरूसित मिलेर साना राष्ट्लाई मुसो खेलाए झै खेलाउन तत्पर छ । अन्यथा, तल्लो शारदा सिंचाई योजना भारतले हामीलाई खबरै नगरी बनायो । अहिले आएर त्यही भारत महाकाली सन्धि लागू गर्ने कुरा गर्दा तल्लो शारदा सिंचाई आयोजनाले प्रयोग गरिरहेको पानी भारतको आफ्नो "पूर्व उपभोग्य उपभोग" हो भनेर दावी गरिरहेछ । महाकालीको पानीमा नेपाल र भारतको आधा आधा हक लाग्ने

> **खानेपानी महशुलमा करिब ८० प्रतिशत बृद्धि गर्ने कुराले गरीब नेपालीलाई अरू ज्यादा हरिकंगाल पार्नेछ र खानेपानी समेत गरीब जनताको पहुँचभन्दा बाहिरको वस्तु बन्नेछ ।**

कुरा होइन, पूर्व उपभोग्य उपभोगको हिसाब गर्दा महाकालीको पानीमा हाम्रो आधाको आधा पनि हक नलाग्ने दावी गरिरहेछ । यसले गर्दा महाकाली सन्धिमार्फत् भारतले गर्न खाजेको के ? भन्ने कुरा दिउँसोको घाम जत्तिकै छर्लंग भएको छ र सन्धिको पक्षधरहरू झस्किन पुगेका छन् । यति सब हुँदाहुँदै बिश्व बैंकले नेपाल जस्तो सानो राष्ट्लाई आफ्नो मुलुकमा स–सानो जलश्रोत आयोजन बनाउँदा समेत भारतलाई पूर्व सूचना दिनुपर्ने भन्ने शर्त राख्नु उदेकलाग्दो कुरो हो । बिश्व बैंक गरीब मुलुकको विकासको लागि विश्वसनीय सहयोगी हो भन्नेहरूलाई यो शर्तले बज्रलोप्पा ख्वाइदिएको छ ।

**दोश्रो घटना**

बिश्व बैंक अहिले नेपालको संम्पूर्ण खानेपानी संस्थानलाई निजीकरण गर्ने दवाब दिंदैछ । र, ५ वर्षको अवधिभित्र करिब ८० प्रतिशत खानेपानी महशुल बढाउन भन्दैछ । (या त हरेक वर्ष १६ प्रतिशतका दरले या १०–१०, १६–२०–२० का दरले)

खानेपानीको महशुल बढाउने प्रस्ताव बिश्व बैंकको दवाबमा नेपाल सरकारले सिद्धान्ततः भित्रभित्रै स्वीकार गरिसकेको थाहा भएको छ । अहिले चुनावको समय भएको हुनाले आउँदो श्रावणदेखि महशुल बृद्धि लागु गर्ने सरकारी योजना भएको बुझिएको छ । संपूर्ण खानेपानी संस्थानलाई निजीकरण गर्ने दवाबका बारेमा चाहिँ नेपाल सरकारले काठमाडौं उपत्यकाको खानेपानी ब्यवस्थापनलाई मात्र पहिलो चरणमा निजीकरण गर्न मंजुर गरेको छ ।

सुपथ मूल्यमा स्वच्छ खानेपानी खान पाउनु प्रत्येक नागरिकको अधिकारको कुरा हो । हरेक राज्यको दायित्वको कुरो हो कि उसले आफ्ना जनतालाई सस्तो मोलमा स्वच्छ खानेपानी ख्वाओस् । तर बिश्व बैंक खानेपानी जस्तो जनताको आधारभूत आवश्यकताको वस्तुलाई समेत नाफाखोर ब्यापारीको हातमा बिक्रीका लागि सुम्प भनेर औधी करकाप गर्दैछ । र, खानेपानीमा समेत अचाक्ली मूल्य बृद्धि गर्न दवाब दिंदैछ । स्पष्ट छ, खानेपानी महशुलमा करिब ८० प्रतिशत बृद्धि गर्ने कुराले गरीब नेपालीलाई अरू ज्यादा हरिकंगाल पार्नेछ र खानेपानी समेत गरीब जनताको पहुँचभन्दा बाहिरको वस्तु बन्नेछ । त्यसैले, कुनैपनि हालतमा निजीकरण र महशुल बृद्धि गर्ने निर्णय गरिनु हुन्न । सारा जनताले यो निर्णय लागू हुन नदिनको लागि आवाज उठाउनु जरूरी छ । खानेपानी सम्बन्धी बिश्व बैंकको दवाबबाट के स्पष्ट भएको छ भने, बिश्व बैंकलाई नेपाल राष्ट्र र नेपाली जनता मरोस्–बाँचोस्, केही मतलब छैन । गाउँको ठग साहू जस्तै ऊ पनि ज्यादै क्रूर, विवेकहीन र अमानवीय छ । र, हदैसम्म जाली पनि छ । उसलाई मतलब छ– आफ्नो ऋणको जालो कसरी ब्यापक पार्ने, कसरी प्रत्येक आसामी राज्यलाई आफ्नो मुठ्ठीमा ल्याउने, ऋणको असुली गर्ने र नाफा कमाउने भन्ने कुरासँग ।

नेपालले जुन बिदेशी ऋण लिइरहेछ, त्यसमध्ये सबैभन्दा ठूलो साहु बिश्व बैंक नै हो । त्यही ऋणको शर्तको रूपमा माथि भनिएका उदेकलाग्दा शर्तहरू आइरहेछन् । ती शर्तहरू मान्नुमा बिश्व बैंक मात्र दोषी छैन, नेपाल चलाउने जिम्मा लिएका प्रमुख राजनीतिक पार्टीहरू र नोकरशाहहरू पनि दोषी छन्, जो देशभित्रै स्रोत साधनको स्पष्ट विकल्प हुँदाहुँदै कमीशनको लोभले बिश्व बैंकको जस्तोसुकै शर्त पनि मंजुर गर्छन्, जोसँग स्वाबलम्वी विकासको अवधारणा, राष्ट्रिय स्वाभिमान र राष्ट्रहितप्रतिको प्रतिबद्धता नै छैन । के बिश्व बैंकसित देशमारा र जनतामारा शर्तमा ऋण लिनुको सट्टा त्यस्तो शर्तै नभएका कर्मचारी संचयकोष र मिलीटरी कल्याण कोषसित ऋण लिन सकिन्नथ्यो, जोसित दशौं अरब रूपैयाँ ऋण लाउने ठाउँ नभएर उत्तिकै बसिरहेछ ?

◉

## विशेष अन्तर्वार्ता
## नेकपा माओवादीका महामन्त्री क. प्रचण्डसित

## माओवादी 'जनयुद्ध' कुन दिशातिर ?
### मूल्यांकनका प्रश्नहरू र क.प्रचण्डका जवाफहरू

# माओवादी "जनयुद्ध" को तीन वर्ष - माओवादी महामन्त्रीको आँखामा

नेकपा माओवादीले 'जनयुद्ध' प्रारम्भ गरेको यही २०५५ फागुण १ गते तीन वर्ष पुगेको छ । यो अवधिमा पूँजीवादी राज्यले ५०० भन्दा ज्यादा नेपाली जनताका छोराछोरीको ज्यान लिइसकेको छ । माओवादीले 'सफाया' गरेका मान्छेहरुको समेत सूची उतार्ने हो भने, यो तीन वर्षको अवधिमा मर्ने-मारिनेहरुको कूल संख्या साढे छ सयभन्दा पनि ज्यादा भइसकेको छ । नेपालको २००८ साल यताको इतिहासमा राजनीतिक सत्ता परिवर्तनको क्रान्तिकारी आन्दोलनमा त्यति छोटो अवधिमा यति धेरै मान्छेहरुको ज्यान गएको यो पहिलो पटक हो ।

यो तीन वर्षको अवधिमा ने.क.पा. (माओवादी) को पक्षमा सबैभन्दा ठूलो उपलब्धि के भएको छ भने, यो नेपालको राजनीतिक रंगमंचमा अत्यन्त सुपरिचित एउटा बेग्लै राजनीतिक धारका रुपमा स्थापित भएको छ । यो बाम खेमाको दोस्रो ठूलो सामाजिक शक्ति भएको छ । यो सुस्पष्ट बैकल्पिक राजनीतिक शक्तिका रुपमा राजनीतिक परिदृश्यमा उदीयमान भएको छ ।

स्वयम् ने.क.पा. (माओवादी) को दृष्टिमा भने "देशका विभिन्न भागमा वैकल्पिक क्रान्तिकारी जनसत्ताका भ्रूणहरुको अभ्यास हुनु" तीन वर्षे जनयुद्धको "प्रमुख राजनीतिक उपलब्धि" ठानिएको छ । यो अवधिमा आफू "एकमात्र क्रान्तिकारी विकल्पका रुपमा स्थापित" भएको र "सामन्तवाद र साम्राज्यवादको जरा काटेर प्रतिक्रियावादी सत्ताको ध्वंश गर्ने प्रक्रियाद्वारा जन समुदायको वास्तविक जनवाद गरिरहेको" र यो नै "सर्वाधिक महत्वपूर्ण कुरा" भएको माओवादी महामन्त्री क. प्रचण्डको दावी छ ।

यो अवधिमा ने.क.पा. (माओवादी) को सीमा र कमजोरी पनि उदांगो ढंगले प्रकट भएको छ । सक्रियता, समर्पण, र जुझारुपनको उच्च स्तर, तर चिन्तनमा अन्धता, जडसूत्रवादिता र यान्त्रिकता अनि चरित्रमा अमानवीयता, सामन्ती निरंकुशता र अहंकारप्रेरित अस्तित्ववादिता यसको सबैभन्दा प्रमुख दोष र कमजोरीका रुपमा देखापरिरहेको छ । बढीभन्दा बढी सामाजिक नोक्सानी, तर कमभन्दा कम क्रान्तिकारी लक्ष्य र उपलब्धिको प्राप्ति माओवादी संघर्षको मुख्य विशेषता भएको छ । मित्रतापूर्ण आलोचनात्मक मतप्रति समेत चरम शत्रुतापूर्ण रवैया र भिन्न मतप्रतिको चरम 'असहिष्णुता'- माओवादी नेता कार्यकर्ताको चरित्रगत स्वभाव भएको छ । यही स्वभावले गर्दा यसले वर्ग शत्रुमाथि मात्र होइन, मित्रहरुमाथि समेत विवेकहीन नृशंस आक्रमण गर्ने गरेको छ । एकता केन्द्र, मसाल, एमाले, माले सबै यसको नृशंस आक्रमणको तारो बनेका छन् । कुनै पनि मित्रशक्ति माओवादी हालीमुहालीमा आफू सुरक्षित भएको महशूस गर्दैन । यही कारणले माओवादी पार्टी यतिखेर देशमा चर्को राजनीतिक एक्लोपन भोगिरहेछ । केही समययता माओवादी पार्टीमा व्यक्तिपूजाको प्रक्रिया पनि गम्भीर ढंगले शुरु भएको देखिएको छ । संगठनभित्र अति केन्द्रीकरण र नोकरशाही केन्द्रीयता माओवादी पार्टी संचालन पद्धतिको मुख्य दोषका रुपमा देखापरेको छ । ढिलो वा छिटो यसले कलह र फुट सिर्जना गर्ने सम्भावना छ ।

"गौण दुश्मन र संगै लिएर हिंड्नु पर्ने राजनैतिक शक्तिहरुमाथि समेत कतिपय अवस्थामा अनावश्यक धम्की र हस्तक्षेपका घटनाहरु घटेका छन्" भनेर महामन्त्री क. प्रचण्ड स्वयम्ले यही फागुण १ गते प्रकाशित जनादेश साप्ताहिकको अन्तर्वार्ताको सिलसिलामा आत्मालोचना गरे पनि फागुन २१ गते रुकुमका एमाले जिल्ला सचिव यदु गौतमको नृशंस हत्याले त्यो आत्मालोचना पूरै फोस्रो भएको साबित गरेको छ । त्यस्तै, रोल्पा जिल्लाको हारजंग गाउँमा फागुन २७ गते भएको घरमा आगो लगाएर ११ जना एमालेका कार्यकर्ता र समर्थकलाई जिउँदै डढाएर मार्ने प्रयत्न र त्यस क्रममा ८ जनाको मृत्युले त्यही कुरा साबित गरेको छ, यद्यपि त्यस्तो गर्ने केन्द्रिय योजना र नीति चाहिं नभएको ने.क.पा. (माओवादी) को स्पष्टीकरण छ । यी घटनाले माओवादी नेतृत्वमा उग्र वामपन्थी फासीवादी प्रवृत्ति चर्को रुपमा हावी हुन थालेको संकेत गरेको छ ।

गएको भाद्र महिनाको चौथो विस्तारित बैठकको निर्णय अनुसार, माओवादी "जनयुद्ध" ले कार्तिक १० गतेदेखि "आधार इलाका निर्माणको दिशामा अघि बढ्ने" सार्वजनिक घोषणा गरिएको छ । त्यही बैठकले "नेतृत्वको केन्द्रीकरण र स्थापना गर्ने" निधो समेत गरेको कुरा सार्वजनिक भइसकेको छ । अहिले माओवादी पार्टी यिनै घोषित दिशामा अघि बढ्दैछ । कार्तिक १० गतेको घोषणा र कार्यवाहीलाई माओवादी नेतृत्व "महान धक्का" बताउँदैछ । केही समययता माओवादीहरु नेवार लगायत अन्य जनजातिहरु बीच पकड जमाउने प्रयत्न पनि गर्दैछन् । त्यस क्रममा गत फागुन २१ गते "नेवार स्वशासित क्षेत्र" को माग गर्दै "उपत्यका बन्द" गर्ने काम समेत भइसकेको छ । देश अहिले चुनावी मूडमा छ । माओवादीले चुनावलाई सक्रिय बहिष्कार गर्ने घोषणा गरेको छ ।

यिनै सब ऐतिहासिक परिप्रेक्ष्यमा हामीले ने.कपा. (माओवादी) का महामन्त्री क. प्रचण्डसित प्रश्नहरु पठाउने र लिखित जवाफ प्राप्त गर्ने उपायद्वारा एउटा विशेष अन्तर्वार्ता लिने प्रयत्न गरेका छौं । तीन महीनाअघि हामीले हाम्रा विशेष सम्वाददातामार्फत् पठाएको प्रश्नको लिखित जवाफ हामीलाई हाल प्राप्त भएको छ । प्रस्तुत छ - ने.क.पा. (माओवादी) का महामन्त्री क. प्रचण्डको त्यही विशेष अन्तर्वार्ता ।

> **एकता केन्द्र, मसाल, एमाले, माले सबै यसको नृशंस आक्रमणको तारो बनेका छन्**

● तपाईंहरू अहिले आधार इलाका निर्माण गर्ने कार्यक्रम लिएर आउनु भएको छ - चौथो विस्तारित बैठकपछि । आधार इलाका निर्माण त एकचोटि गर्न सकिएला, यसलाई थेग्न र टिकाउन सकिने मूर्त आधारहरू, वस्तुगत रूपमा नेपालमा के के छन् ? अहिले बताई दिनु सक्नुहोला ?

-हामीले नेपालको ऐतिहासिक विकासको विशिष्ट स्थिति र जनयुद्धका करिब तीन वर्षका अनुभवका आधारमा देशका विभिन्न भागमा आधार इलाका निर्माण गर्ने प्रश्नलाई केन्द्र बिन्दुमा राखेर अगाडि बढ्ने कार्यक्रम बनाएका छौं । एउटै योजनाअन्तर्गत देशको कुनै निश्चित एक भू-भागमा तत्कालै आधार इलाका निर्माण गर्न सकिने अर्थमा हाम्रो निर्णयलाई बुझ्नु नितान्त गलत हुनेछ । हाम्रो पार्टीले जनयुद्धको दीर्घकालीन रणनीतिको मातहत निश्चित शर्तहरू पूरा गर्ने प्रक्रियामा नै देशका विभिन्न भागमा आधार इलाकाहरूको विकास गर्न सकिने कुरा गरेको छ । यो एउटै योजनाअन्तर्गत तत्कालै र सजिलै विकास हुने कुरा नभएर एउटा लामो र कष्टसाध्य प्रक्रिया हो भन्ने कुरा हाम्रा दस्तावेजमा नै स्पष्ट गरिएको छ । आधार इलाका निर्माण र विकासका ती शर्तहरूमा पहिलोः सही नीतिका आधारमा पार्टीले जमेर नेतृत्व गर्नु, दोस्रोः देशव्यापी छापामार कार्यवाहीहरू निरन्तर अगाडि बढाउनु, तेस्रोः प्रस्तावित आधार इलाकाहरूका वरिपरि छापामार इलाकाहरूको विकास गर्नु, चतुर्थ : बलियो जनसेना निर्माणको प्रक्रियालाई तीव्र पार्नु, पाँचौंः केन्द्रीय र स्थानीय रूपमा जनसंघर्षहरूको विकास गर्नु र छैठौंः भारत लगायत विश्वभरी जनयुद्धका पक्षमा जनमत सृष्टि गर्न निरन्तर प्रयत्न गर्नु मुख्य रहेका छन् ।

उपरोक्त शर्तहरू पूरा गर्ने प्रक्रियामा नै वस्तुगत रूपले पुरानो

# 'जनयुद्ध'को गत तीन वर्षका उपलब्धि र कम्जोरी के के ?



◆ क. प्रचण्ड ◆

सत्ताका विरूद्ध नेपाली जनताको अन्तरविरोध तीव्र भइरहेको वर्तमान सन्दर्भमा नेपालमा आधार इलाकाहरूको विकास हुन सक्छ र विकास गर्नै पर्दछ । नेपाली समाजका ऐतिहासिक विशेषताहरू, नेपाली जनसंघर्षको करीब पचास वर्षको इतिहासको अनुभव, प्रतिक्रियावादी सत्ताको स्वरूप एवं स्वयं जनयुद्धका अनुभवको आधारमा समेत नेपालमा कुनै एउटै मात्र भू-भागमा आधार इलाका बन्न र टिक्न सक्तैन भन्ने हाम्रो विश्वास अझ सुदृढ भएको छ । त्यसका साथै, उपरोक्त शर्तहरू पूरा गर्ने प्रक्रियामा नेपालका तिनै विशेषताका कारण विभिन्न भागमा आधार इलाकाहरूको विकास गर्न सकिन्छ भन्ने हाम्रो विश्वास पनि अझ सुदृढ भएको छ । यहाँ ध्यान दिनैपर्ने अर्को कुरा के छ भने, नेपाली जनयुद्ध र जनसंघर्षको देशव्यापी प्रकृति एवं पुरानो सत्ताको केन्द्रीकृत स्वरूपका कारण त्यस प्रकारका आधार इलाकाहरूको विकास र केन्द्रीय सत्ता कब्जाका निमित्त हुने आम सशस्त्र विद्रोहका बीचको दूरी अप्रत्याशित रूपले कम हुने संभावना प्रवल छ र त्यो दिशामा नेपाली क्रान्तिकारीहरू पूर्ण सचेत रहनु जरूरी छ ।

**● मूलतः आत्मप्रचारमुखी चाहनाले गर्दा तपाईंहरू वस्तुगत स्थिति पटक्कै विद्यमान नहुँदा नहुँदै पनि "जनयुद्ध" "छापामार इलाका", "आधार इलाका" जस्ता भारीभरकम कार्यक्रम र शब्दावलीहरू प्रयोगमा ल्याउँदै हुनुहुन्छ भनिन्छ नि ? कस्तो लाग्छ यो आलोचना तपाईंहरूलाई ?**

-मलाई त्यस प्रकारका भनाईहरू, मार्क्सवाद-लेनिनवाद-माओवाद र हाम्रो पार्टीको कार्यक्रमको मूल मर्मलाई नबुझेका वा बुझेर पनि बुझ पचाएका, जनता र क्रान्तिलाई अविश्वास र अपमान गर्ने तथा प्रतिक्रान्तिमा विश्वास गर्ने, वर्ग-संघर्षका भगौडा र दक्षिणपन्थी आत्मसमर्पणवादीहरूको दुर्गन्धित हावा जस्तो लाग्छ ।

**● पोहोरका पार्टी साहित्य पढ्दा छापामार इलाका निर्माणले लामो समय लिने विश्लेषण पाइन्थ्यो । ८-१० महिनामै देशको स्थितिमा के तात्विक अन्तर आयो, जसको आधारमा छापामार इलाकाबाट आधार इलाकामा पड्को मार्न जरूरी र संभव हुन गयो ?**

-हामीले अहिले पनि छापामार इलाकाहरूको आवश्यकता, महत्व र भूमिकालाई कम गरेर हेरेका छैनौं । यहाँ मुख्य कुरा, छापामार इलाकाको संक्रमणकालीन र कार्यनैतिक चरित्र तथा आधार इलाकाको सैद्धान्तिक र राजनैतिक चरित्रका बारेमा कुनै भ्रम नहोस् । दीर्घकालीन जनयुद्धको सिद्धान्त अनुसार आधार इलाका निर्माणको विषयलाई केन्द्रमा राख्न अनिवार्य हुने कुरा ओझेलमा नपरोस्, छापामार इलाकालाई पनि आधार इलाकाकै समानान्तर रणनीतिका अर्थमा बुझ्ने र त्यसरी फौजी क्षेत्रमा सुधारवादको खतरा उत्पन्न नहोस् भन्नका खातिर एवं जनयुद्धको करिब तीन वर्षका अनुभवहरूको संश्लेषणका आधारमा हामीले आधार इलाका निर्माणको दिशामा अघि बढ्ने निर्णय गरेका हौं । तपाईंको प्रश्नमा झल्कने भाव जस्तो आधार इलाकाकै घोषणा गरेका होइनौं । पूर्वाग्रहको चश्मा झिकेर हेरेमा विषय अत्यन्त सहज एवं गम्भीर सैद्धान्तिक एवं रणनैतिक महत्वको देखिने छ ।

> वास्तवमा, संवेदनहीनता, नेपालमा निम्न पूंजीवादी बुद्धिजीवीहरूको उपल्लो तप्कामा देखा परेको छ, जो क्रान्तिको भीषणताबाट थरथर कांपिराखेका छन्,

अन्ततः यहाँ क्रान्ति सम्पन्न भइसकेपछि पनि त्यो दोस्रो अन्तर्राष्ट्रियको गद्दार काउत्सकीले रूसको महान् अक्टुबर समाजवादी क्रान्तिलाई प्रतिक्रान्ति देखेझैं हुने छ ।

**● गएको पौने तीन वर्षको संघर्षलाई तपाईं कसरी समीक्षा र संश्लेषण गर्नुहुन्छ ? के हुन् तपाईंहरूका प्रमुख उपलब्धिहरू ? के हुन् गल्ति र कमजोरीहरू ?**

-सयौं वर्षदेखि नेपालका श्रमजीवी जनसमुदायमाथि शोषण, उत्पीडन र अत्याचारको शासन चलाउँदै आएको प्रतिकृयावादी सत्ताका विरूद्ध राजनैतिक र व्यवहारिक दुवै अर्थमा क्रान्तिकारी जनवादी सत्ताको विकल्प प्रस्तुत गर्नु, सेना र हतियारमाथि प्रतिकृयावादी वर्गको एकाधिकारलाई तोड्दै जनताको आफ्नै सेना निर्माणको प्रक्रिया अगाडि बढाउनु, प्रतिकृयावादी सत्ताको "प्रजातन्त्र", "मानव अधिकार", सवै-धानिक राज्य" आदिका होहल्लाभित्र लुकेको फासीवादी चरित्रलाई नङ्ग्याँदै व्यापक जन-समुदायलाई आफ्नो भाग्यको फैसला आफैं गर्न उत्प्रेरित गर्नु, क्रान्तिका निमित्त आवश्यक त्याग तपस्या, बलिदानका ऐतिहासिक कीर्तिमानहरू कायम गर्नु, देशका विभिन्न भागमा स्थानिय जनवादी सत्ताका भ्रुणहरूको विकास गर्नु र त्यहाँ जन सहकारिता, सामूहिक खेती, विकास-निर्माण आदि जस्ता कामहरूमा व्यापक जनसमुदाय योजनाबद्ध ढंगले आफै लागिपर्नु, सामन्त, जमीन्दारहरूका सयौं बिघा जमिन कब्जा गरी गरीब किसानहरूमा वितरण गर्नु, उनीहरूका हजारौं मुरी अन्न कब्जा गरी जनतामा वितरण गर्नु, सयौं गाउँहरूमा स्थानीय सामन्त र जाली फटाहाहरूको हैकम ध्वस्त पारी जनताको हैकम कायम गर्नु, संशोधनवादी र सुधारवादीहरूको चक्रव्यूहबाट अलग नेपाली कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी दिशामा अघि बढाउनु र संशोधनवादलाई जनताको बीचमा नङ्ग्याउदै लग्नु, संसदवादको पाखण्डलाई उदाङ्गयाउँदै लग्नु, ग्रामीण इलाकाहरूमा नयाँ र जनवादी संस्कृति र सामाजिक सम्बन्धको विकासका अभियानहरू चाल्नु, महिला जागरण र मुक्तिको अभूतपूर्व लहर देखापर्नु, हिन्दू सामन्ती उच्चजातीय अहंकारवादको उत्पीडनमा रहेका जाति, जनजातिहरू, दलितहरू वर्गीय र क्षेत्रीय उत्पीडनमा परेका जनताहरूका बीचमा क्रान्तिकारी संयुक्त मोर्चाको विकासको ठोस आधार तयार पार्दै मजबूत राष्ट्रिय एकताको जग बसाउनु आदि तीन वर्षका जनयुद्धका महान उपलब्धिहरू हुन् ।

यस बीचमा देखिएका प्रमुख कमजोरीहरूमा, राजनैतिक विकासको तुलनामा फौजी क्षमताको विकास सन्तुलित हुन नसक्नु, कतिपय



*नेकपा माओवादीका छापामारहरू*

# भोट दिनुअघि सोधिनु पर्ने प्रश्नहरूको पिटारो

# आगामी चुनावमा नेपाली जनताले के गर्नुपर्ला ?



प्रतिनिधि सभाको आम निर्वाचन २०५६ यही बैशाख २० र जेठ ३ गते तोकिइसकेको छ । पूँजीवादी संसदको सीमा र विशेषता के हो भने, संसदको चुनावको बेलामा मात्रै जनता सर्वशक्तिमान हुन्छन् । चुनाव सकिएपछि संसद सर्वशक्तिमान हुन्छ र जनता पुनः निरीह हुन्छन् । चुनावको बेलामा नै पार्टीहरूको कान खुला हुन्छ र उनीहरू जनताका कुरा सुन्न बाध्य र तयार हुन्छन् ।

अहिले ठीक त्यस्तै बेला आएको छ ।

जनता शक्तिशाली हुने हो भने, यो संसदीय चुनावलाई जागृति आन्दोलनमा बदल्नु पर्छ । प्रत्येक नेपालीले हरेक उम्मेदवारलाई प्रश्न सोध्ने आँट गर्नुपर्छ । कुन उम्मेदवार जित्न ज्यादा संभव, नाम चलेको र चिनापर्चीको मान्छे हो भन्ने आधारमा होइन, उसले बोकेको विचार र प्रतिनिधित्व गरेको कित्ता कुन हो भन्ने आधारमा मात्र भोट कसलाई दिने भन्ने टुंगो गर्नुपर्छ । विगतमा देश र जनतामारा काम गर्नेलाई उसले गरेको गल्ती हेरी कठालो समात्ने र हिसाब-किताब माग्ने ठीक बेला यही हो । उनीहरूलाई जनताको कठघरामा उभ्याइनु पर्छ र गल्ती स्वीकार्न लाउनुपर्छ । गल्ती नस्वीकार्नेहरूलाई सामाजिक वहिष्कार गरिनुपर्छ ।

प्रत्येक नेपालीले पार्टी हेरीहेरी उसको विगतबारे छुट्टाछुट्टै प्रश्न गर्नुपर्छ । कांग्रेस र राप्रपालाई गर्ने प्रश्न, एमाले र मालेलाई गर्ने प्रश्न, संजमो र राजमोलाई गर्ने प्रश्न, ने.म.कि.पा. र नेकपा संयुक्तलाई गर्ने प्रश्न अलग अलग हुन सक्छन् । तर मुख्य कुरा हो- टोल सभामा होस् या घर दैलोमा, आमसभामा होस् या प्यानेल छलफलमा, हरेक नेपालीले प्रश्न गर्न थाल्नुपऱ्यो । नागरिकहरू प्रश्न गर्न सक्ने हुनु, प्रश्नद्वारा उम्मेदवारको घाँटी समात्न सक्ने हुनु र विचार र व्यवहार हेरेर मात्र ठीक मान्छे र पार्टी रोज्न सक्ने हुनु भनेको नागरिकहरू जागृत र शक्तिशाली हुनु हो ।

यही उद्देश्यले- यसपालिको चुनावमा हरेक नेपालीले के गर्नु जरूरी छ भन्नेबारेमा दीपक ज्ञवालीको विचारोत्तेजक विचार र त्यसउपर पाक्षिक अन्तर्क्रिया डबलीमा भएका छलफलहरूको सारसंक्षेप यहाँ पेश गरेका छौं । साथै, हरेक उम्मेदवारलाई प्रत्येक नेपालीले के प्रश्न सोध्नुपर्छ भन्ने केही मुख्य प्रश्नहरूको संगालो पनि यहाँ प्रस्तुत गरिएको छ । यी सबै पार्टीलाई र तिनको उम्मेदवारलाई सोध्नु हुने प्रश्नहरू हुन् । विशेष प्रश्न आफैंले मान्छे हेरी र पार्टी हेरी सोधिनु जरूरी छ ।

मूल्यांकन चुनावी अभियान

**प्रत्येक पार्टी र उम्मेदवारलाई प्रत्येक जनताले सोध्नुपर्ने केही मुख्य प्रश्नहरूः**

## विदेशी ऋणबारे

❑ २००७ सालमा- शून्य ❑ २००८ सालमा- शुरु
❑ २०१८ साल- रु. १३ लाख (प्रति व्यक्ति १५ पैसा)
❑ २०४६ साल- रु. ३७ अरब (प्रति व्यक्ति रु.२०००) ❑ अहिले- रु. १७६ अरब (प्रति व्यक्ति रु.८०००)

२००७ सालसम्म नेपाल विदेशी ऋणमुक्त देश थियो । २००८ सालदेखि नेपालमा विदेशी सहायता थाप्ने क्रम शुरू भयो । २०१८ सालमा नेपालको विदेशी ऋण १३ लाख रूपैंया मात्र थियो । अर्थात् प्रत्येक नेपालीका थाप्लामा १५ पैसा । २०४६ सालमा अथवा पंचायती व्यवस्थाको अन्त भएको वर्ष, हाम्रो विदेशी ऋण ३७ अरब रूपैयाँ थियो । अर्थात् प्रत्येक नेपालीको टाउकोमा रू. २००० विदेशी ऋण । अहिले, ९ वर्षभित्रै विदेशी ऋण पाँच गुणा बढेर १७६ अरब रूपैयाँ पुगेको छ । अर्थात्, हरेक नेपालीको थाप्लोमा रू. ८००० बराबरको ऋण जन्मनेबित्तिकै पर्ने भएको छ । विकास बजेटको दुई तिहाई भाग अब विदेशी सहायतामा आधारित भएको छ ।

### सोध्नुपर्ने प्रश्न

**● विदेशी ऋणमाथिको दुई तिहाई निर्भरताको स्थिति खत्तम गर्न र प्रत्येक नेपालीका थाप्लामा रहेको प्रतिव्यक्ति रू. ८००० रहेको विदेशी ऋणको थैली हटाउन तपाईंको पार्टीले २०४६ साल यता के के गऱ्यो ? अहिले मूर्त रूपमा के के गर्ने भएको छ ? तपाईं संसदमा पुग्नु भयो भने चाहिँ ठोस रूपमा के गर्नुहुन्छ ?**

## असमान सन्धिहरुबारे

**◉ तपाईं र तपाईंको पार्टी सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि- असमान र अन्यायपूर्ण सन्धि हो भनेर मान्छ कि मान्दैन ?**

**मान्छ भने, त्यो सन्धि तुरून्तै अन्त हुनुपर्छ र समानताको र पारस्परिक लाभको आधारमा नयाँ सन्धि हुनुपर्छ भनेर यहीं र अहिल्यै आवाज उठाउन तपाईं तयार हुनुहुन्छ ? तपाईंको पार्टी यस सम्बन्धमा तुरून्त के र कस्तो कदम उठाउनुपर्छ मन्ठान्छ ?**

**महाकाली संझौता असमान र राष्ट्रघाती संझौता हो, यसले भारतलाई महाकालीको पानीमा विशेष अधिकार दिन्छ भन्ने कुरा भारतीय पक्षको पानीसम्बन्धी अग्राधिकारको मागले प्रष्ट पारिसकेको छ । अब पनि तपाईं र तपाईंको पार्टी महाकाली सन्धि असमान राष्ट्रघाती सन्धि हो र यो खारेज हुनुपर्छ भन्ने पक्षमा छ कि छैन ? ६ महीनामा बन्नुपर्ने DPR दुई वर्षमा पनि नबनेपछि सन्धि स्वतः निस्क्रिय भएको ठान्नु हुन्छ कि हुन्न ?**

**महाकालीको मुहान लिपुलेक होइन, लिम्पियाधुरा हो, कालापानी लिम्पियाधुरा क्षेत्र नेपालको हो भन्ने थुप्रै अकाट्य प्रमाण- जनस्तरीय सीमा अतिक्रमण प्रतिरोध समितिले जुटाइसकेको खबर पत्रपत्रिकामा आइसकेको छ । अब त्यस प्रमाणका आधारमा भारतीय पल्टन तुरून्त त्यस क्षेत्रबाट हट्नु पर्छ भन्ने बारेमा तपाईंको पार्टीको सोच र मत के छ ?**

## गरीबीबारे

गरीबीको रेखामुनि कंगाली जीवन बाँच्ने नेपाली जनताको प्रतिशत

◆ राष्ट्रिय योजना आयोगका अनुसार,
२०३४ सालमा - ३२ प्रतिशत
◆ नेपाल राष्ट्र बैंकका अनुसार,
२०४२ सालमा - ४३ प्रतिशत
◆ विश्वबैंक/यू.एन.डि.पी.का अनुसार
२०४६ सालमा - ७१ प्रतिशत
◆ राष्ट्रिय योजना आयोगका अनुसार,
२०५४ सालमा - ४५ प्रतिशत

२०३४ सालमा ३२ प्रतिशत नेपालीहरू गरीबीको रेखामुनि हरिकंगाल जीवन बाँच्थे ।

२०४२ सालमा गरीबीको रेखामुनि बाँच्ने नेपालीहरू ४३ प्रतिशत पुगे ।

अहिले २०५४ सालमा यस्ता गरीबीको रेखामुनि बाँच्ने नेपालीहरू ४५ प्रतिशत पुगेका छन् । विश्व बैंकले त अझ यस्ता नेपालीहरू ७१ प्रतिशत पुगेको बताएको छ ।

८८ प्रतिशत नेपाल गाउँमा बस्छ । र, गाउँमा गरीबी शहरमा भन्दा २.६ गुणा ज्यादा छ ।

कुनै पनि पञ्चवर्षीय योजनाले नेपालीको गरीबी घटाएको छैन । योजना जतिवटा आए पनि हरेक वर्ष ३ प्रतिशतभन्दा ज्यादा दरले नेपाली जनताको गरीबी बढ्दैछ ।

गरीबीको रेखामुनि बाँच्ने अति गरीबहरूको संख्या २० वर्षमा दोब्बर भएको छ ।

### सोध्नु पर्ने प्रश्नः

**हरेक पंचवर्षीय योजनाका बावजूद प्रत्येक बर्ष ३ प्रतिशतका दरले बढिरहेको नेपालीको गरीबी हटाउन तपाईं र तपाईंको पार्टीको पत्यारलाग्दो, मूर्त र भिन्न योजना के छ ? विगतमा तपाईंको पार्टीले यस सम्बन्धमा के के गऱ्यो ? अहिले के के गर्ने भएको छ ?**

## रोजगारीबारे

### पूर्ण बेरोजगार नेपाली जनताको प्रतिशत

- नेपाल राष्ट्रबैंकका अनुसार-
  २०४१/४२ सालमाः ३ प्रतिशत
- केन्द्रिय तथ्यांक विभागका अनुसार-
  २०५३ सालमा : ५ प्रतिशत
- राष्ट्रिय योजना आयोगका अनुसार-
  २०५४ सालमाः १४ प्रतिशत

### अर्ध बेरोजगार नेपाली जनताको प्रतिशत

- केन्द्रिय तथ्यांक विभागको अनुसार-
  २०४८ सालमाः ३५ प्रतिशत
- क्षिङरक्छ्छ्ट का अनुसार-
  २०५३ सालमाः ४७ प्रतिशत

नेपालमा काम गर्न सक्ने उमेरका नेपालीको पूर्ण बेरोजगारी २०४१/४२ सालमा ३ प्रतिशतभन्दा थोरै ज्यादा थियो ।

२०५३ सालमा पूर्ण बेरोजगार नेपालीहरूको प्रतिशत बढेर ५ प्रतिशत पुग्यो ।

सन् १९९७ अर्थात २०५४ सालमा राष्ट्रिय योजना आयोगले गरेको विस्तृत सर्वेक्षणले पूर्ण बेरोजगार नेपालीहरू १४ प्रतिशत रहेको बताएको छ ।

२०४८ सालमा ३५ प्रतिशत नेपालीहरू मात्र अर्द्ध-बेरोजगार रहेको देखिएकोमा २०५३ सालमा त्यो बढेर ४७ प्रतिशत पुगेको छ ।

नयाँ पूर्ण बेरोजगार मानिसहरू नेपालमा वर्षमा दुई लाखका दरले थपिंदैछन् ।

अहिले १५ वर्षमाथिका नेपालीहरू ११७ लाख छन्, त्यसमध्ये साँढे १६ लाख नेपालीहरू पूर्ण बेरोजगार छन् ।

पूर्ण बेरोजगारी शहरमा ज्यादा छ । अर्द्धबेरोजगारी गाउँमा ज्यादा छ ।

### सोध्नुपर्ने प्रश्नः

**विगतको कुनै पनि पंचवर्षीय योजनाले र २०४६ सालपछिको योजनाले पनि बेरोजगारी घटाएन । उल्टो, २०४१/४२ साल यता १२ वर्षमा बेरोजगारी दर ४ गुणाभन्दा पनि ज्यादा बढ्यो । अर्द्ध बेरोजगारी दर २०४८ सालमा भन्दा यता पाँचै वर्षमा २६ प्रतिशतले बढ्यो ।**

**नेपालको बेरोजगारी र अर्द्ध बेरोजगारीको यो विकराल समस्या हल गर्न तपाईंको पार्टीको र तपाईंको विश्वास लाग्दो र लागु हुन सक्ने नयाँ सोच र योजना के छ ? आर्थिक उदारीकरणले बेरोजगारी चौपट्टै बढाइरहेको छ । आर्थिक उदारीकरणप्रति तपाईं र तपाईंको पार्टीको सोच के छ ?**

## महँगीबारे

गएको दश वर्षमा महँगी हरेक वर्ष सरदर साँढे दश प्रतिशतका दरले बढिरहेछ ।

जुन वस्तुलाई २०४०/४१ सालमा १०० रू.मा किन्न पाइन्थ्यो, त्यही वस्तु किन्न २०५४ सालमा ३७१ रूपैयाँ तिर्नु पर्ने भएको राष्ट्र बैंकले बताएको छ ।

- २०४०/४१= १०० ◆२०४६/४७ मा १७९.९
- २०५४/५५ मा ३७०.९

अर्थात् २०४०/४१ को वास्तविक मूल्यमा महँगी गएको पन्ध्र वर्षमा भण्डै चार दोब्बर बढेको छ ।

महँगी यसरी अचाक्ली बढ्नुको मुख्य कारण - बढ्दो विदेशी ऋण, बढ्दो बजेट घाटा र माथिल्लो तहमा भएको चरम भ्रष्टाचार देखिन्छ ।

### सोध्नुपर्ने प्रश्न

**हामी हरेक वर्ष साँढे दश प्रतिशतका दरले जुन महँगी भोग्दैछौं, त्यसका निम्ति तपाईंका पार्टीका नेताले गरेको विदेश भक्ति, भ्रष्टाचार र पूँजीपतिसित लिएको गोप्य चन्दा जिम्मेवार छ कि छैन ?**

**अब उप्रान्त तपाईंको पार्टीका नेताले पूँजीपतिसित गोप्य पार्टी चन्दा लिन बन्द गर्ने सार्वजनिक प्रतिज्ञा गर्न सक्नुहुन्छ कि हुन्न ?**

> **अब उप्रान्त तपाईंको पार्टीका नेताले पूँजीपतिसित गोप्य पार्टी चन्दा लिन बन्द गर्ने सार्वजनिक प्रतिज्ञा गर्न सक्नुहुन्छ कि हुन्न ?**

**पार्टीको आय-स्रोत खुल्ला र पारदर्शी गर्न तपाईं तयार हुनुहुन्छ ? हुनुहुन्छ भने गएको दश वर्षको पार्टीको आयस्रोत सार्वजनिक गरीदिनुहोस् त !**

## किसान समस्याबारे

जमीनमा द्वैध स्वामित्वको उन्मूलन गरेर लाखौं बेदर्ताका मोहीहरूको मोहीयानी हक खत्तम पारिएको छ । अब उप्रान्त जोताहा मोही किसानलाई जोताहा मोहीको हक दिनै नपर्ने पारेर- कृषि क्षेत्रका नयाँ पूँजीपतिहरूको निम्ति ठूलो हाइसञ्चो सिर्जना गरिएको छ र जोताहा मोहीको निम्ति कोखामा छुरी धसिएको छ ।

**जमीनमा द्वैध स्वामित्वको उन्मूलन गर्ने ऐन पास गर्दा तपाईंको पार्टीले संसदमा समर्थन गरेको थियो कि थिएन ? गरेको थियो भने- त्यसको निम्ति तपाईंको पार्टी सार्वजनिक क्षमा माग्न तयार छ कि छैन ? तपाईं त्यसका निम्ति, तत्कालै सार्वजनिक माफी माग्न तयार हुनुहुन्छ कि हुनुहुन्न ?**

- कृषि मन्त्रालयका अनुसार,
- २०३१/३२ को कृषि उत्पादन = १००
- २०५४/५५ को कृषि उत्पादन = १६८
- २०३१/३२ को कृषि उत्पादनशीलता = १००
- २०५४/५५ को कृषि उत्पादनशीलता = ११२
- राष्ट्रिय जनसंख्या आयोगका अनुसार,
- २०३१/३२ को जनसंख्या = १००
- २०५४/५५ को जनसंख्या = २००

२०३१/३२ को कृषि उत्पादनलाई १०० मान्ने हो भने २०५४/५५ को कृषि उत्पादन सिर्फ १६८ भएको कृषि मन्त्रालयको तथ्याङ्क छ । यही पच्चीस वर्षको अवधिमा २०३१ को नेपालको जनसंख्यालाई १०० मान्दा जनसंख्या चाहिं १०० बाट दोब्बर बढेर भण्डै २०० पुगेको छ । अर्थात्, कृषि उत्पादनको तुलनामा जनसंख्या उत्पादन निकै बढी छ ।

अझ कृषि उत्पादनशीलता त २०३१/३२ को तुलनामा २५ वर्षपछि २०५४/५५ मा ११२ मात्र भएको छ । नेपाल यसरी खाद्यान्न समेत आयात गर्नुपर्ने देशमा बदलिंदैछ ।

**यो स्थिति सल्टाउन तपाईंको पार्टीको ठोस सोच र योजना के छ ?**

**कृषि क्षेत्रमा गत २५ वर्षमा अरबौं रूपैयाँ लगानी गरेर पनि कृषि उत्पादन र उत्पादनशीलता खास नबढ्नुको वास्तविक कारण के हो मन्ठान्नु हुन्छ ? त्यो कारण अब कसरी निमिट्यान्न हुन्छ ?**

**तपाईंको पार्टी क्रान्तिकारी भूमिसुधार गर्न तयार छ कि छैन ? छ भने त्यो कसरी र कुन कार्यक्रमका आधारमा हुन्छ ?**

## मजदूर समस्याबारे

देशमा महँगी हरेक वर्ष १०.५ प्रतिशतका दरले बढ्दैछ । तर कर्मचारी र मजदूरको ज्याला तलब भने त्योभन्दा निकै कम मात्र बढ्दैछ । त्यसकारण, मजदूर कर्मचारीको गरीबी निकै बढ्दैछ, जीवनस्तर निकै घट्दैछ । विगतमा कुनै पार्टीको सरकारले पनि यो समस्या हल गरेन, **अब तपाईंको पार्टीले यो समस्या कसरी हल गर्छ ? के नयाँ योजना र भरपर्दो सोच छ तपाईंसित यस बारेमा ?**

## महिला समस्याबारे

महिला पनि पुरूषसरह समान हैसियत भएको नागरिक र सन्तान हुन् भनेर तपाईं र तपाईंको पार्टीले स्वीकार गर्छ कि गर्दैन ? गर्छ भने, महिलाले पनि पुरूषसरह समान संपतिको हक पाउनु पर्छ भन्नेमा तपाईं र तपाईंको पार्टीको मत के छ ? त्यससम्बन्धी संसदमा पेश भइरहेको विधयेक विगत दुई वर्षमा किन पास हुन सकेन ?

अवांञ्छित गर्भको गर्भपतन गर्नु गर्भवती महिलाको हक हो भन्ने कुरा तपाईं स्वीकार गर्नु हुन्छ कि हुन्न ?

२०४७ साल यता पनि महिलालाई दोश्रो दर्जाको नागरिक बनाउने उत्तिकै बाँकी बसेका कानूनहरू खतम गर्न तपाईंको पार्टीले विगतमा किन केही गरेन ?

अब ठोस रूपमा के गर्नेवाला छ ?

## भाषा र जनजाति समस्याबारे

**राष्ट्रभरिका सबै भाषाहरू र सबै जनजातिहरू समान हक र हैसियत भएका भाषा र जनजाति हुन् भन्ने कुरा तपाईं मान्नुहुन्छ कि हुन्न ?**

**मान्नु हुन्छ भने, नेपालमा अहिले विद्यमान खस जनजातिको एक भाषा र एक जाति विशेषाधिकार अन्त गर्नुपर्छ भन्ने कुरा तपाईं यहीं र अहिल्यै सार्वजनिक घोषणा गर्न तयार हुनुहुन्छ ?**

**जुन जुन क्षेत्रमा जुन जुन भाषा र जनजातिको बाहुल्य छ, त्यस त्यस क्षेत्रमा उनीहरूको क्षेत्रीय स्वायत्त शासन चल्न पाउनु पर्छ भनी उठ्न थालेको आवाजबारे तपाईं र तपाईंको पार्टीको सोंच के छ ?**

## एक धर्म विशेषाधिकारबारे

**नेपाललाई हिन्दू धर्मको एक धर्म विशेषाधिकार भएको राष्ट्र पारिएको छ, जबकि यहाँ अरू थुप्रै धर्महरू अस्तित्वमा छन् र प्रजातन्त्रमा उनीहरू सबै समान हुनुपर्ने हो । तपाईंको पार्टी र तपाईं यो धार्मिक असमानता अन्त गर्ने पक्षमा हुनुहुन्छ कि हुनुहुन्न र हिन्दू धर्मको एक धर्म विशेषाधिकार अन्त हुनुपर्छ कि पर्दैन ? पर्छ भने तपाईं त्यो सार्वजनिक घोषणा गर्न तयार हुनुहुन्छ ?**

यी र यस्ता प्रश्नहरू तयार गरौं र उम्मेदवारहरूलाई सोधौं, अन्तर्क्रिया गरौं, सार्वजनिक बाचा गराऔं र अनि मात्र आफूलाई राजनीतिक रूपले चित्त बुझेका खण्डमा मात्र कुनै एक उम्मेदवारलाई भोट दिऔं ।



# यो चुनावमा हामी जनताले के गर्नु जरुरी छ ?

◆ दीपक ज्ञवाली

आउँदो चुनावमा नेपाली जनताले के गर्नु पर्छ ? भन्ने कुरा विगत नौ वर्षको अभ्यासले देखाइसकेको छ । हामीले गर्नुपर्ने धेरै कुराहरू छन् । भोट हाल्दैमा प्रजातन्त्र आउँदो रहेनछ र भोट हाल्दैमा विकास पनि आउँदो रहेनछ भन्ने चाहिँ प्रष्ट देखियो । तर यसो भन्दैमा चुनावलाई वहिस्कार गरेर पनि केही हुँदैन । मैले जति जिल्ला र गाउँ घुमेको छु, त्यसको आधारमा भन्नु पर्दा विगत ९ वर्षमा जति विकृतिहरू भएको भए तापनि पाएको बालिग मताधिकार फाल्न पनि नेपाली जनता तयार छैन भन्ने प्रष्ट देखिएको छ ।

अब के गर्ने त ?

यस प्रश्नको शुरूवातमा म एउटा कुरा भन्न चाहन्छु । अंग्रेजीमा एउटा भनाइ छ : You get the government you deserve. तपाईंको सरकार तपाईं सुहाउँदो नै हुन्छ अर्थात् जस्तो तपाईं त्यस्तै तपाईंको सरकार ।

अर्को भाषामा, देशमा कस्तो सरकार कुर्सीमा छ भन्ने कुरा तपाईंको सक्रियतामा भर पर्छ भनी यसले छर्लङ्ग देखाइरहेको छ । तपाईं समक्ष, शक्तिशाली र योग्य हुनुहुन्छ भने सरकार खराब र भ्रष्ट हुन सक्दैन । सरकार खराब र भ्रष्ट छ भने तपाईं चाकडीबाज र नाकाम, असक्षम र अयोग्य भएकोले हो भन्ने बुझ्नु पर्छ । यो कुरा विशेष गरी प्रजातान्त्रिक व्यवस्थामा लागू हुन्छ किनकि तपाईं तानाशाही व्यवस्थामा बस्नु भएको छ भने त तपाईंले तानाशाही सरकारलाई छानेको होइन । त्यो तपाईंमाथि लादिएको हुन्छ । तर प्रजातान्त्रिक व्यवस्थामा सरकार खराब र भ्रष्ट छ भने तपाईं त्यसलाई मन नपराउन सक्नुहुन्छ । मन नपराएकोलाई तपाईं नचुन्न सक्नुहुन्छ, भ्रष्टहरू नचुनिने माहौल सिर्जना गर्न सक्नुहुन्छ र अर्को राम्रो छान्न सक्नुहुन्छ । छानेको भ्रष्ट मान्छेलाई संगठित भएर विरोध गर्नु सक्नुहुन्छ । कुर्सीबाट कठालो समातेर तल ओराल्न सक्नुहुन्छ । यति हक हामीलाई हुँदाहुँदै यदि सरकारै खराब भए तपाईं हाम्रै केही कारणले नै यति नराम्रो सरकार आएको होला भन्ने कुरा You get the government you deserve भन्ने भनाइले पुष्टि गर्दछ । त्यसैले नागरिकहरू सचेत र संगठित भएर अगाडि बढ्न

२०५१ सालमा सम्पन्न मध्यावधि चुनावमा मतदान गर्न लामबद्ध मतदाताहरू
*फोटो: उषा तिवारी*

सके भने खराब राजनीतिबाजहरू सत्तामा आउन सक्दैनन् भन्ने कुरा यसले बताउँछ । त्यसैले हामी यहींबाट कुरा शुरू गरौं ।

न्यूटनको पहिलो नियम र दोस्रो नियम भने जस्तै प्रजातन्त्रका पनि नियमहरू छन् । पहिलो नियम के छ भने, यो प्रजातन्त्रमा राम्रै व्यक्ति पनि निर्वाचित भएर गएपछि उसमा तर्क सुन्ने क्षमता ठ्याम्मै हराएर जाँदोरहेछ । र, दोस्रो नियम एउटै क्षमता मात्र बाँकी रहँदोरहेछ, त्यो हो- चर्को ताप मात्र अनुभूति गर्ने । कुर्सीमुन्तिर आगो लगाइदियो भने मात्र आत्था भनेर कराउँदा चाहिं रहेछन् यिनीहरू । तर "हैन माननीयज्यू, यसो गर्नुपर्‍यो" अथवा "मन्त्रीज्यू यसो गर्नुपर्‍यो" भनेर भन्यो भने एउटा कानबाट सुन्ने र अर्को कानबाट उडाउने गर्दा रहेछन् । यो प्रष्ट देखियो ।

चुनाव अगाडिको समयमा चाहिं नेताहरूको सुन्ने इन्द्रिय अलि अलि खुलेको हुँदोरहेछ । तर त्यसपछि चाहिं ठ्याम्मै बन्द हुँदोरहेछ । त्यसैले यो साइतमा उनीहरूलाई ठ्याप्प समातिहाल्नु पर्नेरहेछ । अहिले हामीसँग यसका लागि दुई महिनाको समयावधि बाँकी छ । यस अवधिमा गर्नुपर्ने कुराहरू थुप्रै छन् । मैले दुई तीनवटा कुराहरू 'फ्रेममा' देखिरहेको छु ।

पहिलो कुरा त व्यक्तिगतदेखि सामूहिक प्रयास कस्तो हुनुपर्छ ? भन्ने विषयमा अलिकति छलफल गरौं । त्यसपछि सचेत मतदाता समूह कसरी बनाउने भन्ने कुरा आउँछ । मतदाता समूह सचेत र संगठित भएन र भाग्यवादी भयो भने उही बिहारी शैली निम्त्याइन्छ । अर्को प्रश्न हो- विगतमा छानिएर गएकाहरूको लेखाजोखा कसरी गर्ने ? उनीहरू फेरि मत माग्न आउँदैछन् । उनीहरूसंग हामीले कसरी व्यवहार गर्ने ?

पहिलो कुरो त यो व्यक्तिगत प्रयासबाट थालिनु पर्छ । भन्न त भनिन्छ, व्यक्तिगत प्रयासबाट केही हुँदैन । मलाई चाहिं त्यसमा विश्वास छैन । किनभने, व्यक्तिगत प्रयास नभैकन सामूहिक प्रयास जन्मिदैन भन्ने मेरो विश्वास छ ।

*काठमाडौंमा गत माघ महिनादेखि पाक्षिक रूपमा एउटा 'अन्तर्क्रिया डबली' संचालित भइरहेको छ । फणीन्द्र न्यौपाने, खगेन्द्र संग्रौला, श्याम कोजू, लोककृष्ण भट्टराई, गोविन्द वर्तमान, श्याम श्रेष्ठ र हरिगोविन्द लुइँटेल सम्मिलित एक संचालक समितिको आयोजनामा हुने सो कार्यक्रम काठमाडौं मोडेल अस्पताल, बागबजारको हलमा शुक्रबार अपरान्ह ३:०० बजेदेखि संचालन गर्ने गरिने गरिएको छ । 'मूल्यांकन मासिक' को व्यवस्थापकीय सहयोग रहने उक्त 'अन्तर्क्रिया डबली' मा विभिन्न महत्वपूर्ण विषयहरूमा*

सबैभन्दा पहिला त व्यक्तिगत प्रयासवाट नयाँ तथा पुराना उम्मेदवारहरूसित प्रश्न सोध्ने संस्कृति हामीले नै जन्माउनु पर्‍यो । हामीले प्रश्नहरू सार्वजनिक रूपमा नै सोध्न थाल्नु पर्‍यो । आँटिला केहीले प्रश्न सोध्न थालेपछि मात्रै अरूलाई पनि त्यस्ता प्रश्नहरू सोध्ने साहस आउन थाल्छ, सामूहिक साहस निस्कन्छ र सामूहिक प्रयासको जन्म हुन्छ । त्यस्तो प्रयास कस्तो रूपमा निस्कन्छ र त्यसको सांगठनिक संरचना कस्तो हुन्छ भन्ने कुरा चाहिं परिस्थितिलाई अलिकति विकसित हुन दिएपछि मात्र थाहा हुन्छ । हामी चाहिं संगठन नै छैन, संगठन नै नभई कसरी काम शुरू गर्ने भन्ने कुरामा अड्किन्छौं । व्यक्तिगत असन्तुष्टिलाई बाहिर ल्याएर प्रश्न सोध्ने र कठालो समात्ने व्यक्तिगत प्रयास शुरू गरेपछि नै संगठन बन्ने पहिलो भ्रुण तयार हुन्छ ।

मुख्य कुरो त हाम्रा चुनाव क्षेत्रहरूमा टोल टोलमा दुई चारवटा कामहरू गर्नु पर्‍यो । मैले यसलाई दुई भागमा बाँडेको छु ।

म शुरूमा अलिकति सैद्धान्तिक कुरा र त्यसपछि केही ठोस कुराहरूमा जान्छु ।

दुई किसिमका चुनाव प्रचार शैलीहरू छन्- हामीकहाँ । यसलाई हामीले हतोत्साहित नै गर्नुपर्ने भएको छ । एउटा त वृहत आमसभामा भाषण गर्ने चलनलाई हामीले हटाउनु पर्छ । टुँडिखेलमा ठूलो पण्डाल बनायो, ठूला नेताजीहरूलाई मंचमा चढायो र हामीहरूलाई भेँडाबाखा राखेको जस्तो अघिल्तिर राख्यो । अनि नेताहरूले हामीलाई भाषण पिलायो । यो संस्कृतिलाई हामीले खत्तम नै पार्नुपर्छ ।

त्यो संस्कृतिलाई किन खत्तम गर्नुपर्छ भने यसले मतदाताहरूलाई भेँडाबाखासरह निरिह र निष्कृय जीवका रूपमा राख्ने काम गर्छ । मतदाता भनेको प्रश्न गर्न र उत्तर दिन नसक्ने रैतीसरह हो, उसले खालि नेताहरूको अर्ति उपदेश मात्र सुन्नुपर्छ भन्ने किसिमले यो संस्कृति हावी भएको छ । भीषण, भाषण गरिने ठूला आमसभा र भेलाहरूमा मतदाताहरूलाई उम्मेदवारसामु आफ्नो कुरा र आफ्ना आलोचनाहरू व्यक्त गर्ने र नेताहरूलाई प्रश्न गर्ने अवसरबाट बंचित गरिन्छ । औंला ठड्याएर ठूलो स्वरमा कराउने नेताहरूको कुरामात्र उनीहरूले एकतर्फी रूपमा वाध्यतावश सुन्नुपर्ने संस्कृति प्रजातान्त्रिक संस्कृति होइन । वास्तवमा यो अभिव्यक्ति-स्वतन्त्रताको उपहास हो । ठूला सभाहरूमा नेताहरूले एकतर्फी भाषण गर्ने संस्कृति नेताहरूको उत्तरदायित्वविहीन अभिव्यक्ति-स्वतन्त्रता मात्रै हो ।

**गएको ०५१ सालको निर्वाचनमा म काठमाडौं, चावहिलमा बस्थें । त्यसबेला अरू उम्मेदवार त म कहाँ आउनु भएन, तर नेपाली कांग्रेसका उम्मेदवार दमन ढुङ्गना मेरो घरमा आउनु भयो ।**

बृहत पण्डालवाला भाषणभन्दा केही मात्रामा राम्रो भए पनि अर्को एउटा तरिका पनि सैद्धान्तिक रूपमा ठीक छैन । त्यो हो- घरदैलो कार्यक्रम । त्यसको राम्रो पक्ष चाहिं के हो भने उम्मेदवारले कमसेकम मतदाताहरूको टोल टोल र घरघरमा पुग्नुपर्ने त हुन्छ । त्यति पनि गर्न नसक्ने व्यक्ति त उम्मेदवारको रूपमा रद्दी नै साबित हुन्छ तर वृहत पण्डालवाला भाषण संस्कृतिमा जस्तै यसमा पनि मतदाता उम्मेदवारको अधीनमा हुन्छ ।

हाम्रो घरमा भूतपूर्व सांसद उम्मेदवार अथवा सांसद हुन खोज्ने नयाँ उम्मेदवार आए भने हाम्रो चलनअनुसार घरमा आउने व्यक्तिलाई हामीले जो आए पनि पाहुनासरह व्यवहार गर्नुपर्ने हुन्छ । आउने उम्मेदवारको कामकुरा चित्त बुझेको हुँदैन, तैपनि गाली गर्नु भएन । भूतपूर्व सांसद हुनुहुन्छ भने उहाँको काम चित्त बुझेको हुँदैन, नयाँ उम्मेदवार हुनुहुन्छ भने उहाँको घोषणापत्र नै चित्त बुझेको हुँदैन । तर घरमा आएको व्यक्तिलाई हामी धेरैजसो चर्को आलोचना गरीहाल्दैनौं । यसले पनि त राम्रो कुरा ल्याउँदैन । किनकि, प्रत्यक्ष संवाद र सामाजिक अन्तरक्रिया नहुने स्थिति राम्रो होइन ।

म एउटा उदाहरण दिन्छु । गएको ०५१ सालको निर्वाचनमा म काठमाडौं, चावहिलमा बस्थें । त्यसबेला अरू उम्मेदवार त म कहाँ आउनु भएन, तर नेपाली कांग्रेसका उम्मेदवार दमन ढुङ्गाना मेरो घरमा आउनु भयो । दमनजीलाई म धेरै सम्मान गर्छु । दमनजी आउने बित्तिकै उहाँले मलाई भन्नुभयो, "मलाई इमान्दार राय दिनुहोस् । मेरो स्थिति के छ ?"

मैले उहाँलाई भनें- "दमनजी ! तपाई यहाँ हार्नु हुन्छ ।" त्यसपछि उहाँ लल्याकलुलुक गल्नु भयो । मैले उहाँलाई भनें- "तपाईंलाई व्यक्तिगत रूपमा धेरैले मन पराउँछन् । तर तपाई नेपाली कांग्रेसको कुन समूहको उम्मेदवार हो ? दलहरूको फेडेरेशनलाई भोट कसरी दिने ? तपाईंले कसलाई नेता मान्नु भएको हो र भोलि तपाईंले जित्नु भयो भने कसलाई प्रधानमन्त्री बनाउनु हुन्छ ? तपाई भट्टराईजीलाई मान्नु हुन्छ कि गिरिजाप्रसाद कोइरालालाई मान्नु हुन्छ ? मान्नु हुन्छ भने कुन मूल्य मान्यताका आधारमा मान्नु हुन्छ ?

दमनजी फेरि अनकनाउनु भयो र खुलस्त उत्तर दिनु भएन । त्यो बेला अरूण आयोजनाको विवाद चलिरहेको थियो । मैले उहाँलाई फेरि सोधें, "अरूणको विषयमा तपाईंको धारणा के हो ?" उहाँ फेरि अन्कनाउनु भयो । तर सार्वजनिक रूपमा यो कुरो कतै आएन । त्यसैले यो घरदैलो कार्यक्रम पनि त्यति ठीक होइन ।

पण्डालवाला भाषणबाजी र घरदैलो कार्यक्रमको सट्टा हामीले अर्कै खाले मध्यमार्गी बाटो रोज्नु पर्छ । त्यो कस्तो संस्कृति हुन सक्छ भने, टोल टोलमा अदलीय व्यक्तिहरू र सचेत मतदाताहरूको प्यानेल जम्मा गर्ने, त्यसलाई पार्टी विशेषको अधीनस्थ हुन नदिने र त्यस्तो प्यानलले भोट माग्न आउने उम्मेदवारसंग भद्र भाषामा कुरा गर्ने । भोट माग्ने उम्मेदवारलाई के भन्ने भने- "हाम्रो टोलमा भित्ता रंगाउने र पोस्टर टाँस्ने नगर्दिनुस् । त्यो काम अनावश्यक खर्च हुने काम हो । त्यसको साटो हामी फलानो दिनमा तपाईंहरूका लागि कार्यक्रम राख्दैछौं । त्यहाँ हामी तपाईंहरू समक्ष एउटा प्रश्न सोध्ने प्यानल राख्दैछौं । त्यहाँ तपाईंहरू आउनुहोस् । सकिन्छ भने अमेरिकी राष्ट्रपतिका उम्मेदवारको छलफलको स्वरूपमा हामी हाम्रो प्यानललाई सबै उम्मेदवारहरूसमक्ष राख्छौं । सकिएन भने पनि अलग अलग गरेर उम्मेदवारहरूसंग हामी प्रश्नोत्तर सम्वाद गर्छौं । त्यसबेला तपाईंहरूले हाम्रा प्रश्नहरूको जवाफ दिनुहोस् । त्यसबेला स्थानीय मतदाताहरू निकै जम्मा हुन्छन् । टोलको मतदाता समूहले तपाईंहरूसंग प्रश्न गर्छ । तपाईंको भाषण हामी सुन्दैनौं । तर तपाईंहरूले पहिला के के गर्नु भएको थियो र पछि के गर्नु हुनेछ भन्नेबारे हामी तपाईंहरूसंग प्रश्नोत्तर र सम्वाद गर्छौं । पहिला तपाईंले यी यी नराम्रा कामहरू गर्नु भएको थियो, त्यसमा तपाईंको के जवाफ छ ? त्यो जवाफ त्यहीं दिनु हुनेछ ।"

यसो गरियो भने उम्मेदवारहरूको सामूहिक उत्तरदायित्व यहाँ आउँछ । उनीहरूले हाम्रो प्रश्नको जवाफ दिनुपर्ने हुन्छ । उनीहरूको जवाफ अरूले सुन्ने भए । त्यसो हुँदा कुनै अवधारणा बनाउनका लागि त्यस्तो छलफलको पनि योगदान हुन पुग्छ । तर भाषण पिलाएर हिंड्ने संस्कृतिमा त्यस्तो हुँदैन । त्यहाँ त भाषण गर्ने नेता र जनता दुवै भ्रममा पर्न जान्छन् ।

मतदाताहरूले उम्मेदवारसँग दोहोरो संवाद गर्ने संस्कृति पंचायतकालमै पनि एक पटक शुरू भएको थियो । जनमत संग्रह सकिएपछि भएको स्थानीय निर्वाचनमा काठमाडौंमा हरिबोल भट्टराई प्रधानपंचको उम्मेदवार हुनु भएको थियो । रूपज्योति पनि उम्मेदवार हुनुहुन्थ्यो, सर्वोत्तम डंगोल पनि उम्मेदवार हुनुहुन्थ्यो । त्यसवेला मैले नै संचालन गर्ने जि.ए.ए. फोरम (GAA Forum) थियो । त्यो फोरममा हामीले उहाँहरूलाई निम्त्यायौं । उहाँहरू सबैजना आउनु भयो । हल भरिएको थियो । उहाँहरूलाई राम्रोसंग विवाद र छलफलमा सहभागी गराइयो । अहिले पनि मानिसहरूले पहल गरेर त्यस्ता फोरमहरू निर्माण गर्नुपर्छ र ती फोरमहरू मार्फत् उम्मेदवारहरूलाई छलफलमा तान्नु पर्दछ ।

## अन्तर्क्रिया डबलीबाट
## प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट

*अन्तर्क्रियाहरू सम्पन्न भइसकेका छन् । यसको गत फाग्गुनको एक कार्यक्रममा 'यो चुनावमा हामी जनताले के गर्नु जरूरी छ ?' भन्ने शीर्षकमा अन्तर्क्रिया सम्पन्न भएको थियो । यसमा मुख्य वक्ता हुनुहुन्थ्यो- जलस्रोतविद् तथा प्राज्ञ दीपक ग्यवाली । यसपटक हामी सोही अन्तर्क्रियाको सारसंक्षेप पाठकहरूसमक्ष प्रस्तुत गर्दैछौं ।*

*-मूल्यांकन*

त्यसो गरिएपछि मात्र मतदाता र उम्मेदवारबीच पारस्परिक संवाद स्थापित हुन्छ । त्यसपछि उम्मेदवारहरू मतदाताहरूप्रति उत्तरदायी हुन बाध्य पनि हुन्छन् ।

डेढ दुई महिनाभित्रमा हामी ठूलठूला काम गर्न सक्छौं कि सक्दैनौं ? तर पनि एक दुईवटा काम चाहिं हामीले गर्नु पर्दछ । एउटा पुरानो चिनियाँ भनाइ छ- 'हजार माइलको यात्रा पनि पहिलो पाइलाबाट नै शुरू हुन्छ ।' त्यसैले गर्नैपर्ने बीज हो भने हामीले त्यो आजैदेखि शुरू गर्नुपर्छ ।

मतदाताहरूलाई सचेत बनाउने काम हामीकहाँ एकदम ठूलो समस्याको रूपमा रहेको छ । त्यो नेकै ज्यादा गर्न अहिल्यै सकिंदैन तर त्यसको शुरूवात चाहिं अहिल्यै हुनु पर्‍यो । भोट भनेको एउटा मूल्य र मान्यताको प्रतिनिधि हो । तर यहाँ भोट भनेको चिट्ठा हो भन्ने प्रवृत्ति आयो । त्यसैले जित्नेलाई भोट हाल्ने भन्ने नराम्रो प्रवृत्ति पनि आयो । मूल्यको यो जस्तो खराब विकृतीकरण अरू हुँदैन । भोट भनेको कुरा जित्नेलाई दिने कुरा होइन । हामीले मतदाताहरूलाई यो कुरा बुझाउनु पर्छ । आफ्नो अन्तस्करणले जुन मान्यतालाई ठीक ठान्छ, त्यस मान्यतालाई मतदान गर्नुपर्छ, चाहे त्यसले तपाईंको एक मत मात्रै किन नपाओस् । जित्नेलाई भोट हाल्ने अवसरवादी प्रवृत्तिलाई समाप्त पार्नै पर्दछ ।

यसपालि मत सर्वेक्षण गर्ने जानिफकारहरू भन्छन् कि, मतदाताहरूको निराशाको स्तर एकदम ठूलो छ । यसपालि कुनै पनि पार्टीलाई गाली गर्न कसैले पनि बाँकी राख्दैनन् भन्ने देखिएको छ । यदि भोट भनेको मूल्य र मान्यतालाई हाल्ने कुरा हो, जित्नेलाई हाल्ने होइन भन्ने कुरा स्थापित गर्न सकिएन भने 'नानीमैया-असर' यसपटक देखिने स्थिति छ । जनता भोट दिन चाहिँ जान्छ, तर असन्तुष्टि व्यक्त गर्न नकारात्मक मत जाहेर गरेर आउँछ । यसो भयो भने नकारात्मक भोटको पहिरो जान सक्छ ।

हामीहरू जस्तो मान्छे वर्षमा झण्डै ६ महिना देश बाहिर हुन्छौं । हामीहरूलाई अप्ठ्यारो के हुन्छ भने, अमेरिका, बेलायत, जस्ता ठाउँहरूमा गएर कुरा गर्‍यो भने उनीहरू भन्छन्: 'तिम्रो देशको स्थिति किन यस्तो हो ? तिम्रा नेताहरूले त यस्ता तर्कविहीन कुरा गरे नि ?' त्यतिखेर हामी जतिसुकै प्रतिभाशाली भएर त्यहाँ प्रस्तुत भए तापनि देशको बारेमा कुरा निस्कने बित्तिकै उनीहरू भन्छन् : "If you are so smart, why do you select your primeminister or your ministers so stupid ?" उनीहरूले यसो भनिदिएपछि हाम्रो बोल्ने बाटो नै हुँदैन । हामीले के भन्ने ? प्रजातान्त्रिक मुलुक हो र उहाँहरूलाई हामीले नै छानेर सत्तामा पुर्‍याएका हौं, मैले छानेको होइन भन्न मिल्दैन त्यहाँ । त्यस्तो मान्छेलाई किन छानेको भनेर उनीहरूले भनेपछि हामी निरूत्तर हुन्छौं । त्यसैले मूल्यको दिशातिर केही काम गरिएन भने यसपालि 'नानी मैयाँ असर' नराम्रोसंग आउनेवाला छ । यसले गर्दा परिणाम के हुन्छ भन्ने कुरै कसैले पूर्वानुमान गर्न सक्दैन ।

अमेरिकामा एउटा प्रावधान छ । त्यहाँ आ-आफ्नो क्षेत्रमा स्थानीय, क्षेत्रिय वा राष्ट्रिय समस्या कुन चाहिँ समस्या हो, त्यसको प्रकृति हेरेर त्यसको समाधान गर्न मतदाताहरूको निश्चित संख्याले सही गरेर निर्वाचन आयोगलाई एउटा दरखास्त हाले भने त्यसलाई जनमतमा लैजानै पर्छ । जस्तो, शनिवार गाडी हाँक्न नपाइने अथवा रक्सीको विज्ञापन गर्न नपाइने भन्ने मतदाताको माग भयो भने त्यो मागलाई पनि मतदानमा लगिन्छ । अहिले अमेरिकाको क्यालिफोर्निया राज्यमा एउटा मागलाई जनमतमा लगिंदैछ । त्यहाँ मतपत्रमा विभिन्न उम्मेदवारहरूको लिस्ट रहेको छ भने सबभन्दा तल एउटा अर्को प्रावधान राख्ने माग भएको छ ।

> *भीषण भाषण गरिने ठूला आमसभा र भेलाहरूमा मतदाताहरूलाई उम्मेवार सामु आफ्नो कुरा र आफ्ना आलोचनाहरू व्यक्त गर्ने र नेताहरूलाई प्रश्न गर्ने अवसरबाट बंचित गरिन्छ । औंला ठड्याएर ठूलो स्वरमा कराउने नेताहरूको कुरामात्र उनीहरूले एकतर्फी रूपमा बाध्यतावश सुन्नुपर्ने संस्कृति प्रजातान्त्रिक संस्कृति होइन । वास्तवमा यो अभिव्यक्ति स्वतन्त्रताको उपहास हो ।*

यो प्रावधान यदि स्वीकृत भयो भने कुनै पनि मतपत्रमा सबभन्दा तल एउटा खाली ठाउँ राखिन्छ र त्यहाँ None of the above याने 'कुनै पनि उम्मेदवार चित्त बुझेन' भन्ने कोष्ठ राखिनेछ । र, यो कोष्ठले बहुमत पायो भने नयाँ उम्मेदवारको लिष्ट राखेर पुनः मतदान गर्नुपर्ने हुनेछ । यस्तो कानून नै बन्नेछ । आएका उम्मेदवारहरूमध्ये कुनै पनि उम्मेदवार मलाई मन परेन भनेर सभ्य तरिकाले भन्न पाउने मतदाताको अधिकार हो । मतदान प्रक्रियामा यस्तो व्यवस्था गरिएन भने हामी दुई किसिमका असभ्य तरिकाहरू प्रयोग गर्न पुग्नेछौं । असभ्य भन्नाले मैले नागरिक समाजको नागरिक-तरिका भएन भन्न खोजेको हुँ । एउटा तरिका 'यो भोट सोट नदिने घरैमा बस्ने' भन्दिने । आखिर हामीले मत जाहेर नगरेपनि यो व्यवस्थामा निर्वाचित व्यक्तिले हाम्रो प्रतिनिधित्व गर्नपुग्छ । आफ्नो मत जाहेर नगरेको व्यक्तिलाई आफ्नो प्रतिनिधित्व गर्न दिनु सभ्य तरिका होइन । त्यतिमात्र होइन, यहाँ त हामी भोट हाल्न गएनौं भने हाम्रो नाउँको भोट अरूले हालिदिन्छ । यसपालि मतदाता परिचयपत्र लागू भएका क्षेत्रमा त्यस्तो नहोला, तर अन्यत्र त्यस्तो हुन्छ ।

अर्को असभ्य तरिका हो- निर्वाचन वहिष्कार गर्ने तरिका । यो गलत तरिका हो । लेनिनकै समयमा ड्युमामा भाग लिने कि नलिने भन्ने विषयमा ठूलो विवाद भएको थियो । मैले थाहा पाएअनुसार लेनिनले नै लेखेका छन्- 'जनता जहाँ छ, त्यहाँ पुग्नु पर्छ, जनता जाने ठाउँलाई बहिस्कार गर्नु हुँदैन ।' यो ठीक भनाइ हो । अहिले चुनाव हुँदा अधिकांश नेपाली त भोट हाल्न जान्छन् । त्यसरी भोट हाल्न जाँदा "मलाई यीमध्ये कुनै उम्मेदवारहरू मन परेनन्, यिनीहरूका सिद्धान्तहरू पनि मन परेनन्" भन्ने ठान्ने व्यक्तिले के गर्ने ? त्यसैले चुनाव वहिष्कार गर्नुसट्टा कुनै पनि उम्मेदवारहरू मन नपर्ने व्यक्तिहरूले आपसमा मिलेर मतदानमा जाने र कुनै पनि चुनाव चिन्हमा छाप नलगाएर मतपत्रको माथि वा पछाडि एउटा निश्चित ठाउँमा छाप लगाइदिने । आफ्नो असहमति व्यक्त गर्ने यो तरिका ठीक होला जस्तो मलाई लाग्छ । यसो गरिएमा मतपत्र गन्न बसेका पार्टीका प्रतिनिधिहरूको मुटुमा त ढ्याङ्ग्रो ठोकिन्छ । यसबाट एउटा निश्चित मत जाहेर हुन्छ । यस्तो मतले तीन प्रतिशत नाघ्यो भने, 'राष्ट्रिय पार्टी' भइहाल्यो !



अहिले मतपत्रमा 'मलाई कुनै उम्मेदवार मन परेनन्' भनेर चिनो लगाउने ठाउँ नभए पनि संगठित ढंगबाट एकै तरिकाले एकै ठाउँमा मत बदर हुने छाप हालिदियो भने पनि त्यसले पार्टीका नेताहरूलाई चस्का चाहिं पस्छ । कुनै निर्वाचन क्षेत्रमा त्यसरी बदर हुने

# गएको ८ वर्षमा हाम्रो संसद्ले सर्वसम्मत काम गरेको भनेको त्यही हो - आजन्म पेन्सन भत्ता लिने, पजेरो लिने र महाकाली बेच्ने ।

खालको छाप लागेको मतपत्रको संख्या बढी भयो भने त्यसले ठूलो असर पार्छ । त्यो असर राष्ट्रियदेखि अन्तरराष्ट्रिय स्तरसम्मको हुन्छ । तर 'बहिष्कार' भनेर बसिदियो भने केही पनि असर हुंदैन । किनभने त्यो तरिका अराजनीतिक तरिका हुन्छ भन्ने मलाई लाग्छ । निस्कृय बहिष्कारले प्रतिक्रियाबादी चरित्रको भनिने व्यवस्था नै झन अगाडि बढ्छ । त्यसैले म चाहिं ऐन नै परिवर्तन गरेर भए पनि क्यालिफोर्निया-मोडेलको निर्वाचन गरिनु पर्छ भन्ने विचारको हिमायती हुं । निर्वाचन आयोगलाई दवाब दिएर भए पनि मतपत्रमा कुनै पनि उम्मेदवार मन परेन भनेर छाप लगाउने ठाउं राख्नुपर्छ, त्यो काम संभव छ ।

अहिलेसम्म प्रमुख राजनीतिक पार्टीहरूले चुनावका लागि इस्यू पाइरहेका छैनन् । चुनावमा उम्मेदवारहरू आएका छन् तर इस्यू आएको छैन । यो त मुद्दाविहीन चुनाव हुनलाग्यो । अर्थात बहुदलीय पंचायती व्यवस्था हुनलाग्यो । फलानो फलानो उम्मेदवार वा पार्टी भन्ने कुरा आएको छ तर कुन मूल्य र मान्यताका निम्ति मतदान गर्ने भन्ने इस्यू आएको छैन । दुई दुई वटा आम निर्वाचन सम्पन्न गरिसकेर पनि अझै इस्यूमा आधारित भएर चुनावमा जाने प्रक्रिया बस्न सकेको छैन । एउटा इस्यू महाकाली सन्धिको रूपमा छ भन्ने कुरा मलाई पनि थाहा छ, तर त्यो पनि प्रखर रूपमा अगाडि आइसकेको छैन । कालापानीको कुरा अर्को इस्यूको रूपमा आउला, तैपनि यतिन्जेल प्रखर भएर आउन सकेको छैन । यसरी अहिले चुनाव व्यक्तिकरण भइसकेको छ । तसर्थ मेरो भनाइ के हो भने हामीले सकेसम्म आफ्नो टोल टोलमा उम्मेदवारहरूलाई प्यानलमा बोलाउने, त्यसरी बोलाउन सकिएन भने पनि उम्मेदवारहरूलाई मतदाताहरूको दशौं जनाको मात्रै संगठनले भए पनि प्रश्न गर्ने गर्नुपर्दछ । प्रश्न 'कुन मुद्दामा कुन उम्मेदवार र पार्टीको विचार के ?' भन्ने बारेमा गरिनु पर्छ । तब चुनाव मुद्दामा आधारित हुनेछ । इस्यू तब पैदा हुनेछ ।

हामीले प्रश्न गर्ने कुराहरू के के छन् त ?

## प्रश्न उठाउने मुद्दाहरू

हामीले पहिलो प्रश्न त के गर्नुपर्छ भने, चुनाव प्रचार प्रसारमा कहाँबाट पैसा आयो ? तपाईंले कति पैसा उठाउनु भयो र तपाईंको पार्टीले कति पैसा उठायो ? चुनावमा गएको पार्टीले मतदातासमक्ष आफ्नो अडिट-रिपोर्ट पेश गर्ने कि नगर्ने ?

उम्मेदवारहरूको सम्पत्ति विवरणको लामो नाटक हेर्ने काम चाहिं अहिले छोडिदिउं । निजीकरणको विरोध गरिरहेको पार्टीको महासचिवले निजीकरण भएको संस्थाको शेयर किन्छन् भने सम्पत्ति विवरणको नाटक हामीलाई चाहिन्न । नेताजीहरूको सम्पत्ति उनीहरूले देखाए जति मात्रै हो भन्ने कुरा त अब कसैले पत्याउँदैन ।

हामीले उम्मेदवारहरूलाई भन्नुपर्‍यो- तपाईंले कर तिरेको प्रमाणपत्र ल्याउनुस् । साधारण व्यवसायीलाई त कर तिरेको प्रमाणपत्रको माग गरिन्छ भने त्यो कर नै निर्धारण गर्ने र ऐन बनाउने व्यक्तिले कर तिरेको प्रमाणपत्र पेश गर्नु पर्छ कि पर्दैन ? त्यसैले हामीले उम्मेदवारलाई भन्नुपर्छ : 'चुनावमा आउँदा तपाईं आफूले तिरको करको प्रमाणपत्र सार्वजनिक गर्नुस्, अनि हामी तपाईंले ठीकसँग कर तिर्नु भएको छ कि छैन भन्ने थाहा पाउँछौं ।' कति सांसदज्यूहरूले त कर नै तिर्नु भएको छैन । व्यक्ति उम्मेदवारलाई र उहांको पार्टीलाई पनि हामीले यस्तो दवाब दिनै पर्छ ।

पार्टीले लेखा परीक्षण गरेको खाता राख्नु पर्छ कि पर्दैन ? मलाई एउटा मध्यम खाल्को व्यापारीले भन्नुभयो : "२०४८ सालको चुनावमा हामीलाई कांग्रेस, कम्युनिष्ट सबै पार्टीहरूले बोलाउँथे, हामी जान्थ्यौं । हामीलाई 'सहयोग गर्नु पर्‍यो' भन्थे । अनि हामीले पनि औकात हेरी कसैले पाँच हजार, कसैले दश हजार, कसैले पन्ध्र हजार दियौं । त्यसरी पैसा दिने हाम्रो ग्रुपमा कसैले नब्बे हजारसम्म पैसा दिएका थियौं । कांग्रेस र कम्युनिष्ट दुवै पार्टीलाई हामीले पैसा दिएका छौं तर आजकल त ती पार्टीहरूले हामीलाई बोलाउनै छोडे । पैसा दिनु परेन संचै भयो तर पनि किन बोलाउन छोडेका होलान् भन्ने हामीलाई लाग्यो । पछि थाहा



भयो, उहाँहरूको एक कलममै एयरपोर्टबाट र अरू कति ठाउँबाट करोडौं करोड आउँदोरहेछ । अनि हामी भुरेभारेहरूलाई किन बोलाउनु हुन्थ्यो !"

यसरी अनैतिक किसिमले उठाएको पैसाबाट मेरो भोट माग्ने हो भने उम्मेदवारहरूलाई उनीहरूको आयस्रोतबारे प्रश्न गर्ने अधिकार र जिम्मेवारी पनि मेरै हुन्छ । मेरो अर्को भनाइ के हो भनेदेखि, राजनीतिक पार्टीहरू अवैधानिक किसिमले पैसा जम्मा गर्न लागिसकेका छन् । हामीले त्यो अवैधानिक स्रोतबारे प्रश्न उठाउनु थाल्नुपर्छ, घाँटी समाउनु पर्छ प्रश्नहरूद्वारा र उनीहरूलाई हामीले नै वैधानिक उपायहरूबारे बताई दिनुपर्छ । उनीहरू आफैं त्यो उपाय भन्दैनन् ।

जब भारतीय राष्ट्रिय काँग्रेसले भारतको स्वतन्त्रताका लागि आन्दोलन शुरू गर्‍यो, तब त्यहाँका टाटा, बिड्ला जस्ता ठूला उद्योगपतिहरूले भारतीय स्वतन्त्रता आन्दोलनका लागि महात्मा गान्धी र नेहरूलाई सहयोगस्वरूप पैसा दिन्थे । भारत स्वतन्त्र भएर जब भारतीय राष्ट्रिय काँग्रेस सत्तामा आयो, तब भारतीय राष्ट्रिय काँग्रेसले नेहरू-शैलीको समाजवाद ल्यायो । त्यसले 'संरक्षित उद्योग' भनेर जुन उद्योगपतिहरूले स्वतन्त्रता आन्दोलनलाई सहयोग गरेका थिए, ती उद्योगपतिहरूको उद्योग फस्टाउनका लागि बजारको व्यवस्था गरिदियो । भारतमा त्यस्तो स्थिति थियो । यसबाट त्यहाँको उद्योगले पनि लाभ हासिल गर्‍यो, नेताहरूले पनि राजनीतिक लाभ हासिल गरे । भलै, अहिले त्यहाँ पनि भ्रष्टाचार हुन थालिसकेको छ । उता, पश्चिममा अमेरिका, जर्मनी आदिमा चाहिं खुल्ला रूपले पार्टीको कोषको लेखा परीक्षण हुने गर्छ । अर्थात्, ती मुलुकहरूमा पार्टीहरू मतदाताप्रति उत्तरदायी भएर आयस्रोतबारे सबै कुरा खुलस्त गर्ने गर्छन् । हामीले पनि यहाँ भोट माग्न आउनेहरूसंग भोट हाल्नुअघि नै 'भाँक्रीले बोक्सीलाई बकाएझैं' पार्टीको आयस्रोतबारे सबै कुरा बकाउन सक्नु पर्छ । पछि उनीहरू बक्दैनन् । यो कुरा मतदाताहरूले कडाइका साथ गर्नुपर्ने कामहरूमध्ये एउटा मुख्य काम हो ।

पुरानालाई बेग्लै ढंगले सोध्नुपर्ने हुन्छ तर यदि नयाँ प्रत्याशी छ भने उसलाई हामीले 'तपाईं चुनिएर गएपछि राष्ट्रको ढुकुटीबाट आजन्म सांसदको पेन्सन भत्ता खालि हामीले भोट दिएको भरमा लिनुहुन्छ कि लिनु हुन्न ?' भन्ने प्रश्न गर्नुपर्छ । यस्तो प्रश्न किन जरूरी छ भने, हाम्रो राजनीतिक प्रक्रियालाई नोकरशाहीकरण गरिंदैछ । राजनीतिज्ञहरूले नोकरशाहहरूले जस्तो पेन्सन दावी गर्न मिल्दैन । एकचोटी चुनिएर गएपछि उसले आजीवन पेन्सन पाउने रीति खारेज हुनुपर्छ । यस्तो नहुँदा व्यापार र नोकरशाहीकरणमा हाम्रो राजनीति परिणत हुन थालेको छ । गएको ८ वर्षमा हाम्रो संसदले सर्वसम्मत काम गरेको भनेको त्यही हो - आजन्म पेन्सन भत्ता लिने, पजेरो लिने र महाकाली बेच्ने । सांसदहरूले सर्वसम्मत ढंगले अरू काम केही गर्न भ्याएनन् । ती कामहरू चाहिं गरे । त्यसैले नयाँ आउने प्रत्याशीलाई पहिले गरेका जस्ता कामहरू फेरि गर्छौ कि गर्दैनौ ? भनेर सोध्नैपर्छ ।

पुरानो तर फेरि उठेको प्रत्याशी छ भने उसलाई हामीले सोध्नुपर्छ- यदि चुनावमा हार्‍यौ भने पेन्सन खाएर बस्छौ कि बस्दैनौ ? पेन्सन खाने कुरा ठीक हो कि होइन, जवाफ दिनुस् भनेर हामीले उनीहरूबाट जवाफ लिनै पर्छ । हामीले भन्नु पर्छ- तपाईंले लिन खोजेको पेन्सन राष्ट्रको विकासतिर लैजानु पर्छ, तपाईं पहिला जे व्यवसाय गर्नु हुन्थ्यो, त्यही गर्नुस् । अर्को कुरा हामीले सोध्नुपर्छ-तपाईंले पजेरो लिनु भएको छ भने त्यो हाम्रो मतमाथिको विश्वासघात हो कि होइन ? यस्ता अरू पनि प्रश्नहरू उठाउन किन जरूरी छ भने, ती व्यक्तिहरू, जो राष्ट्रको उच्च ओहोदामा पुगेर कानून बनाउँछन्, तिनैले कानून नमानीकन बनाएको कानूनको औचित्य हुँदैन । अहिले त अराजकताको जरो उहाँहरूले सिर्जना गर्न लाग्नु भएको छ । पजेरो ल्याउने प्रावधान त सांसद भत्ता ऐनको समेत विरूद्धमा छ । यो त मुद्दा नै हाल्नुपर्ने विषय छ ।

बेलायतमा राजपरिवारले कर तिर्नु पर्दैन भन्ने मान्यता भए तापनि राजकुमार चार्ल्स कर तिर्छन् ।

यसपालि त तिर्नुपर्ने मान्यता पनि भयो तर उनले त्यस्तो नहुँदै कर तिर्न थालेका थिए । यसरी तिर्ने प्रचलन भएन भने न्यायसंगतता घट्तै जान्छ । न्यायसंगतता भएन भने शासन गर्ने आधार नै हुँदैन । यो कुराबारे चुनावमा आउने प्रत्याशीहरूलाई हामीले सोधपुछ गर्नैपर्छ ।

अन्तमा, म के कुरा भन्छु भने, अहिलेसम्म मेरो क्षेत्र पाटन ढोकामा तीन जना उम्मेदवारहरूको नाम अगाडि आएको छ । एक जना एमालेका उम्मेदवार रघु पन्त हुनुहुन्छ । अर्का, नेपाली कांग्रेसका उम्मेदवारको रूपमा योगप्रसाद उपाध्यायको नाम चर्चित छ । तेस्रा उम्मेदवार हुनुहुन्छ- राप्रपाका बालाराम घर्तीमगर ।

रघुजीलाई कान्तिपुर पब्लिकेशनको सोल्टी होटेलको पार्टीमा यो प्रश्न गरिसकेको छु र फेरि पनि त्यो प्रश्न सार्वजनिक रूपमा सोध्नैपर्छ-

"'महाकाली साझा पानी आधा आधा' भन्ने तपाईंको पार्टीले महाकालीको हाम्रो भागको पानी आधाको आधाको आधाभन्दा पनि कम हुने सन्धि किन गऱ्या ?! त्यसो गरेकोले पाटनढोका चोकमा कान समातेर 'बिराएँ, माफी पाउँ' भनेर सयचोटी उठ्बस् गर्नु हुन्छ कि हुन्न ?"

बालारामजीलाई सोध्नुपर्ने छ-

"देउपा सरकार बचाउन एन्रोनको भनिने पैसामा बैंकक जानुभयो । पठाउने देउपाले माफी मागिसके । अब तपाईंले माफी माग्ने कि नमाग्ने ?" यो एउटा सरल प्रश्न छ । उहाँको पार्टीको सिद्वान्तसंग गाँसिएका अन्य थुप्रै प्रश्नहरू त छँदै छन्, तर यो प्रश्न त सोध्नै पर्छ ।

त्यसपछि अन्तरिमकालको गृहमन्त्री योगप्रसादजीको कुरा आउँछ । उहाँलाई थुप्रै प्रश्न गर्न सकिन्छ । त्यसमध्ये एउटा सरल प्रश्न के गर्न सकिन्छ भने, अन्तरिमकालमा तस्करहरू छुटाउने काम तपाईंले किन गर्नुभयो ? त्यही विकृति झन झन् बढ्दै गएर आज हामी यो स्थितिमा आइपुग्यौं । मल्लिक आयोगको रिपोर्टअनुसार दोषीहरूलाई कार्यवाही गर्नुको सट्टा तस्करहरूलाई छुटाउने काम त तपाईंबाट शुरू भयो । तपाईं कुन आधारमा मसंग भोट मागिरहनु भएको छ ? प्रजातन्त्र ल्याउने काममा धेरै नभए पनि थोरै योगदान मेरो पनि रहेको छ । प्रजातन्त्रको मान्यताविरूद्ध काम किन गर्नुभयो ?

मैले आफ्नो क्षेत्रका यी तीन उम्मेदवारहरूलाई गर्ने प्रश्न यिनै हुन् । अरू आए छन् भने अरूलाई पनि मैले प्रश्न सोध्नु पर्छ ।

आगामी निर्वाचनमा नेपाली मतदाताहरूले गर्नुपर्ने कामहरूबारे मेरा धारणाहरू यस्तै हुन् ।

## मधुकर उपाध्याय

एउटा सामान्य कुरा के देखिएको छ भने, अहिले गल्ती स्वीकार्न थालिएको छ । मन्त्रीलाई बैंकक पठाउने कुरा, पार्टीलाई पैसा उठाउने कुरा र पजेरो सुविधाको कुरा इत्यादिमा धेरैले "हामीले गल्ती गरेका हौं" भनेका छन् । त्यति मात्रै भएपनि राम्रो कुरा हो । मानिसहरू आफन्तको मृत्युमा घाटमा जाँदा 'यो जिन्दगी के रहेछ हगि, मेरो पनि भोलि यही हालत त हुने हो नि !' भन्ने महसूस गर्छन् । तर घर फर्किसकेपछि उनीहरूमा त्यो सोचाइ हराउँछ र लोभलालचमा फस्छन् ।

अहिले गल्ती स्वीकार गर्ने, माफी माग्नेहरूको यो व्यवहार पनि चुनावसम्मका लागि मात्र त होइन ? चुनावपछि फेरि पुराना गल्तिहरू दोहोऱ्याईंदैनन् भन्ने ग्यारेन्टी चाहिँ केही देखिन्न । गल्ती महसूस गरेको कुरा व्यवहारमा देखाउन सक्नुपर्छ । यो दुई महिनाको अवधिमा उहाँहरूले आफूले प्रायश्चित गरेको देखाउन सक्नु पऱ्यो ।



मधुकर उपाध्याय

**अहिले गल्ती स्वीकार्न थालिएको छ । अहिले गल्ती स्वीकार गर्ने, माफी माग्नेहरूको यो व्यवहार पनि चुनावसम्मका लागि मात्र त होइन ? चुनावपछि फेरि पुराना गल्तिहरू दोहोऱ्याईंदैनन् भन्ने ग्यारेन्टी चाहिँ केही देखिन्न ।**

## दीपक ज्ञवाली

त्यो कुरा पनि मतदाता समूह सचेत र जागरूक भएपछि मात्रै हुन सक्छ । चुनिएर गएर फेरि गल्ती गर्न लाग्यो भने मतदाताले उसलाई कुनै पनि बेला फिर्ता बोलाउन सक्ने संवैधानिक व्यवस्था पनि हुनुपर्छ ।

## मधुकर उपाध्याय

यदि रघुजी आउनु भयो र सार्वजनिक रूपमा तपाईंले भन्नु भए झैं माफी पनि माग्नुभयो भने भोलि फेरि उहाँले महाकाली सन्धि जस्तै अर्को सन्धि गर्नु हुन्न भन्ने ग्यारेन्टी के छ ?

## दीपक ज्ञवाली

त्यो त हामीले उहाँको माफी माग्ने शैली कति शुद्ध छ भन्ने जाँच गर्नुपर्छ । अरू उपाय त केही छैन ।

## फणिन्द्र न्यौपाने

प्रायः महाकाली सन्धि पास गर्ने उम्मेदवारहरू अहिले ठूला पार्टीकै मानिसहरू छन्- चाहे ती एमालेका हुन्, चाहे नेपाली कांग्रेसका । उनीहरूले व्यवहारमा नै प्रायश्चित गरेर देखाउने भनेको उनीहरूले यो दुई महीनाभरिमा पार्टीमा विद्रोह गरेर देखाउनु पर्छ । "यदि यो पार्टीले 'महाकाली सन्धि ठीक छ' भन्छ भने म स्वतन्त्र भएर उठ्छु ।" भनेर उसले प्रतिबद्धता जाहेर गर्छ भने उसलाई भोट हाल्नु हुन्छ, नत्र भने लाज हराएकाहरूले "सय होइन दुईसय चोटी उठ्बस गर्छु, भोट त हाल्नुस्" भन्छन्, आफ्नो प्रतिबद्धता पनि पालन गर्दैनन् । त्यसैले जसले पार्टीले गरेको गल्तीविरूद्ध विद्रोह गर्छ, त्यसैलाई हामीले मतदान गर्नु पर्छ ।

## स्नेह सायमी

मलाई चाहिं के लाग्छ भने, हामी बुद्धिजीवी स्तरका अलिकति बाठा मान्छेहरू जम्मै कुरा राजनीतिज्ञको टाउकोमा खन्याईदिन्छौं र आफू चोखो हुन्छौं । मौका पर्दा टुप्लुक्क नेताको ढोकामा पनि पुग्छौं हामीहरू । अनि यस्तो फोरममा उसकै खोइरो खनेर कुरा पनि गर्छौं । यहाँ स्थिति कस्तो भइसकेको छ भने, बुद्धिजीवीहरू पार्टी फेर्दै हिंड्न पनि लाज मान्दैनन् । एकातिर पार्टी फेर्ने चलन छ भने, अर्कोतिर पार्टीभित्रको लबी फेर्ने चलन पनि छ । आफ्नो हितअनुकूल अवसरको फाइदा उठाउने अवसरवादी चरित्र बुद्धिजीवीहरूमा छ । त्यसैले यो स्थिति हुनुमा बुद्धिजीवीहरूको पनि कम भूमिका छैन । सत्तामा नहुँदै काठमाडौंको नैकाप भन्ने ठाउँमा एउटा सानो कार्यक्रममा आएको बेला गिरिजाप्रसाद कोइरालाको वरिपरि बाह्र पन्ध्रवटा गाडी थियो र सामान्य जनताले उनलाई भेटन सक्ने अवस्थै थिएन । त्यहाँ गिरिजाप्रसादलाई घेर्नेहरू जान्नेबुझ्नेहरू नै थिए ।

मलाई एउटा कुरा सम्झना हुन्छ । छ सात वर्ष अगाडि प्रगतिशील लेखक संघले राजनीतिज्ञहरूमा राष्ट्रियताको ह्रास भयो भनेर राष्ट्रियताको विषयमा एउटा कवि सम्मेलनको आयोजना गऱ्यो । म पनि त्यो सम्मेलनमा गएँ । त्यहाँ पुगेर मैले के देखें भने, पार्टी सत्तामा भएको बेला जि.एम्. खाने, सल्लाहकार हुने व्यक्तिहरू राष्ट्रियताबारे कविता बोकेर त्यहाँ आएका रहेछन् । मैले पनि त्यहीं पुगेर अर्को कविता लेखें । अन्तिमतिर मेरो पालो आयो । मैले कविता यस्तो पढें-

*मेरो पार्टीले महाकाली बेच्ने कागज तयार गर्ने*
*तपाईंको पार्टीले त्यसमा दशै औंलाले सहीछाप लाउने*
*मेरो पार्टी सत्तामा हुँदा म सल्लाहकार हुने*
*तपाईंको पार्टी सत्तामा हुँदा तपाईं जि.एम हुने*
*तपाईं र म मिलेर राष्ट्रियताको के कुरा गर्ने ?*

मैले पढेको त्यो कविता कतिपयलाई चित्त बुझेन । यसबाट मैले भन्न खोजेको कुरा के हो भने, राजनीतिक वातावरण विगार्न बुद्धिजीवीहरूको भूमिका पनि कम दोषी छैन । दीपकजीले केन्द्रित गर्नु भएको कुन कुरा मलाई विशेष मन पऱ्यो भने,



स्नेह सायमि

**हामी बुद्धिजीवी स्तरका अलिकति बाठा मान्छेहरू जम्मै कुरा राजनीतिज्ञको टाउकोमा खन्याईदिन्छौं र आफू चोखो हुन्छौं । मौका पर्दा टुप्लुक्क नेताको ढोकामा पनि पुग्छौं हामीहरू ।**

मतदाताहरू सचेत नभएर नै यस्तो भएको हो, तसर्थ मतदातामा चेतना जागृत गराउनु पऱ्यो । अर्को कुरा, क्यालिफोर्निया शैलीको मतपत्र यहाँ पनि बन्नुपर्छ भन्ने मलाई पनि लागेको छ । हामीले उम्मेदवारहरूलाई कस्ता खाले प्रश्नहरू गर्नुपर्छ भन्ने चेतना पनि निकै ठूलो चेतना हुन्छ भन्ने लाग्छ । यस्तो चेतना फैलाउन हामीले हरेक किसिमका उपलब्ध माध्यमहरू प्रयोग गर्नुपर्छ ।

## नारायण ढकाल

दीपकजीले नागरिक तहमा सचेतनताको समस्यालाई औंल्याउनु भयो । उहाँले औंल्याउनु भएका कुरा भविष्यका दृष्टिले निकै आशावादी प्रस्ताव हो । वर्तमानको हिसाबले चाहिं हामीले त्यति गर्न सक्ने स्थिति छैन । गएको स्थानीय निर्वाचनमा टिकट बाँड्ने निकायमा म पनि थिएँ । म त्यतिबेला एमालेको जिल्ला कमिटीको सचिव थिएँ । त्यसबेला एउटा गा.वि.स.को अध्यक्षको उम्मेदवारको विषयलाई लिएर निकै वादविवाद पनि परेको थियो । जसलाई टिकट दिनुपर्छ भन्ने प्रस्ताव आएको थियो, त्यो व्यक्ति पहिले पनि भ्रष्टाचारमा निकै गन्हाएको व्यक्ति थियो । स्थानीय उपभोक्ता समितिको र खानेपानीसम्बन्धी समितिमा बसेर उसले धेरै पैसा हिनामिना गरेको थियो । त्यही व्यक्तिलाई टिकट दिनु पर्छ भनेर धेरै दवाव आयो । त्यहाँ एउटा रोचक तर्क के आयो भने, त्यस गाउँमा त्यही व्यक्तिलाई टिकट दियो भने ऊ जित्छ, किनभने त्यहाँका मतदाताहरू ऊभन्दा बढी भ्रष्ट छन् । त्यस व्यक्तिलाई शुरूमा हामीले टिकट दिँदैदिएनौं, अर्कोतिर दियौं । तर जसले टिकट पाएको थियो, उसले 'म टिकट लिन्न' भनेर खुट्टै छोडिदियो । त्यसपछि हामीले बाध्य भएर त्यही भ्रष्ट व्यक्तिलाई टिकट दियौं । उसले जित्यो पनि । यस्तो समस्या पनि छ ।

केही दिनअघि एउटा शिक्षक साथीसित कुरा भएको थियो । उहाँ भन्दै हुनुहुन्थ्यो- हामी अहिले चिन्तित भएर के गर्ने ? सामान्य मतदातालाई हिजो तलसम्म हामीले बिगारिसक्यौं । आठ नौ बर्षको राजनीतिक अभ्यास गरेर हामीले मतदाताहरूका आकांक्षाहरूलाई समेत भ्रष्टीकरण गरिसक्यौं । त्यसैले हामी अहिलेकै तरिकाले गयौं भने उपदेशकले उपदेश दिए जस्तो मात्र हुन्छ । मूल्य र मान्यताका कतिपय कुराहरू यसबेला बडो वाक्कलाग्दो हुन थालेका छन् । साधु सन्तले प्रवचन गरेको जस्तो हामी मूल्य र मान्यताका कुरा गरिरहेका छौं तर तल बसेको मतदाताले त्यसलाई रेस्पोन्स गरिरहेको छैन । हामीले अपनाएको राज्यप्रणालीका कतिपय कुराहरूले मलाई यसो भन्न घच्घच्याएको छ । सिङ्गो राज्यव्यवस्थाका बारेमा अहिले हामी कुरा नगरौं, त्यो छुट्टै छलफलको विषय हो । तर यही प्रणालीका कतिपय प्रावधानहरूबारे मात्र कुरा गर्दा पनि हामीले केही कुराहरू सच्याउनै पर्ने जस्तो मलाई लाग्छ ।

म आफैं पनि एकचोटी हात जोडेर सांसद पनि भैसकेका व्यक्ति हुँ । त्यतिबेला मलाई निकै असजिलो लागेको थियो । कस्तोसम्म भयो भने, हात नजोडी भोट नपाइने हुनाले हात जोड्दै जाँदा अध्यारोमा मतदाता भनेर हात जोडेको त रूखको ठुटो पो परेछ । (लामो हाँसो) खराबीहरूबाट जोगिन्छु भन्दाभन्दै पनि जोगिनका लागि केही अनिवार्य अप्ठ्याराहरू पनि यहाँ विद्यामान छन् ।



नारायण ढकाल

**यो व्यवस्थाले सद्दे मान्छेलाई पनि भ्रष्ट बनाउँदो रहेछ । म दुई वर्ष सांसद भएँ । मेरो अनुभव के रह्यो भने, राष्ट्रका सवालमा र नीतिहरूमा खास केही कामै गर्ने पाइएन । म शुद्ध एउटा राम्रो हुलाकी मात्र बनेछु- यहाँ टेलिफोन उपलब्ध गराउनु पर्‍यो, त्यहाँ डोजर ल्याउनु पर्‍यो भनेर मन्त्रालय विभागहरूमा हुलाकीको काम गर्ने ।**

बीचमा रातो पासपोर्ट दुरूपयोगका कुराहरू आए । थुप्रै सांसदहरू त्यसमा परेका छन् । केही केहीलाई त्यसै पनि अप्ठेरो छ । दैलेखका एकजना सांसद विनोद शाहकहाँ म एकपटक पुगेको थिएँ । उहाँ मेरै हिजोको क्षेत्र वानेश्वरमा बस्नुहुन्थ्यो । उहाँकहाँ दश बाह्र जना व्यक्ति उहाँको निर्वाचन क्षेत्रबाट आएर बसेका थिए । उनीहरूलाई उहाँले खुवाउनु परेको थियो, औषधि उपचार पनि दिनु परेको थियो र अझै त्यतिले नपुगेर घर फर्कने बेलामा बस भाडा पनि दिनु परको थियो । इमान्दार रहन चाहने सांसदले पाउने पैसा भनेको जम्मा नौ-दश हजार मात्र हो । घरखर्च, छोराछोरीको पढाइ इत्यादि गर्दा त्यो नौ दश हजार खर्च भनेको काठमाडौंमा बस्नेका लागि निकै सकस हुने रकम हो । उहाँले कसरी आफूलाई व्यवस्थित गर्नु हुन्छ भन्ने कुरा नै ठूलो थियो । यस्तो स्थितिमा, जिल्लाबाट आउने मतदाताहरूलाई खर्च भर्न उहाँले कसरी सक्नु भएको होला भन्ने मलाई लाग्यो । उहाँ भन्नुहुन्थ्यो, नसकेर के गर्ने ? सकिएन भने ती मतदाताहरू ठाडै भन्छन्- "आउलास् चुनावमा" । त्यसैले मलाई हाम्रो चुनाव प्रक्रियाबारे केही थप कुराहरू भन्नु छ । हामी मतदाताहरू नै उम्मेदवारलाई भ्रष्ट बन्ने बाध्यता सिर्जना गर्छौं ।

यो व्यवस्थाले सद्दे मान्छेलाई पनि भ्रष्ट बनाउँदो रहेछ । म दुई वर्ष सांसद भएँ । मेरो अनुभव के रह्यो भने, राष्ट्रका सवालमा र नीतिहरूमा खास केही कामै गर्ने पाइएन । म शुद्ध एउटा राम्रो हुलाकी मात्र बनेछु- यहाँ टेलिफोन उपलब्ध गराउनु पर्‍यो, त्यहाँ डोजर ल्याउनु पर्‍यो भनेर मन्त्रालय विभागहरूमा हुलाकीको काम गर्ने । यसवापत मैले महिनाको रू. ३६०० पेन्सन पनि पाउने रहेछु ।

अब मेरो लागि समस्या- लेखक भएर बस्छु भनेको मान्छेलाई यो राम्रै पैसा हो । नलिऊँ, साथीभाइले बेवकूफ भन्छन् । लिऊँ भने, लिन जाँदा भर्पाई सही गराउने त्यो संसदको कर्मचारीलाई मैले ठाडो टाउको गरेर आँखामा कसरी हेर्ने ?

दीपकजीले बहुदलीय पंचायत व्यवस्थाको अभ्यास हुन लागेको तर्फ औंल्याउनु भयो । चुनावमा पार्टीहरू व्यक्तिको हैसियतमा उत्रनु पर्ने स्थिति संवैधानिक त्रुटीका कारणले पनि भएको हो कि भन्ने मलाई लाग्न थालेको छ । यतातिर पनि हाम्रो ध्यान जानु जरूरी छ । व्यक्तिहरू उम्मेदवारका रूपमा चुनावमा नगएर आफ्नो घोषणापत्र र झण्डाका आधारमा पार्टीहरू चुनावमा जाने र त्यसैको लागि प्रचार अभियान चलाउने व्यवस्था पनि हुनसक्छ । पश्चिमा मुलुकले पनि अभ्यास गरेको कुरा हो यो । चुनाव जितिसकेपछि पार्टीले पाएको सिटको आधारमा समानुपातिक ढंगले पार्टीले संसदमा प्रतिनिधित्व गराउने व्यवस्था हुनसक्छ । त्यस स्थितिमा पिछडिएका जातिको प्रतिनिधित्व गराउने, क्षेत्रीय सन्तुलन मिलाउने काम पार्टीले आफ्नो नीतिअनुसार तय गर्न सक्छ ।

दीपकजीले चुनावको खर्चको कुरा पनि उठाउनु भएको छ । चुनावमा कति पैसा आयो भन्ने कुराको अडिट पेस गर्ने कुरा आएको छ । नयाँ प्रणालीभित्र अहिले अडिट पेस गर्ने कुरा पनि छ । हामीले पनि अडिट पेस गरेका छौं । निर्वाचन आयोगले खर्चको एउटा हद तोकिदिएको छ । तर कुरा के रहेको छ भने, मेरो उपनिर्वाचनमा सबै गरेर लगभग एघार लाख रूपैयां खर्च भएको थियो । तर मैले निर्वाचन आयोगले तोकेको हदभित्र रहने गरी नक्कली बील भर्पाईसहितको अडिट पेस गरें । यो हिजोको कुरा हो, भोलि पनि त्यही हुँदैछ । यो कुराको निदानका लागि पनि उपयुक्त सोचाई निर्माण हुनु जरूरी छ ।

चुनावको 'वेस्ट मिनिस्टर प्रणाली' भारतले अपनायो । त्यही कुरा हामीले अनुकरण गर्‍यौं । यो ठीक भएन भन्ने मलाई लाग्दछ । शायद 'प्रपोर्शनल रिप्रिजेन्टेशन'मा जानुपर्ने बारे कुरा उठाउने बेला आयो कि ?

## हरिगोविन्द लुइँटेल

दीपकजीले राख्नु भएका कुराहरूमा मेरा दुइवटा जिज्ञासाहरू छन् । मतदाताहरूले उम्मेदवारहरूलाई केरकार गर्ने र उठवस गराउने कुराहरूमा अगाडि बढ्नु पर्छ, उनीहरूलाई अंकुश लगाउने प्रविधि यो हो भनेर उहाँले भन्नुभयो । यसो गर्दा आफूलाई त्यो उम्मेदवार पूरै ठीक लाग्यो भने भोट दिने, लागेन भने खाली ठाउँतिर छाप हान्ने कुरा पनि उहाँले भन्नुभयो । अहिले यहाँ यसको विकल्पमा 'खराबहरूमध्ये कम खराब छान्ने' एउटा लाइन आएको छ । अर्थात् महाचोर र चोर आए भने चोरलाई भोट हाल्ने लाईन आएको छ । अहिले यस किसिमको सोच धेरै ठाउँमा लागू हुनेवाला छ । यस किसिमको एप्रोचलाई हेर्ने कसरी ? अहिले कतिपय उम्मेदवार त आफैं "म महाचोर भन्दा त राम्रो हुँ नि !" भन्दै आउने स्थितिमा छन् । उनीहरू "म चोर होइन" भन्दैनन् तर "महाचोर भन्दा म राम्रो हुँ" भन्छन् ।

अब म दोस्रो जिज्ञासातिर जान्छु । मतदाताहरू सचेत हुनुपर्छ भन्ने कुरो अकाट्य कुरो हो । त्यसको लागि मतदाता समूह बनाउनु पर्ने भयो ।

पंचायतकालमा 'मतदाता समूह'को नाउँमा क्लबहरू बनाउने र ती क्लबहरूको लागि भनेर उम्मेदवारहरूबाट पैसा झार्ने काम पनि भएका थिए । त्यतिखेरै विमलमानजी जस्ता "पिताजीको सपना साकार पार्न" उम्मेदवार भएका मानिसहरू काठमाडौंमा हुन्थे । "तपाईंको पिताजीको सपना र यो क्लबको न्याइठ्याइ मिलाऔं" भनेर उम्मेदवारबाट पैसा ठग्ने व्यक्तिहरू त्यतिखेर हुन्थे । यस्तो किसिमको विकृति अहिले पनि छ । मतदाता समूह बनाउने कामअन्तरगत हुने यो अर्को भ्रष्टाचार हो । एकातिर यस्तो खालको विकृति छ, अर्कोतिर मतदाताहरू सचेत हुने भनेको मूर्त रूपमा यो यो काम गरेपछि हुने हो भन्ने कुरा नै आम मानिसलाई थाहा छैन । यस स्थितिमा, व्यापक रूपमा मतदाताहरूमा संचेतना फैलाउनका लागि अपनाइने रूपहरू र मतदाता समूहलाई भ्रष्ट हुन नदिन चाल्नु पर्ने कदमहरू के के हुन् तथा मतदाताहरूलाई "मतदाता समूह" बनाउनका लागि अपनाइने विधि के हो ? यसबारे हाम्रो ध्यान जानु जरूरी छ ।

## श्याम श्रेष्ठ

जानकारीका लागि म एउटा कुरा राख्छु । यतिबेला चुनावलाई उपयोग गर्ने सम्बन्धमा काठमाडौं, कीर्तिपुरमा एउटा "जागृति आन्दोलन, नेपाल" भन्ने संस्था अग्रसर भएको छ । त्यसले टोल टोलमा गएर जुनसुकै पार्टीका मानिसहरू भए पनि तिनीहरूलाई समेटेर नागरिक अधिकार समिति बनाउने र त्यो समितिले त्यहाँका उम्मेदवारहरूलाई सभाहरूको आयोजना गरेर निम्त्याउने र प्रश्नहरू गर्ने सोच बनाएको छ । यसरी प्रश्न गर्ने कि त्यसबाट उसको गएको संसदीय अवधिको पनि समीक्षा होस् र अब आउने संसदमा पनि उसले गर्नुपर्ने मुद्दाहरू सिर्जना हुन् । यस्तो संयन्त्र बन्न सक्यो भने त्यो संयन्त्र पनि भर्खरै हरिगोविन्दजीले गर्नु भएको प्रश्नको उत्तर हुन सक्ला कि नसक्ला ? देशव्यापी रूपमा टोल टोलमा नागरिक अधिकार समिति बनाउन संभव होला कि नहोला ? छलफलका लागि मैले यहाँ यो कुरा अघि सारेको हुँ ।

## माधव दाहाल

हामी यहाँ विभिन्न ठाउँका मानिसहरू जम्मा भएका छौं । कोही काठमाडौं, कोही कीर्तिपुर र कोही झापा वा अन्य क्षेत्र र जिल्लाका मानिसहरू छौं । म चावहीलमा बस्छु । त्यहाँ म एक जना व्यक्तिले 'यसो गर्नु पर्छ' भनेर कराएँ भने अरूले सुन्दैन । अरूको मामिलामा पनि यस्तै हुन्छ । त्यसैले हामीले सानो ठाउँबाटै पनि सामूहिक तवरले नै आफ्नो काम शुरू गर्नुपर्छ । भोलि गलत व्यक्ति चुनिएर नआओस् भन्नाका लागि हामीले एउटा क्षेत्र वा गाउँमा गएर मतदाताहरूलाई जागृत गर्ने काम शुरू गर्नुपर्छ । यसो गरिएन भने हामीहरू आ-आफ्नो ठाउँमा फर्किएपछि आ-आफ्नै समस्यामा डुब्छौं र अहिलेको अन्तरक्रियामा उठेका विचारहरूलाई कार्यान्वियन गर्न सक्दैनौं । त्यसबेला 'जसले विकास निर्माणका कामहरूको वाचा गर्छ, उसैलाई भोट दिने' भन्ने सोच नै हावी हुन थाल्छ र जनचेतनाको कुरा हराउँछ । त्यसैले यहाँ अहिले हामी जति जना छौं, त्यति जनाले एउटा संयन्त्रकै रूपमा काम गरेर कुनै एउटा चुनाव क्षेत्रमा मतदातालाई सचेत गराउने काम थाल्यौं भने १०/२० वर्षपछि हामी मतदाताको अहिलेको चेतनास्तरमा परिवर्तन ल्याउन सक्छौं भन्ने मलाई लाग्छ । त्यसका लागि यो डबलीबाटै एउटा संयन्त्र निर्माण गर्ने काम होस् भन्ने मेरो सुझाव छ ।

## स्नेह सायमी

विषय अब चाहिं केन्द्रीकृत हुँदै आएको जस्तो मलाई लाग्यो । जनचेतना कसरी जागृत गराउने भन्ने कुरामा आइपुग्दा उम्मेदवारहरूलाई प्रश्नहरू सोध्ने कुरा आएको छ । यस्तो कुरा आएको यो पहिलो पटक होइन, संगठित किसिमले यो काम हुनुपर्छ भन्ने कुरा मात्रै हो । हामी विभिन्न क्षेत्रका व्यक्तिहरू यहाँ भएकाले यसलाई संगठित किसिमले लान सक्दा एकदम राम्रो हुन्छ । थप हामी के गर्न सक्छौं भने, हामीले यसपटक नउठाई नहुने प्रश्नहरू के के हुन् भनेर निर्क्यौल गर्नुपर्छ । ती प्रश्नहरूलाई हामीले व्यापक रूपमा प्रचारमा लैजानु पर्छ । हामी पर्चा छाप्न सक्छौं, साप्ताहिक अखबारहरूमा हामी आफ्ना प्रश्नहरू प्रकाशित गर्न सक्छौं, दैनिक पत्रपत्रिका र एफ.एम. रेडियोमा पनि कुनै तरिकाले हामी आफ्ना प्रश्नहरू लैजान सक्छौं । यस्ता अनेकौं उपायहरू छन्, हामीले उपलब्ध स्रोतहरूको राम्रो प्रयोग गर्न सक्नु पर्छ ।

> *नेपालको समस्या भनेको नै सारा मतदाताहरू पार्टीका कार्यकर्तासरह हुनु हो । सारा मतदाताहरू पार्टीका कार्यकता भएकाले पार्टीको गल्ती कमजोरीलाई ढाकछोप गर्नु नै उनीहरूको कर्तव्य हुन गएको छ ।*

## वेदनिधि दाहाल

प्रश्न उठाउने मात्र होइन, यस विषयमा पछिका लागि पनि एउटा प्रणाली नै बसाउनु यो छलफलको मुख्य ध्येय हुनुपर्छ भन्ने मलाई लाग्छ । न्यूनतम के कुराबाट आफ्नो काम शुरू गर्ने ? भन्ने कुरामा हामीले स्पष्ट हुनु जरूरी छ । दीपकजीले प्रस्तुत गर्नु भएका विचारहरू मध्येबाट अहिले कति काम शुरू गर्न सकिन्छ भन्ने कुराको पहिचान गर्ने र त्यसपछि ती न्यूनतम कामहरू कार्यान्वियन गर्ने गरियो भने पछिसम्मका लागि ती कामहरू अघि बढ्ने आधारका रूपमा रहन्छन् । इमान्दारितालाई बेचिरहेका व्यक्तिहरू पनि देखिइरहेको अहिलेको स्थितिमा तिनीहरूलाई इमान्दारितातिर जाने बाटो मात्र देखाउन सकियो भने मात्रै पनि हाम्रो लक्ष्य प्राप्तिमा सहयोग पुग्छ । यी यी कामहरू चाहिं हामी गर्न सक्छौं भनेर हामीले 'क्राइटेरिया' निर्धारण गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

## हर्कराज राई

दीपक ज्ञवालीजीले भन्नु भएका कुराहरू हामी-कहाँ न्यूट्रल जनता काफी छ भन्ने मान्यतामा आधारित भए जस्तो लाग्यो । तर अहिलेको यथार्थ त्यस्तो देखिन्न । नेपालको समस्या भनेको नै सारा मतदाताहरू पार्टीका कार्यकर्तासरह हुनु हो । सारा मतदाताहरू पार्टीका कार्यकता भएकाले पार्टीको गल्ती कमजोरीलाई ढाकछोप गर्नु नै उनीहरूको कर्तव्य हुन गएको छ । आफू संलग्न भएको पार्टी र त्यसका नेताहरूले गरेको बदमासी अरूले प्रमाणित नै गरिदिए पनि उनीहरूले पत्याउने स्थिति नै छैन । पार्टीका अगुवा कार्यकर्ताहरूमा पनि सांस्कृतिक रूपले नै पतनशीलता आएको छ । यसले गर्दा पार्टीको घेरा र पार्टीको स्वार्थभन्दा माथि उठेर मतदाताहरूले विवेक प्रयोग गर्ने स्थिति अहिले छैन । आम नागरिकमा नै स्वाभिमानको स्थिति सिर्जना गर्नु चाहिं अहिलेको मूल समस्या हो कि भन्ने मलाई लागेको छ । राजनीतिक पार्टीहरूका नेताहरूको तौरतरिका मन नपरे पनि भोलि आफ्नो स्वार्थ पूरा गर्नुपर्ने भएकाले तिनै पार्टीको पछि लाग्नेहरूमा स्वाभिमान उत्पन्न गराउन सके यो विसंगति धेरै कम हुन्थ्यो कि भन्ने म ठान्दछु ।

## दीपक ज्ञवाली

यहाँ छलफल हुँदाहुँदै मलाई भन्न मन लागेका कुराहरू दुई चारवटा छन् । पब्लिक फोरमहरू

बाँकी ४५ पेजमा



*चुनावको प्रचारप्रसारको यो उमंग: नेकपा एमालेको जुलुसमा सहभागी उत्साहित कार्यकर्ता र जनताहरू*

उनी हाँसे । उनको हाँसोमा मैले एक होइन, अनेकौं रायमाझीहरू देखें । परिचित रायमाझीहरू । एमालेदेखि मार्क्सवादीसम्मका रायमाझीहरू । रायमाझी नै रायमाझीहरू ।



◆ विमल निभा ◆

# आदि रायमाझी र इत्यादि रायमाझीहरू !

"नमस्कार रायमाझीजी !"

"नमस्कार !"

"राजपरिषदको सभापति हुनु भएकोमा बधाई छ तपाईंलाई । कृपया बधाई स्वीकार गर्नोस् ।" मैले विनम्रतापूर्वक आफ्नो आउनुको अभिप्राय खुलाएँ ।

"धन्यवाद ! तपाईंलाई थाहा नै छ, म एक रायमाझी हुँ । अन्ततः मलाई त्यहाँ पुग्नु नै थियो । अतएव पुगें । यही एउटा रायमाझीको गन्तव्यस्थल हो । कुनै पनि रायमाझीको योभन्दा अर्को नियति हुनै सक्दैन । एक पटक रायमाझी हुन स्वीकार गरिसकेपछि जोसुकैले पनि त्यहाँ पुग्नै पर्छ, जहाँ मैले पाइला टेकें । अन्त कहाँ र किन जाने मैले ? यो नबिर्सनोस् म एक रायमझी हुँ ।" उनले सविस्तार व्याख्या गरेर मलाई भने ।

"अखबारहरूमा तपाईंको निकै चर्चा छ नि !" मैले संवाद सूत्र बलियो गरी समातें ।

"हुनै पर्‍यो । किनभने म एक रायमाझी हुँ । अहिले पनि मेरो ग्लेमर कहाँ समाप्त भएको छ र ? नेपालको राजनीतिमा मेरो स्थान छ । म कम्युनिष्ट आन्दोलनको एक महत्वपूर्ण नाउँ हुँ । त्यहाँ मेरो उल्लेख अनिवार्य छ । यद्यपि म कुनै कम्युनिष्ट पार्टीमा अहिले छैन । तर मलाई यकीन छ, अद्यापि त्यहाँ थरिथरिका रायमाझीहरू उपस्थित छन् । रायमाझीबिना कम्युनिष्ट पार्टी अधुरो हुनेछ ।"

" हो र ?" मैले सोधें ।

"तर सबैले यो कुरा महसुस गर्न सक्दैनन् । ती अप्रकट रायमाझीहरू हुन् । सतहमा देखा नपरेका । नेपथ्यमा सुरक्षित रायमाझीहरू । जो हत्पत्ति दृश्यमान हुन चाहँदैनन्, जबसम्म आफ्नो लक्ष्य भेदन गर्दनन् । मेरो इतिहास साक्षी छ, विचार, निष्ठा, त्याग, सत्य, नीति, आदर्श, बलिदान, आस्था, प्रगति, आन्दोलन, विश्वास, संकल्प, साहस, उमेद, सिद्धान्त, क्रान्ति आदिको भित्रभित्रै रहेर हत्या गर्नु नै रायमाझीहरूको एक मात्र उद्देश्य हो । यसमा एक सीमासम्म आजका रायमाझीहरू सफल पनि छन् । यो मान्नै पर्छ ।" उनले विश्वासका साथ भने ।

"अर्थात् गद्दारी ?" मेरो मुखबाट अनायास निस्कयो ।

... "हो, एउटा रायमाझीले गद्दारीप्रति प्रतिबद्ध हुनैपर्छ । गद्दारी नै रायमाझीको सम्पूर्ण पहिचान हो । यसैको लागि त रायमाझी रायमाझीमा परिणत हुन्छ । अन्यथा, रायमाझी भएको के अर्थ ? तर अचेल यस्ता यस्ता रायमाझीहरू दृश्यपटलमा अवतरित भइसके कि मलाई आफ्नो रायमाझीपनमा शंका लाग्न थालेको छ । सर्वत्र एकसेएक रायमाझीहरू विद्यमान छन् । त्यसको अगाडि म के रायमाझी ? हामीकहाँ रायमाझीहरूका कुनै कमी छैन । नवीन एवम् नवीनतर रायमाझीहरू आ-आफ्ना कार्यक्षेत्रमा व्यस्त छन् । म त पुरानो रायमाझी भइसकें । तपाईं खिया परेको रायमाझी पनि भन्न सक्नु हुन्छ । किनभने मेरो कार्य अन्य रायमाझीहरूले गरिरहेका छन् । हो, अहिलेका रायमाझीहरूले मलाई सन्दर्भबाट च्यूत पारिसके । म एक उपेक्षित र बेकार रायमाझी हुँ ।" उनी एकाएक उदास देखिए ।

"यो के भन्नु भएको रायमाझीजी ?" मैले साश्चर्य प्रश्न गरें ।

"म जे भनिरहेछु, एकदम सही भनिरहेछु । मलाई कुनै भ्रम छैन, म एक अतीतोन्मुख रायमाझी हुँ । समकालीन रायमाझीहरूले विजय प्राप्त गरिसके । के गर्ने ? म एक रायमाझी हुँ । यहाँ त अनेक रायमाझीहरू अस्तित्ववान भइसकेका छन् । तपाईं नै भन्नोस्, कुन चाहिँ कम्युनिष्ट पार्टीमा रायमाझी छैन ? कुनै कुनैमा त म रायमाझीहरूकै बहुलता देख्छु । रायमाझीहरूद्वारा रायमाझीहरूका लागि गतिशील कम्युनिष्ट पार्टी, जो रायमाझीहरूकै हित र संरक्षणमा समर्पित छ ।" उनले मुस्कुराएर भने ।

म असल श्रोता झैं उनको वाणी सुनिरहेको थिएँ ।

"तर अचम्म के छ भने यी रायमाझीहरू सदैव अघि बढेर रायमाझीकै विरोध गरिरहेका हुन्छन् । तसर्थ यी रायमाझीविरोधी रायमाझीहरू हुन् । तर वास्तवमा यी रायमाझीभन्दा बढी रायमाझी हुन् । अति खाँटी रायमाझी । एक किसिमले विशिष्ट रायमाझी भने पनि हुन्छ, जसको अघि म एक साधारण रायमाझी । म जस्तो सामान्य खालको रायमाझीको अब कुनै उपयोगिता छैन । त्यसैले म कम्युनिष्ट पार्टीबाट हटिसकें । म कुनै पनि कम्युनिष्ट पार्टीमा छैन । तर कम्युनिष्ट पार्टीहरू खोई रायमाझीबाट अलग भएको ?" उनले मछेउ एउटा वडेमानको प्रश्न उपस्थित गरे ।

"कम्युनिष्ट आन्दोलनलाई रायमाझीको आवश्यकता पनि छ ।" एकछिनपछि आफैंले उत्तर दिए ।

"किन रायमाझीजी ?" मैले अबोध भावले सोधें ।

"हेर्नोस्, अहिले नेपालका कम्युनिष्ट पार्टीहरू जसरी तीव्र बेगले रायमाझीहरू उत्पादन गरिरहेका छन्, त्यसलाई नाजायज भन्न मिल्दैन । किनभने यो कम्युनिष्ट पार्टीहरूकै खाँचो हो । तपाईं नै भन्नोस्, रायमाझी नै नभए रायमाझीबाट कसरी मुक्त हुने ? त्यसकारण यहाँका कम्युनिष्ट पार्टीहरू पहिले धमाधम रायमाझीहरू जन्माउने गर्छन्, अनि त्यसबाट शुद्धिकरणको प्रक्रियामा लाग्छन् । एउटा उत्पादन म नै हुँ । तपाईं अघि सदेह उपस्थित, एक थान रायमाझी । रायमाझीको अभावमा कम्युनिष्ट आन्दोलन गतिशील हुनै सक्दैन । सो रायमाझीहरू सिर्जना गर्नुपर्ने बाध्यता छ । जुन कि सफलतापूर्वक भइपनि रहेको छ । एउटा रायमाझीको नाताले म यसबाट सन्तुष्ट छु । मेरो लागि यो गर्वको विषय हो । किनभने म पहिलो रायमाझी हुँ । रायमाझीहरूका रायमाझी । अन्य रायमाझीहरू मेरै प्रतिच्छायाँ हुन् । मबिना अरू रायमाझीहरूको के अस्तित्व हुन सक्छ ? म आदि रायमाझी हुँ । अरू सबै इत्यादि रायमाझीहरू हुन् ।" उनले गम्भीर अनुहार बनाए ।

"तपाईं त गजबको कुरो गरिरहनु भएको छ रायमाझी जी !" मैले दंग पर्दै भनें ।

"तपाईंलाई यो सुनेर अझ गजब लाग्नेछ, म त्यो रायमाझी होइन, जसलाई बधाई दिन तपाईं आउनु भएको छ । तर केही छैन । तपाईंको बधाई ग्रहण गर्न म पूर्णतया सक्षम छु । के फरक पर्छ ? किनभने म रायमाझीभन्दा श्रेष्ठ रायमाझी हुँ । ममा जतिको रायमाझीत्व अब रायमाझीमा पनि रहेन । अतः ओरीजनल रायमाझी मलाई नै स्वीकार गरे हुन्छ । म शत्प्रतिशत रायमाझी हुँ । रायमाझीको प्रतिनिधित्व मैले नै गर्नुपर्छ । रायमाझीले होइन । मेरो सामुन्ने रायमाझी अरायमाझी भइसके । नेपालको कम्युनिष्ट आन्दोलनको रायमाझी म नै हुँ ।"

यति भनेर उनी हाँसे । उनको हाँसोमा मैले ऐक होइन, अनेकौं रायमाझीहरू देखें । परिचित रायमाझीहरू । एमालेदेखि मार्क्सवादीसम्मका रायमाझीहरू । रायमाझी नै रायमाझीहरू । रायमाझीहरूले कोठा भरियो । अतएवं आत्तिएर म बाहिर निस्कें । ❑

रायमाझीको अभावमा कम्युनिष्ट आन्दोलन गतिशील हुनै सक्दैन । सो रायमाझीहरू सिर्जना गर्नुपर्ने बाध्यता छ । जुन कि सफलतापूर्वक भइपनि रहेको छ ।



# विश्वका महिलाहरूको भोट दिने र चुनिने हकको छोटो इतिहास

◆ दिपक बैद्य

महिलाहरू पनि पुरूषसरह समान हक र हैसियत राख्ने नागरिक हुन् कि होइनन् ? यतिखेर त सारा संसारले भन्दछन्, अवश्य हुन् ।

अहिले त्यसैको परिचायकको रूपमा विश्वका सबैजसो भागमा महिलाहरूले पुरूषसरह चुनावमा भोट दिन र उम्मेदवारका रूपमा खडा हुने अधिकार पाएका छन् । त्यो प्रजातन्त्रलाई अर्द्ध-प्रजातन्त्र मानिन्छ, जहाँ महिलाहरूको चुन्ने र चुनिने हक छैन । महिलाहरू पनि पुरूषसरहका नागरिक हुन् भने भोट दिनु र चुनावमा भाग लिन पाउनु उनीहरूको आधारभूत नागरिक अधिकार हो ।

तर महिलाहरूले यो अधिकार हज्जारौं वर्ष लामो संघर्षपछि मात्र प्राप्त गरेका हुन् । सन् १८९० को दशक अगाडिसम्म विश्वका कुनै पनि मुलुकमा महिलाहरूलाई भोट दिने र चुनावमा खडा हुने हक उपलब्ध थिएन । न्यूजिलैण्ड विश्वको पहिलो मुलुक थियो, जहाँका महिलाहरूले सन् १८९३ मा मानव इतिहासमा पहिलो पटक राष्ट्रिय स्तरको चुनावमा भोट दिने अधिकार पाएका थिए । तथापि, उनीहरूलाई चुनावमा खडा हुने हक भने त्यततखेर पनि उपलब्ध थिएन । यो सन् १९१९ गएर मात्र उपलब्ध भएको थियो ।

महिलाहरूलाई भोट दिने र चुनावमा खडा हुने हक प्रदान गर्ने दोश्रो राष्ट्र अष्ट्रेलिया थियो । त्यसले सन् १९०२ मा यी दुवै हक एकैचोटि महिलाहरूलाई प्रदान गरेको थियो । त्यसपछि स्केण्डिनेभियन मुलुकहरूले आफ्ना देशको आधा आकाशलाई यो अधिकारले लैश गरेका थिए । नामै लिएरभन्दा ती मुलुक फीनलैण्ड, नर्वे र डेन्मार्क हुन् । फीनलैण्डले १९०६ मा यो दुवै हक महिलाहरूलाई उपलब्ध गराएको थियो । नर्वेले १९०७ मा र आइसलैण्ड र डेन्मार्कले १९१५ मा । नर्वेमा त त्यहाँका महिलाहरूले पहिले सन् १९०६ मा चुनावमा खडा हुने हक पाए, त्यसको सात वर्षपछि भोट दिने हक ।

सबैभन्दा ठूला र अनि विकसित पूँजीवादी मुलुकहरूमा यो हक महिलाहरूले वीसौं शताब्दीको प्रारम्भिक पच्चीस वर्षमा मात्र प्राप्त गरेका थिए । रूसमा अक्टोबर समाजवादी क्रान्तिले आफ्नो क्रान्तिको पहिलो वर्ष दिनभित्रै, सन् १९१८ मा महिलाहरूलाई यो हक प्रदान गऱ्यो । त्यसपछि त्यही वर्ष तात्कालीन रूसकै वरपरका छिमेकी राष्ट्रहरू जर्जिया, किर्जिस्तान, इस्टोनिया, लात्भीयामा यो हक महिलाहरूले प्राप्त गरे । यो घटनापछि विश्वका ठूला र अति विकसित पूँजीवादी राष्ट्रहरूले धमाधम यो अधिकार प्रदान गर्न थाले ।

त्यही वर्ष, जर्मनी र अस्ट्रियाले आफ्ना देशका महिलाहरूलाई भोट दिने र चुनिने हक प्रदान गरे । क्यानाडाले पनि त्यही वर्ष खालि भोट दिने हक मात्र महिलाहरूलाई प्रदान गऱ्यो र दुई वर्षपछि चुनावमा खडा हुने हक पनि । अमेरिकाले सन् १९२० मा मात्र महिलाहरूलाई भोट दिने हक प्रदान गऱ्यो, जबकि त्यहाँ चुनावमा खडा हुने हक सन् १७८८ देखि नै विद्यमान थियो । फ्रान्सका महिलाहरूले भोट दिने र चुनावमा खडा हुने अधिकार प्राप्त गर्न सन् १९४४ सम्म पर्खनु पऱ्यो । अझ, स्विट्जरलैण्डका महिलाहरूले त सन् १९७१ मा मात्र भोट दिने र चुनिने हक प्राप्त गरेंका थिए ।

यता एशियाको कुरा गरौं । चीनमा त्यहाँ क्रान्ति संपन्न हुनासाथ सन् १९४९ मां नै महिलाहरूले दुवै हक एकैचोटि बिनासंघर्ष प्राप्त गरे । त्यस्तै, नेपालमा २००७ सालको अधुरो पूँजीवादी प्रजातान्त्रिक क्रान्तिपछि लगत्तै सन् १९५१ मा ( अर्थात २००८ सालमा) महिलाहरूले यी दुवै हक प्राप्त गरे । भारतमा १९४७ मै मुक्ति प्राप्त गरे तापनि सन् १९५० मा गएर मात्र महिलाहरूले यो हक प्राप्त गरे । तर पाकिस्तानले आफू भारतबाट छुट्टिने बित्तिकै सन् १९४७ मा महिलाहरूलाई यो अधिकार उपलब्ध गरायो । श्रीलंकामा भने दक्षिण एशियाली मुलुकहरूमध्ये सबैभन्दा अगाडि, सन् १९३१ मै, महिलाहरूलाई यी दुवै हक प्राप्त भइसकेको थियो । भूटानमा भने १९५३ देखि मात्र । उत्तर कोरियाका महिलाहरूले यी हक सन् १९४६ अर्थात् क्रान्तिको लगत्तैपछि नै प्राप्त गरे । दक्षिण कोरियाका महिलाहरूले सन् १९४८ मा ।

जापान विकसित मुलुक भएपनि त्यहाँ दोश्रो विश्वयुद्धपछि सन् १९४७ देखि मात्र महिलाहरूले यी दुवै हक प्राप्त गरे ।

अफ्रिकामा भोट दिने र चुनिन हक धेरैजसो मुलुकमा धेरैपछि उपनिवेशविरोधी मुक्ति आन्दोलनको सफलतापछि मात्र प्राप्त भयो । जस्तो- नामिबियामा सन् १९८९ देखि, इथियोपियामा सन् १९५५ देखि, सुडानमा १९६४ देखि, कंगोमा १९८० देखि । दक्षिण अफ्रिकामा भने सन् १९३० देखि नै यी अधिकार महिलाहरूलाई प्राप्त भएका थिए ।

ल्याटिन अमेरिकाको केही भागमा एशियामा भन्दा छिटो महिलाहरूले यी हक हासिल गरेका थिए । क्यूबाका महिलाहरूले १९३४ मै मतदान गर्ने अधिकार प्राप्त गरिसकेका थिए र १९४४ मा चुनावमा खडा हुने हक । एल्साल्भाडोरका महिलाले १९३९ मै भोट दिने हक प्राप्त गरिसकेका थिए, यद्यपि चुनिने हक भने उनीहरूले १९६१ मा गएर मात्र पाए । ग्वाटेमालाका महिलाले १९४६ मै यी दुवै हक प्राप्त गरेका थिए । ब्राजिलका महिलाहरूले सन् १९३४ मै दुवै हक हासिल गरेका थिए । अझ, इक्वेडोरका महिलाहरूले त सन् १९८९ मै । अरू थुप्रै ल्याटिन अमेरिकी राष्ट्रहरूको हकमा महिलाहरूले यो हक अफ्रिकी राष्ट्रसरह पछिल्लो चालीस पचास वर्षमा मात्र प्राप्त गरेका हुन् । त्यस्तै, वहुसंख्यक अरब राष्ट्रका महिलाहरूले पनि ।

महिलाहरूले भोट दिने हक पाउनु र चुनावमा खडा हुने हक पाउनु महिलाहरूको समतामुखी विकासको निम्ति र नीति निर्णयमा उनीहरूको समान सहभागिताको निम्ति निर्णायक महत्वको सवाल हो । तर यी हक पाउँदैमा महिलाहरू स्वतः नीति निर्णय गर्ने प्रमुख ठाउँहरूमा चुनिएर पुगिहाल्छन् भन्ने कुरा हुँदोरहेनछ । न त उनीहरू यो हक अभ्यास गर्न समर्थ हुन्छन् भन्ने कुराकै ठेगान हुँदो रहेछ । अहिले पनि विश्वका संसदहरूमा महिलाहरूको सरदर उपस्थिति १० प्रतिशत मात्रै देखिन्छ । सबैभन्दा विकसित पूँजीवादी राष्ट्रहरूमै १२ प्रतिशतभन्दा ज्यादा सांसदहरू महिला

**भोट दिनु र चुनावमा भाग लिन पाउनु महिलाहरूको आधारभूत नागरिक अधिकार हो । तर उनीहरूले यो अधिकार हज्जारौं वर्ष लामो संघर्षपछि मात्र प्राप्त गरेका हुन् ।**

छैनन् । अझ, विश्वका केन्द्रिय मंत्रीपरिषदहरूमा महिलाहरूको सहभागिता ६ प्रतिशत मात्रै देखिन्छ । विश्वको इतिहासमा पहिलो पटक महिलालाई भोट दिने र चुनिने हक प्रदान गर्ने राष्ट्र न्यूजिलैण्डमा यो हक प्रदान गरेको २६ वर्षपछि मात्र खालि एकजना महिला राष्ट्रिय संसदमा चुनिन सकिइन्, दोश्रो राष्ट्र अष्ट्रेलियामा यस्तो हुन ४० वर्ष लाग्यो ।

त्यसैले चुन्ने, चुनिने हक दिँदैमा महिलाहरूले त्यो हक तुरून्तै अभ्यास गर्न सक्छन् भन्ने कुरा सही होइन । महिलाहरूलाई नीति निर्णय गर्ने हरेक ठाउँमा चुन्ने र चुनिने हक चाहिन्छ नै तर त्यसका साथसाथै, महिलाहरूलाई त्यो हक उपभोग गर्ने चौतर्फी अवसर र वातावरणको पनि त्यतिकै जरूरत पर्दछ । विशेष गरी, शिक्षाको अवसर, डक्का पैसा आउने उत्पादनशील रोजगारीको अवसर, घरधन्दाको एकतर्फी जिम्मेवारीबाट मुक्ति यी तीनवटा कुराको नितान्त जरूरत पर्छ यसको निम्ति । त्यसमाथि थप, बीचको संक्रमणकालीन अवधिमा यति प्रतिशत महिला उम्मेदवार हुनैपर्छ भन्ने कोटा प्रणाली पनि नितान्त जरूरत हुन्छ ।

> संसारमा जुन जुन मुलुकमा समाजवादी सिद्धान्त कुनै न कुनै रूपमा अप्नाइएको पाइएको छ, त्यहाँ महिलाहरूले अधिकारको साथसाथै अवसर पनि ज्यादा पाएका छन् ।

अहिले विश्वमा महिलाले चुन्ने चुनिने हक पाएका मुलुकमध्ये स्वेडन, नर्वे र फिनलैण्ड सवैभन्दा अग्रणी मुलुकका रूपमा देखिएका छन् । स्वडेनमा ४० प्रतिशत राष्ट्रिय स्तरका सांसदहरू महिला छन् । नर्वेमा ३६ प्रतिशत र फीनलैण्डमा ३४ प्रतिशत । विश्वमै सबैभन्दा ज्यादा महिला मन्त्रीहरू भएको लैंगिक हिसाबले सन्तुलित मन्त्रीपरिषद नर्वेमा छ, जसमा ४० प्रतिशत मन्त्रीहरू महिला छन् ।

विकासशील मुलुकहरूमध्ये संसदमा सवैभन्दा ज्यादा महिला सांसदहरू भएको अग्रणी मुलुक क्यूबा देखिएको छ । त्यसपछिका अग्रणी मुलुकहरू चीन, उत्तर कोरिया र भियतनाम हुन् । संसारको सबैभन्दा विकसित पूंजीवादी मुलुक अमेरिकामा खालि ११ प्रतिशत सांसदहरू मात्र महिला छन् । तर अमेरिकाको नाकाबन्दीले गर्दा हैरान भएको क्यूबामा २७ प्रतिशत सांसदहरू महिला छन् । चीनमा नै अमेरिकाभन्दा झण्डै दोब्बर, अर्थात २१ प्रतिशत सांसदहरू महिला छन् । उत्तर कोरियामा २० प्रतिशत र भियतनाममा १८ प्रतिशत सांसद महिला छन् ।

## यी मुलुकहरूमा किन यस्तो हुन सक्यो त ?

यसको कारण खोजी हेर्दा माथि भनिएकै कारणले यी मुलुकहरूमा त्यस्तो हुन सकेको देखिन्छ । ती मुलुकले महिलाहरूलाई पुरूषसरह समान राजनैतिक अधिकार मात्र प्रदान गरेनन्, महिलाहरूलाई ती हक उपभोग गर्न चौतर्फी अवसर र वातावरण पनि प्रदान गरे । शिक्षाको पर्याप्त अवसर, डक्का पैसा आउने उत्पादनशील रोजगारीको अवसर, बच्चाको लालन पालन र घरधन्दाको काममा महिलाहरूको मात्र एकलौटी जिम्मेवारीबाट मुक्ति, यी अवसर र वातावरण त्यहाँ महिलाको निम्ति उपलब्ध गराइयो । नर्वेमा त ३० प्रतिशत सीटमा महिलाहरू उठाउनै पर्ने कोटा प्रणाली पनि लागु गरियो । स्वेडनमा बच्चा हेर्न आमाले मात्र होइन, बाबुले पनि तलबी विदा पाउने व्यवस्था गरियो । क्यूबामा घरधन्दाको काम महिलाले मात्र होइन उत्तिकै रूपमा पुरूषले पनि गर्नैपर्ने कानूनी व्यवस्था गरियो । महिलाहरूको निम्ति गाउँ गाउँसम्म पनि धोबीघर र शिशुशाला वा नर्सरीको व्यवस्था गरियो, ता कि महिलाहरू घर बाहिरको उत्पादनशील काममा वढीभन्दा वढी भाग लिन सकून् । यी र यस्तै अवसर र वातावरणले गर्दा चुनावमा उठ्ने र भोट दिने हक ती मुलुकमा त्यति राम्ररी लागु हुन सकेको देखिएको छ । एउटा गजबको सामञ्जस्य के देखिएको छ भने, संसारमा जुन जुन मुलुकमा समाजवादी सिद्धान्त कुनै न कुनै रूपमा अप्नाइएको पाइएको छ, चाहे समाजवादी जनवादको रूपमा होस् अथवा बचे खुचेको अपभ्रंश समाजवादको रूपमा, त्यहाँ महिलाहरूले अधिकारको साथसाथै अवसर पनि ज्यादा पाएका छन् । स्केण्डिनेभियन मुलुकहरू नर्वे, स्वेडन, फिन्लैण्ड, डेन्मार्क र आइसलैण्डमा अप्नाइएको समाजवादी जनवादले महिलाहरूलाई अधिकार मात्र होइन, अधिकतम अवसर पनि प्रदान गरेको छ । त्यसैले त्यहाँका महिलाहरूले त्यति ज्यादा प्रगति गरेका छन् । विकासशील मुलुकहरूमा क्यूबाको समाजवादले छोटो अवधिमै महिलाहरूको विकासको लागि अधिकतम समान अवसर दिएकैले त्यहाँका महिलाहरूले नीति निर्णय गर्ने ठाउँमा पुग्ने मामलामा अमेरिका र जापानलाई समेन टपेका छन् । त्यस्तै उत्तर कोरियाका महिलाहरूले पनि । भूतपूर्व समाजवादी मुलुक भएपनि चीन र भियतनामको विगत समाजवादले नै महिलाहरूलाई राजनीतिमा भाग लिने त्यति ज्यादा अवसर दिएको हो ।

नेपालले भोट दिने हक र चुनावमा खडा हुने हक २००८ सालमै महिलाहरूलाई प्रदान गरिसकेको हो । तर पनि त्यस अनुकूलको पर्याप्त अवसर र वातावरण भने महिलाहरूलाई उपलब्ध नगराइनाले ४७ वर्षपछि पनि राष्ट्रिय राजनीतिमा महिला सहभागिता सारै कम छ । भरखरै आम चुनावको लागि विघटित नेपालको संसदमा खालि २.६ प्रतिशत सांसदहरू मात्र महिला थिए ।

त्यसैले, विश्वका महिलाहरूलाई राष्ट्रको नीति निर्णयमा पुरूषसरह सहभागी गराउने हो भने, भोट दिने र चुनावमा खडा हुने संवैधानिक हक मात्र 'लिखितम'मा दिएर पुग्दैन । त्यो अधिकार उपभोग गर्ने अनुकूल वातावरण र चौतर्फी अवसर पनि महिलाहरूलाई उपलब्ध गराउनु पर्छ । विश्वका अधिकांश मुलुकमा अहिले महिलालाई उपलब्ध नगराइएको कुरा अधिकार होइन, अवसर हो- विकासका लागि समान अवसर, नीति निर्णयमा सहभागिताका लागि समान अवसर, शिक्षाको अवसर र उत्पादनशील रोजगारीको अवसर, घर धन्दाको एकलौटी जिम्मेवारीवाट पुरूष सरह छुट्टी पाउने अवसर ।

अवसरको अभावमा अधिकार बिल्कुलै व्यर्थ अपांग हुने गर्छ, पिंजरा बाहिर आकाशमा उड्ने अवसरको अभाबमा पिंजराको सुगाको पखेटा व्यर्थ भए जस्तो ! ❑

सन्दर्भ स्रोतः ◆ UNDP, Human Development Report 1995 / 1998. ◆ News from Cuba, Janaury 1998.6

## कुन देशका महिलाले भोट दिने र चुनावमा उठ्ने हक कहिले पाए ?

| देश | भोट दिने हक पाएको | चुनावमा उठ्ने हक पाएको |
|---|---|---|
| न्यूजिलैण्ड | सन् १८९३ | १९१९ |
| अष्ट्रेलिया | १९०२ | १९०२ |
| फिनलैण्ड | १९०६ | १९०६ |
| नर्वे | १९१३ | १९०७ |
| डेन्मार्क | १९१५ | १९१५ |
| आइसलैण्ड | १९१५ | १९१५ |
| रूस | १९१८ | १९१८ |
| जर्मनी | १९१८ | १९१८ |
| क्यानाडा | १९१८ | १९१८ |
| अष्ट्रिया | १९१८ | १९१८ |
| पोलैण्ड | १९१८ | १९१८ |
| जर्जिया | १९१८ | १९१८ |
| लात्भीया | १९१८ | १९१८ |
| मंगोलिया | १९२४ | १९२४ |
| दक्षिण अफ्रिका | १९३० | १९३० |
| स्पेन | १९३१ | १९३१ |
| श्रीलंका | १९३१ | १९३१ |
| क्यूवा | १९३४ | १९४४ |
| ब्राजिल | १९३४ | १९३४ |
| एल्साल्भाडोर | १९३९ | १९६१ |
| फ्रान्स | १९४४ | १९४४ |
| इटाली | १९४५ | १९४५ |
| इण्डोनेशिया | १९४५ | १९४५ |
| उत्तर कोरिया | १९४६ | १९४६ |
| भियतनाम | १९४६ | १९४६ |
| पाकिस्तान | १९४७ | १९४७ |
| जापान | १९४७ | १९४७ |
| अर्जिन्टिना | १९४७ | १९४७ |
| सिंगापुर | १९४७ | १९४७ |
| दक्षिण कोरिया | १९४८ | १९४८ |
| चीन | १९४९ | १९४९ |
| भारत | १९५० | १९५० |
| नेपाल | १९५१ | १९५१ |
| ग्रीस | १९५२ | १९५२ |
| सिरिया | १९५३ | १९५३ |
| भुटान | १९५३ | १९५३ |
| कम्बोडिया | १९५५ | १९५५ |
| इथियोपिया | १९५५ | १९५५ |
| निकारागुवा | १९५५ | १९५५ |
| इजिप्ट | १९५६ | १९५६ |
| जिम्बावे | १९५७ | १९७८ |
| मलेशिया | १९५७ | १९५७ |
| लाओस | १९५८ | १९५८ |
| नाइजेरिया | १९५८ | १९५८ |
| तान्जानिया | १९५९ | १९५९ |
| इरान | १९६३ | १९६३ |
| लिबिया | १९६४ | १९६४ |
| सुडान | १९६४ | १९६४ |
| स्वीट्जरलैण्ड | १९७१ | १९७१ |
| इराक | १९८० | १९८० |

*स्रोतः UNDP, Human Development Report 1998*

विशेष लेख

यदि महिलाहरू पुरूषहरूको आधिपत्यबाट मुक्त हुने हो र आफ्नोबारे आफैंले निर्णय गर्ने हो भने पैसा नआउने घरेलु कामबाट मुक्त हुनु जरूरी छ ।



# नेपालको नीति निर्णय गर्ने क्षेत्रमा महिलाहरूको सहभागिता किन न्यून छ ?

◆ मुक्ता श्रेष्ठ ◆

**अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा विशेष लेख**

नेपालमा पूँजीवादी प्रजातन्त्र पुनर्बहाली भएको आज करीव ९ वर्ष भइसकेको छ । तर अझै पनि महिलाहरूको लागि प्रजातन्त्र आइसकेको छैन । मुलकी ऐनमा भएका महिला र पुरूषबीचको असमानताका धाराहरू अझै पनि जस्ताकातस्तै छन् । त्यसमा फेरबदल गर्न कुनै मूर्त प्रयास भएका छैनन् । छोरीलाई पनि छोरासरह पैतृक सम्पतिमा समान अधिकारको लागि संसदमा दुई पटक विधेयक पेश भइसकेको छ । तर अहिलेसम्म सो विधेयक पास हुन सकेको छैन । आखिर यस्तो किन भइरहेको छ त ? किनकि, नेपालमा नीति निर्णय गर्ने हरेक ठाउँमा महिलाहरूको सहभागिता एकदमै न्यून छ । गाउँस्तरदेखि राष्ट्रिय स्तरसम्म नै नीति निर्णय गर्ने हरेक निर्णायक ठाउँमा पुरूषहरूको एकलौटी हैकम रहेको छ । हामीकहाँ महिलाहरूको विषयमा पनि हैकमवादी पुरूषहरूले नै आफूखुसी नीति नियमहरू बनाउँछन् । अधिकांश पुरूषहरूमा महिलाहरूलाई हेर्ने दृष्टिकोण अझै सामान्तवादी नै छ । आफूलाई प्रगतिशील भनाउँन रूचाउने कैयन पुरूषहरू समेत महिलाहरू आफूसरह माथि उठेको रूचाउँदैनन् । उनीहरू हमेशा महिलाहरूलाई आफूभन्दा मुनि नै राख्न चाहन्छन् । त्यसैले, संसदमा दुई दुई पटक पेश भइसकेको सम्पतिसम्बन्धी विधेयक पास गर्न अधिकांश पुरूष सांसदहरूले चासो देखाएनन् । नीति नियम बनाउने महत्वपूर्ण ठाउँमा जबसम्म जागृत महिलाहरू पुग्न सक्दैनन्, तबसम्म दोश्रो दर्जाको नागरिकका रूपमा रहेको महिलाहरूको स्थिति माथि उठ्न सक्तैन र महिलाहरू जहिले पनि पुरूषहरूको आधिपत्यमा नै बसीरहनु पर्ने हुन्छ ।

नेपालमा नीति निर्णय गर्ने निर्णायक ठाउँहरूमा महिलाहरू प्रायशः पुग्न सकका नै छैनन् भनेपनि हुन्छ । जस्तो, २०४६ सालको ऐतिहासिक जन आन्दोलनपछि बनेको अन्तरिम मन्त्रीमण्डलमा सहाना प्रधान एकजना मात्र महिला मन्त्री थिइन् । त्यसपछि बनेको निर्वाचित सरकारमा पनि शैलजा आचार्य एकजना मात्र महिला मन्त्री थिइन् । उनले राजीनामा दिएपछि त महिला मन्त्री शून्य नै भयो । त्यसपछिको मन्त्रीमण्डलमा पनि स्थिति लगभग त्यस्तै रहेको देखिन्छ ।

नेपालमा कानून र नीति बनाउने सबभन्दा माथिल्लो तह व्यवस्थापिकामा पनि महिलाहरूको सहभागिता एकदमै न्यून रहेको छ । २०५१ सालको मध्यावधि चुनावपछिको प्रतिनिधि सभामा २०५ जना सदस्यहरूमा महिला सांसद खालि ७ जना मात्र थिए । १९७ पुरूष सांसद रहेको निर्णायक नीति निर्णय गर्ने ठाउँमा ७ जना मात्र महिला सांसद रहनु भनेको ३.४ प्रतिशत मात्र महिलाहरूको सहभागिता रहनु हो । यस्तो न्यून महिला सहभागिता रहेको संसदमा उत्पीडित महिलाहरूको आवाजको कुनै सुनवाई हुने स्थिति देखिन्न । यसरी नीति निर्माण गर्ने सर्वोच्च ठाउँमा नै आधिपत्यवादी पुरूषहरूको बहुमत भएपछि कसरी महिलाहरूको पक्षमा नीति निर्माण हुन सक्छ ?

त्यस्तै किसिमले अर्को निर्णायक ठाउँ जिल्ला विकास समितिमा पनि २०५४ सालको स्थानीय निर्वाचनपछि ज्यादै न्यून मात्रामा मात्र महिला सहभागिता रहेको छ । जिल्ला विकास समितिको जम्मा ८२३ निर्वाचित पदमा महिलाहरू जम्मा ५ जना मात्र चुनिएका छन् । अझ जिल्ला सभापति र उपसभापतिमध्ये त एक जना मात्र महिला सभापति छिन् । सवभन्दा तल्लो निकाय नगरपालिकाको मेयर र उपमेयरमा त एक जना पनि महिलाको सहभागिता छैन । सम्पूर्ण नगरपालिकाका ४१४६ वडा सदस्यहरूमध्ये महिला सदस्यहरू ७५० जना मात्र रहेका छन् । यो संख्या भनेको १८ प्रतिशत मात्र हो । यति प्रतिशत आउनुमा पनि प्रत्येक वडावाट प्रत्येक पार्टीले एक एकजना महिला अनिवार्य रूपमा उठाउनु पर्ने भएकोले हो । गाउँ विकास समितिहरूमा पनि महिलाहरूको त्यस्तै न्यून प्रतिनिधित्व रहेको छ ।

राजनैतिक क्षेत्रमा मात्र महिलाहरूको सहभागिता न्यून रहेको होइन । नीति निर्णय गर्ने र कार्यान्वयन गर्ने प्रशासनिक क्षेत्रमा पनि महिलाहरूको सहभागिता ज्यादै न्यून रहेको छ । नीति निर्माण गर्ने लागू गर्ने सम्पूर्णजसो प्रशासनिक पदहरूमा पनि पुरूषहरूको नै चर्को

बाहुल्यता रहेको छ । सहायक पदमा रहेर काम गर्ने पदहरूमा भने केही महिलाहरू रहेका छन् ।

NESAC द्वारा प्रकाशित Nepal Human Development Report १९९८ का अनुसार २०५४ सालको तथ्यांक अनुसार नेपालका नीति निर्णय गर्ने अधिकार भएका निजामती अधिकृतहरूमध्ये ५ प्रतिशत मात्र महिला सहभागिता रहेको छ, जबकि ९५ प्रतिशतमा पुरूषहरू रहेका छन् । जस्तो कि, शाखा अधिकृत तहमा महिलाहरू ५.३ प्रतिशत मात्र छन्, पुरूषहरू भने ९४.७ प्रतिशत छन् । दोश्रो श्रेणीको राजपत्राकित अधिकृत तहमा ४.७ मात्र महिलाहरू छन् । प्रथम श्रेणीका राजपत्राकित अधिकृतहरूमा ५.५ प्रतिशत मात्र महिलाहरू छन् । विशिष्ट श्रेणीको तहमा त ७५ जना अधिकृत मध्ये १ जनामात्र महिला छिन् । यो भनेको खालि १.३ प्रतिशत मात्र महिला सहभागिता हुनु हो । यसरी नीति निर्णय लागू गर्ने महत्वपूर्ण प्रशासकीय ठाउँहरूमा महिलाहरूको सहभागिता एकदमै न्यून मात्रामा मात्र रहेको छ ।

के राष्ट्रको अर्थतन्त्रमा महिलाहरूको कुनै योगदान नहुनुको कारण नै नीति निर्णय गर्ने क्षेत्रमा महिलाहरूको सहभागिता न्यून रहेको हो त ?

## योगदान

वास्तवमा यो कुरा होइन । नेपालको अर्थतन्त्रमा महिलाहरूको योगदान पुरूषहरूको भन्दा ज्यादा रहेको देखिन्छ । कृषि प्रधान नेपालको कृषि क्षेत्रमा करीब ९६ प्रतिशत महिलाहरू कृषि क्षेत्रमा कार्यरत छन् ।

मीना आचार्य र लीन वेनेटका अनुसार, अर्थतन्त्रमा समग्र कृषि अर्थतन्त्रमा करीव ५० प्रतिशत महिलाहरूको योगदान रहेको छ ।

घरेलु कृषि उत्पादनमा त महिलाहरूको योगदान ५४ प्रतिशत रहेको छ, जबकि पुरूषको योगदान ४० प्रतिशत मात्र रहेको देखिन्छ । नेपालमा किसानहरू खाद्यान्नबाली, तरकारी खेती, फलफूल खेती तथा पशुपालन संगसँगै गर्ने गर्दछन् । यी सम्पूर्ण खेतीपातीको कामहरूमा खेतबारी खन्ने काम मात्रै पुरूषहरूले गर्दछन् । त्यसपछिको जमीनको तयारी गर्ने, बीउ छर्ने, रोप्ने, गोड्ने, बाली काट्ने, सुकाउने, सरसफाइ गर्ने थन्क्याउने, आदि कामहरू महिलाहरूले नै गर्ने गर्दछन् । पशुपालनमा पनि वनजगलबाट वा खरबारीबाट घास काटेर ल्याउने, पशुहरूलाई चारा दिने, भकारो सोहोर्ने, दूध दुहुने, दूधका परिकारहरू बनाउने कामहरू पनि महिलाहरूले नै गर्दछन् ।

यति मात्र होइन, खेतीपातीको सम्बन्धमा कुन वाली कहाँ लगाउने, कुन जातको वाली लगाउने, के कति रसायनिक मल राख्ने, कुन किटनाशक औषधिहरू कहिले छर्ने आदि कुराहरूको ४२ प्रतिशत निर्णय पनि महिलाहरूले नै गर्दछन् । जबकि यसमा २८ प्रतिशत निर्णय मात्र पुरूषहरूले गर्छन् । तर कृषि अर्थतन्त्रमा महत्वपूर्ण कुरा के भने, पूँजीगत नीति निर्णय गर्ने कार्यहरू भने पुरूषहरूले नै गर्दछन् । जस्तो, कतिवटा गाई भैसीहरू पाल्ने, कहाँबाट किन्ने, कहाँबाट ऋण ल्याउने, तथा बाहिरका व्यक्तिहरूसंग सम्पर्क गर्ने आदि निर्णयहरू भने अधिकांश रूपमा पुरूषहरूले गर्ने गरेका छन् । यी कामहरू गर्नको लागि थोरै प्रतिशत पुरूषहरूले मात्र घरका महिलाहरूसंग पनि सरसल्लाह गर्ने गर्दछन् । अधिकांश घरहरूमा आर्थिक मामिला सम्बन्धी पूँजीगत निर्णय गर्ने कुराहरू खालि पुरूषहरूका बीचमा मात्र सरसल्लाह हुने गरेको पाइन्छ । कृषि अर्थतन्त्रमा आर्थिक मामिलासम्बन्धी ४२ प्रतिशत पूँजीगत निर्णयहरू पुरूषले मात्र गर्छन जबकि महिलाले ३६ प्रतिशत निर्णय गर्छन् ।

## किन त ?

यसरी घर गृहस्थीदेखि राष्ट्रिय स्तर सम्मकै नीति निर्णय गर्ने काममा महिलाहरू किन पछाडि पर्न गए त ?

किनकि, हाम्रो समाज पूँजीवादी समाज हो । यस्तो समाजमा जसको हातमा अर्थतन्त्र पूँजी छ, उसकै हात माथि रहन्छ । समाजमा उसकै हैकम चल्छ । परिवारमा पूँजीविहीन पुरूषहरूले भन्दा बढी समय महिलाहरूले परिश्रम गरे तापनि उनीहरू डक्का पैसा कमाउँने काममा पछाडि नै परेका छन् । धेरैजसो पैसा नआउने काम महिलाहरूको थाप्लोमा परेको छ भने पैसा आउने काम पुरूषहरूको थाप्लोमा परेको छ । Nepal, Human Development Report १९९८ का अनुसार पैसा आउने काममा ७.३ प्रतिशत मात्र महिलाहरू सामेल छन् जबकि पुरूषहरूको सहभागिता ३१.१ प्रतिशत छ ।

**घरेलु कृषि उत्पादनमा त महिलाहरूको योगदान ५४ प्रतिशत रहेको छ, जबकि पुरूषको योगदान ४० प्रतिशत मात्र रहेको देखिन्छ ।**

अर्थात्, पैसा आउने काममा पुरूषको सहभागिता महिलाको तुलनामा चार गुणाभन्दा ज्यादा छ ।

पैसा नआउने काममा महिलाहरूको सहभागिता भने ६३ प्रतिशत छ, जबकि पुरूषहरूको सहभागिता भने २४ प्रतिशत मात्र छ । यसरी पैसा आउने काम जति अधिकांश रूपमा पुरूषहरूको र पैसा नआउने काम जति महिलाहरूको हातमा रहेको हुनाले महिलाहरू आर्थिक रूपले पुरूषनिर्भर हुनु परेको हो । यसैको फलस्वरूप, अधिकांश घरहरूमा नीति निर्णय गर्ने कुरा पुरूषको अधिकार बन्न गएको छ र पुरूषले गरेको नीति निर्णय जबर्जस्ती स्वीकार गर्नुपर्ने स्थिति महिलाहरूको हुन गएको छ । यही कुरा राष्ट्रिय स्तरको नीति निर्णय गर्ने कुरामा पनि लागू भएको छ ।

शिक्षा तथा अवसरको कमीले पनि महिलाहरू नीति निर्णय गर्ने क्षेत्रमा पुग्न सकेका छैनन् । नेतृत्व दिनको लागि हरेक व्यक्तिमा बौद्धिक क्षमता, ज्ञान, अनुभव र शीपको आवश्यकता हुन्छ । नेपाली महिलाहरू आर्थिक रूपले पराश्रयी भएको कारणले शिक्षा प्राप्त गर्ने तथा ज्ञान र अनुभव बटुल्ने कुरामा पनि पछि परेका छन् । Nepal Human Development Report १९९८ कै अनुसार, नेपालमा महिला साक्षरता २४ प्रतिशत मात्रै छ, जबकि पुरूष साक्षरता ५०



*बाली लगाउनका लागि बारी खन्दै नेपाली महिलाहरू*



*उत्पादनशील काममा जुटिरहेका नेपाली महिलाहरू*

# नीति नियम बनाउने महत्वपूर्ण ठाउँमा जबसम्म जागृत महिलाहरू पुग्न सक्दैनन्, तबसम्म दोश्रो दर्जाको नागरिकका रूपमा रहेको महिलाहरूको स्थिति माथि उठ्न सक्दैन

प्रतिशत छ । भनाइको अर्थ, ४ जना नेपाली महिलाहरूमध्ये १ जना महिला मात्र साक्षर छन् । जबकि २ जना पुरूषहरू मध्ये १ जना पुरूषले पढ्न लेख्न जानेको छ ।

त्यस्तै, नेपालमा प्रा.वि. तहमा भर्ना हुने उमेर पुगेका तर भर्ना हुन नपाएका केटाकेटीहरू तीन खण्डको एक खण्ड मात्र केटाहरू छन् भने दुई खण्ड केटीहरू छन् । प्रा.वि.तहमा भर्ना भएका केटीहरूमध्येले पनि ३७ प्रतिशत केटीहरूले मात्र प्रा.वि. तह पास गर्न पाएका छन् । बाँकी केटीहरूले बीचैमा पढाइ छाड्ने गरेका छन् । उनीहरूले बीचैमा पढाइ छोड्न पर्नुको मूल कारण घरधन्दा र कृषिको काम हो ।

उपरोक्त प्रतिवेदन अनुसार नै प्रा.वि. तह पास गरेका केटीहरूमध्ये तीन भागमा एक भाग केटीहरूले मात्र नि.मा.वि. कक्षामा भर्ना हुन पाउँछन् । मा.वि. तह पास गर्ने केटाकेटीहरूमध्येमा २४ प्रतिशत मात्र केटीहरू हुन्छन् । जबकि, ७६ प्रतिशत केटाहरू हुन्छन् । त्यस्तै, उच्च शिक्षा पास गर्नेहरूमा स्नातक तहमा ०.४४ प्रतिशत महिलाहरू र १.२९ प्रतिशत पुरूषहरू छन् । यसको अर्थ ३ जना पुरूषहरूले स्नातक पास गरेकोमा एक जना महिलाले मात्र स्नातक पास गरेकी हुन्छिन् । यसो हुनुको कारण हो- छोरीहरूलाई पढ्ने अवसर कम दिनु र छोरीको पढाइमा कम रकम खर्च गर्नु । हाम्रो समाजमा छोरीहरूको तुलनामा छोराहरूको पढाइको लागि निकै बढी खर्च गर्ने तथा बढी अवसर दिने गरिएको पाइन्छ । यसैले गर्दा महिलाहरू शिक्षा आर्जन गर्नमा पछाडि परेका हुन् ।

खालि औपचारिक शिक्षा प्राप्त गर्नमा मात्र महिलाहरू पछि परेका होइनन् । अनौपचारिक रूपले प्राप्त गर्ने ज्ञान, शीप तथा अनुभव हासिल गर्ने कुरामा पनि महिलाहरू पछि परेका छन् । अफिसबाटै तालिमको लागि केही दिन बाहिर जानु परेपनि महिलाहरूलाई गाह्रो पर्ने हुन्छ । घरधन्दाको काम तथा बच्चाको कारणले गर्दा अर्को विकल्प नभएसम्म उनीहरू घर छोडेर जान सक्तैनन् । यसले गर्दा अनौपचारिक रूपले शिक्षा, ज्ञान, सीप हासिल गर्ने काममा पनि थोरै मात्र महिलाहरूले अवसर पाएका हुन्छन् । यही अनुभव र सीपको कमीले गर्दा पनि महिलाहरू उच्च पदहरूमा पुग्न सकेका छैनन् । यसैको फलस्वरूप, महिलाहरूकै विषयमा नीति निर्माण गर्नुपर्ने ठाउँमा पनि महिलाहरूको उपस्थिति ज्यादै न्यून अथवा शून्य रहन गएको हो ।

## के गर्न सकिन्छ त नीति निर्माण गर्ने ठाउँमा महिलाहरूको सहभागिता बढाउन ?

यसको लागि सर्वप्रथम गरिनु पर्ने कार्य हो महिलाहरूलाई पनि पुरूषहरूसरह समान शिक्षाको अवसर प्रदान गर्नु । जुन जुन देशहरूमा महिलाहरू शिक्षित छन्, ती ती देशहरूमा महिलाहरू पनि करिब करिब पुरूषहरूको दाँजोमा पुग्न सकेका छन् । जहाँ जहाँ महिलाहरू अशिक्षित छन्, त्यहाँ त्यहाँ भने महिलाहरू पुरूषनिर्भर भएर बसिरहेको छन् । शिक्षाको विकासले नै मानिसहरूमा ज्ञान, चेतनाको विकास तथा अवसरको विकास सम्भव हुन्छ । ज्ञान, चेतनाको विकासबाटै महिलाहरूमा आत्मनिर्भरता र आत्मविश्वासको भावना विकास हुन्छ । अधिकांश नेपाली महिलाहरूलाई उचित शिक्षाको अवसर प्राप्त नभएको कारणले नै उनीहरू आफैमा अज्ञानता र लघुताभाषको बोध भइरहेको छ र आत्मविश्वासको विकास भइरहेको छैन । उनीहरूमा अहिले विद्यमान रहेको अज्ञानता र लघुताभाषको अन्त्य गर्ने हो भने, उचित शिक्षाको अवसर प्रदान गरेर चेतना जगाउने काम गरिनु पर्दछ । शिक्षाको अवसर दिनु भनेको खालि औपचारिक शिक्षाको अवसर मात्र होइन । औपचारिक शिक्षाको साथ साथै शीपमूलक तथा रोजगारमूलक अनौपचारिक शिक्षाको अवसर पनि दिनु आवश्यक हुन्छ । यस्तो खालको शिक्षा प्रदान गर्न सकेको खण्डमा उनीहरू घरको चारदिवारीबाट बाहिर निक्लेर उत्पादनमूलक काममा सामेल हुन सक्छन् ।

मैले माथि पनि भनिसकेकी छु कि- जबसम्म महिलाहरू पैसा आउँने काममा लाग्दैनन्, तबसम्म नीति निर्माण गर्ने ठाउँमा उनीहरू पुग्न सक्तैनन् । अधिकांश महिलाहरू पैसा नआउने घरेलु काममै अल्झेर बसिरहेका छन् । यदि महिलाहरू पुरूषहरूको आधिपत्यबाट मुक्त हुने हो र आफ्नोबारे आफैंले निर्णय गर्ने हो भने पैसा नआउने घरेलुकामबाट मुक्त हुनु जरूरी छ । स्विडेन, नर्वे, डेनमार्क जस्ता स्कयान्डिभियन देशहरूमा महिलाहरू यस्ता घरेलु कामबाट मुक्त भएर उत्पादनमूलक तथा पैसा आउने काममा हात हाल्न पाएको कारणले नै अरू देशको तुलनामा त्यहाँका महिलाहरू नीति निर्माण गर्ने ठाउमा बढी मात्रामा पुग्न सकेका छन् । नेपालमा पनि यहाँका महिलाहरू घरेलु कामको घेराबाट बाहिर निक्लेर उत्पादनमूलक तथा पैसा आउने काममा लाग्न सकेपछि मात्र उनीहरू नेपालको नीति निर्माण गर्ने ठाउँहरूमा पुग्न सक्छन् । यसको लागि महिलाहरूको आफ्नै प्रयास पनि आवश्यकता हुन्छ र पुरूषहरूको सहयोग पनि चाहिन्छ । जस्तो स्वीडेनमा केटाकेटी हुर्काउने जिम्मा आमा र बुवा दुवैको काँधमा छ । त्यहाँ श्रीमती सुत्केरी भई भने श्रीमानले पनि सुत्केरी बिदा पाउने नियम छ । यसको लागि सरकारको पनि ठूलो जिम्मेवारी रहन्छ ।

तर यति कुरा भएर पनि नेपालको अहिलेको परिस्थितिमा नेपाली महिलाहरू पुरूषको दाँजोमा नीति निर्माण गर्ने ठाउँहरूमा पुगिहाल्न सक्तैनन् । किनकि, अहिलेको हाम्रो समाज भनेको पुरूषप्रधान समाज हो । महिलाहरूको दाँजोमा पुरूषहरू धेरै अगाडि छन् । दौडन सक्ने मान्छेलाई बामे सरेर जाने बच्चाले कहिल्यै भेट्टाउन सक्तैन । अहिले यहाँ पुरूषहरू दौडन सक्ने अवस्थामा छन् भने महिलाहरू भरखरै बामे सर्न सक्ने भएका छन् । जस्तोसुकै समान अवसर दिइए तापनि बामे सर्दै गरेका

**अहिले यहाँ पुरुषहरु दौडन सक्ने अवस्थामा छन् भने महिलाहरु भरखरै बामे सर्न सक्ने भएका छन् । जस्तोसुकै समान अवसर दिइए तापनि बामे सर्दै गरेका महिलाहरुले दौडेर गइरहेका पुरुषहरुलाई भेट्टाउन सम्भव हुंदैन ।**

महिलाहरूले दौडेर गइरहेका पुरूषहरूलाई भेट्टाउन सम्भव हुँदैन । त्यसैले महिलाहरूलाई पुरूषसरह समान रूपमा नीति निर्माण गर्ने सबै ठाउँमा पुऱ्याउने हो भने केही समयसम्म महिलाहरूको लागि आरक्षणको व्यवस्था गरिनु पर्दछ ।

अहिले संसदमा महिलाहरूको सहभागिता ३.४ प्रतिशत मात्र छ । यो ज्यादै ज्यादै कम प्रतिशत हो । संविधानको धारा ११४ ले प्रतिनिधि सभाको निर्वाचनमा प्रत्येक राजनैतिक संगठनहरूले ५ प्रतिशत महिला उठाउनै पर्ने भन्ने प्रावधान राखेर महिलाहरूलाई आरक्षण त दिएको छ । तर ५० प्रतिशतभन्दा बढी महिला जनसंख्या भएको र पुरूषहरूको भन्दा धेरै पिछडिएको स्थितिमा रहेका महिलाहरूलाई ५ प्रतिशत मात्र आरक्षण दिनु ज्यादै कम हो । यस कुरामा संविधान निर्माताहरूले महिलाहरूमाथि ठूलो अन्याय गरेका छन् ।

> **महिलाहरू नीति निर्माण गर्ने ठाउँमा पुग्न नसक्नुमा प्रमुख दोष राजनैतिक व्यवस्थाको हो । पूँजीवादी व्यवस्थामा अझै पनि महिलाहरूलाई पुरुषसरह समान अधिकार दिइएको पाइँदैन ।**

अर्को कुरा, राजनैतिक पार्टीहरूले पनि महिलाहरूमाथि धेरै अन्याय गरेका छन् । पुरूषसंग मुकाबिला गर्न सक्ने महिलाहरूलाई पनि त्यही ५ प्रतिशतभित्रै पारेर पार्टीहरूले महिला उम्मेदवार उठाउने गरेका छन् । यदि राजनैतिक क्षेत्रमा महिला सहभागिता बढाउने नै हो भने पुरूषसँगै मुकाबिला गर्न सक्ने महिलाहरूलाई यो आरक्षणभित्र पारिनु हुँदैन । आरक्षणलाई पनि ५ प्रतिशतले पुग्दैन, आरक्षणको प्रतिशत भारत र स्याण्डिनेभियन मुलुकमा जति ३० हुनु पर्दछ ।

त्यस्तै किसिमले प्रशासनिक क्षेत्रको नीति निर्णय गर्ने ठाउँमा पनि महिलाहरूको सहभागिता बढाउनको लागि आरक्षणको व्यवस्था गर्न अनिवार्य हुन्छ । अहिले नेपालमा पुरूषको दाँजोमा महिलाहरूको ज्ञान, सीप तथा अनुभव हासिल गर्ने अवसर ज्यादै कम मात्र प्राप्त गर्ने भएको हुँदा उनीहरू पुरूषहरूसंग प्रतिस्पर्धा गरेर नीति निर्माण गर्ने उच्च पदहरूमा पुग्न असंभव नै हुन्छ । त्यसैले प्रशासनिक क्षेत्रमा पनि निश्चित मात्रामा महिलाहरूलाई आरक्षणको व्यवस्था गरिनु पर्दछ ।

सरकारबाट नियुक्ति हुने उच्च पदहरूमा पनि अक्सरतया पुरूषहरूलाई मात्र नियुक्ति गर्ने परमपरा नै बनिसकेको छ । यो महिलाहरूमाथि गरिएको ठूलो असमान व्यवहार हो । यही असमानताको व्यवहारले गर्दा पनि महिलाहरू नीति निर्माण गर्ने ठाउँमा पुग्न नसकेका हुन् । त्यसैले सरकारबाट नियुक्ति गरिने उच्च पदहरूमा पनि खालि पुरूषहरूलाई मात्र नियुक्ति नगरेर समानुपातिक ढंगबाट महिलाहरूलाई पनि नियुक्ति गरिनु पर्छ ।

उपरोक्त उपायहरू अपनाएको खण्डमा मात्र महिलाहरू पनि नीति निर्माण गर्ने ठाउँमा पुग्न सक्षम हुन्छन् र उनीहरूमा पनि आत्मविश्वास बढ्न सक्छ । तर यी सबै कुराहरू सजिलै प्राप्त हुनेवाला छैन । यसको लागि महिलाहरूको सशक्त आन्दोलनको आवश्यकता पर्छ । यो आन्दोलन पार्टीभित्र पनि हुनुपर्छ । र, सडकमा पनि हुनुपर्छ । जुन जुन पार्टीभित्र जो जो महिलाहरू छन्, उनीहरूले आ-आफ्नो पार्टीभित्र आन्दोलन गर्नु पर्छ । सडक आन्दोलन चाहिँ सबै महिलाहरूको संयुक्त आन्दोलन हुनुपर्छ ।

अर्को कुरा, हामीले के पनि भुल्नु हुँदैन भने, महिलाहरू नीति निर्माण गर्ने ठाउँमा पुग्न नसक्नुमा प्रमुख दोष राजनैतिक व्यवस्थाको हो । पूँजीवादी व्यवस्थामा अझै पनि महिलाहरूलाई पुरूषसरह समान अधिकार दिइएको पाइँदैन । आफूलाई सबैभन्दा प्रजातन्त्रवादी भन्ने अमेरिका जस्तो पूँजीवादी देशले पनि महिलाहरूलाई उनीहरूको प्रगतिको लागि पुरूषसरह समान अवसर दिएको देखिदैन । तर ती पूँजीवादी देशहरूको दाँजोमा समाजवादी मुलुकहरूले महिलाहरूलाई पुरूषसरह समान अवसर दिएको देखिन्छ । जस्तो, राष्ट्रकै नीति निर्माण गर्ने संसदमा महिलाहरूको सहभागिताको कुरा गर्ने हो भने अमेरिकामा संसदमा ११ प्रतिशत र जापानको संसदमा ७ प्रतिशत मात्रै महिलाहरूको सहभागिता रहेको छ । समाजवादी क्यूबाको संसदमा भने २७ प्रतिशत महिलाहरूको सहभागिता रहेको छ ।

त्यसैले महिलाहरू नीति निर्माण गर्ने ठाउँमा पुरूषसरह नै पुग्ने हो भने समाजवादी दिशामा जानको लागि पनि आन्दोलन गर्नुपर्छ । ❑

# क्यान्सरको उपचारमा अब "अल्ट्रासाउण्ड" प्रविधि

**क्यान्सर** एउटा यस्तो रोग हो, जसलाई अहिलेसम्मको विज्ञान र प्रविधिले पूर्ण रूपमा निको पार्न सकेको छैन ।

बैज्ञानिकहरू बर्षौंदेखि क्यान्सर रोगको कारण र त्यसको उपचारको उपाय पत्ता लगाउन दिन रात लागीपरिरहेका छन् । क्यान्सरलाई पूर्णरूपमा निको नै पार्न नसकेपनि त्यसलाई केही समयसम्म रोक्ने अथवा रोग चाप्न नदिने विभिन्न उपाय तथा औषधिहरू बैज्ञानिकहरूले यसअघि नै आविष्कार गरेका छन्, जुन अहिले क्यान्सरको उपचारमा प्रयोग भइरहेका छन् ।

यसै सन्दर्भमा, हालै मात्र बेलायतको सुट्टोनमा अवस्थित रोयल मार्सडेन अस्पतालमा कार्यरत अनुसन्धानकर्ताहरूले क्यान्सरको उपचारमा अर्को एक नयाँ प्रविधिको प्रयोग गर्ने तयारी गर्दैछन् । "दि लानसेट" (The lancet) भन्ने पत्रिकाले जनाएअनुसार, त्यस प्रविधिमा क्यान्सरका कोषहरूलाई नष्ट गर्न उच्च क्षमताको अल्ट्रासाउण्ड तरङ्गहरूलाई प्रयोग गरिन्छ । यो प्रविधिलाई एच.आई.एफ.यू. (HIFU) अर्थात् हाइइन्टेन्सिटी फोकस्ड अल्ट्रासाउण्ड (High intensity focussed ultrasound) भनिन्छ । यो प्रविधिमा ट्रान्स्ड्यूसर नामक उपकरणहरू प्रयोग गरिन्छन्, जसले रोग पत्ता लगाउन अहिले प्रयोगमा ल्याइराखेको "अल्ट्रासाउण्ड" प्रविधिले भन्दा दश हजार गुणा बढी क्षमताको शक्ति निकाल्छ ।

एच.आई.एफ.यू. प्रविधिमा ट्रान्सड्यूसरबाट निक्लने शक्तिशाली अल्ट्रासाउण्ड तरङ्गहरू जब क्यान्सरग्रस्त तन्तुको एउटा सानो भागमा केन्द्रित गरिन्छन्, तब तिनीहरूले त्यो तन्तुलाई डढाइदिन्छन् । यसका लागि तरङ्गहरू एक दुई सेकेण्ड समयसम्म मात्र पठाए पुग्छ । अहिलेसम्म क्यान्सरग्रस्त तन्तुलाई हटाउन शल्यक्रिया गर्ने गरिन्छ । तर, अब यो एच.आई.एफ.यू. प्रविधि प्रयोग गरेदेखि क्यान्सरग्रस्त तन्तुलाई हटाउन शल्यक्रिया गर्नुपर्ने छैन ।

अनुसन्धानमा संलग्न बैज्ञानिकहरूले "अल्ट्रासाउण्ड ट्रान्स्ड्यूसर", (अर्थात्, अल्ट्रासाउण्ड तरङ्ग निकाल्ने यन्त्र) लाई यसरी डिजाइन गरेका छन् कि, त्यसले लक्षित ठाउँमा २ से.मि. लामो र २ मि.मि. चौडा सिगार आकारको प्रभाव क्षेत्र बनाउन पुग्छ । एकदेखि दुई सेकेण्ड समयभित्रमा अतिशक्तिशाली अल्ट्रासाउण्ड तरङ्गले लक्षित क्षेत्रमा करीब ५५-८०° से. सम्म तापक्रम बढाइदिन्छ, जुन लक्षित तन्तुलाई मार्न पर्याप्त छ ।

अनुसन्धानमा अगुवाई भूमिका खेल्ने बैज्ञानिक गेल टर हारका अनुसार, एच.आई.एफ.यू.को ट्रान्सड्यूसरले १५ से.मी.को गहिराईसम्म अल्ट्रासाउण्ड तरङ्गहरूलाई केन्द्रित गर्ने सक्ने भएकोले यसले हाम्रो शरीरभित्रको कुनै पनि अङ्गमा क्यान्सरको उपचार गर्न सक्छ ।

परीक्षणको क्रममा अनुसन्धानमा संलग्न "मार्सडेन समूह" ले प्राथमिक अवस्थाका प्रोस्टेड अथवा किड्नीमा क्यान्सर भएका तेईस बिरामीहरूलाई पहिलो चरणको उपचार एच.आई.एफ.यू. प्रविधिबाट गरेको छ । यो उपचारमा बिरामीलाई मुर्छा पार्ने काम गर्नु परेन । अब त्यो समूहले अरू ५० बिरामीहरूलाई दोस्रो चरणको उपचार गर्ने तयारी गर्दैछ ।

क्यान्सरका तन्तुहरूलाई नष्ट पार्न एच.आई.एफ.यू. प्रविधि धेरै सफल देखिन्छ । तर, यस प्रविधिमा केही समस्याहरू पनि देखापरेका छन् । जस्तो कि, "अल्ट्रासाउण्ड ट्रान्सड्यूसर" ले शरीरभित्रको क्यान्सरग्रस्त तन्तुमा ठीक ढंगले अल्ट्रासाउण्ड तरङ्गहरूलाई केन्द्रित गर्नु त्यति सजिलो छैन । र अर्को, उपचारको समयमा रोगीको चलमलाइले पनि "अल्ट्रासाउण्ड तरङ्गहरू" लक्षित क्षेत्रभन्दा बाहिर पर्ने सम्भावना रहन्छ ।

तर, यो समस्याको समाधान पनि खोज्न थालिसकेको छ । केही अमेरिकी अनुसन्धानकर्ताहरूले कम्प्यूटरद्वारा नियन्त्रित "ट्रान्सड्यूसर" को विकास गरेर लक्षित क्यान्सरग्रस्त तन्तुमा "अल्ट्रासाउण्ड तरङ्गहरू" ठीक ढंगले पठाउने प्रयत्न गरिरहेका छन् । तसर्थ निकट भविष्यमा नै क्यान्सरको उपचारमा यो एच.आई.एफ.यू. प्रविधिले व्यापक सफलता हासिल गर्ने छ भन्ने कुरामा हामी विश्वास लिन सक्छौं ।

◆ **तुल्सीदास महर्जन**

# सानो छँदा मेरो नाम मस्तराम थियो

◆ निर्मल लामा

> एक दिन अचानक एक घण्टा पनि बिरामी नपरीकन लालमू (गाई) मऱ्यो । घरमा रूवाबासी भयो । त्यस दिन खाना पनि पाकेन ।

त्यतिबेला भारत स्वतन्त्र भएको थिएन । त्यो अंग्रेजको उपनिवेशको रूपमा थियो । दार्जिलिङ्गको मुख्य उत्पादन चिया थियो । त्यहाँ ठूला ठूला २००/४०० परिवारले काम गर्ने चियावारीहरू थिए । ती चियावारीहरूमा अंग्रेज साहेव रहन्थ्यो । अहिले वुझ्दा त्यो म्यानेजर थियो । त्यो म्यानेजरको दबदबा झण्डै झण्डै राणाशाही र निरंकुश पंचायतको जस्तो थियो । कोही बोल्न नसक्ने, केही गर्न नसक्ने अवस्थामा थिए त्यहाँका मानिसहरू । साहेवले रिसाएर 'हटाबार' भने पछि तुरून्तै एक दुई घण्टापछि लट्टीपट्टी जो कोहीले पनि भाग्नु पर्थ्यो । गएर कहाँ जाने, कोही थाहा हुँदैनथ्यो । तैपनि त्यो एरिया काट्नु पर्ने हुन्थ्यो ।

त्यस्तो अवस्थामा काफिवारी चियाकमान भन्ने गोदामधुरा (धुरा भनेको त्यहाँको चलनचल्तीमा गाउँ हो) मा १९८६ साल माघ १ गतेको दिन म जन्में । यो कुरा मैले मेरो घरको इतिहास वताउँदा उल्लेख गरिसकें । मेरा आप्पा (वावु) चार पाँच कक्षा मात्र पढेका हुनुहुन्थ्यो । त्यतिवेला चार पांच कक्षा पढेको हुनु पनि ठूलो कुरो थियो । किनकि, त्यतिसम्म पढेका मान्छेहरू पनि थोरै मात्र हुन्थे । तिनीहरूले चियावारीमा कुल्ली अर्थात् मजदूरीको काम गर्न सक्तैनथे । त्यसैले उहाँ बेकार बसिरहनु भएको थियो । मौकाले हाम्रो घरको अलिकति माथि अर्को चियावारी छोटा सिप्रि [अंग्रेजीमा यसलाई मण्टिभियट स्टेट (Monteviot State) भनिन्छ] मा उहाँले क्लर्कको काम पाउनु भयो । क्लर्क भन्नाले यहाँको बहिदार हो ।

त्यसपछि हामीहरू हाम्रो मूल परिवार हाम्रा बाजेको परिवारवाट छुट्टियौं । मैले मेरो घरको इतिहास बताउँदा पहिले पनि उल्लेख गरिसकें कि, त्यतिखेर हामीहरू वुद्धिमान बाबु भन्ने व्यक्तिको घरको सानो टुक्रा बारेर बस्न गयौं । हामी एउटै कोठामा बस्ने, सुत्ने, खाने, पकाउने र खाने गर्थ्यौं । यसरी म बिस्तारै हुर्कें । बाल्यकालमा मेरो समय खोला नालामा खेल्ने, जंगल घुम्ने, चाँप-गुरांस टिप्ने, जंगली फलफूलहरू खाने इत्यादि गर्दै नै वित्यो ।

हाम्रो घरभन्दा कमसेकम डेढ घण्टा तल झरेपछि बालासन नदी छ । त्यो नदी सिलगुडी मट्टिगढासम्म पुगेको छ । त्यो नदीमा साथीहरू संगै म माछा मार्न जान्थें । माछा मार्न जांदा हामीहरू गुन्द्रुक वोकेर जान्थ्यौं । किनकि कहिले काहीं माछा नपाउँदा हामीलाई घरबाट बोकेर गएको खाजाबाट काम चलाउनु पर्ने हुन्थ्यो । तर भांडाकुडा भने हामी वोक्दैनथ्यौं । माछा पकाउनका लागि हामी हरियो बांस काटेर करीब दुई हात वरावरको ढुंग्रो वनाउंथ्यौं । त्यो ढुंग्रोलाई भित्तामा कोल्टे पारेर राखी तलवाट आगो लगाएर ताप दिन्थ्यौं । हरियो बाँस जल्दैन र हरियो जति कालो भएर पातलो भइसक्दासम्म ढुंग्रोमा जे पकाए पनि पाक्ने हुन्छ । त्यसमा पकाएको माछा धेरै मीठो हुन्थ्यो । अब त्यो भोक मीठो भएको हो कि बाँसमा पकाएको कारणले मीठो भएको हो, त्यो त भन्न सकिँदैन, तर ढुंग्रोमा पकाएको चीज भने साह्रै मीठो लाग्थ्यो ।

हामी प्रायः हप्तामा एकचोटी माछा मार्न जान्थ्यौं । एकचोटी हामीले माछा पाएनौं । अनि त्यही ढुंग्रोमा हामीले भात र गुन्द्रुक पकायौं । तर, एकछिनपछि अलिकति माछा पनि भेट्टायौं । हामीले त्यो माछालाई भात र गुन्द्रकमा मिसाएर पकायौं । वाफ रे ! त्यो त साह्रै मीठो खाजा पो बन्यो । हामीले खूब स्वाद लिएर खायौं । अतिकति वाँकी बचेको माछा र गुन्द्रक मैले बेलुका घरमा लिएर लिएर आएँ । घरमा आमालाई भनें- आमा माछा र गुन्द्रुक कस्तो मीठो हुन्छ । आमाले त्यस्तो पनि हुन्छ र ? भन्नुभयो । अनि मेरो पाली आमाले हुन्न हुन्न भन्दा भन्दै पनि मैले माछामा गुन्द्रुक मिसाईदिएँ । यस्तो रद्दी भयो कि त्यो खान योग्य नै भएन ।



क. निर्मल लामाको बालककाल

यी कुराहरू म करीव दश वाह्र वर्ष उमेर पुग्दाखेरिका हुन् । यसभन्दा अघिल्लो कुरा के छ भने, स्कूलमा जांडो महिनाको बिदा (यहाँ मीनपचास बिदा भने जस्तै) हुँदाखेरि म चियावारीमा काम गर्न जान्थें । त्यहाँ केटाहरूलाई छोकडा र केटीहरूलाई छोकडी भनिन्थो, सायद हिन्दी शब्दलाई अंग्रेजहरूले बिगार्दा ती शब्दहरू बनेका होलान् ।

त्यतिखेर मैले दिनको दुई आना अर्थात् आठ पैसा ज्याला पाउंथे । त्यतिवेला चौसठ्ठी पैसाको एक रूपियाँ थियो । अहिलेको जस्तो सय पैसाको होइन । हामीले त्यतिखेर त्यहाँ चियावारीमा बिभिन्न कामहरू गर्नु पर्थ्यो । तीमध्ये एउटा काम खहरे खोलाको किनारमा राखिएको चियाको बोटको बेर्नाको लागि पांच सात मिनेटको बाटो हिँडी खोलावाट पानी बोकेर ल्याउनु पर्थ्यो । यस काममा ठेक्का हुन्थ्यो । एक जनाले सय घिटी बोक्नु पर्ने । घिटी भनेको बाँसको एउटा दुईटा आँखा भएको करीव दुई हात लामो ढुंग्रो हो । म पहिलो चोटी गएँ त्यो काम गर्न । सायद त्यतिखेर मेरो उमेर बाह्र वर्षको हुँदो हो । मैले पन्ध्र-बीस कति घिटी बोकें हुँला, मेरो यो कांध जम्मै रातो भयो । मैले सकिनँ । म रोएँ, कांध यति दुख्यो कि त्यसपछि, मैले एक घिटी पनि वोक्न सकिनं । त्यो देखेर कामदारी (काम लगाउने नाइके) ले मलाई नराम्रो शव्दले गाली गऱ्यो । म साह्रै रोएं ।

तर, मेरो बांकी अरू जम्मै काम मेरा साथीहरूले कसैले दुई घिटी, कसैले पांच घिटी गरी पूरा गरिदिए । भोलिपल्ट मैले जान्न भने । घिटी बोक्ने साथीहरू आएर हामी पूरा गरिदिन्छौं ल हिंड् भने । त्यसपछि म फेरि गएं । बास्तवमा दश वाह्र दिनसम्म मैले दश पन्ध्र भन्दा बढी घिटी बोक्नु परेन । अरू बांकी सबै घिटी साथीहरूले वोकीदिए । पछिदेखि त मेरो कांध पनि पक्का भयो । र, पछि त यदि कोही साथीलाई सन्तो भएन, कोही थाके भने म आफैंले उनीहरूलाई सघाईदिने मान्छे भएं ।

त्यही उमेरको वेलामा हामीहरू (हाम्रो परिवार) धेरै दुःखमा थियो । मेरा आप्पा फेरि बेकार हुनु भयो । जागीर खोसियो । आमा एक जनाको कमाई थियो । त्यो पनि मजदूरी (कुल्ली काम) थियो । औरत हुनुहुन्थ्यो उहाँ । त्यहां आइमाई कुल्लीलाई औरत र लोग्नेमान्छेलाई मरद भनिन्थ्यो । एउटै काम गर्दा पनि औरतको ज्याला छ आना र मरदको ज्याला आठ आना थियो । आमाको ज्यालाबाट नै हाम्रो घर थामिन्थ्यो ।

मेरी आमा व्यवहारकुशल हुनु भएकोले कतैबाट उहांले एउटा गाई ल्याउनु भयो । त्यो गाईको नाम लालमू थियो । त्यसको दूध बजारमा लगी बेच्ने कामबाट हाम्रो घरमा अलिकति राम्रो खान पाउने अवस्था हुन आयो । बजारमा म दूध लिएर जान्थे । चिया पसल पसलमा पाव (ट्वाक) ले दूध

**म हरेक दिन मिल्ट्री व्याग बोकी चिया पसलमा जान्थें र किताब झिकेर रक्सी भएको त्यो व्याग त्यहाँ बुझाउंथें ।**

# क. निर्मल लामाको आत्मकथा - २

**गतांकदेखि हामीले नेपाली कम्युनिष्ट आन्दोलनका एक वरिष्ठ नेता क. निर्मल लामाको संस्मरणलाई टेपवार्ता गरी सोको उतार क्रमशः यहाँ प्रस्तुत गर्ने सिलसिला शुरू गरेका छौं । यसैक्रममा, गतांकमा उहाँको वर्तमान घरको नालीबेली प्रस्तुत गरिएको थियो । यस पटक प्रस्तुत छः उहाँको बाल्यकालको संस्मरण ।**

*–मूल्यांकन*

नाप्दै - बांड्दै जान्थें । हप्ताको एकचोटी म पैसा उठाउन जान्थे । त्यसैले, हाम्रो घर चलिरहेथ्यो ।

एक दिन अचानक एक घण्टा पनि बिरामी नपरीकन लालमू मऱ्यो । घरमा रूवाबासी भयो । त्यस दिन खाना पनि पाकेन । हामीहरूले घरकै अगाडि एउटा खाल्डो खन्यौ र एकमाना चामल, एक रूपियाँको भारू डबल र एकमुठी सिंदूर राखीकन फूलमाला राखी लालमूलाई गाडिदियौ । हामीलाई धेरै दुःख भयो ।

दार्जीलिङमा रक्सी बनाउने भने पछि धेरै गाह्रो । एक्ससाइज भनिन्थ्यो त्यहां, त्यसले रक्सी बनाउनेलाई पक्डन्थ्यो । एक्ससाइज भनेको सायद कर बिभाग वा त्यस्तै कुनै प्रशासनिक अंग थियो । त्यस्तो अवस्थामा पनि आमाले मट्टीतेलको टिनमा चामलको जांड बनाएर, अनि तारको जाली के के राखी माथि भाँडामाथि राखेर अति गोप्य ढंगले रक्सी बनाउन थाल्नु भयो । अब त्यो रक्सी बजारको चिया पसल (रेष्टुरां) मा कसरी पुऱ्याउने ? त्यो काम धेरै गाह्रो थियो ।

त्यतिबेला सायद म स्कूलमा छ क्लासमा पढथें । त्यतिखेर त्यहाँ स्कूल जानेले झोलामा किताब बोक्ने चलन थिएन । केटाकेटी सबैले किताबहरू हातमै बोकेर स्कूल जान्थे । तर, मैले झोला बोक्न थाले । त्यतिबेला त्यहां एक किसिमको नरमखालको चारपाटे मिलिट्री व्याग पाइन्थ्यो । आजभोलि जस्तो पोलिथिन सोलिथिन व्याग केही थिएन । त्यो मिलिट्री व्यागमा म रक्सी राखेर लान्थें । एक व्यागमा मुस्किलले डेढ माना रक्सी अट्थ्यो । म हरेक दिन एक व्याग बोकेर जान्थे । हरेक दिन त्यो व्याग बोकी म चिया पसलमा जान्थे र किताब झिकेर रक्सी भएको व्याग त्यहां बुझाउंथे । त्यसपछि म स्कूल जान्थें । बेलुकी स्कूलबाट फर्केर आई त्यही पसलमा पुग्थें र खाली व्याग र पैसा बोकी घर फर्कन्थें ।

तर, हाम्रो घर त्यतिले पनि चल्न सकेन । त्यतिबेला दार्जिलिङ्गमा गोरूको, गाईको एक शेर आन्द्रा भूँडी आठ पैसामा पाइन्थ्यो । त्यतिखेर त्यहाँ अहिले जस्तो जोख्नको लागि किलो सिलो थिएन । नापमा चालीस शेरको एक मन हो । त्यो आन्द्रा भुँडी दश पन्ध्र शेर किनेर आमा र म तल काफीबारी (जहाँ म जन्मैं) मा लगेर बेच्थ्यौं । हरेक हप्ता विहीवारको दिन त्यो काम गर्थ्यौं । त्यतिखेर प्लाष्टिक स्लाष्टिक केही थिएन । डुन्छेमा बोक्थ्यौं । आन्द्रभुँडीको पानी चुहेर पछाडिको जम्मै लुगा भिज्थ्यो । त्यहां तल गएपछि मेरी आमाकी माइली बहिनीकहाँ हामी बस्थ्यौं । बेलुकी फर्कन भ्याइदैनथ्यो । हामी त्यहीं बास बस्थ्यौं । भोलिपल्ट विहानै उठेर फर्कन्थ्यौं । विहान उठेर आई आमा कुल्ली काम गर्न जानुहुन्थ्यो । म होमवर्क सोमवर्क के के छ, गरेर स्कूल जान्थें । यसरी प्रत्येक विहीवार दुई तीन वर्षसम्म स्कूलमा आधा विदा लिएर गाई गोरूको आन्द्राभुँडी बेच्न जाने काममा मैले आमालाई सघाएँ ।

कुरा के थियो भने, त्यतिबेला त्यहाँ शिक्षकले औपचारिक रूपमै आधा दिन विदा दिने चलन थियो । मैले स्कूलमा विदा माग गरी लिएर नै त्यो काम गर्थें । विहीवार स्कूलमा खेल्दा खेल्दै मैले विर्से भनेपनि "ल ल मस्तराम जानेबेला भएन र ?" भनेर टिचरहरू कराउँथे । मेरो नाम त्यतिखेर मस्तराम थियो । औपचारिक नाम मै मस्तराम थियो । अर्थात घरको, स्कूलको सबै ठाउँको मेरो नाम नै त्यतिखेर मस्तराम थियो । अहिलेको नाम त मैले आफैले पहिलेको नाम फेरेर पछि राखेको हो । मेरो न्वारनको नाम अझ अर्कै छ- तेजबहादुर ।



मेरो नाम मस्तराम कसरी हुन गयो भन्नेबारे सानो एउटा कथा छ ।

मेरो बाजेले घरको पूजा "देवाली" गर्दा पुर्खाको नाम सम्झियोस् भनेर मेरो नाम मस्तराम राखीदिनुभयो । मेरा पुर्खाहरू दुर्गादास, मस्तराम के के हो, आदि थिए । पछि गएर ती सबै नाम पछिल्ला सन्तानहरूले बिर्सिदिलान् भनेर बाजेले मलाई त्यो नाम दिएका रहेछन् ।

म सोच्दछु- तामाङ्गको नाम त सोनाम, वाङ्दी, साङ्गे, लाक्पा आदि हुनुपर्ने हो । तर, मेरो नाम मस्तराम कसरी हुन पुग्यो ?

सायद काभ्रेको पहाडको कतै टुप्पामा हाम्रो पुर्खाको गाउँ अझै पनि छ । हाम्रो चारपाँच पुस्ता अगाडिको पुस्ता काभ्रेमा थियो । मलाई लाग्छ, सायद् त्यतिबेला त्यहाँ कुनै जोगी आयो होला र ऊ बर्षौंसम्म बस्यो होला, मन्दिर बनाएर । उसले हाम्रा बराजुहरू जन्मने बित्तिकै नाम राख्दै गयो होला । ती नामहरू त हिन्दु नामहरू नै भए नि, तामाङ्ग नाम त होइन । त्यो "मस्तराम" भन्ने नाम त्यसरी आयो होला भन्ने मलाई लाग्छ ।

प्रसंगमा भनिहालौं, हाम्रो पुर्खाको गाउँ काभ्रेको दोलालघाटबाट माथितिर रहेको कार्तिके भन्ने गाउँ हो । हामीहरू २००७ सालमा यहाँ आएपछि हाम्रा बाजे बराजुहरूको सुनेको नामबाट त्यो ठाउँ कहाँ हो भनेर खोज्ने विचार गऱ्यौं । हामीलाई आमाले गाली गर्दा "यो कार्तिके .... भनेर भन्नुहुन्थ्यो । त्यसको अर्थ कार्तिके भन्ने गाउँ नेपालमा कतै अवश्य पनि छ भन्ने हामीलाई लाग्यो । अर्को कुरो, बाजेहरूले कुरा गर्दाखेरि कोशी नदीको, सैलुङ्गा लेकको कुरा गर्नु हुन्थ्यो । "उँभो त सैलुङ्गको लेकैमा, मालिङ्गोको धारीमा" भनेर बाजेहरू गीत गाएर नाच्नु हुन्थ्यो । यहाँ आएर सैलुङ्ग लेख खोज्दा त्यो पनि भेटियो र कार्तिके भन्ने खोज्दा त्यो पनि भेटियो । तर, कार्तिके दुइटा पाइयो । एउटा कमान सिंह लामाको गाउँको कुँडारी छेउमा र अर्को, दोलाघाट माथिको पहाडको टुप्पामा । कमानको गाउँको छेउको कार्तिकेमा हाम्रो थरका मानिसहरू रहेनछन्, तर यता दोलाघाट माथिकोमा भने रहेछन् । त्यहाँ त हाम्रो थर "लो" को गाउँ नै रहेछ ।

त्यहाँ मेरा दाइ जानुभयो । त्यतिबेला मोटर जाने बाटो खोलिएको थिएन, मोटर सोटर पनि थिएन । उहाँ पैदलै जानुभयो । र, त्यहाँ पुगेर त्यहाँका मानिसहरूसँग बसेर कुराकानी गर्नु भयो दाइले । कुरो सबै मिल्यो । हाम्रा बराजुमध्ये कोही एक जना दार्जीलिङ्गतिर गएर फर्केनन् भन्ने कुरा पनि मिल्यो । हाम्रो घरमा पूजापाठ गर्ने तौरतरीका इत्यादि नाम साम सबै मिल्यो । त्यहाँ मेरा दाइलाई सबैले स्वागत गरे । उहाँलाई त्यहाँका मानिसहरूले बेलुकी कुखुरा काटेर रक्सी पनि ख्वाए तर, राती अचम्मै भयो ! घटना के घट्यो भने, राति त त्यस गाउँमा एकजना पनि लोग्नेमान्छे देखिएनन् । जहाँ गएपनि जुन घरमा गए पनि सबै ठाउँमा आइमाइहरू मात्र भेटिए । भोलिपल्ट बिहान पनि लोग्नेमान्छे कोही आएन । सबै बेपत्ता भए । के भयो ? के भयो ? केही थाहा भएन दाइलाई, उहाँ फर्कनु भयो ।

दाइले त्यहाँबाट फर्केर आई हामी सबैलाई त्यहाँको घटना सुनाउनु भयो । मैले केही काम परेर लोग्नेमान्छेहरू हिँडेका होलान् भनेर दाइलाई भनें ।

त्यसको बीस वर्षपछि त्यहाँकी एक चेलीलाई मैले भेटें । एउटै थरले गर्दा मसंग कुरा मिल्यो र कुराकानी राम्रै भयो । ऊ एउटी लोसा थिई । हाम्रो लो थरमा स्वास्नी मान्छेलाई "लोसा" भनिन्छ । तामाङ्ग जातिमा महिलालाई थरको पछाडि "सा" थप्ने चलन छ । मैले उनलाई "घर कहाँ हो ?" भनेर सोधें । उनले उनको गाउँ कार्तिके भएको बताइन् । उनी करीव करीव ३५/४० वर्ष उमेरकी हुँदी हुन् । उनको विवाह थानकोटमा भएको रहेछ । त्यतिखेर मैले सोधें- "आजभन्दा केही वर्ष अगाडि मेरा दाइ तपाईंको गाउँमा जानु भएको थियो । हाम्रो पिता पुर्खाहरू त्यहींका हुन् भन्थे । रीतिथिति पनि सबै मिल्यो । यसबाट हामीहरू त्यहींबाट हिँडेको भन्ने कुरा चाहिं सावित भयो । तर त्यो कुराकानी पछि बेलुकी सबै लोग्ने मान्छेहरू भागे, किन ?"

उनले भनिन् "ल ! किन नभाग्नु ? चार पाँच पुस्तादेखिको अंश खोज्न आयो, पढे लेखेको मान्छे छ, हामी पढे लेखेको मान्छ होइनौं । अब यसले त गाउँ सबै खाने भयो भनेर सबै भागेका हुन् !"

त्यो सुनेर म जिल्ल परें । यो घटना सायद २०१० सालतिरको होला । (*क्रमशः*)

◆ **प्रस्तुतिः तुल्सीदास महर्जन**



# प्रजातन्त्र त फेरि पनि हिजैका मण्डले अपराधीहरुलाई आएछ !

❑ फणिन्द्रप्रसाद न्यौपाने

*२२ वर्षसम्म कम्युनिष्ट पार्टीमा पेशेवर कार्यकर्ता भएर काम गरिसक्नु भएका र अहिले कुनै पनि पार्टीसँग सम्बन्धित नहुनु भएका एक कमरेडको नाम हो– फणिन्द्रप्रसाद न्यौपाने । उहाँ हालै घोषणा गरिएको 'समाजवादी आन्दोलन, नेपाल' का संयोजकहरूमध्येका एक हुनुहुन्छ ।*

*बाबु गोपीलाल न्यौपाने र आमा धनकुमारी न्यौपानेको चौथो सन्तानको रूपमा उहाँको जन्म विक्रम सम्वत १९९७ मा लम्जुङको विचौरमा भएको थियो । अहिले उहाँको स्थायी बसोबास चितवन, भरतपुर १० हो । हाल उहाँ छोराछोरी तथा श्रीमतीको साथमा काठमाडौं घट्टेकुलोमा डेरा गरी बस्नु हुन्छ । हालै क. न्यौपानेसँग मूल्यांकनले एक अन्तर्वार्ता लिएको थियो । प्रस्तुत छः सोही अन्तर्वार्ता ।*

**तपाई कहिलेदेखि राजनीतिमा लाग्नु भएको थियो ?**

– म २०२२ सालबाटै कम्युनिष्ट आन्दोलनमा लागेको हुँ ।

**कस्को प्रेरणाले तपाई राजनीतिमा लाग्नु भयो ?**

– देशभित्रका कुनै व्यक्ति विशेषले भन्दा पनि चीनबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको अध्ययन, 'चीनी जनसंघर्षको इतिहास' भन्ने किताब, 'ओयाङ्हाईको गीत' आदिले मलाई कम्युनिष्ट आन्दोलनमा लाग्न प्रेरणा मिल्यो । होचिमिन्हको जीवनी, भियतनाम युद्ध, पेचिङ्ग रेडियो, यी सबले ममा रहेको अन्यायविरोधी भावनामा आगोमा घिउ थप्ने काम गरे ।

**तपाईंले हालसम्म कुन कुन पार्टीमा रहेर काम गर्नुभएको छ ?**

– २०२२ सालदेखि ०२७ सालसम्म कुनै पनि केन्द्र नमान्ने भनेर चितवन जिल्लामा जिल्ला संगठन समिति बनाएर काम गरियो । ०२७ सालपछि मोहनविक्रम सिंह, निर्मल लामाहरूले बनाउनु भएको केन्द्रीय न्यूक्लससंग सम्बन्ध कायम गरेर ०३१ सालमा भएको चौथो महाधिवेशनमा सामेल भई सोही पार्टीभित्र रहेर काम गरियो ।

**पार्टीमा रहेर काम गर्दा तपाईंले आफ्नो नेतृत्वमा कुन कुन ठाउँमा के के आन्दोलनहरू उठाउनु भयो ?**

– म चौ.म.को शुरूदेखि नै जिल्ला कमिटीमा थिएँ र ०३६ सालपछि क्षेत्रीय ब्यूरोमा र ०३८ सालमा भएको अखिल नेपाल किसान संघको राष्ट्रिय सम्मेलनबाट केन्द्रीय उपाध्यक्ष समेत भएर काम गरें, पार्टी केन्द्रीय समितिमा पनि रहेर काम गरें । खास गरेर चितवन जिल्लामा भएका थुप्रै जाली फटाहाविरोधी आन्दोलन, भूमिकरविरोधी आन्दोलन र ०३५-३६ को देशव्यापी जन आन्दोलनमा सक्रिय भएर जिम्मेवारी लिइएको थियो ।

**तपाईंले भूमिगत अवस्थामा पनि पार्टी कामहरू गर्नुहुँदा के कस्ता अनुभवहरू बटुल्नु भयो ?**

– २०३३ सालमा राजकाज मुद्दा लागेपछि भूमिगत जीवन शुरू भयो । २०३४ सालमा सार्वजनिक मुद्दा लाग्यो, भूमि करविरोधी आन्दोलनमा र ०३५-०३६ को जन आन्दोलनमा, खास गरेर, चितवन जिल्लाको जनसंघर्षको सकृय नेतृत्व गरेवापत ममाथि राजनैतिक प्रतिशोधको रूपमा जंगल मुद्दा लगाइयो । पछि मैले पूरै भूमिगत भएर पार्टी काम गरें । त्यतिखेर भूमिगत रूपमा पार्टी काम गर्दा आनन्द लाग्थ्यो । किनभने जनताको पार्टीका साथीहरूको न्यानो माया पाइन्थ्यो । ऐले जस्तो विसंगति र विकृतिले विकास गरिसकेको थिएन । अहिलेको जस्तो असंवेदनशील, मानवीय मूल्य र मान्यतामा ह्रास आएको स्थिति थिएन । सुदूर पूर्वमा वा सुदूर पश्चिममा कुनै एकजना साथीमाथि प्रतिकृयावादीको आक्रमणप्रति पूरै देश हल्लिन्थ्यो । नेताहरूप्रति पनि आदर र सम्मान भाव थियो ।

**भूमिगत अवस्थामा रहँदा तपाईंमाथि जुन बन मुद्दा पनि लागेको थियो, त्यो मुद्दा कसरी लाग्यो ? अलि विस्तृतमा बताईदिनु हुन्छ कि ?**

– २०३५-०३६ सालको आन्दोलनको कारणले आंशिक खुला भई आन्दोलनको अगुवाई गरियो, यसले गर्दा जाली फटाहाहरू हायल कायल भएका थिए । जनमत संग्रहको घोषणापछि विस्तारै आन्दोलन सिथिल भयो । म पुनः पुरै भूमिगत भएँ । त्यतिखेरै २०३७ सालमा मलाई राजनैतिक प्रतिशोध लिनका लागि झुट्ठा बन मुद्दामा फसाइएको हो । एकतर्फी फैसला गराएर बिगो जरिवाना र कैद समेत तोकेर फैसला गरेको हो ।

**यदि तपाईंलाई झुठो मुद्दामा फसाइएको हो भने "प्रजातन्त्र"को स्थापना पछि त त्यसको टुंगो लाग्नुपर्ने हो नि ! त्यसको लागि तपाईंले प्रयास गर्नु भएन ?**

– प्रयास त लागे पुगेसम्म गरियो, तर त्यो मुद्दाको अझै टुंगो लागेको छैन ।

**किन अहिलेसम्म टुंगो लाग्न सकेन त ?**

– हेर्नुहोस् "प्रजातन्त्र" त फेरि पनि हिजैका मण्डले अपराधीहरूलाई नै आएछ । किनभने वहुदल आइसकेपछि पनि मरिचमानका पालामा समेत अपराधी ठहरिएका डि.वि.लामा, भरत गुरूङ्ग जस्ताले माफी पाए । एमालेको नौ महिने कालमा मोहनगोपाल खेतान जस्ताले माफी पाए, तर म जस्ता थुप्रै पंचायतविरोधी आन्दोलनमा लागेकाहरूको राजनैतिक मुद्दा माफी मिनाहा भएको छैन । बहुदल आइसकेपछि अन्तरिम कालमा झलनाथ खनाल बनमन्त्री हुनुहुँदा पनि कोशिस गरियो, तर काम गरेनन् । आम चुनावपछिको सरकारलाई भनियो, गरेन । एमालेको नौ महिने कालमा के.पि. ओलीलाई पनि भनियो, गरेनन् । बरू त्यतिखेरै मोहनगोपाल खेतान जस्ता तस्करलाई माफी मिनाहा गरे । त्यसपछि देउवाको पालामा पनि भनसुन गरियो, भएन । बामदेब गौतमको गृहमन्त्रीत्वकालमा मिसिल क्याविनेटसम्म जाने तयारी हुँदै थियो, सरकारै ढल्यो । त्यतिकै रोकियो । अहिले गोविन्दराज जोशी गृहमन्त्री भएपछि त भन् जिल्लामै बुझ्ने भनेर सिडिओकहाँ पो पठाए त, उल्टो पो

भयो । क्याबिनेटमा जानुपर्ने फायल सिडिओकहाँ पो पठाइदिए । यस्तै छ, प्रजातान्त्रिक सरकारको हालचाल ! के भन्ने खै ?

**● तपाईं त्यत्रो वर्ष पार्टीमा बसेर काम गर्नु भएको मान्छे, अहिले कुनै पार्टीमा पनि हुनुहुन्न । किन पार्टी छोड्नु भएको ?**

– तपाईंले जस्तै मलाई थुप्रै साथीहरूले यस्तै यस्तै प्रश्नहरू सोध्ने गर्छन् । कथा व्यथा धेरै छन्, तर म छोटकरीमा भन्ने कोशिस गर्छु ।

२०२२ सालबाट पार्टीमा लागेर हण्डर ठक्कर खाँदै ०४८ सालमा आएर पार्टीबाट अलग हुनु पर्दा एक हिसाबले चिन्तित बनायो, भने अर्को हिसाबले आनन्दित पनि बनायो । किनभने मैले पार्टी छोडेको कम्युनिष्ट आन्दोलनबाट भाग्न छोडेको पनि होइन र मार्क्सवादप्रति मोहभंग भएर छोडेको पनि होइन । एउटा कम्युनिष्ट पार्टीमा न्यूनतम रूपमा पनि हुनुपर्ने वैज्ञानिक समाजवादी दृष्टिकोण, वैचारिक स्पष्टता, नैतिक सांस्कृतिक स्तर, जनवादी केन्द्रीयतामा आधारित सामूहिक नेतृत्व, जनसत्ता सम्बन्धी स्पष्ट धारणा आदि आधारभूत र प्राथमिक सवालहरूमा नै अन्योलग्रस्त पार्टीहरू कसरी कम्युनिष्ट पार्टी हुन सक्छन् र ? यस्तो लागेर पार्टीबाट अलग भइएको हो । यी माथिका आधारभूत सवालहरूतिर ध्यान दिनु पऱ्यो, नत्र हाम्रो पार्टी कम्युनिष्ट हुन सक्दैन, यो पार्टी पेटीबुर्जुवाको पार्टी जस्तो भयो, छलफल अध्ययन गरेर सबै विषयमा स्पष्ट हुनतिर लागौं भन्दा पार्टीका साथीहरू मान्नु भएन । ०४० सालबाट ०४८ सालसम्म यस्तै विवाद गरेर अन्तरसंघर्ष गर्दै बिताइयो । तैपनि साथीहरू सहमतिमा आउनु भएन । त्यसपछि मात्र पार्टीबाट अलग हुने काम भयो ।

**● तपाईं अहिले कुनै पार्टी खोल्नतिर लाग्नु भएको छ भन्ने पनि सुनिन्छ नि ?**

– मैले माथि नै भनें कि, म मार्क्सवाद र कम्युनिष्ट आन्दोलनबाटै भाग्न खोजेको होइन भनेर । त्यसैले कम्युनिष्ट पार्टी नै त होइन, तर कम्युनिष्ट पार्टी निर्माण गर्ने उद्देश्यतिर जानको लागि वैज्ञानिक समाजवादी आन्दोलनलाई योजनाबद्ध दिशातिर लैजान साथीहरूको बीचमा सानोतिनो रूपमै भए पनि संगठन त चाहिंदो रहेछ भन्ने लागेर एउटा फोरमसम्म त बनाउनु पर्छ भन्ने चाहि लागेको छ । त्यसैले, हालै 'समाजवादी आन्दोलन, नेपाल' नामक आन्दोलन र संगठनको घोषणा हामीले गरेका छौं ।

**● तपाईंले खोल्न लागेको संगठन र यहाँ भएका पार्टीहरूबीच के भिन्नता रहन्छ ?**

– मुख्य कुरा, यहाँ अहिले भएका पार्टीहरूलाई वास्तविक रूपमा कम्युनिष्ट पार्टी हुन वा होइनन्, यसमा नै प्रश्न उठेको छ । हामी अहिले नै कम्युनिष्ट पार्टी खोल्न गैराखेका छैनौं । किनभने एउटा कम्युनिष्ट पार्टी हुनका लागि थुप्रै आधारभूत र प्राथमिक सवालहरू नै हल भएका छैनन् भन्ने हाम्रो मान्यता छ । जस्तै, दर्शनकै सवाल, द्वन्दात्मक भौतिकवादको नाममा मूलतः अधिभूतवाद र यान्त्रिक भौतिकवादी सोचले काम गरिराखेका छन् यहाँका पार्टीहरू । वैचारिक सवालमा यस्तै छ । देशको वर्गीय संरचना के छ ? राज्यसत्ताको चरित्र के छ ? सबै हचुवा र रूढीवादी ढंगले, यान्त्रिक नक्कलको भरमा चलेका छन् । त्यसैले दृष्टिकोण, विचार निर्माण, देशको आर्थिक, सामाजिक, ऐतिहासिक, भौगोलिक स्थितिको अध्ययनका साथै, सिद्धान्तलाई व्यवहारमा र जीवनमा अनुवाद गर्न सक्ने हैसियत प्राप्त क्रान्तिकारीहरूबाट मात्र कम्युनिष्ट पार्टी निर्माण हुन सक्छ भन्ने मलाई लागेको छ । अहिलेको अवस्थामा त्यस्तै सचेत क्रान्तिकारी पार्टी निर्माण गर्ने आन्दोलनको जरूरत छ भन्ने लागेको छ । सचेत, जागरूक, आलोचक र सर्वप्रथम आफैंसंग संघर्ष गर्ने मानिस तयार गर्नको लागि एउटा वैज्ञानिक समाजवादी आन्दोलन (मञ्च) को जरूरत छ ।

> मैले पार्टी छोडेको कम्युनिष्ट आन्दोलनबाट भाग्न छोडेको पनि होइन र मार्क्सवादप्रति मोहभंग भएर छोडेको पनि होइन ।

**● तपाईं जस्तै पार्टीहरूबाट असन्तुष्ट भएर बाहिरिएका तपाईंका साथीहरूसम्म पनि त यो संगठनको बारेमा कुराकानी गर्नु भएको होला नि ?**

– म जस्तै विभिन्न पार्टीबाट अलग भएर बसेका थुप्रै साथीहरू हुनुहुन्छ । कुराकानी भै राखेको छ । कतिपय साथीहरूसंग त विगत लामो समयदेखि संगसंगै अध्ययन सर्कल बनाएर विविध विषयमा नियमित छलफल रूपमा चल्दै आएको पनि छ ।

**● उहाँहरूको प्रतिक्रिया के छ त ?**

– धेरै साथीहरूको राय के छ भने, यहाँ भएका कम्युनिष्ट पार्टीहरू सबै नाम मात्रका भए- अति दायाँपंथी र अति बायाँपंथीको रूपमा । ठीक दिशा सबैले छोडे । अब सुध्रने संभावना पनि रहेन । त्यसैले सिद्धान्तलाई व्यवहारमा उतार्न सक्ने नयाँ संगठनको आवश्यकता छ ।

**● के तपाईंको परिवार पनि तपाईंको सिद्धान्तप्रति नै प्रतिबद्ध छन् ?**

– हिजो म पार्टीमा काम गर्दा सबै परिवारका सदस्यहरू छोरा, छोरी विद्यार्थी संगठनमा र श्रीमती महिला संगठनमा बसेरै काम गरेका हुन् । अब पनि आन्दोलनलाई सहयोग गर्ने स्थितिमा छन् ।

**● आजकल तपाईं के गरेर दिन बिताउनु हुन्छ ?**

– बिहान बेलुका रेडियो, टि.भि.मा समाचार सुन्छु, पत्रपत्रिका पढ्छु । बाँकी समयमा अरू किताबहरू पढ्छु । आन्दोलनका बारेमा साथीहरूसँग विचार आदानप्रदान र छलफल गर्ने गर्छु । खास खास विषयमा जनसंघर्षहरू हुँदा तिनमा सहभागी पनि हुन्छु ।

**● तपाईंको जीविका कसरी चलिरहेको छ ?**

– म अहिले काठमाडौंमै बस्छु । चितवनमा मेरो ४ विगाहा जमीन थियो । त्यो ०४९ सालमै सबै बिक्री भयो । त्यही पैसाको बाँकी बक्यौतावाट जीविका चल्दैछ ।

**● फुर्सदको समयलाई के गरेर बिताउनु हुन्छ ?**

-माथिनै भने, पत्रपत्रिका किताब पढ्ने, साथीहरूसंग भेटघाट, छलफल यस्तै हो ।

**● टि.भि. तथा फिल्म चाहिं कस्तो हेर्नु हुन्छ ?**

- टि.भि. त हेर्छु नै । तर फिल्म चाहिं पाकिस्तानी टेलिफिल्म मात्र हेर्छु । अरू खास हेर्दिनँ ।

**● कस्तो खाले फिल्म तथा टि.भि. कार्यक्रम तपाईंलाई मनपर्छ ?**

- "बलिदान" जस्तो फिल्म र हाल प्रशारण हुने गरेका पाकिस्तानी टेलिफिल्म जस्ता टेलिफिल्महरू मनपर्छ ।

**● थप तपाईंको रूचि केमा छ ?**

- किन हो कुन्नि आजकल त कम्युनिष्ट आन्दोलनका विभिन्न विषयमा छलफल गरिरहन पाए हुन्थ्यो जस्तो लाग्छ ।

**● देशी तथा विदेशी साहित्यकारहरूमा तपाईं कसलाई मन पराउनु हुन्छ ?**

- लुशुन, गोर्की, शरदचन्द्रलाई म मन पराउँछु । तर्क, मनोविज्ञानपरक रूढी परम्पराविरोधी एवं आलोचनात्मकता भएका रजनीशका किताबहरू पनि म पढ्ने गर्छु ।

◆ गीतकार तथा संगीतकारहरूमा तपाईं कसलाई मन पराउनु हुन्छ ?

- रायन र रामेश । स्वर, शैली मात्रलाई लिने हो भने नारायण गोपाल र रामकृष्ण ढकालका स्वर, शैली पनि म मन पराउँछु ।

**● तपाईंलाई मनपर्ने खाना के हो ?**

- लोकल कुखुराको मासुसित मकैको ढिडो ।

**● नेपाल तथा विश्वका नेताहरूमा तपाईं कुन कुन नेताहरूलाई मन पराउनु हुन्छ ?**

- म लेनिनलाई मन पराउँछु । लेनिनपछिका नेताहरूमा म सबैभन्दा बढी क. शिवदास घोषलाई मन पराउँछु । उहाँले विश्व कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट पार्टीको सांगठनिक सिद्धान्तका क्षेत्रमा एउटा नयाँ र सृजनशील सोचको विकास गर्नु भएको छ ।

**● अब त चुनावको चहलपहल बढ्दै गइरहेको छ । यो चुनावमा तपाईं कसलाई सघाउनु हुन्छ ?**

- मेरो चाहना त संयुक्त बाम उम्मेदवारलाई सघाउने हो । तर त्यो चाहना पूरा होला जस्तो देखिंदैन । तर पनि उठेका मध्ये राम्रोलाई भोट दिनु पर्ला । ❑





# लामो र पीडादायी कारावासको शुरुवात

## क. नागभूषण फाँसी चढ्न तयार थिए !

### यातना शिविरमा

क. नागभूषण पटनायक पहिलो २ वर्षमा जेल जाने नक्सलवादी नेताहरूमध्ये पर्दथे । त्यस्तै, जेल तोडेर खुला संसारमा निस्कने नक्सलवादी नेताहरूमध्ये पनि उनी सबैभन्दा अगाडि थिए । त्यति मात्रै होइन, केही महिनाको मुक्तिपछि फेरि गिरफ्तार भएर लामो र पीडादायी कारावासको सजायँ भोग्नहेरूमा त उनी अग्रिम पंक्तिमा परे ।

जुलाई, १९७० मा कलकत्तामा क. अपालासुरका साथ गिरफ्तार भएपछि उनी प्रहरीहरूको निर्मम शारीरिक यातनाका शिकार भए ।

**नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा**

प्रहरी यातनाका बारेमा उनी आफैंले भनेका थिए- "जुलाई, १९७० मा कलकत्तामा त्यहाँको पुलिसले मलाई र कमरेड अप्पलासुरीलाई एक्कैचोटी गिरफ्तार गरे । हामी दुवैलाई अनेक ढंगले यातना दिइयो । उनीहरूले मेरो खुट्टा डोरीले बेस्सरी बाँधे, अनि भुँइमा लडाएर चुट्नसम्म चुटे, कुटे, पिटे ! त्यसपछि फेरि उनीहरूले डोरीले बाँधिएको खुट्टामाथि पंखामा भुण्ड्याए अनि मलाई उल्टो भुण्ड्याएर भयानक सास्ती दिए । त्यसपछि उनीहरूले लाठीले कुट्न थाले । धेरैजसो त पैतालामा कुटियो । हामीलाई पाँच दिनसम्म नाममात्रको खाना दिइयो र सास्ती एवं यातनाको क्रमलाई भने निरन्तर जारी राखियो । मेरा खुट्टाहरूमा घाऊ नै घाऊ भए, माथि माथिसम्म सुन्नियो । पछि त त्यसको संवेदनाको क्षमता पनि हराउन थाल्यो । म खुट्टाले टेकेर उठ्न पनि नसक्ने भएँ !'

'म गिरफ्तारीभन्दा अगाडिदेखि नै बिरामी थिएँ । तर बिरामी मान्छेलाई यति धेरै यातना दिइयो कि, मेरो हालत गम्भीर हुन थाल्यो । सर्वोदय आन्दोलनकी नेतृ मालती चौधरीले हाम्रो यो हालत नदेखेकी भए सायद तपाईंहरूले मलाई जिउँदो मान्छेको रूपमा देख्न पनि पाउनु हुने थिएन ।'

'उनीहरूले हामीलाई केही दिनसम्म कलकत्ताको लालबजार थानामा राखीछाडे । यस्तो गम्भीर हालतमा हामीलाई बाहिर लैजाने साहस उनीहरूसँग थिएन । किनकि, उनीहरू जनताको संभावित प्रतिक्रिया देखेर डराएका थिए । त्यसैले उनीहरूले हामी केही सुस्तरी हिंडडुल गर्न सक्षम नभएसम्म पर्खने काम गरे । त्यसपछि उनीहरूले म [illegible]ई र अप्पलासुरीलाई हवाइजहाजवाट विशाखापटनमसम्म लगे ।'

'हामीलाई यसरी यातना दिइनुका पछाडि उनीहरूको इच्छा थियो'- कमरेड चारू मजुमदारको ठेगाना पत्ता लगाउने ! पुलिसलाई के लागेको थियो भने, हामी दुवै जना क. चारू मजुमदारलाई भेट्नका लागि कलकत्ता गएका हौं । त्यसैले उनीहरूले क. चारूको ठेगाना पत्ता लगाउन हामीमाथि आफ्नो तर्फबाट सम्पूर्ण उपाय प्रयोग गरे, तापनि उनीहरू आफ्नो इच्छा पूरा गर्न असफल नै भए । जब उनीहरूले म वकिल हुँ र आफ्नो राजनीतिक आस्थामा दृढ छु भन्ने कुरा थाहा पाए, तब उनीहरूले यातनाको क्रमलाई बन्द गरे । पछि मैले उनीहरूसँग धेरै विषयमा कुराकानी पनि गरें । पूरै निर्मल र मुक्त मनले मैले उनीहरूलाई आफ्नो विचारधाराको बारेमा बताएँ । तर उनीहरूले सांगठनिक मामिलामा सोधपुछ गर्ने कामलाई भने ठ्याप्पै रोके !'

### "म फाँसी चढ्न तयार थिएँ !"

विशाखाप्टनममा लगिएपछि उनीहरू दुवैजनामाथि भारतीय सरकारले मुद्दा चलायो । उनीहरूलाई बहुचर्चित पार्वतीपुरम र जयपोर मुद्दाका अलावा अन्य कैयौं षड्यन्त्र काण्डहरूमा फँसाइयो । १९६९ मा भएको पार्वतीपुरम षड्यन्त्र काण्डमा एकजना जमीन्दारको हत्या गरेको आरोपमा उडिसा र आन्ध्र प्रदेशका १४० जना नक्सलवादी नेता कार्यकर्ताहरूलाई फँसाउन खोजिएको थियो । त्यसमा फँसाइएका अधिकांश नक्सलवादी नेताहरूलाई सरकारले गिरफ्तार गर्दै अदालतमा पेश गर्नुको साटो गोलीले उडायो । वेम्पटापु सत्यनारायण, आदिबाटला कैलाशन, डा. मल्लिकार्जुन, डा. छागण्टी भास्कर राव, कवि सुब्बाराव पाणिग्रही, पंचादी कृष्णमूर्ति र उनकी पत्नी निर्मला लगायत अधिकांशलाई मुठभेडको नाममा गोलीले उडाइयो ।

पार्वतीपुरम षड्यन्त्र काण्डका



**मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । यस क्रममा यहाँहरूले नक्सलवादी आन्दोलनको उभारबीच चर्किएको विवादमा उहाँको भूमिका र गिरफ्तारीबारे गतांकमा पढ्नु भयो । यस पटक प्रस्तुत छः त्यसपछिको प्रसंग ।**

**–मूल्यांकन**

मुख्य अभियुक्त मानिएका नागभूषणको गिरफ्तारी निकै चर्चित भएकोले उनलाई सरकारले गैरकानूनी ढंगले गोलीले उठाउन सकेन । त्यसैले कानूनी उपायद्वारा उनको हत्या गर्न अदालतको प्रक्रिया शुरू गरियो ।

अन्ततः ३० नोभेम्बर, १९७० मा उनी आफू वकिल भए तापनि उनले आफ्नो र आफ्ना साथीहरूको जीवनरक्षाका लागि कानूनी प्रतिरोध गरेनन् । शासक वर्गको कानून र तिनका न्यायाधीशहरूबाट न्याय पाउने उनमा पटक्कै विश्वास थिएन । विशाखाप्टनमका १७ अतिरिक्त न्यायधीशहरूले सरकारको इच्छा पूरा गरे । उनीहरूले सरकारको इच्छानुसार उनीसहित ३ जना अन्य नेताहरूलाई फाँसीको सजायँ सुनाए, अन्य ८ जना नेताहरूलाई आजीवन कारावासको फैसला सुनाए ।

"हो, म लगायत अरू तीन जना कमरेडहरूलाई झुण्ड्याएर मार्ने फैसला सुनाइयो । तर मलाई थाहा थियो– पार्वतीपुरम षड्यन्त्र काण्डसम्बन्धी न्यायिक फैसला कस्तो हुनेवाला छ भन्ने कुरा ! जब जेलका सुपरिटेण्डेण्टले मलाई यो फैसला सम्बन्धी खबर दिए, तब उनको मनस्थिति निकै असजिलो स्थितिमा फँसिरहेको थियो । तर म भने पटक्कै विचलित भइनँ । कालकोठरीमा एकान्तवासको जिन्दगी भोगिरहेका मेरा केही कमरेडहरूले जब आफूहरूलाई पनि फाँसीको सजायँ सुनाइएको खबर पाए, तब उनीहरू क्वाँ क्वाँ रोए, फाँसीको सजायँ पाएको मैले नै उनीहरूलाई सम्झाउनु बुझाउनु पर्‍यो । म पहिलेदेखि नै फाँसी चढ्न तयार थिएँ ।"

क. नागभूषणको आत्म बलिदान दिने दृढता प्रशंसनीय थियो, तर उनमा पनि त्यस बेला भावुक र रोमाण्टिक क्रान्तिकारी हुने रोग थियो । फाँसीको सजायँ सुनाउँदा भर्खर ३४–३५ वर्ष पुगेका नागभूषणले शत्रु वर्गको शासन सत्ता र अदालतको फैसलाविरूद्ध चुनौती खडा गर्ने काम गरेनन् । बरू त्यसो गर्नुको सट्टा सरकार र अदालतका विरूद्ध चुनौती खडा गर्नेहरूलाई समेत उनले हतोत्साहित गरे, फाँसी चढेर शहादत प्राप्त गर्ने र प्रख्यात हुने लोभमा !

## पार्टीभित्र संगठित विद्रोह र चीनद्वारा आलोचना

नागभूषणको गिरफ्तारी र फाँसीको सजायँ सुनाइएको समय भनेको त्यस्तो समय थियो, जुन बेला भाकपा माले र सिंगो सशस्त्र नक्सलवादी आन्दोलनले कोल्टे फेर्न लागिरहेको थियो ।

त्यतिखेरसम्ममा भाकपा(माले) का नेताहरूमध्ये अधिकांश शहीद भइसकेका थिए, बचेखुचेकाहरू जेलमा बन्द थिए । हजारौं हजार कार्यकर्ताहरू सुव्यवस्थित राज्य-दमनका शिकार भइसकेका थिए । सबैभन्दा विडम्बनाको कुरो त के थियो भने, भाकपा (माले) पार्टीको निर्माणको एक दुई वर्ष पनि बित्न नपाउँदै त्यसमा चर्को विभाजन र विखण्डनको प्रक्रिया शुरू भइसकेको थियो । टी. नागीरेड्डी, असित सेन, अमूल्य सेन, परिमल दास गुप्ता, कोसल रामदास, प्रमोद सेन गुप्ता र केपीआर गोपालन जस्ता नक्सलवादी आन्दोलनको शुरूवात ताकाका नेताहरू भाकपा (माले) को निर्माणको बेला नै अलग्गिएका थिए ।

पार्टी निर्माण भएपछि केन्द्रीय नेताका रूपमा क्रियाशील उत्तर प्रदेशका शिवकुमार मिश्र, बिहारका सत्यनारायण सिंह, बंगालका सुशीतल राय चौधरी र असीम चटर्जी आदि नेताहरूले पनि क. चारूको लाइनका विपरीत मतहरू संगठित ढंगले राख्न थालेका थिए ।

त्यसैबीच, अर्का केन्द्रीय सदस्य सौरेन बोसले २८ अक्टोबर, १९७० मा चिनियाँ नेताहरू चाओ एन-लाई र कांगशेंगसँग लामो कुराकानी गरे । उनी भारत फर्केपछि क. चारूका कैयौं प्रस्थापनाहरू र कार्यनीतिहरूमाथि जब्बर खालको प्रश्नचिन्ह खडा भयो । "चीनका अध्यक्ष हाम्रो पनि अध्यक्ष" भनेर नारा लगाउने नक्सलवादी नेताहरूका नेता क. चारूका प्रस्थापना र कार्यनीतिमाथि चिनियाँ नेताहरूले चीसोपानी खन्याइदिए ।

सौरेन बोससँग कुराकानीको क्रममा चिनियाँ नेताहरूले प्रस्तुत गरेका विचारहरूलाई सूत्रबद्ध गर्ने हो भने यस्तो देखिएको थियो– हामी बाबुझैं व्यवहार गर्ने पार्टीका विरोधी हौं । विश्वका महान नेताहरूलाई सम्मान गर्नु ठीक छ, तर अर्को देशको क्रान्तिलाई निर्देशित गर्ने नेतालाई आफ्नो देशको नेता मान्दा आफ्नो देशको राष्ट्रिय भावना खण्डित हुनेछ । मुट्ठीभर अग्रिम दस्ताले षडयन्त्रमूलक ढंगले वर्गशत्रुको हत्या गर्दा त्यो दस्ता जनताबाट अलग्गिने र प्रतिक्रियावादीहरूको चरम दमनमा पर्दछ । पूंजीपति वर्गमा पनि केही गद्दार हुने, केही देशभक्त हुने तथ्य याद गर्नु पर्दछ । किसानहरू जमीनको लागि होइन, राजनैति सत्ताको लागि लडिरहेका छन् भन्नु सही हुँदैन । न त जनआन्दोलन र जन संगठनबिना छापामार युद्ध शुरू गर्नु नै ठीक हुन सक्छ । र, नियमित सेना बनाउनु पर्दछ ।

सौरेन बोसले चिनियाँ नेताहरूका यी अनुभवजन्य आलोचनात्मक विचारहरू क. चारूसमक्ष राखे । क. चारूले "चीनका अध्यक्ष हाम्रा पनि अध्यक्ष" भन्ने नारा फेर्ने र नियमित सेना बनाउने कुरामा सहमति प्रकट गरे, अरू विचारहरूमाथि आपत्ति जनाए । चिनियाँ नेताहरूको तर्फबाट आएको यो आलोचनालाई क. चारूले केन्द्रीय समितिसमक्ष राख्नु पर्ने अप्ठ्यारो स्थिति आयो । तर अधिकांश नेता शहीद भइसकेको, जेलमा सडिरहेको र पार्टीको ढाँचा तहसतहस भइसकेको स्थितिमा त्यो संभव भएन । उनले बंगालका सरोज दत्त, सुनीति घोष, पंजाबका जगजीतसिंह सोहल उर्फ शर्मा र आन्ध्रका केजी सत्यमूर्ति र मुहम्मद रऊफसंग मात्र विचारविमर्श गर्न पाए ।

## विवाद र विभाजनको गहिराई

चिनियाँ पार्टीको आलोचना पार्टीसमक्ष नराखीकन क. चारूले लुकाएको आरोप लगाउँदै पार्टीभित्र ठूलो विवाद, मतभेद र विभाजनको स्थिति देखापर्‍यो । पार्टी बाहिर र भित्र शुरू भएको यो विवादले सिंगो नक्सलवादी आन्दोलन र विशेष गरी भाकपा (माले) को नीति र कार्यक्रम तथा पार्टी ढाँचाका लागि निर्णायक साबित भयो । विवाद देखापरेका प्रमुख मुद्दाहरू थिए– सशस्त्र संघर्ष शुरू गर्नु भन्दा पहिले जन आन्दोलनहरूमार्फत् जनाधार बनाउनु जरूरी छ कि छैन ? कि सशस्त्र संघर्ष शुरू गरेपछि आर्थिक सवालमा गोलबन्दी गर्न सजिलो हुन्छ ? शहरहरूमा मजदूर वर्गबीच काम कसरी गर्ने ? किसानहरू मध्ये धनी तप्काप्रतिको नीति सहयोगपूर्ण हुन्छ कि संघर्षपूर्ण ? ठूलो पूंजीपति वर्गको एउटा हिस्सा साम्राज्यवादविरोधी देशभक्तिपूर्ण आन्दोलनमा आउँछ कि पूरै पूँजपति वर्ग साम्राज्यवादसंग साँठगाँठ गरिरहेको छ ? आम जनता संसदीय भ्रमहरूबाट मुक्त भइसके कि अहिलेसम्म पनि चुनावमा भाग लिएर संसदीय व्यवस्थाको भण्डाफोर गर्नु जरूरी छ ? भूमिगत पार्टीलाई जनवादी केन्द्रीयताको सांगठनिक सिद्धान्त अनुसार चलाउन सकिन्छ कि सकिँदैन ? पार्टीभित्रका मतभेदहरूलाई हल गर्ने तरीका के हुनुपर्छ ? छापामार दस्ताका गोप्य कामहरूमा आउने भड्काउहरूबाट बच्ने सही उपाय के हो ? छापामार दस्तालाई घुमक्कड हुने र लम्पट तत्वहरूको घुसपैठ हुने रोगबाट कसरी बचाउने ? सशस्त्र संघर्षले शासक-वर्गको हमलाको शिकार भइरहेको बेला थप आक्रमण गर्ने कि दुई पाइला पछाडि हटेर शक्ति संचय गर्ने ? चिनियाँ बाटोलाई

पार्टीभित्रका मतभेदहरूलाई हल गर्ने तरीका के हुनुपर्छ ? छापामार दस्ताका गोप्य कामहरूमा आउने भड्काउहरूबाट बच्ने सही उपाय के हो ? छापामार दस्तालाई घुमक्कड हुने र लम्पट तत्वहरूको घुसपैठ हुने रोगबाट कसरी बचाउने ?

**त्यतिखेर क. कानु सान्याल र क. सुशीतल राय चौधरीले क. चारू मजुमदारको सातौं छापामार दस्ताद्वारा गरिँदै आएको व्यक्तिगत सफाया अभियानको विरोध गर्दै सशस्त्र जन अभियानको वकालत गरिरहेका थिए ।**

भारतमा ठ्याप्पै जोड्न खोज्दा भारतीय परिस्थिति चीनसँग कत्तिको मिल्दोजुल्दो छ र कति असमान छ भनेर हेर्ने कि नहेर्ने ? र, संयुक्त मोर्चा निर्माणको प्रक्रिया के हुन पर्दछ ?

यिनै सवालहरूमा चिनियाँ कम्युनिष्ट पार्टीबाट र भाकपा (माले) भित्रबाट पनि यस्तै ठूलठूला मतभेदहरू देखिरहेको बेला पार्टीमा स्पष्ट रूपमा विभाजन देखियो, संगठित विद्रोहरू अभिव्यक्त भए । यसलाई झन् चर्काउने काम बंग्लादेशको मुक्तियुद्धमा भारत, चीन र भाकपा मालेको भूमिकाले गर्‍यो ।



*सशस्त्र नक्सलवादी आन्दोलनका यी प्रणेताहरू क. चारू मजुमदार र क. कानु सन्याल, जो पछि गएर एक अर्काका विरोधी भए !*

## क. चारू र व्यक्तिगत आतंकवाद

त्यतिखेर क. कानु सान्याल र क. सुशीतल राय चौधरीले क. चारू मजुमदारको सातौं छापामार दस्ताद्वारा गरिँदै आएको व्यक्तिगत सफाया अभियानको विरोध गर्दै सशस्त्र जन अभियानको वकालत गरिरहेका थिए । यस्तो सफाया अभियानमा निम्न पूँजीपति वर्गका मानिसहरू र लम्पट सर्वहाराहरूको बेसी सहभागिता भएको तथा उनीहरूले यस्ता "शर्टकट" खालको, बेसी रोमांचकता दिने खालका गतिविधिमा ध्यान दिन थालेको तथ्य अगाडि सार्दै क. चारूको यो लाइन "व्यक्तिगत आतंकवाद" मा सीमित हुन थालेको आरोप लगाएका थिए ।

यस्तै आरोप लगाएर क. चारूसँग अलगिएका बिहारका नेता क. सत्यनारायणसिंहले १९७० को सेप्टेम्बर महिनासम्ममा कलकता र मिदनापुरका नक्सलवादीहरूको पनि समर्थन प्राप्त गरे । अन्ततः नोभेम्बर महिना भाकपा मालेको २१ सदस्यीय केन्द्रीय समितिका बहुमत सदस्यहरूले क. चारूको लाइनको विरोध गर्दै क. चारूप्रतिको समर्थन झिके । उनीहरूले सशस्त्र संघर्षलाई सशस्त्र जन अभियानसँग, जनसंगठन र जनसंघर्षसित गाभ्नु पर्ने विचार अगाडि सार्दै क. चारूको वर्गशत्रु सफाया लाइनविरोधी वैचारिक अभियानलाई तेज पारे ।

## क. चारू पार्टीबाट निष्काशित

यसरी विवाद बढिरहेकै बेला बांग्लादेशको मुक्ति संग्राममा भारतीय शासक वर्ग र चीनको भूमिकाको बारेमा भाकपा (माले) भित्र ठूलो बहस शुरू भयो । त्यस संग्राममा भारतीय शासक वर्ग र क. चारूको नेतृत्वमा चलिरहेको भाकपा (माले) ले बांग्लादेशी जनताको साथ दियो, तर चीनले पाकिस्तानका तानाशाह याहया खानको सैनिक शासनलाई सहयोग गर्‍यो । चीनले बंगालदेशको समस्या अमेरिका र सोभियत संघको साम्राज्यवादी षड्यन्त्र भएको ठहर गर्दै भारतीय शासक वर्गले त्यही षड्यन्त्रको गोटी भएर विस्तारवादी हस्तक्षेप गरेको आरोप लगायो ।

वर्गशत्रु सफाया अभियानका विपक्षीहरूका नेताहरूले चीनको लाइनलाई समर्थन गर्दै बंग्लादेश सम्बन्धी क. चारूको लाइनले भारतीय शासक वर्गको विस्तारवादी हस्तक्षेपको पक्ष लिएको आरोप लगाए । यही आरोप प्रत्यारोप बढ्दै जानेक्रममा नोभेम्बर १९७१ मा तिनीहरूद्वारा बोलाइएको केन्द्रीय समितिको बहुमतबाट क. चारूलाई ट्राटस्कीवादीको आरोप लगाउँदै पार्टीबाटै निष्काशन गरियो । विहारका नेता सत्यनारायण सिंहलाई भाकपा मालेका नयाँ महासचिवमा नियुक्त गरिएपछि भाकपा माले दुई समूहमा विभाजित भयो । क.चारू समर्थक र विरोधीका रूपमा विभाजित ती दुबै समूहले आफूलाई वास्तविक भाकपा मालेको दावी गर्दै आ-आफ्नै मुखपत्रको रूपमा Libaration पत्रिका प्रकाशित गर्न थाले ।

## क. चारूद्वारा विद्रोहीहरूलाई कारवाही

यो विद्रोहको चौतर्फी प्रभाव रोक्नका लागि त्यसबेला एक मात्र शक्तिशाली नक्सलवादी नेता क. चारूले सुशीतलराय चौधुरीलाई पार्टी मुखपत्र Libaration को सम्पादक पदबाट र सत्यनारायण सिंह, शिवकुमार मिश्र, महेन्द्र सिंह, गुरूबक्स सिंह, राजकिशोर सिंह र असीम चटर्जीलाई केन्द्रीय कमिटीबाट निकाली दिए । उनले उत्तर प्रदेश, बिहार र बंगाल-बिहार-उडिसा बोर्डर कमिटीलाई भंग गरेर अर्को समानान्तर कमिटी निर्माण गरिदिए ।

तर यो विभाजन झन् झन् गहिरिँदै गइरहेको स्थितिमै कलकत्तामा भइरहेको शहरी छात्र विद्रोहका सिद्धान्तकार तथा क. चारूका विश्वस्त साथी सरोज दत्तको हत्या भयो । सरोज दत्त त्यस्ता नक्सलवादी नेता थिए, जसले हरपल क. चारूको साथ दिँदै उनको लाइनलाई चरम शिखरसम्म लाने अतिवादी काम गरिरहेका थिए । पार्टीको महाधिवेशनमा क. चारूलाई 'क्रान्तिकारी प्राधिकार'को रूपमा स्थापित गर्न असफल भएपछि उनले अर्को नयाँ नारा दिएका थिए - "वर्तमान समयमा चारू मजुमदार नै पार्टी हो !"

## क्रान्तिकारी लफ्फाजी र क. चारूको गिरफ्तारी

सरोज दत्तको हत्यापछि क. चारूलाई पहिलो पटक आफू एक्लो भएको महसूस भयो । तर केही समयपछि सरोज दत्तको सट्टामा पं. बंगालका सचिव भएका साधन सरकार पनि गिरफ्तारीमा परेपछि नेतृत्वमा एकाएक देखापरेका दीपक विश्वासले पं. बंगालको सचिव पद पाए । सरोज दत्त झैं क. चारूलाई क्रान्तिकारी प्राधिकार मान्ने कट्टर पक्षपाती युवा नेता दीपक विश्वासले क. चारूको सुरक्षा र औषधोपचारको जिम्मा लिए । उनले क. चारूको सुरक्षाको नाममा कसैलाई पनि भेट्न नदिने, क. चारू विरोधीहरूविरूद्ध षड्यन्त्र गर्ने र मार्न लगाउने कार्य समेत गरे । यसै सिलसिलामा उनले "अग्नि" र "कमल" जस्ता गोप्य नाम भएका कलकत्ताका क्षेत्रीय कमिटी स्तरका दुई जना नेताहरूको हत्या गर्न लगाए । यो हत्या क. चारूको प्राधिकार स्थापित गर्ने नाममा भएको अति वामपन्थी कुकर्मको रूपमा कुख्यात भयो ।

अति वामपन्थी लफ्फाजीद्वारा पार्टीमाथि हावी हुन सफल हुनेहरूमध्ये एक दीपक विश्वासले गिरफ्तारीको बेला प्रहरी यातना सहन नसकेर क. चारूको सेल्टरको रहस्य खोलिदिए । यही रहस्योद्घाटनको कारणले क. चारूलाई गिरफ्तार गरियो । क. चारूको गिरफ्तारी सिंगो नक्सलवादी आन्दोलनको एउटा डरलाग्दो अभिशाप साबित भयो ।

*(अर्को अंकमा हेर्नुस्- पार्टीको विभाजनमाथि विभाजन र क. नागभूषणको जेल जीवनको नालीबेली)*

# पिपुल्स वार ग्रुपका संस्थापक नेता कमरेड सीतारमैयालाई किन निष्काशित गरियो ?

समूहहरूमध्ये सर्वाधिक सक्रिय र शक्तिशाली छापामार समूहको नाम हो । यो समूहको स्थापनाकालदेखि नै एकछत्र नेताका रूपमा प्रख्यात व्यक्तिको नाम हो-क. कोण्डापल्ली सीतारमैया !

तर कस्तो बिडम्वना, अहिले आएर पिपुल्स वार ग्रुपका प्रख्यात संस्थापक नेता क. सीतारमैया के गर्दैछन् भन्ने कुरा धेरैलाई थाहा छैन । पिपुल्स वार ग्रुपका धेरैजसो कार्यकर्ता र समर्थकहरूलाई समेत आफ्ना प्रिय नेताको पछिल्लो जीवनको बारे केही थाहा छैन ! - यो धेरै नै पक्कै पनि खुसी हुन सक्दैनन् !

### क्रान्तिको सपना पाल्दै.....

उनले आफ्ना ६० वटाभन्दा बेसी वसन्तहरू क्रान्तिको सपना साकार पार्ने काममा लगाए । भारतमा 'नयाँ जनवादी क्रान्ति' सम्पन्न गर्न उनले आफ्नो क्षमताले भ्याएसम्म प्रयास गरे । तेलंगाना आन्दोलनदेखि नक्सलवादी आन्दोलनसम्ममा उनले क्रान्तिको सपनालाई विपना बनाउने प्रयत्न गरे । पिपुल्स वार ग्रुप जस्तो सशस्त्र माओवादी संगठन बनाएर दशौं वर्षसम्म बेतोडले भारतीय क्रान्तिलाई हाँक्ने कोशिस पनि गरे । सहकर्मीहरूको मृत्युमा पनि आँशु झार्न नपाएका सीतारमैयाको जीवन यसरी नै भुँमरीबीच फँसिरहेको छ ।

उनले 'सामन्ती शोषणको भुँमरी' बीच फँसिरहेको भारतको मुक्तिका लागि क्रान्तिको सपना देखेका थिए । आन्ध्र प्रदेशको कृष्ण जिल्लाको जोन्नापाउ गाउँमा सन् १९१९ मा किसान परिवारमा जन्मेका सीतारमैयाले १६ वर्षको कलिलो उमेरदेखि क्रान्तिका सपना देख्न थालेका थिए । त्यसबेलादेखि अहिले ८० वर्षको वृध्दावस्थासम्म त्यही सपना बोकी हिंडेका सीतारमैयाको



## जनयुद्धरत पिपुल्स वार ग्रुपको अन्तरसंघर्षको कथा

### गुमनाम जिन्दगीको पीडा

भारतको आन्ध्रप्रदेशको नाम लिनासाथ धेरैजसोलाई नक्सालवादी आन्दोलनको एउटा प्रमुख शक्ति पिपुल्स वार ग्रुप (PWG) को नाम संझना हुन्छ, धेरैजसोलाई आन्ध्र प्रदेशको पिपुल्स वार ग्रुपका संस्थापक नेता क. कोण्डापल्ली सीतारमैयाको प्रौढ अनुहार याद आउनसक्छ । धेरै जसोको मनमा प्रश्न उठ्न सक्छ-साँच्चै क. सीतारमैया अचेल के गर्दै होलान् ? आन्ध्र प्रदेश, महाराष्ट्र, मध्यप्रदेश र उडिसाका जंगलहरूमा छापामार संघर्ष गर्दै होलान् कि वृध्दावस्थाका रोगहरूको आक्रमणका कारण उपचार गराउँदै होलान् ?

पिपुल्स वार ग्रुप भारतको नक्सलवादी आन्दोलनका असंख्य

आश्चर्यजनक कुरो हो, अझ यो कुरा थाहा पाएमा क. सीतारमैया स्वयं चकित हुनेछन् र दुःखित पनि हुनेछन् ! आफ्नो जीवनको उत्तरार्द्धमा आएर गुमनामीको जिन्दगी बाँच्नु पर्ला भनेर कसैले पनि सोचेको हुँदैन । त्यसैले वृध्दावस्थामा पुगेर आफ्नो गुमनाम जिन्दगी देखेर जो कोही पनि दुःखित हुने संभावना बेसी छ । ८० वर्षको बयोवृध्द उमेरमा गुमनामीको जिन्दगी बाँचिरहेका क. सीतारमैया आफ्नो वर्तमान देखेर खुसी छन् कि दुःखी छन्, त्यो त थाहा हुनै सकेको छैन । तर के चाहिं स्पष्ट रूपमा भन्न सकिन्छ भने, आफ्नै कार्यकर्ता र समर्थकहरूले आफ्ना प्रिय नेता बाँचे कि मरे भन्ने कुरा पनि थाहा नपाउने स्थिति देखेर क. सीतारमैया

"क्रान्तिको आँधीमय समय" लाई नेतृत्व दिन खोज्दा उनले पटक-पटक जेल-नेलको सजायँ भोगे, कति पटक जेलका पर्खालहरू तोडे ! परिवारको सुखबाट बञ्चित भए, आफ्ना छोराछोरीहरूको मृत्यु र शहादतवाट व्यथित भए उनी ! श्रीकाकुलम विद्रोहको क्रममा बेंगलोरमा भएको प्रहरीसँगको सशस्त्र मुठभेडमा उनका छोरा मारिए । इन्जिनियरिंगका विद्यार्थी चन्द्रशेखर रेड्डी नामक आफ्ना छोराको हत्या हुँदा पनि केवल छट्पटिने वाहेक अरू केही गर्न सकेनन् उनले । आफ्नी छोरी डा. करूणा 'हार्ट एटेक' ले मर्दा प्रहरीले फैलाएर राखेको पाशोमा परिने भयले उनले लाश समेत हेर्न पाएनन् ! चेराबण्डा राजु र पुली अन्जैया जस्ता क्रान्तिकारी जीवनको ऐनामा भारतको सिंगो कम्युनिष्ट आन्दोलनको तस्वीर देखिन्छ ।

### क. चारूका भक्त

एकीकृत भारतीय कम्युनिष्ट पार्टी भाकपाको कालमा आन्ध्र प्रदेशमा भएको माओवादी शैलीको सशस्त्र तेलेंगाना आन्दोलनबाट उनी दीक्षित भएका थिए । जब भाकपालाई संशोधनवादले निल्यो, तब उनी संशोधनवादी नेतृत्वका विरूद्ध विद्रोह गर्ने भाकपा (मार्क्सवादी) अर्थात् माकपाको पछि लागे । माकपाको क्रान्तिकारिता पनि संशोधनवादी दिशातिरै ओरालो लागेको देखेर उनी भाकपाभित्रका विद्रोहीहरूका समर्थक भए । क. चारू मजुमदारले सशस्त्र नक्सलवादी विद्रोह थालेपछि उनी

# विश्व कम्युनिष्ट आन्दोलन

चारूका भक्त भए । 'चीनका अध्यक्ष हाम्रा पनि अध्यक्ष, चीनको बाटो हाम्रो पनि बाटो' जस्तो चारूको नारा भट्याउने सीतारमैया जीवनभर चारूभक्तका रूपमा देखिए ।

उनलाई लागेको थियो- भाकपा र माकपाका नेताहरूले भारतको वस्तुस्थितिअनुसारको क्रान्तिको सिद्धान्त तय गर्न सकेनन्, तर क. चारूले भारतमा चलिरहेको वर्ग-संघर्षलाई नयाँ उचाई दिनका लागि १९७५ सम्ममा भारतमा क्रान्ति गरीछाड्ने खालको चिनियाँ शैलीको नयाँ क्रान्तिकारी सिद्धान्तको प्रतिपादन गरे ।

त्यसपछि उनी क. चारू र क. चारूको चिनियाँ शैलीको नक्सलवादी क्रान्तिको अनन्य भक्त भई जीवन-मरणको संघर्षमा लागे ।

क. चारूको हत्यापछि चीनको अन्ध नक्कलको नक्सलवादी क्रान्ति चिहानमा पुगिसक्दा पनि उनको दिमागमा पुरानो क्रान्तिकारी सिद्धान्तको बारेमा प्रश्न उठेन । उनी क. चारू र चिनियाँ शैलीको नक्सलवादी क्रान्तिको अन्धनक्कल गर्ने भक्त थिए, आलोचनात्मक चेत भएको सिद्धान्तकार र नेता थिएनन् । उनलाई अध्ययन गरिरहेका बुद्धिजीवीहरू भन्छन् ! त्यसैले होला -नक्सलवादी आन्दोलनलाई नयाँ उँचाई दिने नाराका साथ भाकपा मालेको केन्द्रीय संगठन समिति (COC) गठन गर्दा पनि उनले भारतीय क्रान्तिको सिद्धान्तबारे पुनर्विचार गर्नुपर्ने जरूरत ठानेनन्, न त पिपुल्स वार ग्रुप निर्माण गर्दा नै उनले त्यसो गर्नुपर्छ भनी सोचे ।

### बन्दूकको नालद्वारा क्रान्ति

त्यस अवधिमा उनले नक्सलवादी कालको रणनीतिमा त खासै कुनै परिवर्तन गरेनन्, तर कार्यनीतिमा अलिकति फेरबदल गरे । जन संगठन र जनसंघर्षबाट टाढै भाग्ने क.चारूको सानो छापामार दस्ताद्वारा रहस्यमय ढंगले वर्गशत्रु सफाया गर्ने अभियानलाई अलिकति फेरबदल गरेर उनले जनसंगठन र जनसंघर्ष निर्माण गर्ने फैसला गरेका थिए !

बन्दूकको नालद्वारा हिंस्रक क्रान्ति गर्ने उद्घोषका साथ पिपुल्स वार ग्रुप गठन गरेका थिए- क. सीतारमैयाले ! उनी भन्ने गर्थे - 'क्रान्तिका लागि सबै उपाय जायज छन् ।' त्यसैले उनले आर्थिक कार्यक्रमअन्तर्गत कार्यकताहरूलाई 'मनी एक्शन'हरू गर्न लगाए । उनले लूटपाट र डकैतीलाई पनि जायज कारवाहीहरूका रूपमा स्थापित गरे !

क. सीतारमैया सशस्त्र संघर्षलाई क्रान्तिको एक मात्र उपायको रूपमा व्याख्या गर्दै हरेक पटक माओको विचार उद्धृत गर्छन्- राज्यसत्ता बन्दूकको नालाबाट निस्कन्छ ।

उनीसँग काँधमा काँध मिलाई सशस्त्र संघर्षमा लागेर पछि पार्टीमा विद्रोह गर्नेहरू भन्छन् -'क. सीतारमैयाले धेरै कम मात्रै माओको त्यो उद्धरण समग्र उद्धृत गरेका छन् । हो, साँच्चै नै माओले भन्नुभएको छ- राज्यसत्ता बन्दूकको नालबाट निस्कन्छ । तर त्यससँगै माओले भन्नुभएको छ- हाम्रो सिद्धान्त के हो भने पार्टीले बन्दूकलाई नियन्त्रण गर्नुपर्छ, बन्दूकले पार्टीलाई कदापि नेतृत्व गर्न दिनु हुँदैन ।'

तर बिडम्बना, पिपुल्स वार ग्रुपका 'दलम' नामक छापामार दस्ताहरूले सिंगो पार्टी र पार्टी -राजनीतिमाथि नियन्त्रण जमाएको भन्ने आरोप लाग्दै आएको छ । क्रान्तिका लागि बन्दूक-माथि अत्याधिक जोड दिने सीतारमैयाको मान्यता थियो- 'सर्वहारा वर्गले सत्तामाथि आफ्नो अधिकार जमाउने काम केवल बन्दूकको भरमा मात्र संभव हुन्छ ।'

सैनिक मोर्चामाथिको यो अत्यधिक जोडले गर्दा पिपुल्सवार ग्रुपले जनसंघर्ष र वर्गसंघर्षका अन्य मोर्चाहरूमा दिनुपर्ने ध्यान धेरै नै खल्बलिएको वास्तविकता सबैका सामु छ ।

### मानसिक रूपले सशस्त्र नपार्दा......

क. सीतारमैयाले पिपुल्स वार ग्रुपको नेतृत्व गर्ने क्रममा सशस्त्र संघर्षमाथि अत्यधिक जोड दिए, उत्पीडित जनतालाई भौतिक रूपले सशस्त्र र जुझारू बनाउने काम गरे । तर जनतालाई मानसिक रूपले सशस्त्र बनाउने काममा भने कम महत्व दिएको देखियो । उनका एकजना पुराना सहकर्मीले टिप्पणी गरेका छन्- 'उनले कार्यकर्ता र जनतालाई सैद्धान्तिक हतियारले लैश पार्ने काममा कम ध्यान दिए, भारतमा नयाँ जनवादी क्रान्ति किन र कसरी गर्ने भन्ने बारेमा आलोचनात्मक र विवेचनात्मक चेतले लैश पार्ने काममा खासै कुनै प्रयास गरेनन् । उनीसँग बुद्धिजीवीहरूको संख्या धेरै कम थियो, बौद्धिक क्षमताले लैश व्यक्तिहरूको प्रवेशद्वार करीब करीब बन्द थियो । कडा भूमिगत कार्यशैली र बुद्धिजीवीहरूप्रतिको अप्रकट घृणाले यसमा काम गरेको हुन सक्छ ।'

स्मरणीय छ, उनी आफ्ना कार्यकर्ता र समर्थकहरू साह्रै नै आलोचनात्मक चेतलै युक्त भएको देख्न चाहँदैनथे । युद्धकालमा पार्टी केन्द्रको निर्णय आँखा चिम्लेर पालना गर्नुपर्छ भन्ने सीतारमैया स्वयं पनि क. चारूको नेतृत्वकालमा अन्धभक्त थिए । पार्टीको केन्द्रको र बहुमतको निर्णय कडापूर्वक लागू गर्नुपर्छ- यो उनको मान्यता थियो ।

एक पटक उनका प्रमुख सहकर्मी तथा पिपुल्स वार ग्रुपका एक संस्थापक नेता केजी सत्यमूर्तिलाई पार्टीबाट निष्काशित गरिँदा खम्मम जिल्लाका विभिन्न सशस्त्र दलमहरूका संगठक क. सत्यनारायण रेड्डीले प्रश्न उठाए- 'उनलाई किन निष्काशन गरियो ?'

पार्टी केन्द्रको निर्णयमाथि प्रश्न उठाएकै निहुँमा उनले सत्यनारायण रेड्डीलाई पनि पार्टीबाट निकाले ।

### शक्तिशाली पिताको व्यक्तित्व

उनी त्यसबेला पार्टीका एक मात्र शक्तिशाली नेता थिए । पार्टीभित्र उनको व्यक्तित्व शक्तिशाली पिताको जस्तो थियो । उमेरको हिसावले पनि ७० वर्ष नाघिसकेका क. सीतारमैयाले पिपुल्स वार ग्रुप र त्यसका अधिकांश कार्यकर्ताहरू जन्माएका थिए । स्थापना कालदेखि संगठनका शक्तिशाली र प्रभावशाली नेताका रूपमा स्थापित सीतारमैयाको पितातुल्य व्यक्तित्व पछि गएर पार्टी-माथि नै हावी हुन थाल्यो । यतिसम्म कि, उनका निजी विचारहरू पनि पार्टीको विचारको रूपमा प्रकट भएपछि त्यसले धेरै पटक असजिलो स्थिति पनि निम्त्याएको थियो । भनिन्छ- आफ्ना कार्यकर्ताहरूलाई आफ्ना बालबच्चाहरूलाई जस्तै माया गर्ने, नरम बोली र दृढ अडान भएका नेता हुन् । तर उनले पार्टीभित्र निरंकुश व्यवहार गरेको र आफ्ना निजी विचारहरू पनि पार्टीमाथि थोपरेको आरोप पनि यदाकदा सार्वजनिक भएका थिए ।

### पार्टीका संस्थापक नेता नै

> **क. सीतारमैयाले पिपुल्स वार ग्रुपको नेतृत्व गर्ने क्रममा सशस्त्र संघर्षमाथि अत्यधिक जोड दिए, उत्पीडित जनतालाई भौतिक रूपले सशस्त्र र जुझारू बनाउने काम गरे । तर जनतालाई मानसिक रूपले सशस्त्र बनाउने काममा भने कम महत्व दिएको देखियो ।**



पिपुल्स वार ग्रुपका संस्थापक नेता क. सीतारमैया

> **पिपुल्स वार ग्रुपका वर्तमान महासचिव क. गणपतिले क. सीतारमैयाप्रति देखावटी श्रद्धा व्यक्त गर्ने क्रममा भने- 'उनको अनुपस्थिति हाम्रो लागि समस्या भइदिएको छ, किनकि हामीसँग अहिले उनी जतिको स्तर र कद भएको अर्को कुनै नेता छैन ।'**



पिपुल्स वार ग्रुपका वर्तमान महासचिव क. गणपति (मुपाला लक्ष्मण राव)

### पार्टीलाई भारी हुँदा

समयको अन्तरालमा गएर पिपुल्स वार ग्रुपका युवा नेताहरूका लागि आफ्ना नेता सीतारमैया स्वयं समस्याको पहाडको रूपमा खडा भए । उनी बयोबृद्ध हुनु, गिर्दो स्वास्थ्यका कारणले अशक्त हुन त्यस पार्टीको लागि भारी हुन थाल्यो । बृद्धावस्थाको कारणले उनी आन्ध्र प्रदेशमा क्रियाशील ढंगले बस्नै सकेनन् । यदाकदा मात्रै उनी आन्ध्रमा बस्न सक्ने भएकाले नेतृत्वको संकट पैदा भयो, आन्ध्र प्रदेश स्वयंमा पनि नेतृत्वको अभाव हुन थाल्यो ।

पार्टीको पितातुल्य व्यक्तित्वको यो स्थिति पार्टीभित्रका उनका विरोधीहरूका लागि निकै अनुकूल हुन गयो । उनका विरोधीहरूका लागि पछिल्लो चरणमा उनको धारणा र अडानमा आएको सामान्य फेरबदलले पनि निकै सहयोग पुऱ्यायो । करीब



*जेलबाट रिहा हुँदाको क्षण: ७६ वर्षीय बयोबृद्ध नेता क. सीतारमैया आफ्नी नातिनीहरू अनुराधा र सुधाका साथ*

६० वर्षसम्म क्रान्तिमा होमिएपछि पछिल्लो चरणमा उनले नक्सलवादी आन्दोलनलाई भारतीय सभाजको आवश्यकता अनुरूप ढाल्नुपर्ने विचार गरेका थिए । पहिले हिंसाप्रति अत्यधिक लगाव भएका सीतारमैयाले हिंसाप्रतिको धारणामा नरम रूप अप्नाउन थालेका थिए ।

तर उनको यो 'वैचारिक परिवर्तन' निकै ढिलो भइसकेको थियो । त्यसबेलासम्म पार्टी नेतृत्वमाथि उनको पकड निकै कमजोर भइसकेको थियो र विद्रोही युवाहरूको जमातको प्रभुत्व कायम भइसकेको थियो । १९९० सम्म आइपुग्दा आन्ध्र प्रदेशको पार्टी इकाई र त्यसको नेतृत्व गर्ने क. मल्लिक ऊर्फ निम्मालुरी भास्कर रावले उनीमाथि विभिन्न आरोप लगाउन थालेका थिए । क. सीतारमैयाले आफूलाई कलंकित गर्न खोजेको गुनासो राखेपछि १९९१ जुनमा आन्ध्र प्रदेशको प्रान्तीय कमिटीको मिटिङ राखिएको थियो । मिटिङमा उनले क. मल्लिकका विरूद्ध गंभीर आरोपहरू लगाउँदै उनीमाथि कारवाही गर्नुपर्ने माग गरे । दुवै तर्फबाट आरोप-प्रत्यारोप लगाउने क्रममा भएको चर्काचर्की निकै बढेर गयो । त्यस मिटिङले दुवैको आरोपलाई खारेज गर्ने निर्णय गऱ्यो ।

आन्ध्र प्रदेशको मिटिङको लगत्तै अगस्त १७ देखि २१ सम्म पिपुल्स वार ग्रुपको केन्द्रिय संगठन कमिटीको तमिलनाडुमा भएको मिटिङमा यही विवाद फेरि चर्कियो । त्यहाँ क. सीतारमैयाले आन्ध्र प्रदेशको नेतृत्वले 'विश्वासघात' गरको आरोपमा COC को सदस्यताबाट राजीनामा दिए । त्यसको जवाफमा अर्का शक्तिशाली नेता क. गणपति (मुपाला लक्ष्मण राव) ले क. सीतारमैयाले लगाएका आरोपहरूलाई अस्वीकार गर्दै 'यस्तो वातावरणमा कमिटीमा बसेर काम गर्न सकिएन' भन्दै COC बाट राजीनामा दिए ।

त्यसपछि आन्ध्र प्रदेशको कमिटीलाई भंग गर्ने, तीन सदस्यीय संयोजन समितिद्वारा विस्तारित भेला बोलाउने र विवादलाई ब्यक्तिगत कुराकानीद्वारा हल गर्ने टुंगो लगाइयो । क. सीतारमैयाले क. गणपति र क. श्याम (नल्ला अदी रेड्डी) सँग कुराकानीको क्रममा आफूले 'विश्वासघात' शब्द प्रयोग नगरेको, प्रयोग गरको भए गल्ती भएको स्वीकारे । उनले आफूभित्र चलिरहेको विरोध अभियान तुरून्तै रोकिनुपर्ने माग गर्दै पहिलेको टुंगोलाई सहमतिद्वारा फेरि उल्ट्याउने कुराकानी भयो ।

## पार्टी नेता पार्टीबाट निस्काशित

त्यसपछि युवा विद्रोहीहरूले क. सीतारमैयाका विरूद्ध अर्को विद्रोह गरे । त्यसमा आन्ध्र प्रदेशको नेतृत्वदेखि क. गणपतिलगायत अधिकांश नेतृत्वदायी व्यक्तिहरू सहभागी भएका थिए । उनीहरूले क. सीतारमैयामाथि 'पदलोलुप' भएको र 'क्यारियरवादी' भएको आरोपको झटारो हाने । क. गणपतिका अनुसार, उनी आजीवन पार्टी अध्यक्ष हुन चाहन्थे, पार्टी यूनिटी र माओइष्ट कोंअर्डिनेशन सेन्टर (MCC) सँग एकीकरण गरेर ठूलो पार्टीको अध्यक्ष हुने सपना उनमा विकसित भएको थियो ।

यी आरोपहरू सार्वजनिक रूपमा प्रकट भएका थिए, तर आन्ध्र प्रदेशका विश्लेषकहरू यसलाई आरोपहरूभित्रको रहस्य आन्तरिक गुटबन्दी र नेतृत्वको झगडाको रूपमा हेर्ने गर्दछन् । उनीहरू भन्छन्- गुटबन्दी र नेतृत्वमाथि हानथाप गर्ने क्रम पहिलेदेखि चलिरहेको थियो, मतभेद र आरोपहरू त त्यसलाई छोप्ने आवरण मात्र हो-।

यही झैझगडाको क्रममा युवा विद्रोहीहरूले क. सीतारमैयालाई अनेकौं आरोपको वर्षा गरी १९९१ मा पार्टीबाट निष्काशित गरे । नेतृत्वको हानाथापको क्रममा पार्टीबाटै निष्काशित क. सीतारमैयाका समर्थक केही व्यक्ति र समूहहरूले पनि पछि गएर पार्टीमा विद्रोह गरे ।

टूटफुटको श्रृंखलाको एउटा नयाँ कडीको रूपमा देखापरेको यो परिदृष्यले तब भयानक रूप लियो, जब क. सीतारमैयाका समर्थक र विरोधी गूटबीच सशस्त्र टक्करको स्थिति आयो । अलिकति फरक मत र अलग विचार राखेपछि आरोप-प्रत्यारोप गर्ने, पार्टीबाटै निष्काशन गर्ने र विश्वासघाती दलाल र शत्रुको बिल्ला भिडाउने चलन भारतको कम्युनिष्ट आन्दोलनमा पनि छ्यासछ्यास्ती थियो । क. सीतारमैया पनि आफैंले स्थापना गरेको पार्टी-पिपुल्स वार ग्रुपका 'नया युवा तुर्क' हरूको आँखामा शत्रुकित्तामा परेपछि दुई गुटबीच सशस्त्र टक्कर र मारकाटको घटनाहरू बढ्न थाले ।

क. सीतारमैयालाई पद्च्यूत गरेर पार्टीका महासचिव बनेका युवा तुर्क क. गणपति (उर्फ भुपाल लक्ष्मण राव) को गूटले उनलाई कहीं पनि बसीखान दिएन । कतिसम्म भने, अस्वस्थताका बाबजूद क. सीतारमैया एउटै ठाँउमा बसेर स्वास्थ्य उपचार गर्ने स्थितिसम्म पनि निर्माण हुन दिइएन । एक ठाँउबाट अर्को ठाँउ लुक्दै भाग्दै हिँड्न विवश क. सीतारमैयाको लागि पुलिसबाट जति खतरा थियो, त्योभन्दा बेसी खतराको स्थिति गणपतिको गूटले सिर्जना गरिदियो । पिपुल्स वार ग्रुपका आलोचकहरूका अनुसार, पुलिसको लागि 'ग्रायण्ड ओल्डम्यान' भइसकेका उनी गणपतिको गूटको लागि भने 'अवान्छनीय तत्व'का नेता भएका थिए ।

यही स्थितिमा स्पेशल पुलिसले मार्च २०, १९९३ मा कृष्ण जिल्लाको अनुमानपुडीबाट क. सीतारमैयालाई तेस्रो पटक 'गिरफ्तार' गऱ्यो । आन्ध्र प्रदेशका स्वतन्त्र बुद्धिजीवीहरू यो गिरफ्तारीलाई साँच्चिको गिरफ्तारी मान्न तयार देखिएनन् । उनीहरूले यसलाई पिपुल्स वार ग्रुपको गणपतिको गुटको आक्रमणबाट बचाउने नाटकको रूपमा लिए । पुलिसले उनलाई रामनगर षड्यन्त्र कान्डका अभियुक्तको रूपमा गिरफ्तार गरेको थियो । पछि उनलाई १९९५, जनवरी २७ मा आन्ध्र प्रदेशको सरकारद्वारा गणतन्त्र दिवसको सन्दर्भमा रिहा गरियो । उनीमाथि लागेको रामनगर षड्यन्त्र काण्ड र अर्को एउटा काण्डसम्बन्धी मुद्दालाई खारेज गर्दै त्यसले रिहाईका लागि आदेश दिएको थियो । तर रिहा हुने क. सीतारमैयाले भने त्यसबेला भनेका थिए- 'बढ्दो जनदवाबका अगाडि असहाय भएर सरकारले मलाई रिहा गरेको हो ।'

जेलबाट रिहा हुँदा ७६ वर्षीय बयोबृद्ध नेता क. सीतारमैया आफ्नी नातिनीहरू अनुराधा र सुधाको हातको सहाराले जेलको ढोकाबाट बाहिर निस्केका थिए । उनका अगाडि-पछाडि उनका केही सहयोगी कमरेडहरू पूर्ण भावावेशका साथ निस्केका थिए । उनले त्यहाँ घोषणा गरे- 'म आफ्ना अपूर्ण कामहरू पूर्ण गर्नको लागि निरन्तर लागीपर्नेछु ।

**एक ठाँउबाट अर्को ठाँउ लुक्दै भाग्दै हिँड्न विवश क. सीतारमैयाको लागि पुलिसबाट जति खतरा थियो, त्योभन्दा बेसी खतराको स्थिति गणपतिको गूटले सिर्जना गरिदियो । पुलिसको लागि 'ग्रायण्ड ओल्डम्यान' भइसकेका उनी गणपतिको गूटको लागि भने 'अवान्छनीय तत्व'का नेता भएका थिए ।**

भारतमा कृषि-क्रान्तिको सपनालाई साकार पारीछाड्नेछु ।'

उनले त्यो कुराको घोषणा गर्दा उनको घोषणाभन्दा पनि निकै भयानक खालको प्रश्न उनी अगाडि उभिरहेको थियो । पार्टीबाट निष्काशित वृद्धले यस्ता कामहरू गर्नु कसरी संभव हुन सक्छ ? उनलाई समर्थन र सहयोग गर्ने मानिसहरू अब कति बाँकी छन् र ? सिंगो नक्सलवादी आन्दोलनमा अब उनको भूमिका कस्तो हुनेछ त ?

उनले यस्ता प्रश्नहरूका जवाफमा दावी गरे-'पिपुल्स वार ग्रुपका अधिकांश सदस्यहरू र समर्थकहरू मेरो पक्षमा छन् । तपाईंहरू सबैले लेखनुस्- म पिपुल्स वार ग्रुपको संस्थापक नेता हुँ, हो कि होइन ? त्यसैले अहिले पनि त्यसको नेता हुँ । म अझै पनि त्यसको वास्तविक नेता हुँ । त्यसैले जनताले मेरो साथ दिनेछन् ।'

जब एकजनाले उनलाई पिपुल्स वार ग्रुपको वर्तमान नेतृत्वले आफ्नो नेताको रूपमा स्वीकारिरहेको छैन नि भनेर प्रश्न उठाए, त्यसबेला उनी रिसाएर आफ्नो पहिलेको दावीलाई नै दोहोऱ्याई-तेहेऱ्याई सत्य साबित गर्न खोजे ।

एकजना पत्रकारले पिपुल्स वार ग्रुपको वर्तमान नेतृत्वले चारवटा प्रान्तमा आफ्ना लडाकू छापामारहरूद्वारा आतंक मच्चाइरहेको आरोप लगाउँदा उनी दुःखित भए । आफूले हुर्काएको-बढाएको पार्टीको नयाँ युवा नेतृत्वले लडाकूपना, हिंस्रकता र आतंकमा जोड दिन थालेकोमा उनले नयाँ युवा नेतृत्वलाई दोषी ठहऱ्याए । नयाँ नेतृत्वले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई अत्यावश्यक शिक्षा दिन नसकेकोले यो अवस्था आएको हो- उनले भने । तर उनले त्यो नयाँ नेतृत्व सिंगै आफ्नै नेतृत्वमा दीक्षित भएको कुरा चाँहि संझनै चाहेनन् ।

## क. विनोद मिश्रको आँखामा

पिपुल्स वार ग्रुपको सशस्त्र संघर्षलाई नयाँ ढंगले अगाडि बढाउनु पर्ने बिचार राख्ने क. सीतारमैयाप्रति अरूको मूल्याङ्कन कस्तो छ त ? भाकपा (माले)- लिवरेशन समूहका दिवंगत महासचिव क. विनोद मिश्रले आन्ध्र प्रदेशमा क्रान्ति असफल हुनुमा क. सीतारमैयाको हात रहेको विचार व्यक्त गरेका थिए । उनकै कमजोरीले गर्दा नै त पिपुल्स वार ग्रुपका कार्यकर्ता पंक्तिलाई लम्पट सर्वहारा र अराजक ब्यक्तिहरूले भर्ने काम भयो, जसले गर्दा क्रान्तिको नाममा अराजकता मात्रै पैदा भएको छ ।

## क. गणपतिको 'श्रद्धा'

पिपुल्स वार ग्रुपका वर्तमान महासचिव क. गणपतिले भने अन्तवार्तामा अझै पनि उनीप्रति 'श्रद्धा' व्यक्त गरे । उनले भनेका छन्- उनी पौराणिक कथाका नायक जस्तै भैसकेका छन् । हाम्रो पार्टीमा क. चारू मजुमदारपछि उनी हाम्रा अति नै प्यारा नेता हुन् । पार्टीको लागि क. सीतारमैयासँग छुट्टिनु जस्तो ठूलो नोक्सानी अरू केही हुन सक्दैन ।'

उनले क. सीतारमैयाप्रति देखावटी श्रद्धा ब्यक्त गर्ने क्रममा भने- 'उनको अनुपस्थिति हाम्रो लागि समस्या भइदिएको छ, किनकि हामीसँग अहिले उनी जतिको स्तर र कद भएको अर्को कुनै नेता छैन ।'

क. गणपतिद्वारा निष्काशित वृद्ध नेताप्रतिको उनको यो देखावटी श्रद्धा हेरेर आन्ध्रका स्वतन्त्र वामपन्थी बुद्धिजीवीहरूले टिप्पणी गरेका छन्- पिपुल्स वार ग्रुपभित्र फरक मत, असहमति र नयाँ मौलिक विचारका लागि कुनै ठाँउ छैन । त्यसरी फरक मत राख्ने, असहमति पोख्ने र नयाँ विचार राख्नेहरूलाई मनपरी ढंगले निकालिन्छ, कि त अपमानित ढंगले गुम्सिएर बस्न बाध्य पारिन्छ । अन्यथा, बन्दूकको भरमा मैन बनाइन्छ । सीतारमैयाको आत्मालोचनापूर्ण फरक विचार संगठित रूपमा अभिब्यक्त भएको स्थितिमा बन्दूकको शक्ति प्रयोग भएको दृष्टान्त देखेर भन्न सकिन्छ- पिपुल्स वार ग्रुप अतिवामपन्थ भन्दा पनि टाढा जाँदैछ ।

क. सीतारमैयाप्रति देखाइएको देखावटी श्रद्धा र कडा आलोचनाभन्दा पर रहेर हेर्ने हो भने, अहिले चलिरहेको सिंगो नक्सलवादी आन्दोलनको परिदृष्यबाट उनी विस्तारै-विस्तारै हराउँदै छन् । अब पिपुल्स वार ग्रुपका लागि पनि उनको वृद्ध र दम तथा पार्किन्सन्स जस्ता रोगले ग्रस्त शरीर एवं आत्मालोचनाले भरिएका फरक विचारहरूको कुनै मूल्य नभएको भान हुँदैछ । यो दुःखद् स्थितिमा उनको देहान्तको पीडादायी खबर आएमा पनि भारतका छिन्नभिन्न नक्सलवादी आन्दोलन र पिपुल्स वार ग्रुपको कृतघ्न नेतृत्वले कुनै महत्व नदिने संभावना बेसी छ कि ?- आशंका जन्मिरहेको छ ।

यस्तो दुःखद स्थितिमा हामीले प्रतिउत्तरको आशाबाट पर रहेर सोध्नै पर्दछ- 'मरे-बाँचेको स्थिति पनि थाहा नहुने परिवेशमा बाँचिरहेका क. सीतारमैयाको हालखबर कस्तो छ ? भारतीय अखवारहरूले लेखे झैं कि उनी साँच्चै नै बृद्धावस्थामा राजनीतिबाट टाढा रहेर अवकाशको जिन्दगी गुजारिरहेका छन् ? ❑

हाम्रो मन वा आत्माभन्दा बाहिर संसारमा जे जति कुरा अस्तित्वमा छ, त्यो अस्तित्व र हाम्रो बिचारबीचको संम्बन्ध के हो ? अथवा, यो भौतिक संसार र आत्माको संसारबीचको संम्बन्ध के हो ? यो प्रश्न हजारौं वर्षदेखि मानव जातिको खोजको बिषय हुँदै आएको छ ।

एकातिर संसारमा प्रकृति छ, प्रकृतिमा अनगिन्ती पदार्थहरू छन् । रूख, बिरूवा, नदी-नाला, पर्वत, मैदान, मान्छे, जन्तुहरू, घर, समाज, आदि । अर्कातिर, आत्माको संसारमा मान्छेको मन छ । मनमा विचार र चेतना उब्जन्छ । कल्पना र योजनाहरू पैदा हुन्छन् । रीस, राग, काम-बासना, सुख, दुःख, लोभ, मोह, प्रेम, घृणा, ईर्ष्या, द्वेष जस्ता भावहरू पैदा हुन्छन् ।

वास्तवमा यो प्रकृति र आत्माबीचको संम्वन्ध के हो ? भौतिक संसार र आत्माको संसारबीचको सम्बन्ध, नातो साइनो के हो ? यो अस्तित्व र हाम्रो विचारबीचको सम्बन्ध के हो ? यो प्रश्नको जवाफ खोज्न मानिस लामो समयदेखि प्रयत्नशील छ । यही जवाफ खोज्ने सिलसिलामा नै संसारमा दर्शनको विकास भएको हो ।

संसारमा दर्शन त अनेकौं नामका छन् । तर नाम जतिसुकै वटा भए पनि संसारका सबै दर्शनले हल गर्न खोजेको आधारभूत प्रश्न भने यिनै छन् : अस्तित्व र विचारबीचको, प्रकृति र आत्माबीचको, भौतिक जगत र भाव जगत बीचको सम्वन्ध के हो ? यी दुईमध्ये माउ अथवा प्राथमिक कुन ? के हाम्रो आत्मा वा मनभन्दा बाहिर स्वतन्त्र रूपमा प्रकृति वा भौतिक संसारको अस्तित्व छ ? के हाम्रो आत्माले वा बिचारले यो वास्तविक भौतिक संसारलाई थाहा पाउन, बुझ्न सक्छ ? अथवा हाम्रो बिचारमा वास्तविक भौतिक संसारको ठीक-ठीक प्रतिबिम्ब उत्रन सक्छ ?

ती सबै दर्शनहरू आदर्शवाद वा अध्यात्मवाद हुन्, जो अस्तित्व र बिचारमध्ये बिचारलाई माउ र प्राथमिक ठान्दछन् । प्रकृति र आत्मामध्ये आत्मालाई पहिलो र माउ ठान्दछन् । आत्माले प्रकृतिको सृष्टि गरेको भन्ठान्दछन् । भौतिक जगत् र भाव जगत्मध्ये भाव जगत् नै आमा र पहिलो हो भनेर मान्दछन् ।

ती दर्शनहरू, जो अस्तित्वलाई प्रकृतिका भौतिक जगत्लाई विचार, आत्मा, भाव जगत्भन्दा प्राथमिक र माउ मान्दछन्, ती भौतिकवादी दर्शनहरू हुन् । भौतिकवादको कोणबाट हेर्दा संसारमा प्रकृतिको कुनै माउ वा सृष्टिकर्ता छैन । प्रकृति आफैं आफ्नो स्रष्टा हो । प्रकृतिकै विकासको प्रक्रियामा संसारमा अनगिन्ती भौतिक वस्तुहरू पैदा भएका हुन् ।

अरू प्रश्नको उत्तरमा पनि आदर्शवाद र भौतिकवाद बिल्कुलै बिपरीत देखिन्छन् । आदर्शवादको मत छ कि- हाम्रो आत्मा, चेतना, भाव वा मनभन्दा बाहिर भौतिक संसार वा प्रकृति भन्ने कुनै कुरा नै अस्तित्वमा छैन् । भौतिकवाद यसको ठीक बिपरीत बिचार राख्छ । भौतिकवादका अनुसार हाम्रो आत्मा वा चेतनाभन्दा बाहिर, हाम्रो भाव वा मनभन्दा बाहिर भौतिक संसार वा प्रकृतिको स्वतन्त्र अस्तित्व छ । हाम्रो आत्मा वा चेतना, हाम्रो भाव वा मन भए पनि नभए पनि, प्रकृति हमेशा अस्तित्वमा थियो, छ र रहनेछ । भौतिक संसार आत्मा वा मनको बशको कुरा नै होइन । बरू प्रकृति वा भौतिक संसारको बिकासको सिलसिलामा, मस्तिष्क भन्ने अति संगठित पदार्थबाटै आत्मा, मन चेतना वा भाव भन्ने कुरा पैदा भएको हो । आत्मा वा मनमा जे बिचार र भाव पैदा हुन्छ, त्यो भौतिक संसारकै छाया हो, प्रतिबिम्ब हो । गुलियोपन गुलियो वस्तुको प्रतिबिम्ब हो, तीतोपन तीतो वस्तुको । के हाम्रो मनभन्दा बाहिर गुलियो र तीतो वस्तुको स्वतन्त्र अस्तित्व नहुँदो हो त हाम्रो मनमा गुलियो र तीतो वस्तुको स्वाद आफैं पैदा हुन्छ ?

ब्रम्हाले नै संसार सृष्टि गरे भन्ने बिचार पुराण र धर्मग्रन्थले अघि सार्दै आएका छन् । ब्रम्ह भनेको आत्मा वा चेतनाको नै अर्को नाम हो । यो आत्मा वा चेतनाले नै संसार सृष्टि गऱ्यो भनिएको हो । यो बिल्कुलै आदर्शवादी बिचार हो । यो बिचार त्यतिखेर पैदा भएको थियो, जतिखेर संसारमा प्रकृति-विज्ञान बिकसित भइसकेको थिएन । अबिकसित मान्छेले यो बिशाल र सुन्दर संसारको वा प्रकृति कसरी निक्लियो र चल्यो होला भन्ने प्रश्नको उत्तर खोज्ने सिलसिलामा यो बिचार पैदा गरेका हुन् । आमाले बच्चा पैदा गरे जस्तै यो संसारमा पनि त कुनै संसार बाहिरको शक्ति आत्मा वा परम आत्माले पैदा गरेको होला, राज्य

**सिङ्गै प्रकृति विज्ञानमा भौतिकवाद छ । प्रकृति विज्ञानमा आदर्शवादी दर्शनका लागि कुनै ठाउँ नै छैन ।**

प्रमुखले देश चलाए जस्तै यो संसार पनि त कुनै संसार बाहिरको अति शक्तिशाली शक्ति-आत्मा वा परम आत्माले चलाएको होला भन्ने तुलनात्मक अनुमान र तर्कको आधारमा यो बिचार पैदा भएको हो ।

तर अहिले त प्रकृति-बिज्ञान निकै बिकसित भइसकेको छ । प्रकृति बिज्ञानले थुप्रै अकाट्य प्रमाणहरूको आधारमा के पत्तो लगाइसकेको छ भने, संसारमा यस्तो एक बेला थियो, जतिखेर आत्मा वा चेतना भएको, भाव वा मन भएको कुनै जीव संसारमा थिएन । संसार सिङ्गै अजैविक पदार्थहरूले भरिएको बेला थियो । त्यो अजैविक बस्तु बिकसित हुँदै जाँदा नै सजीव वस्तु पैदा भएको हो । सजीव बस्तु बिकसित हुँदै जाँदा नै चेतनशील वस्तु पैदा भएको हो । विकास प्रकृतिको स्वभाव हो । त्यसैले,

अनुसार, यो प्रकृति र संसार बिल्कुलै ज्ञेय छ । मान्छेले प्रयत्न गऱ्यो भने प्रकृति र संसारको प्रत्येक रहस्य पत्ता लाउन सक्छ, थाहा पाउन सक्छ । मान्छेको विचारमा भौतिक संसारको ठीक ठीक चित्र उत्रन सक्छ । वास्तवमा विचार भनेकै बाहिरको भौतिक संसारको हाम्रो मनमस्तिकमा उत्रेको छाया हो, पोखरीको शान्त पानीमा चियाउने मान्छेको छाया उत्रेजस्तो । हरेक बस्तुमा प्रतिबिम्व उतार्ने क्षमता हुन्छ, वालुवामा पाइला टेकेको पाइलाकै आकृति उत्रेजस्तो । हरेक ठोस वस्तुमा औंलाको शंख चक्रको छाप बसे जस्तो । मान्छेको मास्तिष्क पनि एउटा वस्तु हो । मन मस्तिष्कमा इन्द्रियमार्फत् जे जे वस्तु संसर्गमा आउँछ, त्यसको प्रतिबिम्ब उत्रन्छ । मान्छेको मन मस्तिष्कले

**प्रकृति वा भौतिक संसारको बिकासको सिलसिलामा, मस्तिष्क भन्ने अति संगठित पदार्थबाटै आत्मा, मन चेतना वा भाव भन्ने कुरा पैदा भएको हो ।**

त्यसैले, यो संसार बुझीनसक्नुको छ, अज्ञेय र अपरंपार छ भन्ने आदर्शवादी विचारको बलियो खण्डन त ज्ञान विज्ञानको यति ठूलो विकास आफैंले लगातार गरिरहेको छ । ज्ञान विज्ञानको प्रत्येक विकास नै प्रयत्न गरे मान्छेले यो प्रकृति र भौतिक संसारको हरेक रहस्य एक एक गरी थाहा पाउन र खोल्न सक्छ भन्ने कुराको आकाट्य प्रमाण हो । विज्ञानको हरेक आविष्कार भौतिकवादको जगमा केही इँट्टा थपाइ हो ।

यसप्रकार, आदर्शवाद र भौतिकवाद दुई विपरीत खेमाका दर्शनहरू हुन् । आदर्शवादले चेतनालाई प्राथमिक ठान्दछ,

नै उब्जाएको भन्ने विचारको आधारमा बिल्कुलै मनगढन्त, भाग्यवादी बनाउँछ । कुनै पनि घटना वा समस्याको वास्तविक कारण खोज्नेतिर मान्छेलाई यसले पटक्कै डोऱ्याउन्न । बरू संसार र दुःखको कारण बुझीनसक्नुको छ भनेर मान्छेलाई यसले निराश र अकर्मण्य बनाउँछ । संसारलाई बुझीनसक्नुको ठानेपछि कुनै पनि घटनाको र समस्याको यथार्थ कारण किन खोज्ने ? यथार्थ कारण नखोजेसम्म कुनै पनि समस्याको र दुःखको असली कारण कसरी पत्ता लाग्ने ? विज्ञानको कसरी विकास हुने ? आदर्शवादले यसरी संसारलाई रहस्यमय बनाउँछ ।

# के हो आदर्शवाद र भौतिकवादको मुख्य भिन्नता ?

◆ प्रज्ञानरत्न ◆

कुनै ब्रम्हाले प्रकृति वा संसारको सृष्टि गरेको होइन, बरू ब्रम्हा, अर्थात् चेतना वा आत्मा प्रकृति वा संसारको विकासको सिलसिलामा स्वभावैले स्वतः पैदा भएको हो, मरिसकेको निर्जीव लाशमा एउटा निश्चित तापक्रम र वातावरणमा स्वतः सजीव कीरा वा औंसा पैदा भएजस्तै ।

संस्कृत भाषामा प्रकृति शब्दको अर्थ पनि निकै अर्थपूर्ण छ । 'प्रकृति' शब्दको अर्थ हो- प्र+कृति= जो आफैं बनेको हो, कसैले बनाएको होइन । जो पहिलो कृति हो ।

यसरी सिङ्गै प्रकृति विज्ञानमा भौतिकवाद छ । प्रकृति विज्ञानमा आदर्शवादी दर्शनका लागि कुनै ठाउँ नै छैन । प्रकृति विज्ञानले अनगिन्ती प्रमाणका आधारमा साबित गरेको छ कि प्रकृतिको सृष्टि कसैले गरेको होइन । यो आफैं अस्तित्वमा छ र लगातार विकसित हुने प्रक्रियामा छ । यो संसारमा चेतना वा आत्मा नहुँदा पनि प्रकृति थियो । भौतिक संसार थियो । पदार्थहरू थिए । के यो प्रकृति र संसार ज्ञेय छ ? अर्थात, के यो भौतिक संसारलाई हाम्रो चेतनाले वा आत्माले बुझ्न, थाहा पाउन सक्छ ? हाम्रो विचारमा वास्तविक भौतिक संसारको ठीक ठीक प्रतिबिम्ब उत्रन सक्छ ? यो प्रश्नमा पनि आदर्शवाद र भौतिकवादको उत्तर बिल्कुलै विपरीत छ । आर्दशवादको मान्यता छ कि, यो संसार ज्ञेय छैन । अर्थात, हाम्रो चेतना वा आत्माले यो संसारलाई बुझ्न थाहा पाउन सक्दैन । संसार र प्रकृति अपरंपार छ । यो रहस्यमय छ । तर भौतिकवादका

वास्तविकताको एकभन्दा ज्यादा प्रतिबिम्बहरू जोडेर तर्कको आधारमा बिल्कुलै नयाँ र जटिल प्रतिबिम्ब पनि उतार्न सक्छ । तर विचार भनेको सारमा भौतिक संसारकै मान्छेको मनमस्तिष्कमा उत्रेको सरल वा जटिल प्रतिबिम्ब हो । बाहिरी भौतिक संसारको प्रतिबिम्ब दुरूस्त भयो, विचार सही हुन्छ । त्यो प्रतिबिम्ब बेठीक भयो, दुरूस्त भएन भने विचार गलत हुन्छ । डोरीमा झुण्डिरहेको सर्पलाई सर्प नै ठान्नु भौतिक संसारको ठीक प्रतिबिम्ब हो । डोरीमा झुण्डिरहेको चिचिण्डोलाई सर्प ठान्नु भौतिक संसारको गलत प्रतिबिम्ब हो ।

यो संसार र प्रकृतिलाई मान्छेको चेतनाले बुझ्न थाहा पाउन सक्छ भन्ने कुराको सबैभन्दा ठूलो प्रमाण ज्ञान विज्ञान आफैं हो । आदर्शवादले ठाने जस्तो संसार र प्रकृति अज्ञेय र अपरंपार भएको भए, बुझ्न थाहा पाउन नसकिने भएको भए ज्ञान विज्ञानको विकास संभव नै थिएन, न त मान्छेले खेतीपाती र उद्योगधन्दा विकास गर्नु नै संभव थियो । प्रकृतिको रहस्य एक एक गरी थाहा पाउने सिलसिलामा नै मान्छेले ज्ञान र विज्ञानको विकास गर्न संभव भएको हो । प्रकृतिमा के गर्दा के हुन्छ भन्ने रहस्य पत्ता लगाएपछि नै मान्छेले खेतीपाती गर्न र उद्योग धन्दाको विकास गर्न समर्थ भएको हो ।

भौतिकवादले प्रकृतिलाई, आदर्शवादले आत्मालाई भौतिक संसारको माउ मान्दछ, भौतिकवादले भौतिक संसारलाई आत्माको माउ । आदर्शवादले हाम्रो आत्मा वा चेतनाभन्दा बाहिर भौतिक संसार वा प्रकृतिको स्वतन्त्र अस्तित्व भएको देख्दैन, वरू भौतिक संसार वा प्रकृतिभन्दा अलग्गै आत्मा वा चेतनाको स्वतन्त्र अस्तित्व देख्छ । तर भौतिकवादले हाम्रो आत्मा वा चेतनाभन्दा बाहिर भौतिक संसार वा प्रकृतिको स्वतन्त्र अस्तित्व भएको देख्छ । आदर्शवादले यो प्रकृति र भौतिक संसारलाई बुझीनसक्नुको, अपरंपार वा अज्ञेय ठान्दछ । भौतिकवादले यसको ठीक विपरीत यो भौतिक संसार वा प्रकृतिलाई 'बुझ्न थाहा पाउन सकिने', ज्ञेय ठान्दछ ।

आदर्शवाद-विज्ञानको विकास नभएको बेला प्रकृति र चेतना भौतिक संसार र आत्माको सम्बन्धबारे मान्छेले गरेको मनगढन्त अनुमानमा आधारित छ । भौतिकवाद आफ्नो समयको विज्ञानको जगमा उभिएको दर्शन हो । आदर्शवाद मनगढन्त दर्शन हो, भौतिकवाद विज्ञानसम्मत दर्शन हो ।

आदर्शवाद चुसीखाने वर्गको लागि सारै कामलाग्दो दर्शन हो । किनभने, यसले मान्छेलाई भौतिक संसारको प्रत्येक कुरा आत्मा परमात्माले सृष्टि गरेको, दुःख दरिद्रता पनि परमात्माले

संसार जति रहस्यमय बन्यो, त्यति चुसीखानेलाई फाइदा हुन्छ । किनभने, संसार नै रहस्यमय भएपछि मान्छेको शोषण र उत्पीडनको रहस्य पनि कहिल्यै खुल्दैन । यसबाट चुसीखानेको स्वर्ग सुरक्षित रहन्छ ।

यही कारणले विज्ञानको यति धेरै विकास भईसक्दा पनि संसारका सारा चुसीखाने वर्ग जानाजान आदर्शवादी दर्शनको प्रचार गर्छ । ऊ आफू आफ्नो नाफा, घाटा र प्रगतिको मामलामा बिल्कुलै भौतिवादी अथवा यथार्थवादी भइरहेको हुन्छ । तर दुनियाँको लागि ऊ आदर्शवादको वकालत गर्छ । भौतिकवाद गरीखानेको दर्शन हो । यसले गरी खानेवर्गलाई मनगढन्त होइन, हरेक कुराको, हरेक घटना र समस्याको वास्तविक बैज्ञानिक कारण खोतल्ने बनाउँछ । यसले गरीखाने वर्गलाई भाग्यवादी होइन, कर्मवादी बनाउँछ ।

भौतिक संसार नै आत्मा र विचारको माउ हो र विचार भनेको वाहिरी संसारकै मन मस्तिष्कमा उत्रने प्रतिबिम्ब हो भन्ने धारणको आधारमा यसले मान्छेको विचार वाहिरको भौतिकसंसारसित मिल्दोजुल्दो भएमा मात्र विचार सही हुन्छ, नत्र गलत हुन्छ भन्ने शिक्षा दिन्छ ।

यसले संसारलाई रहस्यमय बनाउँदैन । बरू यसले संसार ज्ञेय छ भन्ने आधारमा मान्छेलाई आशावादी बनाउँछ । कुनै पनि समस्याको गहिरो असली कारण खोज्न उत्साहित बनाउँछ । जब गरीखाने वर्गले आफूमाथि भइरहेको शोषण-उत्पीडनको गहिरो, असली कारण खोज्न थाल्छ, उसको मुक्तिको बाटो खुल्छ । उसको संघर्ष शुरू हुन्छ । ❑

२०४६ सालको जनआन्दोलनको क्रममा काठमाडौंको त्रिचन्द क्याम्पस, सरस्वती सदनमा खुलाचौरमा १५० जनाभन्दा बढी लेखक-कलाकारहरूले तात्कालीन निरंकुश पञ्चायती व्यवस्थाविरूद्ध सामूहिक विरोध गरेका थिए। मुखमा कालोपट्टी बाँधी, पलेंटी कसेर बसी यसरी विरोध गर्न थाल्ननपाई उनीहरू सबै गिरफ्तार भए। राती बयान लिएर उनीहरूलाई रिहा गरियो।

यो घटनाले त्यतिखेर सुस्त हुन थालेको जन-आन्दोलनमा ठूलो बल र प्रेरणा थप्ने काम गरेको थियो।

लेखक-कलाकारहरूले मुलुकको लागि जरूरी पर्दा सडकमै उत्रिएको र गिरफ्तारी नै दिएको उँक्त महत्वपूर्ण दिनको सम्झनामा गत वर्षदेखि केही व्यवस्थित गतिविधिहरू हुन थालेका छन्। यसका निम्ति 'सिर्जना : चैत्र ३' (साहित्यिक अभियान) भन्ने साहित्यिक संस्था पनि क्रियाशील रहेको छ।

यस वर्षको चैत्र ३ को सन्दर्भमा यस दिनको महत्ता र 'सिर्जना : चैत्र ३' संस्थाका बारे सो संस्थाका संयोजक गोविन्द वर्तमानले संयोजन गर्नु भएका सामग्रीहरू पाठकहरूसामु प्रस्तुत छन्। *-मूल्यांकन*

'शिर्जना : चैत्र ३' को औचित्यबारे

# लेखक - कलाकारले कालोपट्टी बाँधेको दिन

◆ गोविन्द वर्तमान



२०४६ चैत्र ३ मा सरस्वती सदनमा लेखक-कलाकारहरू कालोपट्टी सहित

लेखक-कलाकारहरूको सिर्जनाले मानिसको आत्मिक तथा भौतिक समृद्धिसित सरोकार राख्दछ। मानिसहरूको जीवनलाई उन्नत पार्ने अभियानमा सिर्जनात्मक कामहरूले प्रभावशाली भूमिका खेल्नुपर्छ भन्ने कुरामा प्रगतिशील स्रष्टाहरू एकमत छन्। त्यसैले स्रष्टा र आन्दोलनको सम्बन्धबारे प्रगतिशील समुदायमा कुनै दुविधा छैन। तर सिर्जनाको क्षेत्रमा संलग्न सबैमा यस्तो विचार देखिंदैन।

साहित्य र कलाले प्रजातान्त्रिक आन्दोलनको सहयोगी र प्रजातान्त्रिक संस्कृतिको स्थापनाका लागि निर्णायक उपस्थिति देखाउनु पर्दछ भन्ने कुरामा प्रजातन्त्रिक शक्तिहरूबीच मतैक्यता छैन। शायद त्यही कारणले हो- केही स्रष्टाहरू आज पनि गर्वसाथ 'स्वान्त सुखाय' लेखिरहेको कुरा बताइ रहन्छन्। यही कारणले गर्दा प्रजातन्त्रको पक्षमा लडिएको ऐतिहासिक जनआन्दोलन- २०४६ मा संस्कृतिकर्मीहरू बीच स्पष्ट रूपले दुई मतहरू देखा परे। साहित्य र कलाले प्रजातन्त्रको पक्षमा भूमिका खेल्नुपर्छ भन्ने सोच भएका प्रगतिशील र प्रजातान्त्रिक स्रष्टाहरू आन्दोलनको मैदानमा उत्रिए भने स्रस्टाहरूको काम सृजना गर्नु मात्र हो र त्यो सृजना मूलत : स्वान्त सुखाय नै हो भन्नेहरू आन्दोलनमा सहभागी भएनन्। यसरी इतिहासको कालखण्डले बेला बेलामा माग गर्ने संघर्षको चुनौतिलाई स्वीकार गर्ने र अस्वीकार गर्ने दुईथरि लेखक-कलाकारहरू हाम्रो भूगोलमा पनि प्रष्ट देखिए। यसबाट साहित्य र कला पनि दुई किसिमका हुन्छन् भन्ने कुरा समेत प्रमाणित भयो।

इतिहासले समेत प्रमाणित गरेको यस यथार्थलाई बुझी साहित्य र कलालाई मानव जीवनको निरन्तर संघर्षको सहयात्री बनाउनु पर्छ भन्ने सोचद्वारा निर्देशित भएर एउटा संस्था गठन गरिएको छ। त्यो संस्था हो- **सिर्जना : चैत्र ३।**

अभिब्यक्ति स्वतन्त्रताको पक्षमा ०४६ चैत्र ३ गते लेखक-कलाकारहरूले सडकमा उत्रिएर खेलेको भूमिका नेपालको सांकृतिक इतिहासमा स्वर्णाक्षरले लेखिएको छ। त्यसबेला पंचायती निरंकुशताविरूद्ध लेखक-कलाकारहरूले मुखमा कालोपट्टी बाँधेर विरोध प्रकट गरेका थिए। यस क्रममा बयोबृद्ध साहित्यकार युद्धप्रसाद मिश्रदेखि लिएर कलिली कवयित्री सुम्निमा तुलाधर समेत सयौं लेखक-कलाकारहरूलाई पंचायती सत्ताले सामूहिक रूपमा गिरफ्तार गरेको थियो। बरिष्ठ प्रगतिशील साहित्यकार पारिजातदेखि लिएर बरिष्ठ प्रजातन्त्रवादी साहित्यकार कमल दीक्षित र मोहन कोइरालाहरू यस आन्दोलनमा सहभागी हुनुहुन्थ्यो। बरिष्ठ उपन्यासकार डायमन शमशेरदेखि लिएर लोकप्रिय कलाकारहरू मदन कृष्ण श्रेष्ठ तथा हरिवंश आचार्य जस्ताहरूले लेखक-कलाकारहरूका निम्ति स्वतन्त्रताको महत्तालाई अन्तरमनदेखि नै आत्मसात् गर्नु भएको थियो भन्ने कुरा ०४६ चैत्र ३ गतेको घटनाले साबित गरेको छ। डा. ध्रुवचन्द्र गौतम, खगेन्द्र संगौला, अशेष मल्ल, विमल निभा आदि अरू यस्ता नामहरू हुन्, जसले इतिहासको संगीन घडीमा आफूमा रहेको न्यायचेतलाई प्रमाणित गरेका थिए।

> **अभिब्यक्ति स्वतन्त्रताको पक्षमा ०४६ चैत्र ३ गते लेखक-कलाकारहरूले सडकमा उत्रिएर खेलेको भूमिका नेपालको सांकृतिक इतिहासमा स्वर्णाक्षरले लेखिएको छ।**

मलाई लाग्छ, ०४६ चैत्र ३ गते स्रष्टाहरूले स्वतन्त्रताको पक्षमा लडेको त्यो लडाईको मोर्चालाई आज पनि पुनः निर्माण गर्नु जरूरी छ। यही जरूरतले हामीलाई 'सिर्जना : चैत्र ३' नामको साहित्यिक अभियान अघि बढाउन प्रेरित गरेको छ।

'सिर्जना : चैत्र ३' मा हाललाई म लगायत साहित्यकार मित्रहरू हरिगोविन्द लुइँटेल, राजकुमार के.सी., स्नेह सायमि र राजेन्द्र अधिकारी रहेका छौं। पञ्चायतविरूद्ध मुखमा कालोपट्टी बाँधेर सडकमा उत्रिएकामध्येबाट हामी पाँच जनाले यो अभियानलाई अघि बढाउने एउटा माध्यमको रूपमा आफूलाई प्रस्तुत गरेका हौं। यतिन्जेल प्रगतिशील साहित्यमा सिर्जनारत सुपरिचित साहित्यकारहरू खगेन्द्र संग्रौला, नारायण ढकाल, विमल निभा, इस्माली, रूद्र खरेल, पुरूषोत्तम सुवेदी, अनील पौडेल आदि मित्रहरूको सहयोग पनि हामीले निरन्तर लिंदै आएका छौं।

निरंकुशतावादी शक्तिहरूले प्रजातन्त्रको खोल ओढेर फेरि पनि हामीमाथि शासन गर्ने दुस्प्रयासहरू शुरू गरेका छन्। त्यो दुस्प्रयासविरूद्ध प्रगतिशील र प्रजातन्त्रवादी स्रष्टाहरूले एक भएर सहकार्य गर्नु अपरिहार्य देखिएको छ। निरंकुशतावादी प्रवृत्तिविरूद्ध निरन्तर संघर्षको मैदानमा उत्रिनु पर्छ भन्ने सोच नै 'सिर्जना : चैत्र ३' लाई अभियानको रूपमा संचालन गर्ने शक्तिशाली उर्जा

# राजनेताहरूले चैत्र ३ को महत्व बुझ्नु जरुरी छ

◆ डा. ध्रुवचन्द्र गौतम ◆



**'चैत्र -३' को गरिमा र स्मृतिलाई ज्यूँदो राख्न भइरहेका कामहरू पर्याप्त छैनन् ।**

● **चैत्र ३ लाई तपाईं कसरी सम्झनु हुन्छ ?**

- अभिव्यक्ति स्वतन्त्रताको निम्ति ०४६ चैत्र ३ गते लेखकहरू आन्दोलनमा उत्रिएका थिए । त्यो एउटा ठूलो ऐतिहासिक घटना हो । हाम्रो इतिहासको पूरै पाना पल्टाए पनि यो खालको घटना देखिँदैन । इतिहासमा त्यसअघि 'मकै पर्व' जस्ता घटनाहरू भएका छन् तर सहित्यकार, कलाकार जस्ता सिर्जनशील व्यक्तिहरूले त्यति ठूलो संख्यामा सडकमा ओर्लिएर निरंकुश सत्ताको विरोध जनाएको त्यो पहिलो महत्वपूर्ण घटना थियो ।

● **तपाईं त्यस दिन कालोपट्टी बाँध्न कुन प्रेरणाले जानु भएको थियो ?**

- त्यस कार्यक्रमबारे मलाई लेखकहरूले भन्न आउनासाथ मलाई लाग्यो- म त्यहाँ जानु पर्छ । मलाई त्यस कार्यक्रमबारे कुनै पूर्वाभास पनि थिएन । म संगठनमा रहने खालको मानिस होइन, त्यसैले चैत्र ३ को कार्यक्रमबारे कसैले मलाई भन्न नआएको भए त्यसबारे मलाई केही थाहा नै हुने थिएन । हामी जुन कुराका विरूद्ध लेखिरहेका छौं, त्यो लेखन कहिल्यै पनि सत्ताको पक्षमा थिएन । लेखनमा हामी सत्ताको विपक्षमा थियौं भने जब विद्रोह वा क्रान्तिको अवस्थामा इतिहासले लेखकको भौतिक उपस्थिति माग गर्दछ, तब हामीले सहभागी हुनै पर्दछ भन्ने मलाई लाग्यो । त्यसमा सहभागी नहुनु भनेको आफ्नो दायित्वबाट भाग्नु हुन्छ भन्ने मलाई लाग्यो । त्यसैले म सहभागी भएको हुँ । ०४६ सालको जन आन्दोलनमा पहिलो सामूहिक गिरफ्तारी चैत्र ३ गते नै भएको हो । आन्दोलनमा गतिरोध आएको र आन्दोलनकारीले नै सरेन्डर गर्छन् कि जस्तो स्थिति उत्पन्न भएको बेलामा सिर्जनशील मान्छे जम्मा भएर जुन विरोध गरे, त्यसले आन्दोलनलाई अघि बढाउन एउटा उर्जाको काम गरेको थियो ।

● **०४६ साल चैत्र ३ गते प्रजातन्त्रवादी र प्रगतिशील दुईथरि विचारका लेखकहरू अभिव्यक्ति स्वतन्त्रताको निम्ति एक भएर आन्दोलनमा उत्रिएका थिए । आजको सन्दर्भमा चाहिँ यी दुई विचारका लेखकहरूको सहकार्य आवश्यक छ कि छैन भन्ने लाग्छ ?**

- लेखक मुक्तिकामी हुन्छ । उसलाई अभिव्यक्ति स्वतन्त्रता चाहिन्छ । त्यसबेला त्यस्तो स्वतन्त्रता थिएन । सम्पूर्ण राजनीतिक वातावरण उकुसमकुस हुने खालको थियो । त्यसैले दुबै विचारका लेखक कलाकारहरू एक भएर आन्दोलनमा उत्रिए । तर अहिले स्थिति अलि फरक छ । त्यो बेला र अहिले एउटा अन्तर के छ भने, अहिले लेख्न बोल्न चाहिँ पूर्ण स्वतन्त्रता छ । त्यसबाहेक राजनीतिक अस्थिरता, भ्रष्टाचार र अन्य विकृति चारैतिर व्याप्त छ । त्यसैले अब मुखमा पट्टी बाँध्नु चाहिँ पर्दैन तर अन्य तरिकाले खराबीहरू विरूद्ध संघर्ष गर्नुपर्छ । यस्तो विरोधका लागि सहकार्य आवश्यक छ । हामी लेखकहरू खराबीहरू विरूद्ध जसरी लेख्छौं, ती खराबीहरू रहुन्जेल जुनबेला पनि लेखकहरू एक भएर सडकमा उत्रनु पर्ने आवश्यकता बाँकी रहन्छ ।

● **संक्षेपमा चैत्र- ३ को सन्देशलाई तपाईं कसरी व्यक्त गर्नु हुन्छ ?**

- सिर्जनशीलहरू साँच्चिकै जुटेर प्रोटेस्ट गरे भने त्यो प्रोटेस्ट फलदायी हुन्छ र सिर्जनशीलहरूमा प्रोटेस्ट गर्ने मानसिकता सधैं रहिरहनु पर्छ भन्ने सन्देश 'चैत्र -३' ले दिएको छ ।

● **'चैत्र -३' को स्मृतिलाई दिगो राख्न र यसको गरिमालाई सम्मान गर्न भइरहेको गतिविधि तपाईंलाई कस्तो लाग्छ ?**

- चाहे हार होस् चाहे जीत, एउटा लेखकको नाताले आन्दोलनमा जानुपर्छ भनेर ०४६ चैत्र ३ मा हामी सडकमा गएका हौं । त्यस कुराको गुणगान गर्नु भनेको हामीले आफ्नो गुणगान गर्नु होइन, एउटा महत्वपूर्ण ऐतिहासिक क्षणको स्मृति गर्नु हो । भोलि आउने लेखकहरूको नयाँ पिंढीलाई पनि इतिहासको त्यो क्षणबारे जानकारी हुनु पर्दछ । त्यो ऐतिहासिक क्षणको स्मृतिलाई ज्यूँदो राख्नु पर्छ । त्यसैले 'चैत्र -३' को गरिमा र स्मृतिलाई ज्यूँदो राख्नका निम्ति जे जस्ता कामहरू भइरहेको छन्, त्यो अझै पर्याप्त छैन । तर जति काम भइरहेको छ, त्यो चाँही सकारात्मक नै छ । म के पनि भन्छु भने प्रजातन्त्रपछि आएका जम्मै सरकारहरूले ऐतिहासिक क्षणमा लेखकहरूले खेलेको भूमिकालाई सम्झनु पर्थ्यो, तर त्यस्तो भएको छैन ।

● **अहिलेको नयाँ साहित्यिक पुस्ताले 'चैत्र -३' को त्यो गरिमालाई अघि बढाउन खोजेको छ कि छैन ?**

- नयाँ पुस्ताले 'चैत्र -३' को महत्वलाई राम्ररी बुझेर त्यसको गरिमालाई आत्मसात् गर्छ कि गर्दैन भन्ने कुरामा म त्यति स्पष्ट छैन । नयाँ पुस्तालाई त्यस विषयमा अवगत गराउने दायित्व हाम्रो पनि हो । तर हामीबाट पर्याप्त मात्रामा त्यो काम हुन सकेको छैन । नयाँ पुस्तालाई चैत्र -३ गते को महत्तबोध गराउन हामीले सेक्दो प्रयास गर्नु पर्दछ भन्ने मलाई लाग्छ ।

● **यस सन्दर्भमा लेखकहरूको अन्य दायित्व पनि छ कि ?**

-'चैत्र ३' को महत्व नयाँ पुस्तालाई बुझाउनुका साथसाथै हाम्रो राजनीतिक निकायलाई पनि राम्ररी बुझाउनु पर्ने स्थिति छ । धेरैजसो राजनीतिकर्मीहरूले ०४६ सालको आन्दोलनमा लेखकहरूले गरेको योगदानलाई बिर्सिसकेका छन् । देश हाँक्ने राजनीतिले नै हो । त्यसैले अहिलेका राजनेताहरूले चैत्र ३ को महत्व बुझ्नु जरूरी छ । नयाँ पुस्ताले त क्रमश : बुझ्दै जानेछ । ❑

---

हो । यस्तो उर्जा विज्ञानसम्मत विचार भएका स्रष्टाहरूको जमातमा छरिएर रहेको छ । त्यसरी छरिएको उर्जालाई एकत्रित गरेर आफ्नो अभियानलाई अघि बढाउनु नै 'सिर्जना: चैत्र ३' को अभिष्ट हो ।

०५४ चैत्र ३ गते पहिलो पटक 'सिर्जना : चैत्र ३' ले एउटा विचार गोष्ठीको आयोजना गरेर आफ्नो उपस्थिति जनाइसकेको छ । त्यस गोष्ठीमा गोविन्द भट्ट, खगेन्द्र संग्रौला, अशेष मल्ल र हरिवंश आचार्यले आजको अवस्थामा चैत्र ३ को सान्दर्भिकताबारे आफ्ना विचारहरू प्रस्तुत गर्नु भएको थियो । उहाँहरूका विचारले पनि 'सिर्जना : चैत्र ३' लाई प्रजातान्त्रिक संस्कृतिको पक्षमा अघि बढ्न थप हौसला दिएको छ । संयोगवश त्यसै दिन नेपाली लेखक संघले पनि ०४६ चैत्र ३ लाई सम्झना गरेको थियो । त्यसप्रकार ढिलै भए पनि चैत्र ३ गतेको महत्व र गरिमालाई उजागर गर्ने कामहरू शुरू भएका छन् ।

'सिर्जना : चैत्र ३' साहित्यिक अभियानले ०५४ चैत्र ३ आफ्नो पहिलो कार्यक्रम गरेपछि साहित्यिक जगतमा प्रतिक्रियाहरू उत्पन्न भए । ती प्रतिक्रियाहरूकै बीचबाट यसले आगामी दिनहरूमा हिंड्नु पर्ने बाटो पहिल्याउने प्रयास शुरू गऱ्यो । प्रजातान्त्रिक तथा प्रगतिशील स्रष्टाहरूबीच सहकार्य आवश्यक छ भन्ने सोचबाट निर्दिष्ट भएर यसले आफ्नो बाटो पहिल्याउने काम शुरू गरेको छ । यस क्रममा 'सिर्जना : चैत्र ३' ले प्रजातान्त्रिक तथा प्रगतिशील स्रष्टाहरूको सहयोग र सहभागितामा लेखक कलाकारहरूको हक हितका निम्ति गर्नुपर्ने कामहरू शुरू गर्ने अठोट लिएको छ । त्यसै अठोटअन्तर्गत गत मंसीर १२ गते 'सिर्जना : चैत्र ३' ले आफ्नो दोस्रो कायक्रमको रूपमा अर्को महत्वपूर्ण विचार गोष्ठी गऱ्यो ।

लेखक कलाकारहरूले सुदुर अतीतदेखि वर्तमानसम्म आफ्नो सिर्जनावापत भोग्नु परेका यातनाहरूको विस्तृत अध्ययन पेश गर्ने कार्यपत्रसहित सो विचार गोष्ठी आयोजना गरिएको थियो । गोष्ठीको शीर्षक थियो- 'मकैको खेतीदेखि चैत्र ३ सम्म' । गोष्ठीको कार्यपत्र साहित्यकार द्वय डा. माधव पोखरेल तथा रूद्र खरेलले तयार गर्नु भएको थियो । गोष्ठीमा प्रस्तुत भएको उक्त कार्यपत्रमाथि वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधान र प्रा. माणिकलाल श्रेष्ठले सारगर्भित टिप्पणी गर्नुभएको थियो । सो कार्यपत्र र विद्वान टिप्पणीकारहरूका टिप्पणीहरूलाई 'सिर्जना : चैत्र ३' ले

**स्वाभिमानी लेखक कलाकारहरूको स्थिति आज पनि राम्रो छैन । राजनीतिक दल विशेष वा सत्ताको स्तुति गाउन अस्वीकार गर्ने स्रष्टाहरू अहिले पनि उपेक्षित छन् ।**

# 'चैत्र -३' लाई म आदर, गर्व र उमङ्गसाथ संझन्छु

◆ खगेन्द्र संग्रौला



**● 'चैत्र -३' लाई तपाईं कसरी संझनु हुन्छ ?**

- ०४६ साल चैत्र ३ गतेको दिनलाई म आदर, गर्व र उमङ्गसाथ संझन्छु । नागरिकको मानवीय मर्यादा र जनाधिकारका पक्षमा, पंचायती दासताविरूद्ध भिन्न-भिन्न जीवन-दृष्टि र आस्था अँगाल्ने लेखक-कलाकर्मीहरूको ऐक्यबद्धतामाझ स्वाभिमानका सगरमाथासरहका युद्धप्रसाद मिश्र, पारिजात, कृष्णचन्द्रसिंह प्रधान र अरूहरूका साथमा सडक संघर्षमा सामेल हुँदाको त्यस क्षणलाई म आफ्नो जीवनको एक सार्थक र सुन्दर क्षणको रूपमा संझन्छु ।

**● 'चैत्र -३' ले हामीलाई दिएको सन्देश के हो ?**

-'चैत्र -३' ले दिएको सन्देशलाई तीन भागमा बाँड्न सकिन्छ । पहिलो, लेखक-कलाकर्मी हस्तीहाडे बुर्जामा शब्द, रंग र स्वरको विलासी खेल खेल्ने सिल्ली होइन । बरू ऊ त अग्रगामी सामाजिक चेतनाको बाहक र क्रियाशील न्याय-योद्धा हो । दोस्रो, जीवनयात्राको घुमाउरो र जटिल बाटोमा भिन्न भिन्न जीवनदृष्टि र आस्था अंगाल्ने स्वभिमानी लेखक-कलाकर्मीहरूमाझ सहकार्य गर्ने साझा सरोकारका सवालहरू पनि हुन्छन् । एक जिम्मेवार लेखक-कलाकर्मीले सचेततासाथ यस कुराको हेक्का राख्नुपर्छ । तेस्रो, इतिहासका उदात्त तर जोखिमपूर्ण क्षणहरूमा समयले स्वाभिमानप्रेमी र चाटुकार दुवैथरि कलाकर्मीको कठोर परीक्षा गर्छ ।

**● चैत्र तीनको स्मृति र गरिमालाई माथि उठाउन हामीले के के गर्नुपर्ला ?**

- चैत्र ३ गतेको स्मृति र गरिमालाई माथि उठाउन हामीले गर्नुपर्ने कामहरू हुन् : त्यसको ऐतिहासिक महत्ताबोध गर्नु र त्यसलाई लिपिबद्ध गर्नु । वर्तमान सन्दर्भमा त्यसको प्रासङ्गिकता ठम्याउनु । भिन्न-भिन्न जीवन-दृष्टि र आस्था अँगाल्ने लेखक-कलाकर्मीहरूमाझ सहकार्य गर्न सकिने साँझा बुँदाहरू किटान गर्नु र सम्पर्क, संवाद र प्रकाशन तीन वटै स्तरमा सहकार्य गर्न खोज्नु ।

**● प्रगतिशील तथा प्रजातन्त्रवादी स्रष्टाहरूको सहकार्य आजको सन्दर्भमा किन आवश्यक छ ?**

> २०४६ सालको बलिदानी जन-संघर्षबाट प्राप्त हाम्रा वाक, प्रकाशन तथा जमघटका अधिकार-हरू संसदभित्रैबाट तीव्र गतिमा कुण्ठित र दमित हुँदैछन् ।

-२०४६ सालको बलिदानी जन-संघर्षबाट प्राप्त हाम्रा वाक, प्रकाशन तथा जमघटका अधिकार-हरू संसदभित्रैबाट तीव्र गतिमा कुण्ठित र दमित हुँदैछन् । सांसदका सूट र तस्करका बूट लगाएर मण्डलेको नाङ्गो र निर्लज्ज मुद्रामा भिन्न सन्दर्भ र भिन्न शैलीमा हिजोको नादिरशाही निरंकुशतन्त्रले मुन्टो उठाउदै गरेको कुरूप यथार्थ हाम्रासामु छर्लङ्ग छ । त्यसैले त्यस्तो सहकार्यको आवश्यकताबारे थप शब्द खर्च गर्नु जरूरी छैन । ❑

छिट्टै नै एउटा पुस्तिकाको रूपमा प्रकाशित गर्ने सोच बनाएको छ । त्यो पुस्तिकाले नेपाली साहित्यकै निम्ति एउटा विशिष्ट प्रकारको सामाग्री प्रस्तुत गर्नेछ भन्ने मलाई लाग्दछ ।

स्वाभिमानी लेखक कलाकारहरूको स्थिति आज पनि राम्रो छैन । राजनीतिक दल विशेष वा सत्ताको स्तुति गाउन अस्वीकार गर्ने स्रष्टाहरू अहिले पनि उपेक्षित छन् । ती उपेक्षित लेखकहरूको हित संरक्षण गर्नेतर्फ हाम्रो ध्यान पुग्नु जरूरी छ । 'सिर्जना : चैत्र ३ ' ले स्वाभिमानी लेखकहरूको हित संरक्षणका निम्ति विद्यमान प्रतिकूल वातावरणलाई भत्काएर नयाँ वातावरण निर्माण गर्न सहयोगी भूमिका खेल्नु पर्छ भन्ने हामीले सोचेका छौं । त्यसको निम्ति कम्तिमा राजनीतिक दलहरूका मूर्धन्य नेताहरूमा साहित्य कलाप्रति सरोकार पैदा गराउने, राष्ट्रका विशिष्ट संचार माध्यमहरू- रेडियो नेपाल र नेपाल टेलिभिजनलाई समेत साहित्य कलासम्बन्धी कार्यक्रमहरू उत्पादन तथा प्रसारण गर्न घच्घच्याउने, प्रज्ञाप्रतिष्ठान र साझा प्रकाशन जस्ता साहित्यिक निकायहरूलाई स्वस्थ ढंगले साहित्यिक कामहरूलाई अघि बढाउन खबरदारी गर्ने जस्ता कामहरू हामीले गर्नु पर्नेछ । तर यी कामहरू गर्नु र कामहरूलाई परिणामदायी तुल्याउनु सजिलो छैन । तैपनि हामीले केही प्रयासहरू शुरू गरेका छौं ।

> 'सिर्जना : चैत्र ३ ' ले स्वाभिमानी लेखकहरूको हित संरक्षणका निम्ति विद्यमान प्रतिकूल वातावरणलाई भत्काएर नयाँ वातावरण निर्माण गर्न सहयोगी भूमिका खेल्नु पर्छ भन्ने हामीले सोचेका छौं ।

राजनीतिक दलका मूर्धन्य नेताहरूमा साहित्य-कलाप्रति सरोकार पैदा गराउने सोचअनुसार प्रगतिशील साहित्यकारको रूपमा समेत चिनिनु हुने कम्युनिष्ट नेता मोहनविक्रम सिंहसंग हामीले साहित्यिक संवाद गर्‍यौं । त्यस अवसरमा 'सिर्जना : चैत्र ३' को निमन्त्रणामा साहित्यकारहरू खगेन्द्र संग्रौला, नारायण ढकाल, विमल निभा र इस्माली पनि सहभागी हुनुहुन्थ्यो । आगामी दिनहरूमा हामी अन्य पार्टीका नेताहरूसंग पनि साहित्य संवाद गर्न प्रतिवद्ध रहेका छौं ।

गर्नुपर्ने र गर्न सकिने कामहरू थुप्रै छन् । 'सिर्जनाः चैत्र ३' एउटा माध्यमको रूपमा मात्र प्रस्तुत भएको हो । यसलाई लेखक-कलाकारहरूको व्यापक सहयोगको खाँचो छ । यदि त्यस्तो सहयोग जुट्न सक्यो भने लेखकहरूको हकहितको स्थापनाका लागि प्रतिकूल वातावरण भत्काएर नयाँ वातावरण निर्माण गर्नु त्यति कठिन काम हुने छैन । ❑

# यस्तो लाग्छ

◆ भूपि शेरचन



यस्तो लाग्छ
मेरो मस्तिष्कभित्र एउटा घाइते गाउँ
पल्टिएको छ भियतनामको
रगताम्य, चित्कार र हाहाकार बीच
कनीरहेको ।

यस्तो लाग्छ
मेरो मुटुभित्र "प्राग"को एउटा
बलात्कृत सडक तेर्सिएको छ
असंख्य टैंक र फौजी बूटहरूमनि
छिया-छिया परेको ।

यस्तो लाग्छ
म बोलिभियाको जंगलमा उभिएको
एउटा रूख हुँ
जसको हाँगामाथि बसेर
चे ग्वेभाराले डायरी लेखिरहेछ ।

प्रत्येक नयाँ दिन
यस्तो लाग्छ
म बसेको यस्तो हवाइजहाज हो
जो कुनै क्षण पनि हाईजाइकिंगद्वारा
अर्कै दिशातिर मोडिन सक्तछ ।

प्रत्येक रात
जब म आफ्नो सुत्ने कोठामा पुग्छु
आफ्नै ओछ्यान मलाई
एउटा 'एम्बुस' थापिए झैं लाग्छ,
जहाँ पस्न डराएर म जागराम बस्छु ।
र, रातभरि म आफूभित्र
एउटा शोक-धून बजिरहेको सुन्छु
रातको अन्तिम पहरमा
आत्तिएर, निसास्सिएर
म बाहिर चउरमा निस्कन्छु
र दुबोमाथि उत्तानो पल्टेर अकाशसित
अभयदान माग्दछु ।
रात, हिँडिदिन्छ
मेरो छातीमाथि आकाशको
किलै किला ठोकिएको बूटले
कुल्चिदिएर ।

◆ *अभिव्यक्ति/फागुण ७, २०२७ बाट*

# क. प्रचण्डको अन्तर्वार्ताको बाँकी

(७ पेजको बाँकी)

आफैं गरिरहेका छन् । त्यहाँ नाच-गान र साँस्कृतिक कार्यक्रमहरूको निरन्तर अभियानद्वारा जनताले स्वस्थ मनोरञ्जन पनि गरिरहेका छन् ।

उपरोक्त तरिकाद्वारा जनसत्ताको अभ्यास गरिरहेका जनताले के साबित गरिरहेका छन् भने नयाँ सत्तामा मानसिक एवं भौतिक दुवै उत्पादनमा गुणात्मक वृद्धि हुन्छ । तर, समस्या कहाँनिर छ भने, जनताले त्यसरी गरेको उत्पादन प्रतिक्रियावादी सत्ताको केन्द्रबाट गएका पुलिस र कमाण्डोहरूले लुटेर लग्छन्, जलाएर खरानी पार्छन्, जनताले बनाएका बाटाघाटा र पुल पुलेसाहरू, शहीद स्मारकहरू भत्काएर नष्ट पार्छन् । त्यसको विरूद्ध जुझ्न त्यस प्रकारका इलाकाहरूका जनसमुदायहरू अझै दृढ र कटिबद्ध भएका छन् ।

**● तपाईंहरू औधी हिंसाप्रिय हुनुहुन्छ र संघर्षका दौरानमा सकेसम्म कम हिंसा होस् भन्नेमा तपाईंहरूको फिक्री रहन्न, बरू हिंसाको संख्यामा गौरव गर्नु हुन्छ भनिन्छ नि ?**

-हामीलाई हिंसाप्रिय भन्नेहरू प्रतिक्रान्तिकारी हिंसाका पुजारीहरू हुन् । सदियौंदेखि शोषक वर्गले हिंसाकै बलमा जनतामाथि शासन चलाउँदै आएको छ । त्यो प्रतिक्रियावादी हिंसाका विरूद्ध जनताले क्रान्तिकारी हिंसाको प्रयोग नगरी वर्गीय समाजमा जनताको मुक्ति असंभव छ । मार्क्सवाद-लेनिनवाद र माओवादले हामीलाई वर्गीय समाजमा क्रान्तिकारी हिंसाको सार्वभौम चरित्र हुने कुरा सिकाएको छ । मार्क्सवाद-लेनिनवाद-माओवादले हामीलाई सेना नभएको जनतासंग आफ्नो भन्ने केही हुंदैन भनेर सिकाएको छ । प्रतिक्रियावादी सत्ताले जनताका छोराछोरीहरूलाई समात्दै, सामूहिक र विभत्स हत्या गर्दा चाहिं हिंसा नहुने, हामीले हत्याराहरूमाथि छानेर मात्र कारवाही गर्दा, आत्मसमर्पण गर्ने पुलिसहरूलाई सम्झाएर छोड्दा हामी हिंसाप्रिय हुने ?

वास्तविकता के हो भने, हामी हिंसा पटक्कै रूचाउँदैनौं । सकेसम्म कम हिंसा होस् भन्ने चाहन्छौं । तर प्रतिक्रान्तिकारी हिंसा र सबै प्रकारको हिंसालाई सदाका लागि अन्त गर्न क्रान्तिकारी हिंसा अनिवार्य भएको, जनताको मुक्तिका लागि त्यो अपरिहार्य हुने बस्तुगत सच्चाइबारे पनि हामी स्पष्ट छौं । हामी सकेसम्म कम हिंसा होओस् भन्ने चाहन्छौं । तर कम हिंसाका नाममा प्रतिक्रियावादी सत्ताको जनतामाथिको हिंसालाई बेलगाम तुल्याउन सहयोग पुऱ्याउने र जनतालाई निशस्त्र तुल्याउने आत्मसमर्पणबादी दक्षिणपन्थी चिन्तनप्रति तिब्र घृणा छ । हो, यति बेला हामी जनताका तर्फबाट प्रतिक्रियावादी हिंसाका विरूद्ध जति धेरै प्रत्याक्रमण हुन्छ, त्यति गौरव गर्दछौं । हाम्रो विचारमा यो नराम्रो कुरा होइन, राम्रो कुरा हो ।

**● कम हिंसा र कम सामाजिक नोक्सानीमा क्रान्तिकारी लक्ष्यको प्राप्ति गर्न खोज्नु पर्छ भन्ने माओको विचारलाई तपाईं कस्तो ठान्नुहुन्छ ? त्यो विचार सही छ ?**

-कमरेड माओको त्यो भनाइप्रति हामी पूर्ण सहँमत र सजग छौं । आज नेपाली जनताका निमित्त क. माओका 'राजनैतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ' भन्ने शिक्षा र साम्राज्यवादी युगको वर्गसंघर्षको अनुभवबाट हामीलाई यो शिक्षा मिल्छ कि केवल बन्दुकद्वारा मात्र श्रमजीवी जनसमुदायले पूँजीपति र जमीन्दारबाट आफूलाई मुक्त गर्न सक्छ, कठिनाईदेखि नतर्स, बलिदान देखि नडराउ भन्ने जस्ता सुप्रसिद्ध वैज्ञानिक एवं क्रान्तिकारी अभिव्यक्तिहरूलाई अझ दृढतापूर्वक आत्मसात गर्नु जरूरी छ । विषयलाई आत्मसुरक्षाको कोणवाट होइन, क्रान्तिकारी मार्क्सवादी कोणवाट प्रस्तुत गरेर मात्र हामीले जनताको लडाकू क्षमतामा सहयोग पुऱ्याउन सक्छौं, अन्यथा त्यो प्रतिक्रान्तिकारी हिंसालाई वढावा दिनु बराबर हुन्छ ।

**● अहिले भर्खर पार्टी छोड्ने २१ जना विद्रोहीहरूले माओवादी पार्टीभित्र तपाईंको एकतन्त्र हावी छ, त्यहाँ जनवाद होइन, राजतन्त्र चलेका छन् भनेका छन् । के यो टिप्पणी सही छ ? के पार्टीलाई तपाईंले नोकरशाही ढंगले अति केन्द्रीकृत गर्नु भएको हो ?**

-ती विद्रोही होइनन् , वर्ग संघर्षका भगौडा आत्मसमर्पणबादी कायरहरू हुन् र ती २१ होइन ५, ७ जना मात्र हुन् भन्ने कुरा हाम्रो पार्टीको बर्दिया जिल्ला कमिटीले स्पष्ट गरिसकेको छ । झुठ र पाखण्डमा पारंगत आत्मसमर्पणवादी तत्वका कुरा सुनेर देश र जनताको मुक्तिका लागि जीवन-मरणको लडाँई लडिरहेको पार्टीका बारेमा यति तल झरेर प्रश्न गर्नुलाई म आश्चर्य र विडम्बना मात्र ठान्दछु, जसको जवाफ दिने जमर्को गर्नु समेत पार्टी, जनता र क्रान्तिको अपमान मात्र हुनेछ ।

**● अहिले माओवादी पार्टीभित्र कमिटी प्रणाली नै खतम पारिएको छ, त्यहाँ विमति राख्ने होइन, सहमति राख्नेको मात्र हक छ भनिन्छ नि त ? त्यहाँ कार्यकर्तालाई दासको व्यवहार गरिन्छ रे हो ?**

-आश्चर्य र विडम्बना !

**● तपाईंहरूमा व्यक्तिवादी, सैन्यवादी, उपयोगितावादी प्रवृत्ति चर्को रूपमा हावी छ । र, तपाईंहरू मुलतः लिनप्याओवादी हुनुहुन्छ भन्ने उहाँहरूको आरोप छ । यसमा तपाईंको टिप्पणी ...... ?**

-यो संसारभरका प्रतिक्रियावादी र संशोधनवादी गद्दारहरूले क्रान्तिकारी मार्क्सवादीहरूमाथि लगाउँदै आएको फतुरहरूकै जारी रूप भएकाले यसबारे टिप्पणी गरिरहनु पर्ने आवश्यकता मैले देखेको छैन ।

**● तपाईंहरूको जनयुद्धमा जनताको सक्रिय सहभागिता आमरूपमा छैन भन्ने वहाँहरूको दावी छ त ? यथार्थ के हो ? जनताहरू बाध्यतामा परेर, डरत्रासमा परेर मात्र तपाईंहरूको समर्थन गर्दछन् रे त ?**

-यो नेपालका राष्ट्र र जनहत्यारा प्रतिक्रियावादी शासक गुटहरूले बोलिरहेको भाषा हो । आत्मसमर्पणवादीहरूले उही भाषा वोल्नु स्वाभाविक छ ।

**● गएको विस्तारित वैठकले तपाईंको व्यक्ति पूजा गर्ने निर्णय गरेको छ, माओवादी पार्टीभित्र सामाजिक रूपमा नेतृत्व विकास भएको छैन, नेतृत्व जबरजस्ती थोपर्न खोजिएको छ भनिएको छ । सत्य के हो ?**

-हाम्रो पार्टीले संशोधनवादी र आत्मसमर्पणवादीहरूको कुनै माग पूरा गरेको छैन, र कहिल्यै गर्ने पनि छैन ।

**● क. रामबहादुर थापा जस्ता संघर्षमा प्रमुख भूमिका भएका शीर्षस्थ नेतालाई षडयन्त्रपूर्वक फसाएर पाखा लगाउन खोजिएको आरोप कतिको सत्य हो ? अरू भिन्न मतवालालाई पनि पाखा लगाइदैछ रे नि ?**

-यो आरोप झुट, वेइमानी र नीचताको पराकाष्टामा पुगेपछि मानिस कतिसम्म विकृत हुनसक्दो रहेछ भन्ने कुराको कुरूप उदाहरण हो ।



*नेकपा माओवादीका अर्का प्रभावशाली नेता डा. बाबुराम भट्टराई*

**● माओवादी पार्टीभित्र नियममा उल्लेखनीय असल पद्दति र परम्पराहरूबारे केही प्रकाश पारीदिनु हुन्छ कि ?**

-प्रतिक्रियावादी, दक्षिणपन्थी र आत्मसमर्पणवादीहरूका लागि खरावै-खराव र सर्वहारावादी क्रान्तिकारीहरूका लागि असलै-असल परम्पराको विकास भइरहेको छ हाम्रो पार्टीमा । ती असल परम्पराको व्याख्या माथि नै भइसकेको छ ।

**● अहिले गिरिजाको अगुवाईमा नै गठित काँग्रेस, एमाले र सदभावनाको सरकार र उनीहरूले गराउन खोजेको आम चुनावबारे तपाईंहरूको दृष्टिकोण र नीति के छ ?**

-यो भारतीय विस्तारवादको निर्देशनमा उसका दलालहरूले आफ्नै संसदीय मर्ममाथि समेत लात हान्दै बनाइएको राष्ट्रघाटी र जनहत्याहरूको सरकार हो भन्ने कुरा स्पष्ट छ । यो सरकारको वनोट र उनीहरूले गराउने भनेको कथित निर्वाचनको प्रमुख लक्ष्य नेपाली जनताको महान क्रान्तिकारी पहलकदमीका विरूद्ध लक्षित रहेको छ । अतः पार्टीले त्यस प्रकारको कथित निर्वाचनको वहिष्कार गर्दै क्रान्तिकारी संघर्षमा दृढतापूर्वक अघि बढ्ने निर्णय गरेको छ ।

**● तपाईंहरूको जीवन संस्कृति दुइटा छ– कार्यकर्तालाई देखाउने एउटा, भित्री जीवन अर्को भन्ने आरोपबारे तपाईंको प्रतिक्रिया के छ ?**

-पाखण्डीहरूमा यो बुझ्ने सांस्कृतिक स्तर नै हुँदैन कि, आफ्नो जीवनभन्दा फरक संस्कृति भएका मानिसहरू पनि यो दुनियाँमा हुने गर्दछन् । ❑

म यहाँहरू जस्ता प्रवुद्ध पत्रकारहरूलाई कमसेकम एक महिनाको समय लिएर पश्चिम नेपालमा संघर्षका मुख्य ग्रामीण इलाकाहरूमा गई नयाँ जनसत्ताको भ्रूणहरूको अभ्यास अनुसन्धान गरी विस्तृत रिपोर्टको जानकारी पाठकहरूलाई दिन विशेष अनुरोध गर्दछु ।

**कुर्द नेता ओकालानको गिरफ्तारीमा अमेरिकी र इजरायली जासूसहरुको हात**

**गिरफ्तारीपछि भएको पीकेकेको महाधिवेशनबाट ओकालानलाई अध्यक्ष पदमा पुनः निर्वाचित**

# क. ओकालान र टर्की सरकार दुबै अदालतको कठघरामा




*क. ओकालानको गिरफ्तारीका विरूद्ध युरोपमा भएका असंख्य हिंसात्मक प्रदर्शनहरूमध्येको एक दृश्य*

गत फागुन ४ को मध्यरात । अफ्रिकी देश- केनियाको राजधानी नैरोबीमा गिरफ्तार गरिएका पीकेकेका नेता क. अब्दुला ओकालानलाई टर्कीमा लाँदै गरिरहेको टर्कीश प्लेन आकाशमा उड्दै थियो । ठीक त्यहीबेला तल पश्चिमी यूरोपका शहर-शहरमा मध्यरातमै क. ओकालानको रिहाइको माग गर्दै ओकालान समर्थक हजारौं- हजार कुर्दहरूले हिंसात्मक प्रदर्शनहरू गरे ! कुर्दभाषाको सेटेलाइट स्टेशन MED-TV ले नैरोबीस्थित ग्रीसको राजदूतावासबाट उनलाई गिरफ्तार गरिएको समाचार प्रसारण गर्नासाथ निमेषभरमै पश्चिमी यूरोपमा आप्रवासीको जिन्दगी बाँचिरहेका हजारौं-हजार युवा कुर्दहरूले ग्रीसका २१ वटा दूतावास र कन्सुलेटहरूमाथि धावा बोले ! एउटा केनियाली दूतावास र संयुक्त राष्ट्रसंघका दुई वटा भवनहरूमाथि पनि क. ओकालानका समर्थकहरूले कब्जा जमाए ।

ओकालानको गिरफ्तारीको विरोधमा भएका जनप्रदर्शनहरूले पश्चिमी यूरोपलाई मात्रै नराम्ररी प्रभाव पारेको होइन, मस्कोदेखि भ्यान्कुभरसम्म, सिड्नीदेखि न्यूयोर्क र इस्तानबुलसम्ममा भएका व्यापक हिंसात्मक प्रदर्शनहरूले गर्दा सिंगो विश्वमै यसले प्रभाव पार्‍यो । ग्रीस, टर्की, केनिया र संयुक्त राष्ट्रसंघका कुटनीतिक भवनमाथिको कब्जा जमाइको क्रम अघि बढ्दै गएर इजरायली दूतावाससम्म पुग्यो । उनको गिरफ्तारीमा अमेरिकी र इजरायली गुप्तचरहरूको हात रहेको समाचार प्रकाशित भएपछि युवा कुर्दहरूले बर्लिनस्थित इजरायली कन्सुलेटमाथि कब्जा जामाउने प्रयास गरे । सो प्रयासमा कन्सुलेटका सुरक्षा गार्डको गोलीबाट ३ जना कुर्दहरूको हत्या भयो ।

अर्कोतिर, सडकमा भएका हिंसात्मक प्रदर्शनहरूकै क्रममा लण्डनदेखि मस्कोसम्ममा पाँच जना कुर्दहरूले आत्मदाह गरेर ओकालानको गिरफ्तारीको तीव्र विरोध गरे । दूतावास कन्सुलेटहरू कब्जा गरेर बस्ने कुर्द युवाहरूले प्रहरीहरूले गिरफ्तार गर्न खोजेमा आत्मदाह गर्ने धम्की दिएर युरोपका धेरै सरकारहरूलाई तर्साए ।

'न्यूजवीक' पत्रिकाका अनुसार, आप्रवासी कुर्द युवाहरूका 'सुपर-स्टार' भइसकेका क. ओकालानको गिरफ्तारीले उनको व्यक्तित्वलाई झन चम्काउने काम गरेको छ । त्यस पत्रिकाका मार्क डेनिस र साम सीबर्टले लेखेका छन्- 'केही वर्ष अगाडिदेखि उनी आफ्नो स्वतन्त्रता र अस्तित्वको लागि संघर्ष गरिरहेका कुर्द जनताको जिउँदोजाग्दो प्रतीक भइरहेका छन् । उनको एउटै आदेश र आह्वानमा हजारौं कुर्दहरू आत्महत्या गर्न तयार छन् । यसकै ज्वलन्त उदाहरण हो- लण्डनस्थित ग्रीक दूतावासअगाडि १५ वर्षीया कुर्द किशोरी निज्ला कोस्कुनले उनको गिरफ्तारीका विरूद्ध गरेको आत्मदाहको खतरनाक प्रयास ! अब कोस्कुन पनि कुर्द किशोर-किशोरीहरूका हिरोइन बनेकी छिन् ।'

ओकालानको गिरफ्तारीले गर्दा ओकालान टर्की, सिरिया, इरान, इराक र आर्मेनियामा रहेका कुर्दहरूबीच पनि निकै लोकप्रिय भएका छन् । यति मात्रै होइन, त्यहाँबाट यूरोपका विभिन्न देशहरूमा गएर काम गरिरहेका लाखौंलाख कुर्दहरूबीच पनि उनी कुर्दहरूका लोकप्रिय र प्रभावशाली नेताका रूपमा उदय भएका छन् ।

## ओकालानको गिरफ्तारीको पृष्ठभूमि

'स्वतन्त्र समाजवादी कुर्दिस्तान राष्ट्र' निर्माण गर्नका लागि सशस्त्र संघर्ष गरिरहेको समाजवादी पार्टी- PKK अर्थात् कुर्दिस्तान श्रमिक पार्टीका नेता क. ओकालानको गिरफ्तारी निकै रहस्यमय ढंगले भएको थियो । पूर्वी युरोप र सोभियत संघमा समाजवादी व्यवस्था ढलेपछि त्यसको गंभीर दुष्परिणाम कहाँ कहाँसम्म पुग्दोरहेछ भन्ने कुरासँग उनको गिरफ्तारीको रहस्यको गाँठो पनि जोडिएको देखिन्छ । 'मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने समाजवादी पार्टी' PKK का नेताहरूका लागि पूर्वी यूरोपमा समाजवादी व्यवस्था नढलेसम्म पूर्वी यूरोपेली देशहरू आश्रयस्थल भइरहेका थिए । कैयौं पूर्वी यूरोपेली कम्युनिष्ट पार्टीहरूसँग भाइचारा सम्बन्ध रहेको यस पार्टीलाई ती देशका पार्टी र सरकारहरूले त्यसबेला नैतिक र भौतिक सहायताहरू समेत उपलब्ध गराएका थिए ।

तत्कालीन पूर्वी युरोपका कम्युनिष्ट पार्टी र सरकारहरूसँगको सुमधुर सम्बन्धकै कारणले क. ओकालानले शीतयुद्धकालमा सोभियतसंघको खेमामा रहेको देश सिरियाको पनि समर्थन पाइरहेका थिए । जब सोभियत संघको विघटन र समाजवादी खेमाको पतन भयो, तब ओकालानका लागि पूर्वी युरोप र सोभियत गणतन्त्रबाट राष्ट्र बनेका देशहरूको ढोका पनि बन्द हुन थाले । ओकालानलाई पाहुना बनाइराख्ने ती देशहरूमाथि टर्कीको फासीवादी सरकारले ठूलो दवाब दिने र कडा चेतावनी दिएर ती ढोकाहरू बन्द गर्ने गर्न लगाएको थियो ।

यस्तो स्थितिमा पहिलेदखि सहयोगी भूमिका खेल्दै आएको अरब राष्ट्र- सिरियामै गोप्य रूपमा गएर उनले अखडा जमाए । लाखौं कुर्द जनताको बसोवास भएको सिरियामा बसेर उनले टर्कीमा PKK को सशस्त्र संघर्षलाई अगाडि बढाउन थालेको कुरा पहिलो पटक इजरायली

गुप्तचरहरूले पत्ता लगाए । उनको गोप्य ठेगाना पत्ता लगाएर इजरायली गुप्तचरहरूले केही वर्षअघि दमास्कसमै ओकालानको हत्या गर्ने षड्यन्त्र रचेर आफ्नो मित्र- टर्की सरकारलाई खुशी पार्ने प्रयत्न पनि गरे । ओकालानलाई आतंकवादीको सूचीमा राख्दैआएको अमेरिकी साम्राज्यवाद र त्यसका मतियारहरू इजरायल र टर्कीका सरकारहरूले ओकालान र पीकेकेका विरूद्ध षड्यन्त्रको जालो बुन्दै आइरहेको तथ्य जगजाहेर नै छ । खाडी युद्धपछि उत्तरी इराकमा कुर्दहरूका लागि अमेरिकाद्वारा बनाइएको उडान निषेधित क्षेत्र नामक 'भू-स्वर्ग' लाई ओकालानको नेतृत्वमा रहेको पिकेकेका छापामारहरूले पनि उपयोग गर्न थालेपछि ती तीनवटै सरकारहरू निकै रिसाएका थिए ।

ओकालान र पिकेकेका छापामारहरूलाई भौतिक रूपमै नष्ट गर्ने उद्देश्य लिइरहेको टर्की सरकारको लागि सिरिया र इराकको उत्तरी भूभागमा क्रियाशील पीकेकेका छापामारहरू टाउको दुखाइको विषय बने । इराकको उत्तरी भूभागमा त टर्की सरकारले लडाकू प्लेन र हेलिकोप्टरहरूसहित हजारौं हजार सैनिकहरूमार्फत् महिनौं महिनासम्म पिकेकेका छापामारहरूलाई 'खोज्ने र नष्ट गर्ने' नीतिअनुरूप आक्रमण गरेको थियो । पटक-पटक यसरी आक्रमण गरिए तापनि नष्ट नभएका, इराक, इरान, सिरिया र टर्कीभित्रै पनि क्रियाशील रहेका छापामारहरलाई निमिट्यान्न पार्न टर्की सरकारले वार्षिक ८ अरब डलरभन्दा बेसी रकम खर्च गरिरहेको छ, ५० हजार सैनिकहरूलाई नियमित रूपमा परिचालन गरिरहेको छ । र, १९९२ देखि अहिलेसम्ममा ३ हजार कुर्द गाउँहरू ध्वस्त पारिसकेको छ ।

यति हुँदाहुँदै पनि आफ्नो अस्तित्व बचाई टर्की सरकारलाई आच्छु आच्छु पारिरहेका पिकेकेका छापामारहरूलाई जरैदेखि उखेल्न टर्की सरकारले पिकेकेको माथिल्लो नेतृत्वबाटै कारवाही थाल्ने योजना बनायो । यही योजनाअन्तर्गत गत वर्ष ओकालानका निकटम सहयोगी कमाण्डर साकिकलाई गिरफ्तार गर्न उसले सफलता हासिल गरेको थियो । यही सफलताबाट उत्साहित भएर १९९८ मा उसले सिरियालाई 'ओकालानको सुपुर्दगी गर्ने कि युद्धको चुनौती स्वीकार गर्ने' भनेर अल्टिमेटम दिएको थियो । अमेरिका, इजरायल र नेटोको समर्थन प्राप्त टर्कीले यो धम्कीलाई कार्यन्वयन गर्न सिरियाली सीमानामा आफ्ना सैनिक र हतियारहरूको थुप्रो लगाएपछि ओकालानलाई अरू कुनै देश जानका लागि सिरियाले अनुरोध गरेको थियो ।

## अमेरिकी र इजरायली जासूसहरूको करामत

यही दवावका कारण सिरियामा करीब १८ वर्षसम्म निर्वासित जीवन बिताएका ओकालान गत आश्विन २३ गते मस्कोका लागि उडे ! कार्तिक १९ गतेसम्म पनि मस्कोले उनलाई राजनीतिक शरण नदिएपछि उनी इटलीको राजधानी रोम गए । (यससम्बन्धी थप जानकारीका लागि मूल्यांकनको ६२ अंकमा हेर्नुहोस्) इटलीको मध्य वाममार्गी सरकारले पनि उनलाई राजनीतिक शरण दिन नसकेपछि उनी रूसको पिटर्सवर्ग र ग्रिसको एथेन्स हुँदै नेदरल्याण्डसम्म पुगे । उनले त्यहाँ कतै पनि शरण लिन नपाएपछि उनको सुरक्षाको समस्या देखेर सशंकित भएका उनका ग्रीसका साथीहरूको समूहले उनलाई सहयोग गर्‍यो । त्यो समूहले उनलाई ग्रिसमै ल्याई त्यहाँका परराष्ट्रमन्त्री थियोडोरस पांगालोस र ग्रीक गुप्तचर विभागका प्रमुखको सहयोगमा अफ्रिकी राष्ट्र केनिया पुर्‍यायो ।

केनियाको राजधानीमा अमेरिकी र इजरायली गुप्तचरहरूको चहलपहल र जासूसीको जालो निकै डरलाग्दो खालको थियो । उनीहरूले ओकालनले प्रयोग गर्दै आएको मोबाइल फोनको संकेतलाई मुख्य सूत्र मानी उनको यूरोप र अफ्रिका यात्रामाथि पूरै निगरानी राखेका थिए । अमेरिकी सरकारले ओकालानलाई राजनीतिक शरण नदिलाउनका लागि यूरोपेली सरकारहरूलाई प्रत्यक्ष दवाब दिएका घटनाहरू प्रकाशमा आइसकेका छन् । यी कुराहरूलाई याद गर्दा के कुरा स्पष्ट रूपमा देखिन्छ भने, ओकालानलाई अमेरिकी र इजरायली गुप्तचरहरूले नैरोबीमा आफ्नो जालोमा फँसाएका रहेछन् ।

उनीहरूले आफ्नो जासूसी जालोबाट पहिले नै थाहा पाइसकेका थिए- ओकालान साइप्रसवासी ग्रीक पत्रकार लाजारोस माभरोसको नक्कली पासपोर्टबाट नैरोबी आई माघ १९ गतेदेखि ग्रीक राजदूत जियोर्जियोस कोस्तुलासको घरमा लुकिरहेका छन् । यो गोप्य खबर थाहा पाउनासाथ उनीहरूले माघ २१ गते नै टर्कीको तथाकथित मध्यवाममार्गी सरकारलाई 'टर्कीका शत्रु नं- १' को गिरफ्तारीको संभावनाबारे सूचित गरे ।



*क. ओकालानलाई गिरफ्तार गरिएपछि आँखामा पट्टी लगाएर तथा हात समेत बाँधेर अपमानित ढंगले सार्वजनिक रूपमा भिडियो प्रदर्शन गरिएको दृश्य*

यसरी अमेरिकी, इजरायली र टर्कीका गुप्तचरहरूले केनियाको भूमि नैरोबीमा गत फागुन २ गते दिउँसो ओकालानलाई अचानक नाटकीय ढंगले चुपचाप गिरफ्तार गरे । र, 'कसैले थाहा नपाउने गरी' falcon 900-B नामक निजी प्लेनमा राखी रातारात उनलाई टर्कीको इस्तानबुल लगियो ।

## कडा सुरक्षाबीच कैद ओकालान

प्लेन टर्की नपुग्दै ओकालानको गिरफ्तारीको खबर संसारभर फैलियो । यो गिरफ्तारीले गर्दा एकातिर ओकालान समर्थक कुर्द जनताले विश्वभरि जस्तै हिंसात्मक प्रदर्शन गरे । अर्कोतिर, ओकालानलाई एक नम्बरको शत्रु ठान्ने फासीवादी टर्की सरकार र अन्धजातिवादी तुर्कहरूले विजयोल्लास मनाए । टर्की सरकारले हात बाँधिएका र आँखामा पट्टी लगाइएका बन्दी ओकालानको भिडियो टेप प्रसारण गर्दै घोषणा गर्‍यो- ओकालानलाई गिरफ्तार गर्न सफल हुनु

**'न्यूजवीक' पत्रिकाले लेखेको छ- 'केही वर्ष अगाडिदेखि ओकालान आफ्नो स्वतन्त्रता र अस्तित्वको लागि संघर्ष गरिरहेका कुर्द जनताको जिउँदोजाग्दो प्रतीक भइरहेका छन् । उनको एउटै आदेश र आह्वानमा हजारौं कुर्दहरू आत्महत्या गर्न तयार छन् ।'**





*निदरल्याण्डको हेग शहरस्थित ग्रीक राजदूतको भवनमाथि कब्जा जमाएर आफ्नो भण्डा प्रदर्शन गर्दै कुर्द विद्रोहीहरू (बायाँ) र क. ओकालानको गिरफ्तारीविरूद्ध ग्रीसको एथेन्समा आत्मदाह गरेर विरोध प्रदर्शन गर्दै एक कुर्द युवा (दायाँ)*

भनेको यो दशककै सबैभन्दा महत्वपूर्ण उपलब्धि हासिल हुनु हो ।

हाल टर्की सरकारले उनलाई इमराली नामक टापुमा अत्यन्त कडा सुरक्षाका साथ बन्दी बनाइराखेको छ । उनलाई आफ्ना परिवारजन र वकिलहरूसँग भेट्ने जस्तो सामान्य मानव अधिकारबाट समेत वञ्चित गराई तथाकथित मध्यवाममार्गी प्रजातान्त्रिक सरकारले आफ्नो फासीवादी अनुहार देखाइरहेको छ । टर्की सरकारले उनीमाथि ३० हजार मानिसहरूको हत्या गरेको र देश टुक्राउन खोजेको आरोपमा मृत्युदण्डको सजाय सुनाउनका लागि अदालती प्रक्रिया चलाइरहेको छ । कुर्दहरूको अधिकारको पक्षमा बोल्न, लेख्न नपाइने टर्कीको फासीवादी वातावरणमा सरकारी कठपुतलीको रूपमा अस्तित्ववान अदालतबाट स्वच्छ न्याय सम्पादनको संभावनाको खोजी गर्नु मृगतृष्णा जस्तै हुनेछ ।



*गिरफ्तार नहुँदैको फोटो: क. ओकालान आफ्नो पार्टीको झण्डासामु*

**पीकेकेको केन्द्रीय कमिटीले भनेको छ- हाम्रा राष्ट्रिय नेता तथा अध्यक्ष आपो (क. अब्दुला ओकालन) लाई गिरफ्तार गर्दैमा कसैले पनि हाम्रो पार्टी र हाम्रा जनताको सत्यानाश गर्न सक्दैन । हाम्रो सैनिक आक्रमण जारी रहने छ र हाम्रा अध्यक्ष एंव कुर्दिस्तानलाई मुक्त पारी छाड्ने छौं ।**

टर्कीको फासीवादी वातावरणमा अदालतको स्वतन्त्र भूमिकामाथि प्रश्न उठाउँदै विश्वभरका मानव-अधिकारवादीहरूले स्वच्छ र स्वतन्त्र सुनवाइको माग गरिरहेका छन् । लाखौं लाख कुर्दहरूको बसोवास रहेको यूरोपको यूरोपीय संसद र त्यसका सदस्य राष्ट्रहरूले ओकालान-माथि भइरहेको एकपक्षीय अदालती कारवाहीलाई चुनौती दिइरहेका छन् । विश्वभरका लाखौं कुर्दहरूले पनि कुर्द-नेता ओकालानको रिहाइको लागि जोडदार माग गर्दै प्रत्येक दिन हिंसात्मक प्रदर्शनहरू गरेर ओकालानप्रति समर्थन भाव प्रकट गरिरहेका छन् ।

## टर्की सरकार स्वयं विश्वको कठघरामा

ओकालानलाई आफ्नो निजी अदालतको कठघरामा उभ्याएर टर्की सरकारले उनलाई मृत्युदण्ड दिने सपना देखिरहेको छ । ओकालानलाई मृत्युदण्ड दिनासाथ १४-१५ वर्ष अगाडिदेखि उनको नेतृत्वमा सशस्त्र संघर्ष गरिरहेका पीकेकेका छापामारहरू सबै निमिट्यान्न हुन्छन् भन्ने दिवास्वप्न देख्नमा लिप्त छ- बुलेन्ट इकेभिटको तथाकथित मध्य वाममार्गी सरकार !

तर जब ओकालानलाई टर्कीको सरकारले अदालतको कठघरामा उभ्यायो, तब टर्कीको सरकार स्वयं पनि जनदवावको कारणले विश्वको अदालतको कठघरामा उभिन बाध्य भयो । ओकालानो गिरफ्तारी, त्यसको विरूद्ध विश्वभर भएको विरोध प्रर्दशन, ५ जना कुर्दहरूको आत्मदाह, ३ जना ग्रीक मन्त्रीहरू र गुप्तचर प्रमुखको राजीनामा जस्ता घटनाहरूले टर्की सरकारलाई अदालतमा उभिन बाध्य पारिरहेको छ । अहिले ओकालानको गिरफ्तारीले गर्दा कुर्दहरूको भाषिक, जातीय र सांस्कृतिक अधिकारसम्बन्धी लडाइँको अन्तर्राष्ट्रियकरण भएको छ । र, उनीमाथि भइरहेको देखावटी अदालती-प्रक्रियामाथि पनि विश्वभरका न्यायप्रेमीहरूको नजर परिरहेको छ र उनीहरूले स्वच्छ सुनुवाइको लागि चुनौती खडा गरिरहेका छन् ।

यसरी कुर्द समस्या अन्तर्राष्ट्रियकरण भएको सन्दर्भमा टर्की सरकारले अब कुर्दहरूको स्वायत्तता, स्वाधीनता र स्वतन्त्रता सम्बन्धी अधिकारलाई कुन रूपले लिनेछ भन्ने सवाल सबले उठाइरहेका छन् । कुर्दहरूको समस्यालाई ओकालान र उनको पार्टी पीकेकेले चर्काएको समस्याको रूपमा, पन्छाउनै नसकिने स्थिति खडा भइरहेको यस अवस्थामा टर्की सरकारले विश्व जन-अदालतसमक्ष उभिएर यी सवालहरूको जवाफ दिनु पर्नेछ- कुर्द समस्याको न्यायोचित समाधान के हो ? ओकालानलाई मृत्युदण्डको सजाय दिँदैमा कुर्दसमस्या हल हुन्छ कि झन् बल्झिन्छ ?

## ओकालानको गिरफ्तारीबारे पीकेके के भन्छ ?

ओकालनको गिरफ्तारीबारे पीकेकेले आफ्ना एक प्रमुख कमाण्डर कमाल बायिकको वक्तव्यमार्फत् घोषणा गरेको छ- 'हाम्रा प्रिय नेताको एउटा रौं मात्रै यताउता भयो भने पनि हामी टर्कीको सरकारलाई त्यसको दुस्परिणाम भोग्न बाध्य पार्नेछौं । त्यसैले ओकालानबाट टर्की सरकार टाढै बस्नु जाती हुन्छ ।'

ओकालान जस्तो लोकप्रिय र प्रभावशाली नेता गिरफ्तार भएपछि उनले हुर्काएको पार्टी पीकेकेको हालत कस्तो होला ? पीकेके पनि मासिने नै भयो कि कसो ? अहिले यस्ता सवालहरूको वस्तुगत जवाफ खोज्नु जरूरी भइरहेको छ ।

टर्कीको सरकारले बाहेक अरू कुनै पनि पूँजीवादी सरकार र पूँजीवादी संचार माध्यमहरूले पनि अब पीकेके मासिने भयो भनेर भविष्यवाणी गर्ने आँट गर्न सकिरहेको देखिँदैन । पूँजीवादी संचार माध्यमहरूकै विश्लेषणलाई उद्धृत गर्ने हो भने, पूँजीवादकै मुखपत्रको रूपमा रहेको 'दि इकोनोमिष्ट' देखि 'न्यूजवीक' र 'हेराल्ड ट्रिव्यून' समेतले ओकालानको गिरफ्तारीपछि ओकालान र पीकेकेको प्रतिष्ठा र प्रभावमा व्यापक विस्तार भएको तथ्य अगाडि सारिरहेका छन् ।

यस विषयमा पीकेकेका कमाण्डर कमाल बायिक भन्छन्- हुन त हाम्रा महान नेतालाई हामीले गुमाउनु परेको छ, तर त्यसको अर्थ हाम्रो पार्टी र सेना कमजोर भयो भन्ने चाहिँ कदापि होइन ।

हुन पनि एउटा आन्दोलनको रूप लिइसकेको पार्टी, त्यसका छापामारहरू र त्यसको संघर्ष एउटा नेताको गिरफ्तारीपछि नासिन्छ भनेर अनुमान गर्नु कदापि वस्तुसम्मत हुन सक्दैन । आन्दोलनमा नेताको अस्तित्वको ठूलो हैसियत र अर्थ त रहन्छ, तर सामूहिक नेतृत्व प्रणाली विकसित गरिरहेको कुनै पनि पार्टीलाई नेताको मृत्यु वा गिरफ्तारीले निर्णायक धक्का दिन सक्दैन । पिकेकेमा सामूहिक नेतृत्वको प्रणाली कतिको विकसित अवस्थामा छ भन्ने कुराको जवाफ त्यसका भावी क्रियाकलापहरूले अवश्य दिने छन् ।

## पार्टीको महाधिवेशनद्वारा ओकालान पुनः अध्यक्षमा निर्वाचित

पछिल्लो समाचार अनुसार, पीकेकेले क. ओकालानको गिरफ्तारीपछिको संकटकालीन स्थितिमा हालै मात्र पार्टीको छैठौं महाधिवेशन सम्पन्न गरेको छ । सो ऐतिहासिक महत्वको महाधिवेशनले टर्की सरकारविरूद्ध निरन्तर रूपमा सशस्त्र संघर्ष चलाइरहने, क. ओकालानको गिरफ्तारीपछि अभूतपूर्ण रूपमा देखापरेको जनविद्रोह र जनएकतालाई सशस्त्र संघर्षको सफलताका लागि प्रयोग गर्ने घोषणा गरेको छ ।

पीकेकेको केन्द्रीय कमिटीले भनेको छ- छैठौं महाधिवेशनले पार्टी, जनता, सशस्त्र शक्ति र सम्पूर्ण राजनीतिक स्रोत र साधनहरूलाई परिचालन गरेर अन्तिम विजय हासिल गर्ने कठोर घोषणा गरेको छ । हाम्रा राष्ट्रिय नेता तथा अध्यक्ष आपो (कुर्द भाषामा काका अर्थात् क. अब्दुला ओकालन वा कुर्दहरूको उच्चारण अनुसार ओजालान) लाई गिरफ्तार गर्दैमा कसैले पनि हाम्रो पार्टी र हामी हाम्रा जनताको सत्यानाश गर्न सक्दैन । हाम्रो सैनिक आक्रमण जारी रहने छ र हाम्रा अध्यक्ष एंव कुर्दिस्तानलाई मुक्त पारी छाड्ने छौं ।

ओकालानको गिरफ्तारीपछि पीकेकेको नियन्त्रणमा रहेको उत्तरी कुर्दिस्तानमा सम्पन्न भएको भनिएको सो महाधिवेशनमा टर्कीका ३५० जना प्रतिनिधिहरूको सहभागिता थियो । ओकालानको गिरफ्तारीलाई कायरहरूको षड्यन्त्रको परिणामको रूपमा व्याख्या गर्दै पीकेकेको राजनीतिक शाखा ERNK ले भनेको छ-

हाम्रै प्रिय नेता ओकालानको गिरफ्तारीलाई आधार मानेर 'झुठो विजय उत्सव' मनाइरहेको टर्की सरकारले ओकालानको गिरफ्तारीपछि पीकेके निमिट्यान्न हुनेछ भनेर दिवास्वप्न देखिरहेको छ । शत्रुहरूका यस्ता झूठा र खोक्रा प्रचारबाजीलाई चिर्दै हामीले क. ओकालानलाई नै सर्वसम्मतिले आफ्नो पार्टीको अध्यक्ष पदमा पुनः निर्वाचित गरेका छौं र नयाँ केन्द्रीय समिति पनि गठन गरेका छौं ।

ERNK को वक्तव्य अनुसार, पीकेकेको नयाँ केन्द्रीय समितिले टर्कीका शहरहरूमा आक्रमण चर्काएर, टर्की बाहिर पनि जन प्रदर्शनको तूफान सिर्जना गरेर एंव दक्षिणी टर्कीमा युद्ध चर्काएर टर्कीको फासीवादी सरकारविरूद्ध कडा जवाफ दिनका लागि सम्पूर्ण कार्यकर्ता, समर्थक र शुभेच्छुकहरूलाई आह्वान गरेको छ ।

◆ राजेन्द्र महर्जन

# स्व.वि.यू. चुनाव: आगामी आम चुनावको सानो तस्वीर

◆ समीर थापा ◆

नेपालको राजनीतिक शक्ति सन्तुलनको एउटा सानो यथार्थपरक तस्वीर विद्यार्थी राजनीतिले पनि प्रस्तुत गर्ने गरेको छ । त्यस्तो तस्वीर देशभर हुने स्वतन्त्र विद्यार्थी यूनियनको चुनावको परिणामले सबैभन्दा राम्ररी प्रस्तुत गर्ने गरेको छ । यसपटक भएको विद्यार्थी यूनियनको चुनाव त्यसको ज्वलन्त उदाहरण हो ।

त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयअन्तरगतका १५० भन्दा बढी क्याम्पसहरूमा गत फागुन १४ गते स्व.वि.यू. निर्वाचन भएको थियो । त्यस दिन विद्यार्थी संगठनहरू बीच भएको झगडाले गर्दा धेरै क्याम्पसहरूमा निर्वाचन स्थगित पनि भएको थियो । तर निर्विघ्न निर्वाचन सम्पन्न भएर पहिलो चरणमा निर्वाचनको परिणाम घोषणा भएका ८० वटा क्याम्पसहरूमध्ये ६० वटा क्याम्पसहरूमा नेपाली कांग्रेसको भातृ संगठनको रूपमा रहेको नेपाल विद्यार्थी संघले विजय हासिल गरेको छ । त्यस बाहेक अन्य ६ वटा क्याम्पसहरूमा सभापतिसहित बहुमत सदस्यहरू नेपाल विद्यार्थी संघले नै जितेको कुरा ने.वि.संघ केन्द्रीय कार्यालयका सचिव लक्ष्मण बस्नेतले बताउनु भएको छ ।

दोस्रो चरणमा परिणाम घोषणा भएका क्याम्पसहरूमा पनि अघिल्लो स्ववियू निर्वाचनको तुलनामा यसपटक नेविसंघले ज्यादा ठाउँमा विजय प्राप्त गरेको देखिन्छ । चारवटा क्याम्पसहरू भएको दाङ जिल्लामा सबै क्याम्पसमा नेविसंघ विजयी भएको छ भने पूर्वको 'लाल किल्ला' भनेर चिनिएको झापा जिल्लाका ६ वटा क्याम्पसहरूमध्ये ३ वटा क्याम्पसमा नेविसंघ विजयी भएको छ । त्यस्तै, इलामको एक मात्र क्याम्पस महेन्द्ररत्न बहुमुखी क्याम्पसमा २५ वर्षपछि पहिलो पटक नेविसंघको संपूर्ण प्यानल विजयी भएको छ ।

२०३६ सालपछिको नेपालको इतिहासमा नेविसंघले यति ज्यादा ठाउँमा यति धेरै मतको अन्तरले जितेको यो पहिलो पटक हो । नत्र विद्यार्थी चुनावमा वामपन्थी विद्यार्थी संगठनकै बाहुल्यता रहने गरेको थियो ।

ठाकुरराम बहुमुखी क्याम्पस बीरगंज, पीण्डेश्वर क्याम्पस- धरान, उर्लावारी क्याम्पस- मोरङ्ग र विश्वभाषा क्याम्पस काठमाडौं लगायत अन्य केही क्याम्पसहरूमा भने चुनाव स्थगित भएको छ । चुनाव स्थगित भएका ती क्याम्पसहरूमा पनि अनेरास्ववियूका प्यानलहरूले आफ्नो पुरानो वर्चस्व कायम राख्न सक्ने संभावना कमजोर देखिन्छ । यस प्रकार, अहिलेको चुनावमा वामपन्थी विद्यार्थी संगठनहरूको पराजय उल्लेखनीय स्तरमा प्रकट भएको छ ।

माले पक्षधर अनेरास्ववियूका अध्यक्ष योगेश भट्टराईले यो स्थितिमाथि प्रतिक्रिया व्यक्त गर्दै मूल्याङ्कनलाई बताउनु भयो : "मूल्य मान्यतालाई बुझ्ने र त्यस अनुरूप काम गर्ने प्रवृत्तिमा यता आएर हामीमा पनि कमजोरी देखा परेको छ । आदर्शमा क्षयीकरण भएको छ । प्रतिस्पर्धामा जानुपर्छ भन्ने नाममा आदर्शसंग मेल नखाने कामहरू भएका छन् । ती गल्तीहरू सच्याउनेतिर लागिहाल्नु पर्ने स्थिति देखिएको छ ।"

चुनावको परिणामबारे आफ्नो विचार व्यक्त गर्दै नेविसंघका कार्यालय सचिव लक्ष्मण बस्नेतले मूल्याङ्कनलाई बताउनु भयो- "विगतको तुलनामा यसपटक विद्यार्थीहरू धेरै सचेत भएका छन् । पहिलाभन्दा नेविसंघ पनि धेरै परिपक्व तथा जिम्मेवार ढंगले प्रस्तुत भएकाले पनि नेविसंघले यस्तो प्रगति गरेको हो । अखिल पक्षले दिने गरेका आकर्षक नाराहरू र उनीहरूको आचारणबीच कुनै मेल नभएकाले पनि विद्यार्थीहरूले यसपटक उनीहरूलाई साथ दिएनन् ।"

यसै बीच, एमाले पक्षधर अनेरास्ववियूका सचिव खिमलाल भट्टराईले आफ्नो संगठनको पराजयको पहिलो प्रमुख कारण प्रशासनिक धाँधली र नेविसंघको गुण्डागर्दी भएको बताउनु भएको छ । कम्युनिष्ट आन्दोलनको विभाजनबाट विद्यार्थी संगठन पनि विभाजित भएकाले विद्यार्थी समुदायमा आएको वितृष्णा चाहिँ अनेरास्ववियूको पराजयको दोस्रो प्रमुख कारणको रूपमा उहाँले बताउनु भएको छ ।

अखिल पक्षको पराजयका कारणहरू बताउने क्रममा नेविसंघका नेताहरूले त्रिभुवन विश्वविद्यालयको उपकुलपति पदमा एमाले पक्षीय कमलकृष्ण जोशीको नियुक्तिलाई पनि एउटा कारण बताएका छन् ।

तर माले पक्षका अनेरास्ववियूका अध्यक्ष योगेश भट्टराई त्यस कुराप्रति सहमत हुनुहुन्न । उहाँ भन्नुहुन्छ : "पराजयको प्रमुख कारण संगठनमा आएको फूट नै हो । तैपनि हामीले २७/२८ वटा क्याम्पसमा विजय हासिल गरेका छौं ।"

योगेश भट्टराईले यसो भन्नु भए तापनि यतिन्जेल आएको परिणामअनुसार यसपटक माले समर्थित अनेरास्ववियूले आफ्नो पूर्ण प्यानल जितेका क्याम्पसहरूको संख्या १३ वटा मात्र देखिन्छ । बाँकी १४ वटा क्याम्पसमा यसले आंशिक विजय मात्र हासिल गरेको छ । त्यस्तै, एमाले समर्थित अनेरास्ववियूले पनि यतिन्जेलको परिणामअनुसार ११ वटा क्याम्पसहरूमा मात्र पूर्ण प्यानल जितेको छ । अन्य १४ वटा क्याम्पसहरूमा चाहिँ यसले आंशिक विजय हासिल गरेको छ ।

पाटन क्याम्पसमा नेविसंघका ४ वटा समूह उठेका थिए । तैपनि आधिकारिक समूहको नेविसंघले नै जित्यो । शंकरदेव क्याम्पसमा पनि नेविसंघले जितेको मात्र होइन, नेविसंघकै विद्रोही प्यानल दोस्रो स्थानमा आयो ।

नेविसंघको केन्द्रिय कार्यालयले यसपटकको स्ववियू निर्वाचनमा नेविसंघले १८ प्रतिशत बढोत्तरी गरेको कुरा बताएको छ । एमालेको विभाजनले गर्दा अनेरास्ववियू पनि विभाजित भएकोले नै नेविसंघले जितेको हो भन्ने कुरालाई नेविसंघले अस्वीकार गरेको छ ।

"त्रिचन्द्र क्याम्पसमा नेविसंघले १९०० मत ल्याएर जितेको छ, दोस्रो स्थानमा नेविसंघकै विद्रोही प्यानलले ६०० मत ल्याएको छ भने अखिलले ३०० मत पनि प्राप्त गरेको छैन । यसबाट पनि प्रष्ट हुन्छ- हाम्रो जीत अखिलको फूटले गर्दा भएको होइन ।"

- नेविसंघका कार्यालय सचिवको भनाइ यस्तो छ ।

संसदीय व्यवस्थाको अहिलेको आठवर्षको अभ्यासमा एमाले, माले र कांग्रेसका आचरण तथा व्यवहारहरूमा गुणात्मक भिन्नताको अभाव देखापरेकाले नै विद्यार्थी जगत्मा अनेरास्ववियूको पराजयलाई केही बल पुग्न गएको देखिन्छ । स्पष्ट शब्दमा भन्दा, वामपन्थी विद्यार्थीहरूको पराजयका दुई प्रमुख कारणहरूमध्ये पहिलो प्रमुख कारण संगठनमा आएको फुट हो भने दोस्रो सहायक कारण हो- वामपन्थी आदर्शलाई पालना गर्ने प्रवृत्तिमा आएको ब्यापक क्षयीकरण ।

विद्यार्थी निर्वाचनको यो परिणामले आगामी आम निर्वाचनको परिणामतर्फ पनि संकेत गरेको छ । वामपन्थीहरू विभाजित हुँदा आउने परिणाम विद्यार्थी समुदायभित्र नै देखापरिसकेको छ । जिम्मेवार वामपन्थी पार्टीहरूले अझै चुनावी तालमेल गरेनन् भने भोलिको आम निर्वाचनको परिणाम पनि वामपन्थीहरूको निम्ति विद्यार्थी निर्वाचनको परिणाम जस्तै दुःखदायी हुने कुरा निश्चित प्रायः छ । ❑

**वामपन्थी विद्यार्थीहरूको पराजयका दुई प्रमुख कारणहरूमध्ये पहिलो प्रमुख कारण संगठनमा आएको फुट हो भने दोस्रो सहायक कारण हो- वामपन्थी आदर्शलाई पालना गर्ने प्रवृत्तिमा आएको ब्यापक क्षयीकरण ।**

# 'समाजवादी आन्दोलन, नेपाल' नामक नयाँ संगठनको घोषणा




*पत्रकार सम्मेलनमा अतिथिहरू महेश्वरमान श्रेष्ठ, खगेन्द्र संग्रौला र प्रा. माणिक-लाल श्रेष्ठ*

नेपालको वामपन्थी आन्दोलनमा वैज्ञानिक दृष्टिकोण र संस्कृतिको खडेरी तथा क्रान्तिका आधारभूत सवालहरूमा विचारधारात्मक अस्पष्टताको अन्तलाई नै यतिखेरको प्रथम प्राथमिक काम ठहऱ्याउँदै गत फागनु २९ गते 'समाजवादी आन्दोलन, नेपाल' नामक एउटा नयाँ आन्दोलन र संगठनको सार्वजनिक घोषणा गरिएको छ । सो दिन काठमाडौंमा सम्पन्न पत्रकार सम्मेलनमा घोषणा गरिएअनुसार उक्त संगठनको केन्द्रीय संयोजन समितिको संयोजकमा श्याम श्रेष्ठ र सदस्यहरूमा फणिन्द्र न्यौपाने, हरिगोविन्द लुइँटेल र तुल्सीदास महर्जन रहनु भएको छ ।

साथै, एउटा दश सदस्यीय केन्द्रीय संयोजन परिषद् गठन गरिएको कुरा पनि सो पत्रकार सम्मेलनमा घोषणा गरिएको छ । उक्त संयोजन परिषद्मा माथिका चार जनाका साथै स्नेह सायमि, श्याम खड्का, वीरप्रसाद भन्सारी, राजेन्द्र महर्जन, रवि बज्राचार्य र दिलबहादुर महर्जन रहनु भएको छ ।

सात वर्षअघिदेखि राजनीतिक पार्टी छोडी स्वतन्त्र रूपमा अध्ययन र आन्दोलनमा सक्रिय व्यक्तिहरूले लामो समय लगाई तयार पारेको यस संगठनको पछिल्लो राष्ट्रिय भेला, २०५५ साल कार्तिक ७ र ८ गते काठमाडौंमा भएको थियो । सोही भेलाले यो संगठन निर्माण गरेको हो ।

सो पत्रकार सम्मेलनमा संयोजक श्याम श्रेष्ठले समग्र जरूरी पक्षहरूमा एउटा न्यूनतम स्तरको गुणस्तर प्राप्त गरेपछि मात्रै कुनै संगठन 'कम्युनिष्ट' पार्टी बन्न सक्छ भन्ने आफ्नो मान्यता रहेको बताउनुभयो । 'समाजवादी आन्दोलन, नेपाल' ले आफूमा त्यस्तो गुणस्तर निर्माण गर्ने दिशामा प्रयत्न जारी राख्ने बताउँदै उहाँले हाल सो संगठन कम्युनिष्ट पार्टी नभइसकेको उल्लेख गर्नुभयो ।

संगठन घोषणाको सन्दर्भमा त्यस दिन आयोजित पत्रकार सम्मेलनमा अतिथिहरू प्राध्यापक माणिकलाल श्रेष्ठ, खगेन्द्र संग्रौला र महेश्वरमान श्रेष्ठले नेपालको वाम आन्दोलनका समग्र समस्याहरबारे व्यापक विश्लेषण गरी तिनको समाधानका दिशामा आआफ्नो सीमाबाट ठोस काम गर्न जरूरी भएको वर्तमान अवस्थामा यस संगठनको प्रतिबद्धता र सन्देश महत्वपूर्ण भएको राय व्यक्त गर्नुभएको थियो ।

सो पत्रकार सम्मेलनमा पत्रकारहरूको प्रश्नको जवाफ संगठनका संयोजक श्याम श्रेष्ठले दिनुभएको थियो । त्यस कार्यक्रममा प्रेस विज्ञप्ति वाचन र कार्यक्रम संचालन क्रमशः फणिन्द्र न्यौपाने र हरिगोविन्द लुइँटेलले गर्नुभएको थियो । ❑



# दुइटा फूटको बीचमा "मुक्ति समाज" को सम्मेलन सकियो

नेपालको दलित आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्दै आएको "नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज" को दोस्रो राष्ट्रिय सम्मेलन गत फागुन १, २ र ३ गते काठमाडौंमा संपन्न भयो । केही समयअघि मात्र ने.क.पा. एमाले समर्थक दलितहरूले यस समाजलाई फुटाएपछि भएको यो दोस्रो सम्मेलनको लगत्तैपछि ने.क.पा. माओवादी समर्थक केही दलितहरू पनि यसबाट छुट्टिए । यसरी सम्मेलनअघि र पछि गरी दुई फुट व्यहोर्न पुग्नु परे तापनि यस समाजको दोस्रो राष्ट्रिय सम्मेलन भने भव्यतापूर्वक नै सम्पन्न भयो ।

६५ जिल्लाका करीब ५०० जना प्रतिनिधि पर्यवेक्षकको उपस्थितिमा २ गते संपन्न बन्द सत्रले आगामी चार वर्षको लागि यस मुक्ति समाजको नीति र कार्यक्रमहरू तय गऱ्यो ।

पुनः निर्वाचित अध्यक्ष पद्मलाल विश्वकर्माका अनुसार, "यो मुक्ति समाज यस्तो साझा सामाजिक संस्था हो, जसका नेता तथा कार्यकर्ताहरूलाई आफ्नो आस्थाको पार्टीमा लाग्न छुट छ तर ब्राम्हणवाद-सामन्तवादको अन्तका निम्ति संपूर्ण दलित समुदायलाई यसभित्र गोलबन्द गर्दै आन्दोलित गराउने आधारभूत मान्यतालाई यो सम्मेलनले पुनर्स्थापित गरेको छ ।

जातीय संघर्ष र वर्ग संघर्षलाई साथसाथै अगाडि बढाउनुपर्छ भन्ने मान्यता बोक्दै यस समाजले दलित जातीय आन्दोलनका आधारभूत समस्या र गलत प्रवृत्तिहरूको पहिचान गर्दै मूल कार्यदिशाको रूपमा आरक्षण र धर्म निरपेक्षतालाई मानेको छ । जातपात र छुवाछुतको अन्त गर्ने र दलितभित्रका आन्तरिक छुवाछुत समेतको अन्त गर्न कडा कदम चाल्ने प्रतिबद्धता पनि यसले जाहेर गरेको छ ।

सम्मेलनले अध्यक्षमा पद्मलाल विश्वकर्मालाई र उपाध्यक्षमा पदम सुन्दास, श्रीप्रसाद पासवान, तिलक परियार, दानबहादुर विश्वकर्मा र केशबहादुर परियारलाई एवं महासचिव, सचिव र कोषाध्यक्षमा क्रमशः रणेन्द्र बराली, विनोद पहाडी र गणेश वि.के. लाई चुनेको छ । १९ जना सदस्यहरू र छ जना सल्लाहकारहरूको छनौट पनि यस सम्मेलनले गरेको छ । ❑

(१६ पेजको बाँकी)

जहाँ जहाँ जे जे छन्, तिनलाई प्रयोग कसरी गर्ने भन्ने एउटा कुरा छ । नारायणजीले भन्नु भएको एउटा कुरा के छ भने यहाँ प्रणालीनै कस्तो बस्न थाल्यो भने, त्यसले सद्दे मान्छेलाई पनि भ्रष्ट बनाई दिन्छ । यो चिन्ताको विषय छ । मैले नै अघि भनेको थिएँ कि भारतमा भारतीय राष्ट्रिय काँग्रेसलाई उद्योगपतिले समर्थन गरेपछि उद्योग-पतिलाई सुहाउँदो नीति भारतीय राष्ट्रिय काँग्रेसले 'नेहरू शैलीको समाजवाद' लागू गरेर अपनायो । यहाँ चाहिं के भै दियो भने, तस्करले सहयोग गरेको हुनाले तस्करलाई सुहाउँदो नीति लागू भएको छ । यो स्थितिबाट कसरी मुक्त हुने भन्ने प्रश्नको तत्काल सजिलो उत्तर छैन । उत्तर खोज्नुपर्छ भन्ने कुरामा हामी प्रष्ट छौं, तर आजै कसैले उत्तर छ भन्यो भने पनि पत्याउन सकिने अवस्था छैन ।

हामीले आफ्नो अभियान कसरी अघि बढाउने भन्ने सम्बन्धमा संगठन भन्ने कुरा दोस्रो कुरा रहेछ । समाजशास्त्रले त्यही कुरा बताउँछ । पहिलो कुरो रहेछ, नेटवर्क । नेटवर्क भन्ने कुरालाई दुइटा कुराले ज्यूँदो राख्दोरहेछ । एउटा हो Strength of Commitment प्रतिबद्धताको हरकत । केही कुरा बिग्रयो, भत्क्यो भन्ने कुराको बलियो अनुभूति छ भने हामी 'यसरी सुधारका लागि जुट्छौं' भन्ने प्रतिबद्धता । दोस्रो कुरा हो : Intensity of Comunication संचारको घनीभूतता । शुरूमा संगठनको स्वरूप लिनु अगाडि उपर्युक्त दुई कुराहरू भएनन् भने अभियान अगाडि बढ्दैन । त्यसैले Strenght of Commitment र Intensity of Comunication बढाउन अवलम्बन गर्न सकिने उपायहरू अपनाउनु पर्छ ।

यहाँ मलाई एउटा विचार राख्ने मन छ । चुनावमा प्रत्याशीहरू सबैले टिकट पाउँदैनन् । कसैले शुरूमै छोडिदिन्छन्, जस्तो यहाँ एक जना नारायण ढकाल नै हुनुहुन्छ । टिकट नपाउने जति सबै बागी उम्मेदवार त हुँदैनन् । टिकट नपाए पनि भद्र भएर बस्ने व्यक्तिहरूको समूहलाई एकचोटी हामीले समेटेर मतदाताहरूलाई सचेत पार्ने अभियानमा सहयोग लिन सकिन्छ कि ?

अहिले चुनाव र हाम्रो संरचनाको एउटा समस्या के छ भने, स्थानीय तह र राष्ट्रिय तहबीच अन्तरविरोध छ । अहिले चुनाव हुँदैछ राष्ट्रिय तहका लागि, तर चुनावमा स्थानीय तहका मुद्दाहरू बढी उठाइन्छन् । कलभर्ट बनाउने, धारा ल्याउने, टेलिफोन ल्याउने जस्ता विषय आउँछन्, जबकि हामीले चुन्नु पर्ने मानिस चाहिं नितान्त राष्ट्रिय तहको हुनुपर्ने हो । संवैधानिक त्रुटीका कारणले पनि यस्तो भएको हो भन्ने मलाई लाग्छ । तसर्थ पहिलो कुरा, संवैधानिक कमजोरीलाई सुधार गर्न उम्मेदवारहरूलाई कबुल गराउने कसरी भन्ने प्रश्न



*चुनावमा विजयको उमंगः*

**पार्टीको गतिविधि साह्रै खराब भए त्यसको उम्मेदवार र मतदाताले पार्टीविरुद्ध पनि प्रश्न उठाउनु पर्छ । तर पार्टीको नून खाएकोले ठीक प्रश्न पनि उठाउन हुँदैन भन्ने मानसिकता हावी भएको छ ।**

छ । दोस्रो कुरा, राष्ट्रियतासम्बन्धी प्रश्न छ र तेस्रो, भ्रष्टाचार निवारणको विषय छ । यस्ता विषयहरूलाई विभिन्न पार्टीका टिकट पाउनु पर्ने तर नपाएका व्यक्तिहरूलाई समेत समेटेर राष्ट्रिय तहमा छलफल उठाउनु पर्छ र त्यस्तो गर्न सकिन्छ । त्यसो गर्न सकियो भने मात्र अहिले यहाँ चलाइएको अन्तरक्रिया डबलीको प्रयोजन पनि सार्थक हुनेछ भन्ने मलाई लाग्छ ।

## श्याम श्रेष्ठ

आजको अन्तरक्रियामा एकदमै महत्वपूर्ण केही प्रश्नहरू उठे । सबभन्दा पहिलो, आज उठेको महत्वपूर्ण प्रश्न हो- अहिले जुन ढंगले हाम्रो प्रणाली अघि बढ्दै छ, यसले आम जनतामा निराशाको स्थिति ल्याएको छ । ठीक ढंगले जनतालाई सचेत गर्ने र संगठित गर्ने दुइटै काम यदि विभिन्न ठाउँहरूबाट हुन सक्यो भने जनता शक्तिशाली हुने दिशातिर अग्रसर हुन्छन् र जनताको निराशा प्रश्नहरूमा रूपान्तरित हुन जान्छ । त्यो स्थितिमा, पहिलेका गल्तीहरूबारे उम्मेदवारहरूदेखि लिएर सबै पार्टीहरूलाई आलोचनात्मक ढंगले हेर्ने र उनीहरूलाई समात्ने प्रक्रिया शुरू हुन्छ । यस्तो भएन र मतदाताले पार्टी पनि नहेर्ने, उम्मेदवारलाई पनि प्रश्न नगर्ने भयो भने "नानी-मैयाँ" मुड देशमा कायम होला कि भन्ने खतरा पैदा भएको छ भन्ने कुरा यहाँ आयो । यहाँ प्रस्तुत भएका समस्याहरू समाधानका लागि हामीले टोल टोलमा नागरिक समूह बनाउने हो कि ? प्रश्नहरू सोध्ने समूह बनाउने हो कि ? घरदैलोमा आएका व्यक्तिहरूलाई प्यानलको बीचमा छलफल गर्ने स्थिति तयार गर्ने हो कि ? भन्ने प्रश्नहरू प्रस्तावका रूपमा यहाँ अहिले दीपकजीबाट प्रस्तुत भए । यसबारेमा हामी विचार गरौं । यहाँ प्रस्तुत भएका प्रस्तावहरू ठीक छन् भने हामी एउटा प्रक्रियाको थालनी गर्न सक्छौं । त्यो प्रक्रिया अहिले नै देशव्यापी नभए पनि पाँच वर्षपछि त्यसले देशव्यापी रूपमा प्रभावकारी भूमिका खेल्न सक्ने संभावना छ ।

यतिबेला हामीहरू छरिएर रहेका छौं । तर हामी एकताबद्ध भयौं भने हामीलाई साधनको अभाव होला भन्ने पनि लाग्दैन । हामीसंग 'मूल्याङ्कन' पनि एउटा साधनको रूपमा छ । 'मूल्याङ्कन' मार्फत् नै हामी प्रश्नको पेटारो प्रस्तुत गर्न सक्छौं । त्यसो गर्दा पनि डेढ लाख पाठकहरूबीच तत्काले हाम्रो प्रश्न देशव्यापी रूपमा पुग्छ ।

अर्को साधन 'सगरमाथा एफ एम' हुन सक्छ । भैरव रिसाल अहिले यहीं हुनुहुन्छ । उहाँलाई यदि उम्मेदवारहरूलाई सोध्नु पर्ने प्रश्नहरू सगरमाथा एफ एम मार्फत् प्रसारण गर्नु उचित हुन्छ भन्ने लाग्यो र प्रशारण गरियो भने उपत्यकाव्यापी रूपमा हाम्रा प्रश्नहरू घरघरमा पुग्छन् । हामी को कोसंग के के संचार माध्यम छ भनेर खोज्यौं भने हरेकको बुताभित्र केही न केही भेटिन्छ । त्यसैले हामीले निराश हुनुपर्ने स्थिति छैन ।

छलफलमा आएको प्रधान कुरा के लाग्यो भने, यो चुनाव इस्यूलेस हुँदैछ, यसलाई इस्यूफुल बनाऔं । यो इस्यूमा तपाईं अथवा तपाईंको पार्टीको भनाई के हो ? भनेर उम्मेदवारलाई प्रश्न गर्न सक्ने स्तरमा उठाउनु नै हाम्रो अहिलेको मुख्य दायित्व हो ।

पार्टीको गतिविधि साह्रै खराब भए त्यसको उम्मेदवार र मतदाताले पार्टीविरूद्ध पनि प्रश्न उठाउनु पर्छ । तर 'नूनको सोभो गर्ने' बानी भएका नेपालीहरू त्यस्तो आँट गर्न सकिरहेका छैनन् । पार्टीको नून खाएकोले ठीक प्रश्न पनि उठाउन हुँदैन भन्ने मानसिकता हावी भएको छ । वास्तवमा यहाँका कुनै पनि पार्टीहरूको विधान हेर्ने हो भने तिनमा ठीक कुरा उठाउनका लागि प्रतिबन्ध लगाउने छैन । नेताहरूको आचरणले चाहिं त्यस्तो प्रतिबन्ध लगाउँछ तर पार्टीको विधानले लगाउँदैन । हाम्रो निष्ठा ठीक र सत्यसंग हो भने ठीक कुरा उठाउनका लागि कुनै पार्टीले छेक्छ भने त हामीले त्यस्तो पार्टीसंग जुध्नुपर्छ । नागरिकहरू बलिया होऊन्, देशमा ठीक प्रक्रियाको शुरूवात होस्, इस्यूमा आधारित चुनाव होस् भन्ने हो भने मतदातालाई कुनै पार्टीले छेक्दैन । आजको अन्तरक्रियाको मूल भावना पनि यही यथार्थमा आधारित भए भैं लाग्छ । आजको अन्तरक्रिया मतदातालाई सचेत पार्ने दिशामा एउटा शुरूवात हो । यस्ता खालका अन्तरक्रियाहरू ठाउँ ठाउँमा गरिनु पर्छ । हामी यति मान्छे मात्र सजग भएर पुग्दैन, त्यसैले यस्तो अन्तरक्रियालाई नै व्यापक पार्नुपर्ने हुन्छ । त्यसो भयो भने बेठीकलाई ठीक पार्ने एउटा प्रक्रिया बस्न थाल्छ । ❑

# पाठकको कुरा

## गैर कांग्रेसी सरकार ?

मूल्याङ्कन मासिक पूर्णाङ्क ६३ समयमा नै पढ्ने मौका मिल्यो । यस मासिकको शुरू शीर्षक अर्थात 'हाम्रो मूल्यांकन अन्तर्गत 'कति बुद्धिमतापूर्ण रह्यो ने.क.पा. एमालेको निर्णय ?' भन्ने लेख पढ्ने सुअवसर समेत प्राप्त भयो । यो लेख पढ्दा कता कता एकपक्षीय ढंगले कुनै एउटा पार्टीको व्यवहारको ग्यारेण्टी गरे जस्तो लाग्यो । किनभने, लेखमा लेखिए जस्तै गैर कांग्रेसी सरकारको निर्माण र सो सरकार निर्माणपश्चात उसले आफ्ना कार्यक्रमहरू सफलतापूर्वक अगाडि लैजान सक्ला भन्ने विश्वास पनि कसरी गर्ने ? अनि वर्तमान संसदको अवधि पनि यो अन्तिम वर्ष हो अर्थात् यो चुनावी वर्ष हो भन्ने प्रष्ट छ र जब गैर कांग्रेसी सरकार बन्ने छ र सो सरकारको प्र.म. को हैसियतले मनमोहन अधिकारीले चुनावको सिफरिश गर्ने छन्, तब गैर कांग्रेसी सरकारमा सामेल पार्टीका सांसदहरू गिरिजाकहाँ नपुग्लान् भनेर कसरी भन्न सकिन्छ र ? किनभने, विभाजित भएको लगत्तै हामी सत्ता स्वार्थी होइनौ र सत्तामा जाँदैनौ भन्ने ने.क.पा. माले तुरून्तै सत्तामा गयो । यहाँसम्म कि आफ्नो दलगत अस्तित्व समेत बोध नगरी कांग्रेसको अल्पमत सरकारमा सामेल भएको कुरा जगजाहेर छ । अतः लेखमा भन्न खोजिएको कुरा र गैर कांग्रेसी सरकारमा सामेल हुने पार्टीको व्यवहारमा निकै भिन्नता छैन र ?

- श्याम प्रसाद चापागाई
रुद्रपुर -४ सण्डहवा, रुपन्देही ।

## बनबारे राम्रो लेख

सर्वप्रथम त यस पत्रिकाको निरन्तरताको निम्ति सम्पादक मण्डललाई धन्यवाद दिनै पर्दछ । यस मासिकका अंक '६४' को 'कसरी वनले नेपाललाई विदेशी ऋणको फन्दाबाट मुक्त पार्न सक्छ ?' भन्ने नारायणकाजी श्रेष्ठको लेख निकै तथ्यपूर्ण छ । वास्तवमै उक्त लेखलाई सम्पूर्ण २ करोड नेपालीले मनन गर्नु पर्दछ । बन काँटछाँट गर्ने वा नयाँ रूख विरूवा लगाउने निहुँमा वहुमूल्य सालवृक्षहरू कटान गरेर मसालाका रूखहरू लगाई राष्ट्रिय सम्पत्ति कुम्ल्याउने सरकारी नीति तथा कार्यक्रमको सम्पूर्ण वनप्रेमी अथवा वातावरणप्रेमी जनसमुदायले विरोध गर्नै पर्दछ । आगामी दिनमा पनि यस्तै खालको लेख रचनाहरू प्रकाशीत गरेर आमसमुदायलाई सचेत गराउन नेपालको एक मात्र राष्ट्रिय सरोकारको मुल्यांकन मासिकसंग अनुरोध गर्दछौं ।

कोहलपुरबाट
राजेश, सागर, बसन्त र दिलीप भट्ट

## सडकदेखि सडकसम्म

❑ वर्ष १७ पुर्णाङ्क ६३ पुरा २०५५ मासिक पढ्न पाउँदा र श्रीलंकाको सरकारमा सामेल कम्युनिष्ट पार्टीको बारेमा पढ्न पाउँदा खुसी लाग्यो । वरिष्ठ लेखक खगेन्द्र संग्रौलाले लेखेको नेपाली मार्क्सवाद सडकदेखि सडकसम्म र कागजदेखि कागजसम्मको ब्यंगलेखले मार्क्सबादको राजनीति गर्ने नेतालाई राम्रो झटारो हानेको पाउँदा खुसीले सीमा नाघ्यो । दुखको कुरा, मूल्यांकनको मुल्य ४-५ पृष्ठ थपेर २० बनाउँदा राम्रो हुन्थ्यो । १७ रूपैयाँ अधकल्चो भएजस्तो लाग्यो ।

- पल्टन सिंह डाँगी क्षेत्री, दाङ सौडियार
गा.बि.स. वडा नं. ४ बचाहा ।

## अंक ६३ बारे

मूल्याङ्कन अंक ६३ समयमा नै पढ्ने अवसर प्राप्त भयो । यसभित्र नजर लगाई मनन गर्दाखेरि घटना प्रवृत्तिमा प्रेस स्वतन्त्रता माथि गरेको प्रहरी हस्तक्षेप पढ्दा दुःखित हुनु पऱ्यो । प्रजातन्त्रको नाम दिएर प्रेसमाथि गरेको प्रहरी हमलाले पञ्चायती कालरात्रिको अनुभूति प्राप्त भयो । आवरण कथामा 'के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्गठित गर्नु जरूरी छ ?' भन्ने विषयमा विभिन्न व्यक्तिले दिएको विचार एकदम सार्थक छ तर ती व्यक्तिले दिएको विचार आफूमा भने लागू गर्न यो विचार दिने व्यक्तिहरू पनि असफल नै हुनुहुन्छ । उहाँहरू केवल कागजमा सीमित हुनुहुन्छ तर पनि उहाँहरूको विचार शिक्षाबर्द्धक छ र यसबाट कम्युनिष्ट कार्यकर्ताको दिमागमा केही गुदी भरिन्छ । विश्व कम्युनिष्ट आन्दोलनमा लेनिनका शालिकहरू पुन स्थापित गर्न थालिएको समचार सुन्न पाउँदा हर्षका आँसु खस्न पुग्यो । आँखीझ्यालमा कसरी बढ्दैछ विश्व महाधनाढ्यहरूको सम्पतिबारे जानकारी पाउँदा गरीबमाथिको शोषण झन तीव्र हुँदै छ भन्ने अनुभूति भयो । उत्पीडित चौतारीमा मुक्ति समाजको चुनौति सार्थक नै छ, मुक्ति समाज पार्टीहरूको भातृसंगठनको रूपमा काम गर्दा यसको लक्ष्य पूरा नहुने स्पष्ट छ । मुल्यांकनको मूल्य बारेमा ४ पेज होइन, ८ पेज थपी रू.२० गरे उचित छ तर हामी जस्ता बेरोजगार पाठकको समस्या बुझ्न उचित होला । बेरोजगार पाठकको लागि रू.२० पनि ठूलो समस्या नै हुन्छ । तर ८ पेज थपेमा सहनै पर्ला । यस पत्रिकामा बियरको पनि विज्ञापन नदिन आग्रह गर्दछु ।

- राजाराम भण्डारी

## 'मूल्याङ्कनको मूल्यबारे राय'

मूल्याङ्कन अंक ६३ को 'मूल्याङ्कनको मूल्य बारे' आफू यस अन्तर्क्रियामुखी मासिकको नियमित पाठकको हैसियतले आफ्नो राय पेश गर्न चाहन्छु । हुन त यस मासिकको सार्थकता मूल्यमा नभएर यसको आफ्नै गरिमामयी अभियानमा अडेको देख्दछु । तसर्थ, सवाल केवल मूल्यमा नभएर स्वस्थ, सार्थक, प्रगतिमुखी, ज्ञानबर्द्धक एवं रोचक सामग्री पस्कनुमा उचित हुने राय पोख्दछु । जुन अभियान मूल्याङ्कनले आफू र यसको सहकर्मी नव युवाको विशाल पोल्टाभरि लुकाएर श्रमजीवी जनताहरूलाई बाँडेको छ, मूल्याङ्कनको यस अभियानको सदा सर्वदा हार्दिक कदर गर्दछु । अहिलेको प्रतिस्पर्धात्मिक बजारको स्थितिलाई मध्यनजर दिंदा यस मासिक पत्रिकाको मूल्यमा थप हुनु आवश्यक ठान्दछु ।

- हेमराज पौडेल
पद्मपुर -२, चितवन ।

## आवरण कथा

मूल्याङ्कनको ६४ औं अंक वेलैमा हात पऱ्यो । म यसको नियमित पाठक हुँ । यस अंकको सबैभन्दा राम्रो पक्ष 'आवरण कथा' नै रह्यो । नेपालका वाम पार्टीहरूलाई यसले राम्रो सल्लाह दिंदै आएको छ । त्यस्तै 'आत्म कथा' र 'विश्व कम्युनिष्ट आन्दोलन' स्तम्भ पनि निकै राम्रो छ । त्यसपछि 'अचेल' स्तम्भमा नेपालका नामी अनुवादक तथा लेखकको अन्तर्वार्ता पढ्न पाउँदा पनि खुशी लाग्यो । यसपछि इतिहास स्तम्भको शहीद गाथा पनि राम्रो छ । आगामी अंकमा PKK का. नेता अब्दुल्ला ओकालानको गिरफतारी सम्बन्धी रिपोर्ट अवश्य पनि मूल्याङ्कनले दिनेछ भन्ने आशा गर्दछु । साथै, मूल्यांकनको मूल्य बढेपनि यो उत्तिकै लोकप्रिय भएर गइरहेको महसुस मैले गरेको छु । धन्यवाद ।

-शिवप्रसाद खनाल
डेढगाउँ -९, नवलपरासी

## वाम तालमेल

अंक ६४ समयमा नै हात पायो र यसमा तुलना गरिएका आगामी निर्वाचनको संभाव्यता, संसदीय संख्या र परिणाम निश्चय पनि समय सापेक्ष देखिन्छ । बाम तालमेलको अभावबाट विगतमा देखिएको परिणामबाट पनि शिक्षा नलिने आजका बामशक्तिहरू एक आपसमा बर्गीय शत्रु ठान्ने प्रवृत्ति बढ्नु यो सुखद संकेत भने पटक्कै होइन । यही बामशक्तिहरूले एक आपसमा सिट तालमेल गरिदिने हो भने काँग्रेस लगायत दक्षिणपन्थी शक्तिको लागि यो निर्वाचन जीवन मरणको सवाल हुने पक्का थियो । तर बामतालमेलमा झन शिथिलता आउनुमा यो चुनाव बामपन्थीहरूको लागी भने निश्चित रूपले जीवन मरणको सवाल बन्ने अब पक्का पक्की देखिन्छ । झन माले -एमालेले एक आपसमा घमण्डले बहुलाउन मात्र बाँकी देखिन्छ । र, यो अवसर सबै बामले बृद्धि पुऱ्याएमा बाम सरकार बन्ने अझ पनि प्रबल सम्भावना छ । र साथै निर्मललामाको आत्म कथा लगायत विश्व कम्युनिष्ट आन्दोलन शिक्षाप्रद छ । दशरथचन्दको अन्तर्वार्ता पढ्न पाएकोमा गौरव गर्दछु र अन्त्यमा अझ खोजमूलक सामाग्री दिइयोस् ।

होम थापा
बैंगाडावर - ८, धनुषा

## मूल्यांकनको मार्ग

मूल्याङ्कनको पूर्णाङ्क ६४ हात पऱ्यो । सदा झैं यस अंकले पनि विचारोत्तेजक, ज्ञानबर्द्धक र मार्क्सवादी चिन्तनका गहन सामाग्रीहरू विस्तृत रूपमा समेटेको पाएँ । वास्तवमा भन्नुपर्दा हिजो आजका पत्रपत्रिकाहरूको भीडमा विभिन्न पार्टीहरूको पूर्वाग्रही सोंचलाई बोकको पत्रिकाहरू त थुप्रै भेटिन्छन्, तर राष्ट्रिय सोच र सामाजिक उत्थानको भावनालाई मुखर गर्ने अभिभारा इमान्दारीपूर्वक वहन गर्न अग्रसर पत्रिका केवल 'मूल्याङ्कन' मात्रै हो । त्यसैले हरेक बुद्धिजीवीहरूको नजर सर्वप्रथम यसैमाथि पर्ने गरेको छ ।

अझ मार्क्सवादी सिद्धान्तको ज्ञान फैलाउन र वामपन्थी आन्दोलनलाई सचेत एवं अभिबृद्धि गर्नमा 'मूल्यांकन'ले गरेको योगदान निकै नै सराहनीय छ । बाम मार्ग तथा मार्क्सवादी चिन्तनदेखि विस्तारै टाढा पुग्न लागेका एमाले, माले र ससाना वाम समूहहरूले आपसको कटुतालाई बिर्सेर 'मूल्याङ्कन' ले देखाउने गरेको सुरूचिपूर्ण एकता-मार्गलाई अंगाल्न सकेको भए साँच्चिकै नेपालमा बाम-आन्दोलनको प्रवाहलाई कसैले रोक्न सक्ने थिएन ।

- खगेन्द्र गिरी 'कोपिला'
धम्बोझी, नेपालगंज ।

## बाम तालमेलबारे

मूल्यांकनले वाम तालमेल नभएमा हुने खतरनाक परिणामबारे तथ्य तथ्यांकसमेत राखी गरेको विश्लेषण जायज छ । वाम नेताहरूलाई चेतना भया ..... ।

- चन्द्र वि.क., भरतपुर, चितवन

गतांकमा मूल्यांकनले उल्लेख गरेको वाम तालमेल नभएमा हुन सक्ने खतरनाक स्थितिबारेको चित्रण यथार्थसम्मत र भयावह छ । यसतर्फ वाम कार्यकर्ताहरूको ध्यान जानैपर्छ ।

-लालबहादुर पाण्डे, महाराजगञ्ज, काठमाडौं

सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक–वैचारिक अभियान

नव **युवा** मासिक

युवाहरूको मासिक खुराक
तपाईं निम्ति पनि उपयोगी !
तपाईंका छोटाछोटीहरू, भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!




**स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरूको संगालो !**

❑ के तपाईंले किनेर पढ्नुभयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ? ❑ तपाईंले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन

❑ *नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!*

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ नव युवा रूपी यस अभियानलाई तपाईं पनि सघाउनु होस् :–
-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।
-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिबृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सुर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

-अन्तर्क्रिया प्रकाशन प्रा. लि.

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासको उत्प्रेरणाका निम्ति प्रकाशित

सामुदायिक विकासमा अन्तर्क्रिया र उत्प्रेरणाको निम्ति

# विकास

**गरिबीसम्बन्धी थप विशेष सामग्रीहरु सहित !**

# गरिबीको राजनीति र राजनीतिको दरिद्रता




यस अंकका लेखकहरू
◆ डा. चैतन्य मिश्र
❑ खगेन्द्र संग्रौला
◆ कपील श्रेष्ठ
❑ दीपेन्द्र क्षेत्री
◆ डा. सुरेन्द्र के.सी.
❑ हेमबहादुर विष्ट
◆ डा. मीना आचार्य
❑ शरद पौडेल
◆ तुलसी नेपाल
❑ सुवर्ण कपाली
◆ वीरबहादुर वि. क.
❑ बासुदेव विष्ट
◆ अनाम लामा

**नयाँ अंक छिट्टै बजारमा आउँदैछ !**

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

